
# बौद्ध दर्पण

(चौथो संस्करण)



- प्रकाश वज्राचार्य

Downloaded from http://dharmadigital

# धर्मकीर्ति प्रकाशन

## (नेपाली भाषा)

१. बौद्ध दर्शन
२. पञ्चशील
३. शान्ति
४. नारी हृदय
५. पटाचारा स्थविर चरित
६. बुद्ध शासनको इतिहास (भाग - १)
७. नेपाली ज्ञानमाला
८. बुद्ध र वहाँको विचार
९. बौद्ध ध्यान
१०. लक्ष्मी (प्र. सं.)
११. उखानको कथा संग्रह
१२. बौद्ध जगतमा स्वास्थ्य सेवा
१३. बेस्सन्तर जातक
१४. सतिपट्ठान भावना
१५. बौद्ध विश्वास (भाग -१)
१६. बौद्ध विश्वास (भाग -२)
१७. बौद्ध दर्पण
१८. महासतिपट्ठान विपस्सना अन्तर्मूखी ध्यान
१९. सप्त रत्न धन
२०. सफलताको कथा
२१. धर्म : एक चिन्तन
२२. मानव महामानव
२३. निरोगी
२४. जातक कथा
२५. प्रज्ञा चक्षु
२६. तथागत हृदय
२७. सतिपट्ठान विपस्सना
२८. बौद्ध प्रश्नोत्तर
२९. परित्राण (प्र.सं.)
३०. बुद्ध पूजा विधि र कथा संग्रह (प्र.स.)
३१. मैले बुझेको बुद्ध धर्म
३२. बुद्धको जीवनी र दर्शन
३३. आमा बाबु र छोराछोरी
३४. स्नेही छोरी
३५. परित्तसुत्त (पाली भाषा)
३६. मति राम्रो भए गति राम्रो हुनेछ
३७. बुद्ध र बुद्ध पछि
३८. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय" र बुद्धको जन्मभूमि नेपालमा
३९. अ. धम्मवती
४०. बौद्ध ज्ञान
४१. संक्षिप्त बुद्ध जीवनी
४२. मिलिन्द प्रश्न (भाग -१)
४३. मिलिन्द प्रश्न (भाग -२)
४४. श्रमण नारद
४५. मानव स्वभाव

**Dharmakirti Publication (English)**

1. Buddhist Economics and the Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. "Dharmakirti in Nut Shell"
5. Dharma and Dharmawati
6. Paritta Suttas

४६. महास्वप्न जातक
४७. बुद्ध पूजा विधि र कथा संग्रह (द्वि.सं.)
४८. बौद्ध ध्यान
४९. बौद्ध विश्वास (भाग -३)
५०. बुद्धको अन्तिम यात्रा (प्रथम भाग १)
५१. लक्ष्मी (द्वि.सं.)
५२. सम्यक शिक्षा
५३. परित्राण (द्वि.सं.)
५४. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
५५. बुद्ध पुजा विधि कथा संग्रह र परित्राण
५६. बुद्ध पुजा विधि र परित्राण
५७. बुद्ध पुजा विधि
५८. लक्ष्मी (तृ.सं.)
५९. बुद्धको शिक्षात्मक उपदेश
६०. शान्ति मार्ग
६१. पहिलो गुरूको हुन् ?
६२. क्षान्ति र मैत्री (प्र.सं.)
६३. दान पारमिता
६४. बुद्धको संस्कृति र महत्व
६५. बौध कथा र बौद्ध चरित्र
६६. मिलिन्द प्रश्न भाग - १ (तृ.सं.)
६७. संक्षिप्त बुद्ध वंश भाग-१ (द्वि.सं.)
६८. चिरं तिट्टतु सद्धम्मो
६९. मिलिन्द प्रश्न भाग-२ (द्वि.सं.)
७०. संक्षिप्त बुद्ध वंश भाग-२ (प्र. सं.)
७१. संक्षिप्त बुद्ध वंश भाग-२ (द्वि.सं.)
७२. महास्वप्न जातक (तृ.सं.)
७३. बुद्ध पुजा विधि र कथा संग्रह (तृ.सं.)
७४. चित्त शुद्ध भए जीवन उज्ज्वल हुने छ
७५. प्रौढ बौद्ध कक्षा र लक्ष्मी
७६. नक्कली देवता
७७. आमा बुबाको सेवा
७८. बुद्धको मूल उपदेश
७९. शाक्यमुनि बुद्ध
८०. मणिचुड जातक
८१. मानिसलाई असल बनाउने बुद्ध शिक्षा
८२. क्षान्ति र मैत्री (द्वि.सं.)
८३. मति राम्रो भए गति राम्रो हुन्छ (तृ.सं.)
८४. बुद्ध शासनको इतिहास प्रथम भाग (द्वि.सं.)
८५. माता पिताको गुण र बुद्धको सही बाटो
८६. बौद्ध प्रश्नोत्तर (तृ.सं.)
८७. बालोपयोगी सचित्र बुद्ध जीवनी (द्वि.सं.)
८८. संक्षिप्त बुद्ध जीवनी
८९. बुद्धको चमत्कार
९०. सल्लेख सूत्र
९१. सच्चविभङ्ग सूत्र
९२. महानारद जातक
९३. प्रौढ बौद्ध कक्षा र लक्ष्मी
९४. कर्तव्य
९५. परित्राण-मूल पाली तथा अनुवाद सहित
९६. बौद्ध जगतमा स्वास्थ्य सेवा
९७. त्रिरत्न वन्दना र परित्राण
९८. श्रमण नारद
९९. बौद्ध दर्पण (चौथो संस्करण)

Downloaded from http://dhamma.digital

# बौद्ध दर्पण

( चौंथो संस्करण )

लेखक :

**प्रकाश वज्राचार्य**

प्रकाशक :

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः, नघल टोल, काठमाडौं

फोन : ४२५९४६६

Downloaded from http://dhamma.digital

*प्रकाशक :*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः, नघल टोल, काठमाडौं
फोन : ४२५९४६६

*लेखक :*
**प्रकाश वज्राचार्य**

© सर्वाधिकार लेखकमा सुरक्षित

*सम्पादन सहयोगीहरू :*
**धम्मवती, वीर्यवती**

*व्यवस्थापन :*
**राजेश श्रेष्ठ**

दोश्रो संस्करण : ५००० प्रति
तेस्रो संस्करण : १००० प्रति
चौंथो संस्करण : ५००० प्रति

Dhamma.Digital

धर्मदान

बुद्ध सम्वत् : २५५४
नेपाल सम्वत् : ११३०
विक्रम सम्वत् : २०६७
इस्वी सम्वत् : २०१०

*पेज ले-आउट* : अन्नपूर्ण तुलाधर, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजथला

*मुद्रण :* न्यू नेपाल प्रेस
*प्रधान कार्यालय:* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं । फोन: ४४३४८५०
*व्यापारिक कार्यालय:* शुक्रपथ, न्यूरोड, काठमाडौं । फोन: ४२५९०३२

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

यस **"बौद्ध दर्पण"** पुस्तक पहिला पनि धेरै पटक प्रकाशन भइसकेको पुस्तक हो । **स्व. प्रकाश वज्राचार्य**को कीर्तिको रूपमा रहेको यस पुस्तक धेरै पाठकवर्गहरूको माझ अति लोकप्रिय बनेको देखिन्छ । त्यसैले पटक-पटक गरी यस पुस्तक प्रकाशन भइरहेको छ । यसपाली पनि एकै पटक पाँचहजार (५०००) प्रति पुस्तक धर्मकीर्ति प्रकाशनको रूपमा प्रकाशन गर्न पाएकोले हामीलाई हर्ष लागेको छ । त्यस मध्ये एकहजार (१०००) प्रति पुस्तक छाप्नका लागि दाता **संजीब मानन्धर, शीला मानन्धर सपरिवार**को तर्फबाट आवश्यक आर्थिक सहयोग प्रदान गरिएको छ । उहाँ दाता परिवारले आफ्ना **बज्यै र बाजे, स्व. रत्नमाया मानन्धर र स्व. बेखालाल मानन्धर**को पूण्य स्मृतिमा यस पुस्तक छापी धर्मदान गर्नुभएको हो । अनन्त गुण भएका आफ्ना बज्यै र बाजेको पूण्य स्मृतिमा धर्मदान गरी कर्त्तव्य परायण बन्नु भएका दाता परिवारको आयु आरोग्य एवं सफल जीवनको कामना गर्दै यसरी नै बुद्ध शिक्षा चीरस्थायी गर्ने कार्यमा निरन्तर सहयोग पुऱ्याउन सकोस् भन्ने कामना पनि गर्दछौं ।

ठीक समयमा नै पुस्तक प्रकाशन गरी आवश्यक सहयोग पुऱ्याउनु भएकोमा न्यू नेपाल प्रेस परिवारलाई पनि धन्यवाद ज्ञापन गर्दछौं ।

*बु.सं. २५५४ वैशाख पूर्णिमा*

**भिक्षुणी धम्मवती**
*शासन धज धम्माचरिय*
*अग्ग महा गन्थवाचक पण्डित*
**अध्यक्ष धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
धर्मकीर्ति विहार, श्रीघः नःघः
काठमाडौं, नेपाल ।

Downloaded from http://dhamma.digital

# धर्मदान

**"बौद्ध दर्पण"** पुस्तक हाम्रा **बज्यै र बाजे स्व. रत्नमाया मानन्धर** र **स्व. बेखालाल मानन्धर**को पूण्य स्मृतिमा **एकहजार (१०००) प्रति** प्रकाशन गरी धर्मदान गर्न पाएकोमा हामीलाई हर्ष लागेको छ ।

भगवान् बुद्धको अमूल्य ज्ञानहरू संगालिएको यस ज्ञानबर्द्धक पुस्तकलाई अध्ययन गर्नुहुने पाठकवर्गलाई आफ्नो अमूल्य जीवन सार्थक बनाउन टेवा पुगुन् भन्ने कामना गर्दछौं । हाम्रा गुरू भगवान बुद्धले धर्मप्रचार कार्यमा **"बहुजन हिताय बहुजन सुखाय"** को उद्देश्य अपनाउनु भएको देखिन्छ । त्यसैले हामीले पनि यही उद्देश्य लिएर यस पुस्तक धर्मदान गर्दैछौं ।

**"सब्बदानं धम्मदानं जिनाति"** अर्थात् सबै दानहरू मध्ये धर्मदान नै उत्तम हो भन्ने अमूल्य बुद्धवचन स्मरण गर्दै हामीले गरेको यस धर्मदान रूपी पूण्यको प्रभावले हाम्रा स्व. बज्यै र बाजे लगायत अन्य प्राणीहरूको जीवन पनि कल्याणमय एवं शान्तिमय रहोस् भन्ने कामना गर्दछौं ।

दाता परिवार
**नाती संजीव मानन्धर**
**शीला मानन्धर**
**सपरिवार**

Downloaded from http://dhamma.digital

# समर्पण



दिवंगत बेखालाल मानन्धर



दिवंगत रत्नमाया मानन्धर

Downloaded from http://dhamma.digital

# यस भित्र

भूमिका

★ प्रवेश	१

★ बुद्धकाल	४
सिद्धार्थ जीवनी, बुद्ध जीवनी र बुद्धकाल, महापरिनिर्वाण, विविध

★ बौद्ध धारणा	३१

★ उपदेश	४०
मूल उपदेश, सामान्य उपदेश, गृहस्थ उपदेश, विविध

★ दर्शन	७५
मूल दर्शन, अभिधर्म (चित्त र भूमि; चेतसिक) ध्यान भावना

★ विनय	१०३

★ इतिहास	१०७
संगायना, भारत, श्रीलंका, बर्मा, चीन, तिब्बत, जापान,
अन्य देशहरू, आधुनिक विश्व

★ भूगोल, कला, संस्कृति र साहित्य	१४०

★ नेपाल	१५२
वंशावली+इतिहास+महायानी परम्परा, बौद्ध स्थल,
साहित्य, थेरवाद र वर्तमान अवस्था, विविध

★ बौद्ध उक्तिहरू	१७३
बुद्ध उक्ति, ऐतिहासिक उक्ति, आधुनिक उक्ति

★ विविध	१८३

Downloaded from http://dhamma.digital

★ परिशिष्ट (Appendices)
"क" सिद्धार्थ र यशोधराको वंश वृक्ष १८८
"ख" अग्रस्थान तालिका १८९
"ग" बौद्ध विद्वान्हरू १९२
"घ" त्रिपिटक तालिका १९५
"ङ" अशोककालीन बौद्ध सम्प्रदाय र महायानको विकास १९६
"च" नेपालमा थेरवाद बौद्ध विहारहरू १९७
"छ" पञ्च ध्यानी बुद्ध १९९
"ज" बौद्ध तथ्याङ्क २००
"झ" विश्व बौद्ध जनसंख्या २०१
"ञ" बुद्धकालीन भूगोलको रूपरेखा २०२
"ट" बुद्ध-धर्म प्रसारको दिशा रेखाङ्कन २०२
"ठ" बौद्ध संगायना २०३
"ड" दोस्रो संस्करणका थप बुँदाहरू २०४
"ढ" अट्ठाइस बुद्धनामहरू २१४
"ण" प्रथम संस्करणको भूमिका २१५
★ सहायक ग्रन्थहरू (References) २२३
★ सूचीपत्र (Index) २२६

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# प्रवेश

★ १. चार आर्यसत्यलाई यथार्थ रूपले बुझ्नेलाई **बुद्ध** (=तथागत=शास्ता=भगवान्) भनिन्छ ।

★ २. **त्रिरत्न** भन्नाले बुद्ध, धर्म र संघ बुझिन्छ । बुद्ध, धर्म र संघको शरण जानु नै त्रिशरण वा त्रिरत्न शरण जानु हो ।

★ ३. बुद्धले ८४,००० धर्म स्कन्ध (=धर्म समुह) हरू दिनु भएका थिए । ती मध्ये ८२,००० बुद्ध आफैले र बाँकी २,००० बुद्धको अनुमोदनमा अन्य भिक्षुहरूले देशना गर्नु भएका थिए ।

★ ४. भिक्षु संघको स्थापना भारतस्थित सारनाथमा ई. पू. ५२८ मा धर्म चक्र प्रवर्तन (=प्रथम उपदेश) पछि भएको थियो ।

★ ५. बुद्ध-धर्मको मूल गन्थलाई **त्रिपिटक** भनिन्छ । त्रिपिटक भन्नाले सुत्र पिटक, विनय पिटक र अभिधर्म पिटक बुझिन्छ । (हे. परिशिष्ट "घ")

★ ६. **सुत्र पिटक**मा बुद्धका उपदेशहरू संकलन गरिएका छन् । **विनय पिटक**मा भिक्षु र भिक्षुणीहरूको लागि विनय (=नियम) संकलन गरिएका छन् । **अभिधर्म पिटक**मा दर्शनका कुराहरू समावेश गरिएका छन् ।

★ ७. **बुद्ध शासन** (=बुद्ध-धर्म) को आयु भन्नाले विनय बुझिन्छ ।

★ ८. बुद्ध-धर्ममा पालि भाषाका त्रिपिटकलाई सबभन्दा बढी प्रामाणिक ग्रन्थ मानिन्छ । त्यसपछि "मिलिन्द प्रश्न" र "विशुद्धि मार्ग" नामक ग्रन्थहरूको स्थान छ ।

★ ९. बुद्धले प्राप्त गर्नु भएका ज्ञाने (=चार आर्यसत्यको ज्ञान) लाई **बोधिज्ञान** भनिन्छ । उहाँले जुन रूखमुनि बसेर बोधिज्ञान (=बुद्धत्व) प्राप्त गर्नुभयो, त्यसलाई **बोधिवृक्ष** भनिन्छ । बोधिवृक्षको फेदमा त्यो स्थान जहाँ बसेर बुद्धले बोधिज्ञान लाभ गर्नुभएका थिए, त्यसलाई **बोधिमण्डप** भनिन्छ ।

Downloaded from http://dhamma.digital

★ १०. बोधिज्ञान लाभ गर्न प्रयत्नशील अर्थात् भविष्यमा बुद्ध हुने व्यक्तिला
**बोधिसत्व** भनिन्छ । यसरी सिद्धार्थ एक बोधिसत्व हुनुहुन्थ्यो ।

★ ११. बुद्ध-धर्ममा चार मुख्य सिद्धान्तहरू छन्[१] -

१) कुनै परम ईश्वर (=श्रृष्टिकर्ता) लाई नमान्नु
२) नित्य आत्मालाई नमान्नु
३) कुनै पनि ग्रन्थ (वेद, कुरान, आदि) लाई स्वतः प्रमाण नमान्नु
४) जीवन प्रवाहलाई यसै जन्मसम्ममा मात्रै सीमित नमान्नु

★ १२. दुई हात, दुई घुँडा र टाउको एकै साथ भुइँमा टेकेर वन्दना गर्नुला
**पंचाङ्ग दण्डवत्** भनिन्छ ।

★ १३. बुद्ध-धर्मका दुई शाखाहरू छन् - थेरवाद[२] र महायान । थेरवाद व
स्थविरवाद बुद्ध-धर्मको परंपरादेखि चलिआएको मूल शाखा हो । महायान
(=महान् वाहन) यसैबाट निस्केको थियो ।

★ १४. **थेरवाद**ले बुद्धलाई एक महामानव मान्दछ । उनीहरू क्लेश मुक्त गरि
अर्हत् हुन चाहन्छन् । यो ज्ञान-मार्ग हो ।

★ १५. महायानले बुद्धलाई अलौकिक देउता मान्छ । उनीहरू आफू पनि बुद्ध
हुने चाहना गर्छन् । यो भक्ति मार्ग हो ।

★ १६. गाडीका चार चक्काहरू जस्तै बुद्ध-शासनमा **चार परिषद्**हरू छन् -
(१) भिक्षु, (२) भिक्षुणी, (३) उपासक, (४) उपासिका ।

★ १७. आफ्नो छोरो वा छोरीलाई भिक्षु वा भिक्षुणी बनाएमा उसले बुद्ध-
शासनमा अंश लिएको ठहरिन्छ ।

---

१. यी सिद्धान्तहरूको कारणले कोही कोही बुद्ध-धर्मलाई बुद्धवाद भन्न रूचाउँछन् ।

२. महायानीहरू थेरवादलाई **हीनयान** (=तुच्छ वाहन) भन्ने गर्दछन् ।

Downloaded from http://dhamma.digital

★ १८. घर छाडी त्यागी बन्नुलाई प्रव्रजित हुनु भनिन्छ । भिक्षु संघमा प्रव्रजित हुनुको अर्थ हो श्रामणेर बन्नु । **श्रामणेर**ले भिक्षुहरूकहाँ बसी उनीहरूको काम गरिदिन्छ र साथै बुद्ध-धर्मको अध्ययन गर्छ । बीस वर्षको उमेरमा उपसम्पदा गरिसकेपछि भिक्षु बन्छ ।

★ १९. भिक्षु संघमा प्रयोग हुने विभिन्न शब्दहरू यस प्रकार छन् -

*अनगारिक* - गृहत्यागी (पुरुष)
*अनगारिका* - गृहत्यागी (महिला)
*प्रव्रज्या* - श्रामणेर हुने क्रिया
*उपसम्पदा* - भिक्षु हुने क्रिया
*उपाध्याय* - प्रव्रज्या गरिदिने भिक्षु
*आचार्य* - गुरु बनी बुद्ध-धर्म सिकाउने भिक्षु
*श्रामणेर* - भिक्षुको लागि उम्मेदवार
*स्थविर* - भिक्षु भएर दश वर्ष भइसकेको
*महास्थविर* - भिक्षु भएर बीस वर्ष भइसकेको
*भन्ते* - भिक्षु र श्रामणेरहरूलाई सम्बोधन शब्द
*आयुष्मान्* - आफूभन्दा जेठो भिक्षुलाई सम्बोधन
*आवुसो* - आफूभन्दा कान्छो भिक्षुलाई सम्बोधन
*श्रोतापन्न* - पक्कै निर्वाण प्राप्त गर्ने व्यक्ति
*अर्हत्* - क्लेश नष्ट गरिसकेको, निर्वाण प्राप्त व्यक्ति
*मार्गफलप्राप्त* - कमसेकम श्रोतापन्न भइसकेको व्यक्ति
*पृथकजन* - मार्गफलप्राप्त नगरेका साधारण व्यक्तिहरू
*उपासक* - बौद्ध गृहस्थी (पुरुष)
*उपासिका* - बौद्ध गृहस्थी (महिला)
*साधु ! साधु !!* - मंगल होस् ! शुभ होस् !!

★ २०. बौद्ध साहित्यमा प्रचलित अन्य सम्प्रदायका साधुहरू जनाउने केही शब्दहरू यस प्रकार छन् -

*तिर्थंकर* - अबौद्ध साधुहरू
*अचेलक* - नग्न साधुहरू
*आजीवक* - घुमन्ते साधुहरू[1]
*निर्ग्रन्थ* - कुनै ग्रन्थ नमान्ने (=**जैन** साधुहरू)
*परिव्राजक* - वस्त्र लगाउने साधुहरू
*जटिल* - जटाधारी साधुहरू

---

१. कोही कोही आजीवकलाई नांगा साधु पनि मान्छन् ।

Downloaded from http://dhamma.digital

# बुद्ध काल

## सिद्धार्थ जीवनी

★ २१. महामानव बुद्धको जन्म ई. पू. ५६३ मा भएको थियो । बैशाख पूर्णिमाको दिन लुम्बिनी वनमा एउटा शालवृक्षको मुनि उहाँ जन्मनु भएका थिए ।

★ २२. सिद्धार्थको जन्मसँगै तलका ७ व्यक्ति/वस्तुहरू पनि जन्म/उत्पन्न भएका थिए -

| | | | |
|---|---|---|---|
| (१) | मंगल हात्ती | (२) | यशोधरा |
| (३) | कालुदायी मन्त्री | (४) | छन्दक सारथी |
| (५) | कन्थक घोडा | (६) | बोधिवृक्ष |
| (७) | सुनका ४ घडाहरू | | |

★ २३. **सिद्धार्थ कुमार** (=सर्वार्थसिद्ध) - पिता : शुद्धोदन महाराज । आमा : महामायादेवी । कान्छी आमा : प्रजापति गौतमी । बाज्ये : सिंह हनु । बज्यै : कञ्चना । बराजु : जयसेन (=हस्तिशिर्ष ?) । साखे दाजुभाइ : कोही छैन । पत्नी : यशोधरा । छोरो : राहुल कुमार । गोत्र : गौतम । कुल : शाक्य (=क्षेत्री) । वंश : सूर्यवंशी ।

★ २४. सिद्धार्थको घर : कपिलवस्तु, कोशल राज्य । मामाको घर : देवदह । ससुराल : देवदह ।

★ २५. सिद्धार्थको जन्म हुँदा राजा शुद्धोदन ५७ वर्षको हुनुहुन्थ्यो । विवाह गरेर २० वर्षपछि शुद्धोदनले छोरो पाएका थिए ।

★ २६. जन्मेको पाँचौं दिनमा **नामाकरण** गरियो । सर्व अर्थ सिद्ध गर्ने हुनाले उहाँलाई सर्वार्थसिद्ध वा सिद्धार्थ भनियो ।

---

१. यस अध्यायमा उल्लेखित सबै सम्वत्‌हरू राहुल सांकृत्यायनका ग्रन्थहरूबाट लिइएका हुन् ।

Downloaded from http://dhamma.digital

★ २७. सिद्धार्थको नामाकरणको दिन आठ जना ब्राह्मणहरूले उनलाई भविष्यमा बुद्ध हुन्छ भनी भविष्यवाणी गरेका थिए । तिनीहरू थिए - राम, धज, लक्ष्मण (लक्षणा), मन्त्री (=मन्ती), भोज, सुयाम, सुदत्त र कौण्डण्य । ती मध्ये सबभन्दा कान्छो कौण्डण्यले सिद्धार्थ पक्कै बुद्ध हुन्छ भनी ठोकुवा गरेका थिए ।

★ २८. सिद्धार्थ जन्मेको सातौं दिनमा उहाँकी आमा महामायादेवी परलोक भइन् । त्यसपछि सिद्धार्थलाई उहाँकी कान्छीआमा प्रजापति गौतमीले हुर्काइन् । (तु० ११७)

★ २९. राजर्षि **काल देवल** ऋषिले सिद्धार्थलाई देख्नासाथै वन्दना गरेका थिए । त्यसैबेला राजा शुद्धोदनले पनि आफ्नो छोरोलाई प्रथम पटक वन्दना गरेका थिए ।

★ ३०. बोधिसत्व सिद्धार्थको नाउँमा सर्वप्रथम गृहत्याग गरी तपश्वी हुने व्यक्ति थिए काल देवल ऋषिको भाञ्जा **नालक** ।

★ ३१. सिद्धार्थ कुमारको विवाह १६ वर्षको उमेरमा यशोधरासँग भएको थियो । त्यतिवेला यशोधरा पनि १६ वर्षकै थिइन् ।

★ ३२. राजा शुद्धोदनले सिद्धार्थ कुमारलाई गृहस्थी जीवनमा भुलाई राख्न तीन विलासी भवनहरू बनाइदिएका थिए । ती थिए - रम्य (९ तल्ले), सुरम्य (७ तल्ले), र शुभ (५ तल्ले) ।

★ ३३. उनन्तीस वर्षको उमेरमा सिद्धार्थको छोरो राहुलको जन्म भएको थियो ।

★ ३४. सिद्धार्थ कुमारले २९ वर्षको उमेरमा बहुजन हितको लागि **महाभिनिष्क्रमण** (=गृहत्याग) गर्नुभएको थियो[1] ।

---

१. जातक अट्टकथा अनुसार राहुल जन्मेको ७ दिनपछि गृहत्याग गरेका थिए । [8]

Downloaded from http://dhamma.digital

★ ३५. गृहत्यागको **बेला** सिद्धार्थ कुमारले चढेर गएको घोडाको नाम थियो **कन्थक** र उहाँसँगै जाने सारथीको नाउँ थियो **छन्न** (=**छन्दक**) । त्यतिबेला सबैको उमेर २९ वर्षको थियो ।

★ ३६. गृहत्याग गरेर आउने सिद्धार्थले **अनोमा नदी**को किनारमा आफ्नो केश आफैले काटी प्रब्रजित हुनु भएका थिए ।

★ ३७. भनिन्छ कि प्रब्रजित भइसकेपछि सिद्धार्थको केश दुई अंगुल जति बाँकी रह्यो । सो केश पछि कहिल्यै बढेन । त्यसैले भगवान् बुद्धले आफ्नो कपाल कहिलै काट्नु परेको थिएन ।

★ ३८. त्यसपछि सिद्धार्थ राजगृह जानुभयो । राजगृहको पाण्डव पर्वतमा उहाँले राजा **बिम्बिसार** भेटेका थिए ।

★ ३९. सिद्धार्थ र बिम्बिसार बालक कालका साथी थिए । सिद्धार्थ बिम्बिसारभन्दा ५ वर्ष जेठो थियो । उहाँका बुबाहरू - **शुद्धोदन** र भाति - पनि साथी थिए ।

★ ४०. राजगृहबाट निस्की सिद्धार्थ कुमार आलारकालाम र उद्दकरामपुत्र नामक ऋषिहरूकहाँ जानुभयो र योग विद्यामा निपुण हुनुभयो । ती ठाउँहरूमा उहाँले क्रमशः आकिंचन्यायतन र नैवसंज्ञायतन भन्ने ध्यानहरू प्राप्त गरेका थिए ।

★ ४१. **आलारकालाम** सांख्य दर्शनका पण्डित थिए र उनका ३०० शिष्यहरू थिए ।

★ ४२. **उद्दकरामपुत्र** वैशेषिक दर्शनका पण्डित थिए र उनका ७०० शिष्यहरू थिए ।

★ ४३. **आलारकालाम** र **उद्दकरामपुत्र**बाट प्राप्त ज्ञानलाई अपूर्ण ठानी सिद्धार्थ स्वयं आफैले ज्ञान प्राप्त गर्न उरूवेला बनतिर प्रस्थान गरे । त्यस वनमा उहाँले ६ वर्षसम्म विभिन्न किसिमका कठोर तपस्या गरेका थिए ।

Downloaded from http://dhamma.digital

★ ४४. छ वर्षको तपस्यालाई पनि व्यर्थ ठानी सिद्धार्थले तपस्यालाई त्याग गरिदिए । अनि बैशाख पूर्णिमाको दिन उरूवेला गाउँकी सुजाता नामक आईमाईले सिद्धार्थलाई वृक्ष देउता भन्ठानी क्षीर पात्र दान दिइन् । त्यही सिद्धार्थ कुमारको अन्तिम भोजन थियो र त्यही भोजन गरी उहाँले बोधिज्ञान प्राप्त गरेका थिए ।

★ ४५. सुजाताले दिएको क्षीर भोजन गरिसकेपछि सिद्धार्थले भोजन पात्र **नैरंजना** नदीमा खसालेका थिए । उक्त पात्र "काल" भन्ने नागको टाउकोमा परेकोले, उक्त नाग विपरित दिशातिर गएकोले, सुजाताको पात्र नदीको उल्टो दिशातिर बगेको थियो ।

★ ४६. सोही बैशाख पूर्णिमाको दिन सोत्थिय (=श्रोत्रिय) नामक ब्राह्मणले सिद्धार्थलाई आठ मुट्ठी तृण (=कुश घाँस) दान दिएका थिए । त्यही तृणको आशनमा बसी उहाँले बोधिज्ञान लाभ गर्नुभयो ।

★ ४७. बैशाख पूर्णिमाको रात्रीका विभिन्न **याम** (=४ घण्टा) मा सिद्धार्थले तलका ज्ञानहरू हासिल गरी बुद्ध हुनु भएको थियो -

प्रथम याममा पूर्वानुस्मृति ज्ञान (=पूर्वजन्मको ज्ञान)

दोस्रो याममा च्युत्योत्पति ज्ञान (=उत्पत्ति विनाश ज्ञान)

तेस्रो याममा आश्रवक्षय ज्ञान (=प्रतीत्य समुत्पाद)

★ ४८. यसरी सिद्धार्थ कुमारले उरूवेला (=बुद्धगया) मा बैशाख पूर्णिमाको राती तेस्रो पहरमा **बोधिज्ञान** प्राप्त गर्नु भएको थियो । त्यसबेला उहाँ ३५ वर्षको हुनुहुन्थ्यो ।

★ ४९. सिद्धार्थले जुन पिपलको रूखमुनि बोधिज्ञान लाभ गर्नु भएको थियो, त्यसलाई **बोधिवृक्ष** भनिन्छ ।

Downloaded from http://dhamma.digital

# बुद्ध जीवनी र बुद्ध काल

★ ५०. बोधिज्ञान लाभ पछिका ७ सप्ताहहरू बुद्धले तल लेखे अनुसार बिताउन भयो -

| सप्ताह | स्थान | दिशा (बोधिवृक्षबाट) | क्रिया |
|---|---|---|---|
| प्रथम | *बोधिमण्डप* | मध्य | समापत्ति ध्यानमा |
| द्वितीय | *अनिमिष चैत्य*[1] | पूर्व-उत्तर | बोधिवृक्षलाई एकटक हेर्नु |
| तृतीय | *चंक्रमण चैत्य* | पूर्व-पश्चिम | चंक्रमण (=हिंडडुल) |
| चौथो | *रत्नधर चैत्य* | पश्चिम-उत्तर | धर्ममाथि विचार |
| पाँचौं | *अजपाल वृक्ष मुनि* | पूर्व | धर्म अमृतको रसपान |
| छैठौं | *मुचलिन्द वृक्ष मुनि* | दक्षिण | प्रीति सुख अनुभव |
| सातौं | *राजायतन वृक्ष मुनि* | दक्षिण-पश्चिम | धर्मको रसपान |

★ ५१. बोधिज्ञान लाभको छैंठौं सप्ताहमा ठूलो आँधी बेहरी चलेको बेलामा नागराजाले बुद्धको शिरमाथि फणाले ओढाइदिएको थियो ।

★ ५२. बुद्धले बोधिज्ञान लाभ पछि ७ हप्तासम्म उक्त ज्ञानको प्रीति (=आनन्द) सुखमा लीन भइराख्नु भएको थियो । यसरी ७ हप्तासम्म उहाँले खानु, पिउनु, शौच गर्नु, स्नान गर्नु आदि केही गर्नु भएको थिएन ।

★ ५३. बोधिज्ञान लाभ पछि बुद्धलाई सर्वप्रथम भोजन दान दिनेहरू थिए दुई व्यापारी दाजुभाइहरू - **तपस्सु** र **भल्लुक** । उनीहरूले दिएको सत्तु र महको भोजन नै बुद्धको प्रथम भोजन थियो ।

★ ५४. सर्वप्रथम बुद्धको शरणमा जाने उपासकहरू थिए - **तपस्सु** र **भल्लुक** । उनीहरू द्वैवाचिक शरण (=बुद्ध र धर्मको शरण) जानेहरू थिए । त्यतिबेला संघ बनेको थिएन ।

---

१. यहाँ चैत्य भन्नाले ठाउँको नाउँ बुझ्नु पर्छ ।

Downloaded from http://dhamma.digital

★ ५५. तपस्सु र भल्लुकलाई भगवान् बुद्धले चिन्हो स्वरूप एक मुट्ठी केश (=रौं) दिनु भएको थियो । उक्त केश राखेर ती दुई दाजुभाईले आफ्ना उत्कल देश (=उडिसा) मा बनाएको स्तूप नै बुद्धको स्मृतिमा बनेको प्रथम स्तूप थियो ।

★ ५६. बुद्धगयामा बुद्धत्व प्राप्त गर्नुभएपछि बुद्ध सर्वप्रथम ऋषिपतन मृगदावन (=सारनाथ) मा जानुभयो ।

★ ५७. मार्गमा उपक नामक आजीवक (=घुमन्ते साधु) ले भगवान् बुद्धलाई भेटेर पनि चिन्न सकेको थिएन ।

★ ५८. भगवान् बुद्धले ३६ वर्षको उमेरमा ऋषिपतन मृगदावन (=सारनाथ) मा **धर्मचक्र प्रवर्तन** (=प्रथम उपदेश) गर्नुभएका थिए । सारनाथमा रूखमुनि बसी उहाँले ५ जना गृहत्यागीहरूलाई प्रथम उपदेश दिनु भएका थिए ।

★ ५९. धर्मचक्र प्रवर्तनको बेला उपस्थित ५ गृहत्यागीहरूलाई भिक्षु बनिसकेपछि **पंच भद्रवर्गिय भिक्षु** भनियो । पंच भद्रवर्गिय भिक्षु भन्नाले ५ भिक्षुहरू बुझिन्छन् - कौण्डन्य, वप्प, भद्दिय, महानाम र अस्सजीत ।

★ ६०. पंच भद्रवर्गिय भिक्षुहरूमा सबभन्दा जेठो कौण्डन्यलाई सबभन्दा पहिले उपसम्पदा दिइएको (=भिक्षु बनाइएको) थियो । यसरी बुद्ध-धर्ममा प्रथम भिक्षु बन्ने व्यक्ति थियो - **कौण्डन्य** ।

★ ६१. पंच भद्रवर्गिय भिक्षुहरू धर्मचक्र प्रवर्तनपछि **अनन्त लक्खण सुत्र**को देशनाको समय अरहत् (=क्लेश मुक्त) भएका थिए ।

★ ६२. सर्वप्रथम त्रिरत्नको शरण जाने (=त्रैवाचिक शरण जाने) व्यक्ति थिए - यश कुमारको पिता ।

★ ६३. सर्वप्रथम त्रैवाचिक शरण जाने उपासिकाहरू थिए - यश कुमारकी आमा **सुजाता** र यश कुमारकी पत्नी ।

★ ६४. **सुजाता** - सिद्धार्थलाई क्षीर दान दिने महिला; बुद्धको प्रथम उपासिका मध्ये एक । पति : यश कुमारको पिता । छोरो : यश कुमारका । बासिन्दा : सेनानी गाउँ, उरूवेला प्रदेश ।

Downloaded from http://dhamma.digital

★ ६५. सर्वप्रथम भिक्षु हुने गृहस्थ थिए - **यश कुमार** ।

★ ६६. यश कुमार भिक्षु बनिसकेपछि उसका थुप्रै साथीहरू पनि भिक्षु बनेका थिए । यसरी बुद्ध बाहेक ६० भिक्षुहरू, जुनकि सबै अर्हत् थिए, भएपछि बुद्धले उनीहरूलाई सर्वप्रथम बुद्ध-धर्म प्रचार गर्न पठाएका थिए ।

★ ६७. भिक्षुहरूलाई धर्म प्रचार गर्न पठाई बुद्ध स्वयं उरूवेला जानुभयो । त्यहाँ उरूवेला काश्यपको कुटीमा बुद्धले काल नागराजालाई वशमा ल्याएका थिए । उहाँबाट प्रभावित भई ५०० शिष्यहरूको गुरू **उरूवेल काश्यप**, ३०० शिष्यहरूको गुरू **नदी काश्यप** र २०० शिष्यहरूको गुरू **गया काश्यप** - यी तीनैजना जटाधारी दाजुभाइहरू बुद्धका अनुयायी बने ।

★ ६८. त्यसपछि बुद्ध राजगृह पुग्नुभयो । त्यहाँ राजा बिम्बिसारले भगवान् बुद्धलाई सर्वप्रथम विहार दान गरे, जसलाई बेलुबन (=बेणुबन) भनिन्छ ।

★ ६९. **बिम्बिसार** - मगधको सम्राट । पिता : भाति । आमा : बिम्बि । रानीहरू : कोशलदेवी र खेमा । अन्य पत्नीहरू : पद्मावती, आम्रपाली आदि वेश्याहरू । छोरो : अजातशत्रु । बेजात छोराहरू : अभय राजकुमार, विमल कौण्डन्य, शीलव, जयसेन, चन्द । छोरी (बेजातकी) : चुन्दी ।

★ ७०. राजा बिम्बिसार बुद्धभन्दा ५ वर्ष कान्छो थियो । राजा बिम्बिसार १५ वर्षको छँदा राज्याभिषेक भएको थियो । उनी २४ वर्षको छँदा सिद्धार्थलाई पाण्डव पर्वतमा भेटेको थिए (तु० ३८) । ३१ वर्षको उमेरमा उनी बुद्धको शरणमा गएका थिए । त्यसपछि ३६ वर्षसम्म राज्य गरी उनको ६७ वर्षमा मृत्यु भयो । बिम्बिसार निधनको बेला बुद्ध ७२ वर्षका हुनुहुन्थे ।

★ ७१. राजा बिम्बिसार शत्रु देश वैशालीमा गई आम्रपालीसँग एक रात सुतेका थिए । आम्रपालीको तर्फबाट उनले विमल कौण्डन्य नामक छोरो पाएका जो पछि भिक्षु बने ।

★ ७२. बिम्बिसारले आफ्नो बेजातको छोरो अभय राजकुमारलाई ७ दिनसम्म मगधको राज्य चलाउन दिएको थियो ।

★ ७३. तक्षशिलाको राजा **पुक्कुसाति**लाई बिम्बिसारले उपहारमा त्रिरत्नको सन्देश पठाएको थियो ।

Downloaded from http://dhamma.digital

★ ७४. राजा पुक्कुसाति बुद्धको ख्याति सुनेर आफ्नो राज्य त्याग गरी राजगृहमा आई बुद्ध कहाँ भिक्षु बन्न आएका थिए ।

★ ७५. बुद्धलाई भेट्न तक्षशिलाबाट राजगृह आउने राजा **पुक्कुसाति** भगवान् बुद्धसँग **धनीय** नाउँको कुम्हालेको झोपडीमा सँगै सुत्न पुगेका थिए । पुक्कुसातिले बुद्धलाई चिनेका थिएनन् । बुद्धले उपदेश दिएपछि मात्रै पुककुसातिले बुद्धलाई चिने ।

★ ७६. बुद्धको भिक्षुसंघमा सारिपुत्र र मौद्गल्यामन बुद्धका मुख्य शिष्यहरू थिए । यी दुईलाई **अग्रश्रावक** वा महाश्रावक (=उत्तम शिष्यहरू) पनि भनिन्छ ।

★ ७७. **सारिपुत्र** (=धर्म सेनापति) - बुद्धको मुख्य शिष्य । प्रज्ञामा अग्रस्थान प्राप्त भिक्षु । पिता : वंगन्त । आमा : रूपसारी । भाइहरू : चुन्द, उपसेन, रेवत । बहिनीहरू : चल, उपचल, शिशूपचल । गृहस्थी नाम : उपतिष्य (=उपतिस्स) । बासिन्दा : नालक (=उपतिस्स) गाउँ, राजगृह ।

★ ७८. सारिपुत्रलाई अस्सजित[1] ले बुद्ध-धर्ममा ल्याएका थिए । त्यसैले सारिपुत्रले सँधै आफ्नो गुरु अस्सजित रहेको दिशातिर प्रणाम गर्दथे र सुत्दा आफ्नो टाउको उक्त दिशातिर पारी सुत्दथे ।

★ ७९. भगवान्ले सारिपुत्रको भाञ्जा **दिर्घनख** परिब्राजकलाई उपदेश दिइराखेको सुनेर बुद्धलाई पछाडिबाट पंखा हम्काइराख्ने सारिपुत्र अर्हत् भएका थिए ।

★ ८०. अति सहनशील भएको हुनाले सारिपुत्रलाई सिंङ् नभएको गोरू भनिएको थियो ।

★ ८१. सारिपुत्र महास्थविरमा तलका विशेषताहरू थिए -

१) चार आर्यसत्यको व्याख्या गर्न सक्ने
२) रोगी सेवा गर्ने

---

१. पंच भद्रवर्गीय भिक्षु मध्ये एक (हे. ५९)

Downloaded from http://dhamma.digital

३) करुणा र सहनशीलताबाट सम्पन्न
४) विहारको सफाइ र रक्षा गर्ने
५) भाँडोमा पानी भर्ने
६) ओछ्यान मिलाउने

★ ८२. सच्चा, लोला, अववादका र पटाचारा - यी चार निर्ग्रन्थ (=जैन) दिदी बहिनीहरू अति घमण्डी थिईन् । उनीहरूलाई सारिपुत्रले वादविवादमा परास्त गरी भिक्षुणी बनाए ।

★ ८३. **भद्रा कुण्डल केशा** (=जम्बू) पनि एक अभिमानी निर्ग्रन्थ विदुषी थिइन् । उनलाई पनि सारिपुत्रले धर्म सम्बादमा हराई भिक्षुणी बनाएका थिए । भद्रा कुण्डल केशाले गृहस्थी छँदा आफ्नै लोग्ने, जो सत्थुक नामको एक चोर थियो, लाई मारेकी थिइन् ।

★ ८४. जंगलवासीहरूमा अग्रस्थान प्राप्त भिक्षु **खदिर वनिय रेवत** सारिपुत्रको भाइ थियो । उनी आफ्नो विवाहको जन्तीबाट भागेर गई भिक्षु बन्न गएका थिए ।

★ ८५. **राध** नामक ब्राह्मणले आफूलाई भिक्षु नबनाएकोमा आमरण अनसन गरेका थिए । पछि सारिपुत्रले उनलाई प्रव्रज्या दिए ।

★ ८६. सारिपुत्रको शिष्य **लोसक तिष्य** भिक्षुले कहिलै भरपेट भोजन गर्न पाएको थिएन । निर्वाण हुन लागेको बेलामा एकपल्ट मात्रै उनले पेटभरी खान पायो । बुद्धकालमा सबभन्दा अलाभी भिक्षु उही थिए ।

★ ८७. **मौद्गल्यायन** - भगवान्को दोश्रो प्रमुख शिष्य । ऋद्धिमा अग्रस्थान प्राप्त । आमा : मौग्गली । गृहस्थी नाम : कोलित । बासिन्दा : कोलित गाउँ, राजगृह ।

★ ८८. **विमला** नामक एक वेश्या मौद्गल्यानप्रति आकर्षित भई उहाँको कुटीमा समेत पुगेकी थिइन् । तर मौद्गल्यायनले उनलाई उपदेश दिई भिक्षुणी बनाए ।

★ ८९. राजगृहको ऋषिगिलि पर्वतमा मौद्गल्यायनलाई डाकाहरूले मारेका थिए ।

Downloaded from http://dhamma.digital

★ ९०. भिक्षु हुनु अघि सारिपुत्र र मौद्गल्यायन संजय भन्ने परिब्राजक (=साधु) का चेला थिए । पछि उनीहरू बुद्ध-धर्ममा प्रवेश गरेपछि संजयले मुखबाट रगत छाडी प्राण त्यागेको थियो ।

★ ९१. सारिपुत्र र मौद्गल्यायनको परिनिर्वाण पछि भगवान् बुद्ध स्वयंले उनीहरूको अस्थि धातु राखी चैत्य बनाउन लगाएका थिए ।

★ ९२. भगवान्ले **पूर्णा** नामक दासीले फ्याकेको कपडाबाट चीवर बनाई लगाउनु भएको थियो जुन उहाँले भिक्षु महाकाश्यपको चीवरसँग बदल्नु भयो । यसरी बुद्धसँग चीवर साटेर लाउन पाउने व्यक्ति थियो भिक्षु महाकाश्यप ।

★ ९३. **महाकाश्यप** - प्रथम संगायनाको प्रधान भिक्षु । पिता : कपिल । पत्नी : भद्रकापिलायनी । बासिन्दा : महातिर्थ गाउँ, मगध । गृहस्थी नाउँ : पिप्फलायन (=पिप्पली माणवक) ।

★ ९४. तथागतसँगै एउटै गन्धकुटी[1] मा सुत्ने सौभाग्य एकपल्ट भिक्षु **महाकात्यायन**ले जेतवन विहारमा पाएका थिए । भिक्षु हुनु अघि महाकात्यायन अवन्ति (हाल उज्जैन) को राजा चन्द्र प्रद्योतका राजपुरोहित थिए ।

★ ९५. बुद्धत्व प्राप्तिको प्रथम वर्षमा **कालुदायी** मन्त्रीको प्रयासले बुद्धको सर्वप्रथम कपिलवस्तु आगमन भएको थियो । उहाँ फाल्गुन पूर्णिमाको दिन राजगृहबाट प्रस्थान गरी बैशाख पूर्णिमाको दिन कपिलवस्तु पुग्नुभयो ।

★ ९६. बुद्ध कपिलवस्तु पुगेको तेश्रो दिनमा उहाँले भाइ **नन्दकुमार**लाई प्रवजित गरेका थिए ।

★ ९७. **नन्दकुमार** - सिद्धार्थको भाइ । पिता : शुद्धोदन । आमा : प्रजापति गौतमी । दिदी : नन्दाकुमारी (=जनपद कल्याणी) । (हे.११९)

★ ९८. नन्दकुमार भगवान्भन्दा चार इन्च होचो थिए ।

---

१. तथागत बस्ने कुनै पनि कुटीलाई **गन्धकुटी** भनिन्छ ।

Downloaded from http://dhamma.digital

★ ९९. नन्दकुमारलाई उसको अभिषेक, गृह प्रवेश र विवाहको दिनमा प्रवजि
गरिएको थियो । आफ्नै दिदी नन्दाकुमारीसँग उनको विवाह हुन लागेक
थियो ।

★ १००. बुद्धसँग अंश माग्न आउने एउटै व्यक्ति थिए; त्यो हो उहाँकै
वर्षिय छोरो **राहुल कुमार** ।

★ १०१. बुद्धसँग अंश माग्न आउने राहुल कुमारलाई बुद्ध कपिलवस्तु पुगेक
सातौं दिनमा प्रवजित गरिएको थियो ।

★ १०२. बुद्ध शासनमा सर्वप्रथम श्रोतापन्न हुने महिला थिइन् **कुररघरकी
काली** उपासिका । उनी बुद्धलाई नभेटिकनै श्रोतापन्न भएकी थिइन् ।

★ १०३. आनन्द, अनुरुद्ध, भद्दिय, भगु, किम्बिल, देवदत्त (सबै शाक्यहरू) 
उपालि नाउ - यी ७ जना सँगै भिक्षु भएका थिए । यी मध्ये उपालिला
सबैभन्दा पहिले प्रव्रजित गरिएको थियो ।

★ १०४. बुद्ध भई ५ वर्ष पछि अर्थात् ९८ वर्षको उमेरमा शुद्धोदन परिनिर्वाण
भएको थियो । (हे. १०७)

★ १०५. **शुद्धोदन** - कपिलवस्तुको राजा । पिता : शिंह हनु । आमा : कंचना
भाइहरू : धौतोदन, शुक्लोदन, अशुक्लोदन (शुक्रोदन), अमृतोदन 
बहिनीहरू : अमृता र प्रमिता । पत्नीहरू : महामायादेवी र प्रजापति
गौतमी । छोराहरू : सिद्धार्थ र नन्दकुमार । छोरी : नन्दाकुमारी ।

★ १०६. शुद्धोदनको प्रथम सन्तान थियो **नन्दा** नामक छोरी ।

★ १०७. शुद्धोदनको जन्म ई. पू. ६२० मा भएको थियो । ३७ वर्षको उमेरमा
विवाह भयो । विवाहको २० वर्ष पछि, ५७ वर्षको उमेरमा प्रथम पुत्र सिद्धार्थ
पाएको थियो ।

★ १०८. बुद्ध ५५ वर्षको हुँदा उहाँको सेवक बनिरहेको भिक्षु **नागसमाल**ले
बुद्धको पत्रलाई अनादर गरी भुइँमै राखेर अन्यत्र लागेकोले बुद्धलाई एक
जना स्थायी सेवकको खाँचो परेको थियो ।

Downloaded from http://dhamma.digital

★ १०९. त्यसैले बुद्ध ५५ वर्षको छँदा भिक्षु आनन्द बुद्धको स्थायी नीजि सेवक बनेको थियो । त्यतिबेला आनन्द पनि ५५ वर्षकै थियो र उनी २५ वर्षसम्म बुद्धको स्थायी सेवक रहिरहे ।

★ ११०. **आनन्द** (=धर्म कोषाध्यक्ष =धर्म भण्डारिक) । पिता : अमृतोदन । आमा : मृगी (?) । बासिन्दा : कपिलवस्तु । भगवान् जन्मेकै दिन जन्मेको ।

★ १११. आनन्दलाई तथागतको छाया मानिन्छ । उनी बुद्धको नीजि सेवक थिए ।

★ ११२. आनन्द बहुश्रुत् (=विद्वान्), स्मृतिवान्, चरित्रवान्, धैर्यवान् र उपस्थान (=इमान्दार सेवक) हुनाले ५५ वर्षको उमेरमा बुद्धले उनलाई नीजि सेवक छानेका थिए ।

★ ११३. बुद्धका स्थायी नीजि सेवक बन्नु अघि आनन्दले तलका आठ शर्तहरू राखेको थिए -

१) बुद्धलाई प्राप्त भएको चीवर आनन्दलाई नदिने
२) बुद्धलाई प्राप्त भएको भिक्षा आनन्दलाई नदिने
३) बुद्ध बसेको गन्धकुटीमा आनन्दलाई नसुताउने
४) बुद्धलाई व्यक्तिगत निमन्त्रणा गरेको ठाउँमा आनन्दलाई नबोलाउने
५) आनन्दले स्वीकार गरेको ठाउँमा बुद्ध निमन्त्रणामा जानु पर्ने
६) आनन्दले दर्शनार्थीलाई कुनै पनि समयमा बुद्धकहाँ ल्याउन सकिने
७) आनन्दलाई शंका लागेको कुरो बुद्धसँग सोध्न सकिने
८) आनन्द नभएको ठाउँमा उपदेश दिएको भए बुद्धले आनन्दलाई फेरि सुनाउनु पर्ने ।

★ ११४. भिक्षु आनन्दप्रति **उत्तरा** उपासिका मोहित भएकी थिइन् ।

★ ११५. भिक्षु आनन्दको प्रयत्नले स्त्रीहरू भिक्षुणी हुन पाएकी थिइन् ।

★ ११६. बुद्ध शासनमा सबभन्दा पहिले भिक्षुणी हुने बुद्धकी कान्छी आमा प्रजापति गौतमी थिइन् ।

Downloaded from http://dhamma.digital

★ ११७. बुद्धकी आमा महामायादेवी आफ्नै सौता प्रजापति गौतमीकी साक्ष
दिदी थिइन् ।

★ ११८. **प्रजापति गौतमी** - कपिलवस्तुकी रानी, प्रथम भिक्षुणी । पिता
अंजन । आमा : यशोधरा । पति : शुद्धोदन । दाइहरू : सुप्रबुद्ध र पुण्डरिक
दिदी : महामायादेवी । छोरो : नन्दकुमार । छोरी : नन्दाकुमारी । माइतिघ
: देवदह ।

★ ११९. गौतमी ४० वर्षकी छँदा छोरो नन्दकुमारको जन्म भएको थियो
त्यसै वर्ष उनकी दिदी महामायादेवी परलोक भएकी थिइन् ।

★ १२०. अस्सी वर्षको उमेरमा गौतमी भिक्षुणी भएकी थिइन् ।

★ १२१. प्रजापति गौतमी १२० वर्षको उमेरमा परिनिर्वाण भइन् । त्यति बेल
बुद्ध स्वयं ८० वर्ष पुग्नु भएको थियो ।

★ १२२. प्रजापति गौतमी परिनिर्वाण हुँदा बुद्ध स्वयं मलामिमा जानु भएको
थियो ।

★ १२३. **चिंचा माणविका**ले बुद्धलाई बदनाम गर्न सबैको सामु आफूलाई
बुद्धकी पत्नी घोषित गरेकी थिई, जुनकि पछि झुठो ठहरियो ।

★ १२४. **सुन्दरी परिब्राजक** नामकी केटीको हत्याको दोष बुद्धमाथि
लगाइएको थियो । तर पछि बुद्धलाई लांछना लगाउने तिर्थंकरहरू नै
हत्यारा ठहरिए ।

★ १२५. **मागंदिय** नामक ब्राह्मणले बुद्धलाई ज्वाइँ बनाउने इच्छाले उहाँलाई
आफ्नी छोरी **मागंदिया** कन्यादान दिन आएको थियो । त्यतिबेला बुद्ध ४३
वर्षको हुनुहुन्थ्यो । पछि यिनी राजा उदायनको पत्नी बनिन् ।

★ १२६. बुद्धप्रति द्वेष राख्ने रानी मागंदियले आफ्नी सौता बौद्ध उपासिका रानी
**श्यामावती**लाई जिउँदै जलाइदिएकी थिइन् ।

★ १२७. श्यामावतीलाई मारेकीले राजा उदयनले रानी मागन्दियालाई उनको
मासु काटी उनैलाई ख्वाएको थियो ।

Downloaded from http://dhamma.digital

★ १२८. **उदयन** - कोशम्बीको राजा । प्रसिद्ध वीणा वादक । पिता : परन्तक । पत्नीहरू : बासुलदत्ता, श्यामावती, मागन्दिया ।

★ १२९. महामानव बुद्ध कोशल देशको **थूण** भन्ने गाउँमा जाँदा त्यहाँका कट्टर ब्राह्मणहरूले बुद्धले पानी पनि खान नपाओस् भन्ने विचार गरी कुवाहरू समेत छोपिदिएका थिए ।

★ १३०. थूण गाउँकी एक दासीले भगवान्लाई पानी खान दिएकोमा रिसाएर उनको ब्राह्मण मालिकले उनलाई कुटेर मारेको थियो ।

★ १३१. सर्वज्ञ बुद्धले आत्महत्या गर्न लागेकी एउटी केटीलाई उपदेश दिई बचाउनु भएको थियो । **रज्जुमाला** नामक उक्त केटीले आफ्नी मालिक्नीले धेरै कष्ट दिएकीले आत्महत्या गर्न लागेकी थिइन् ।

★ १३२. आलवी नगरमा बुद्धले स्वयं एकजना गोठालोलाई भोजन गर्न लगाएका थिए ।

★ १३३. भगवान्ले **तिष्य** नामक बिरामी भिक्षुलाई आफ्नै हातबाट सेवा शुश्रुषा गर्नु भएका थिए ।

★ १३४. **उत्तर माणव** नामक ब्राह्मणले भगवान्को शरीरमा ३२ लक्षण छ छैन जाँच गर्नलाई ७ महिनासम्म बुद्धको पीछा गरेका थिए ।

★ १३५. बुद्धको अति सुन्दर मुखमात्रै हेरिराख्ने इच्छाले **वक्कलि** भन्ने व्यक्ति भिक्षु बनेका थिए । बुद्धको मुखमात्रै हेरिराख्ने ज्ञान लाभ गर्न नसक्ने भिक्षु उही थिए ।

★ १३६. बुद्धले सबभन्दा बढि उपदेश **जेतवन विहार**मा दिनुभएको थियो । जेतवन विहार अनाथपिण्डिकले जेतराजकुमार[1] सँग १८ करोड तिरी किनेको थियो । जम्मा ५४ करोड खर्च गरी उक्त विहार बनाइएको थियो ।

---

१. राजा प्रसेनजीतको छोरो ।

Downloaded from http://dhamma.digital

★ १३७. **अनाथपिण्डिक** महाउपासक - दाताहरूमा अग्र । साँच्चैको नाम : सुदत्त । पिता : सुमन सेठ । पत्नी : पुण्यलक्षणा । पुत्र : काल । छोरीहरू : महासुभद्रा, चुलसुभद्र र सुमना । बासिन्दा : श्रावस्ती ।

★ १३८. राजा प्रसेनजीतले जेतवन विहार भित्र सललागर नामक घर निर्माण गरेको थियो ।

★ १३९. **प्रसेनजीत** - कोशल नरेश । पिता : महाकोशल । पत्नीहरू : मल्लिकादेवी, बिम्बिसारकी बहिनी, वासभखत्तिया[२], सोमा, सकुला, उब्बिरा । छोराहरू : विडूडभ, ब्रह्मदत्त, जेतकुमार[३] आदि । छोरीहरू : सुमना, वजिरी[४], जीवन्ती । बहिनी : कोशलदेवी[५] ।

★ १४०. प्रसेनजीतकी छोरी **सुमना** राजकुमारीले आफू जहाँ जन्मे पनि सुमना नाम नै रहोस् भनी प्रार्थना गरेर आएकी थिइन् ।

★ १४१. विशाखाले आफ्नै **महालता प्रसाधन** (=आभूषण) ९ करोडमा किनी अरू १८ करोड थपी जम्मा २७ करोडको लागतमा भिक्षु संघको लागि **पूर्वाराम विहार** बनाइदिएकी थिइन् ।

★ १४२. **विशाखा** महाउपासिका (=मृगारमाता) - दानमा अग्रस्थान प्राप्त महाउपासिका । पिता : धनञ्जय सेठ । आमा : सुमनादेवी । बाज्ये : मेण्डक श्रेष्ठी । ससुरा : मृगार सेठ । पति : पूर्णवर्धन । १० पुत्रहरू, १० पुत्रीहरू, २०० नातिहरू, २०० नातिनीहरू । बासिन्दा : श्रावस्ती । माइतीघर : साकेत । १२० वर्षको उमेरमा मृत्यु ।

★ १४३. विशाखा ७ वर्षको उमेरमा श्रोतापन्न भएकी थिइन् ।

★ १४४. पिता **धनञ्जयले** विशाखालाई ९ करोड जाने महालता आभूषण बनाइदिएका थिए भने उनको ससुरा मृगार श्रेष्ठीले १ लाख जाने "घनमट्टक" आभूषण बनाइदिएका थिए ।

---

२. महानाम शाक्यकी दासी छोरी ।
३. जेतवन यसैको नामबाट नामाकरण गरिएको ।
४. अजातशत्रुकी पत्नी ।
५. बिम्बिसारकी पत्नी ।

Downloaded from http://dhamma.digital

★ १४५. महालता आभूषण बुद्धको पालामा तीन जनासँग थिए :
(१) विशाखा, (२) मल्लिकादेवी[1], (३) देवदानिय चोर

★ १४६. विशाखा महाउपासिकाले बुद्धसँग तलका ८ वरहरू मागेकी थिइन् -

(१) भिक्षु संघलाई नुहाउने कपडा दिनु
(२) आगन्तुकहरूलाई भोजन दान दिनु
(३) यात्रीहरूलाई भोजन दान दिनु
(४) रोगीहरूलाई भोजन दान दिनु
(५) रोगीको सेवकलाई भोजन दान दिनु
(६) रोगीहरूलाई औषधी दान दिनु
(७) रोगीहरूलाई जाउला (=यागू) दान दिनु
(८) भिक्षुणीहरूलाई ऋतुमती कपडा दान दिनु

★ १४७. **नकुलमाता** र **नकुलपिता** - यी दुई गृहस्थी दम्पतिले बुद्धलाई "पुत्र" भनी सम्बोधन गरेका थिए ।

★ १४८. तथागतले **हस्तक आलवक** नामक राजकुमारलाई **आलवक राक्षस**को हातबाट बचाएका थिए ।

★ १४९. बुद्धका प्रथम उपासकहरू - तपस्सु र भल्लुक - मध्ये **भल्लुक** पछि भिक्षु भएका थिए ।

★ १५०. आलार कालमको शिष्य **पक्कुस**ले पछि बुद्ध-धर्म स्वीकार गरेका थिए ।

★ १५१. **दारू चिरिय** नामक व्यक्तिले बुद्धको उपदेश बाटोमा सुने र सुन्नासाथ अर्हत् भए । त्यसको केही क्षणपछि गोरूले हान्नाले उनको देहावसान (=निर्वाण) भयो ।

★ १५२. भिक्षु **सीवली** अति मंगलमय व्यक्ति थिए । उनीहुँदा भिक्षु संघलाई कहिल्यै भोजनको अभाव हुँदैनथ्यो ।

१. कोशल सेनापति बन्धुलकी पत्नी ।

Downloaded from http://dhamma.digital

★ १५३. भिक्षु **अनिरूद्ध**लाई छैन भनेको थाहा थिएन ।

★ १५४. भिक्षुणीहरूलाई मन पराउने गरी उपदेश भन्नुमा भिक्षु **नन्दक** अग्र
थिए ।

★ १५५. भिक्षु नन्दकले यति राम्रोसँग उपदेश दिन्थ्यो कि स्वयं भगवान्
नन्दकले थाहा नपाउने गरी, उसको उपदेश सुनिराख्नुहुन्थ्यो ।

★ १५६. भिक्षु **श्रोणकुटि कर्ण**ले तथागतलाई उहाँकै गन्धकुटीमा बसी उपदेश
सुनाएका थिए ।

★ १५७. **महाकप्पिन** र **भद्दिय** भिक्षुहरू भिक्षु हुनु अगाडि राजा थिए ।

★ १५८. पाइतालामा पनि रौं उम्रने भिक्षु थियो - **सोण कोटि विंश** ।

★ १५९. भिक्षु सोण कोटि विंश पाइतालाबाट रगत आउने गरिकन चंक्रमण
(=हिंडडुल) गर्दथे ।

★ १६०. भिक्षु **राष्ट्रपाल**लाई आफ्नै घरमा भिक्षा मिलेको थिएन ।

★ १६१. **अंगुलीमाल** - बुद्धकालीन डाकु । साँच्चैकै नाउँ : अहिंसक । पिता
भार्ग्य । आमा : मैत्रायणी । यिनले हजारौं मान्छे मारेको थियो तैपनि पछि
भिक्षु बने ।

★ १६२. भिक्षु **कुमार काश्यप** बौद्ध विहार भित्रै जन्मेको थियो । उनको आमा
गर्भवतीको अवस्थामा भिक्षुणी बनेकी थिइन् ।

★ १६३. **उदायी** भिक्षुले आफ्नो अन्तरवासक (=लुंगि) आफ्नो गृहस्थ पत्नीला
धुन लगाएको थियो ।

★ १६४. बुद्धको पालामा सबभन्दा राम्ररी कथा भन्नसक्ने भिक्षुणी थिइन् -
**धम्मदिन्ना** ।

Downloaded from http://dhamma.digital

१६५. **खेमा** र **उत्पलवर्णा** - यी दुईलाई बुद्ध शासनमा अग्रश्राविका (=उत्तम भिक्षुणीहरू) मानिन्छन् ।

१६६. भिक्षुणी उत्पलवर्णालाई उसैको मामाको छोरो **नन्द**ले विहारमा आई बलात्कार गरेको थियो ।

१६७. **पटाचारा** भिक्षुणी बुद्धकालमा विनय पालन गर्नमा प्रसिद्ध थिइन् ।

१६८. **पटाचारा**को छोरो अचिरवति नदीले बगाएर लगेको थियो ।

१६९. भिक्षुणी **सुन्दरीनन्दा**ले विशाखाको नाति **साल्ह**सँग बिग्री गर्भिणी भएपछि चीवर छाडेकी थिइन् ।

१७०. **सुप्रिया** उपासिकाले एकजना विरामी भिक्षुको लागि आफ्नै जाँघको मासु काटेर खुवाएकी थिइन् ।

१७१. **जीवक वैद्य**ले तथागतलाई उज्जैनको दोसल्ला चढाएका थिए । त्यही नै बुद्धलाई दिइएको प्रथम चीवर दान थियो । त्यतिबेला बुद्ध ५५ वर्षको हुनुहुन्थ्यो ।

१७२. **जीवक वैद्य** (=कौमार भृत्य) - राजगृहको राजवैद्य, प्रसिद्ध शैल्य चिकित्सक । आमा : शालवती वेश्या[१] धर्मपिता : अभय राजकुमार[१] ।

१७३. जीवक वैद्यले भगवान् बुद्धको गाथमा बिसञ्चो भएको बेलामा औषधीयुक्त कमलको फुल सुंघाई ३० पल्ट बिरेचन गराएका थिए ।

१७४. देवदत्तले तलका ५ कुराहरू बुद्धसँग मागेका थिए, जुन बुद्धले अस्वीकृत गर्नु भएकोले देवदत्तले आफ्नै अलग्ग भिक्षु संघ खडा गरेको थियो । ती ५ मागहरू हुन् -

(१) भिक्षुहरू जंगलमै बस्नुपर्छ ।
(२) मसानमा फालिराखेको कपडा (=पांशुकूल) मात्रै चीवर लाउनुपर्छ ।

---

बिम्बिसारको छोरो ।

Downloaded from http://dhamma.digital

(३) भिक्षा लिएरै मात्रै खानुपर्छ ।
(४) रूखमुनि नै सुत्नुपर्छ ।
(५) माछा मासु बिल्कुलै नखानुपर्छ ।

★ १७५. यसरी भिक्षु संघमा सर्वप्रथम फुट भगवान् बुद्धकै समय कालम देवदत्तले ल्याएको थियो । तर यो संघ भेद चीरस्थायी रहेन ।

★ १७६. **देवदत्त** - बुद्धलाई मार्न खोज्ने भिक्षु । पिता : सुप्रबुद्ध । आमा अमृता । दिदी : यशोधरा । सिद्धार्थको फुफूको छोरो (अर्थात् भाइ); सिद्धार्थक साला ।

★ १७७. देवदत्तले तीनपल्टसम्म बुद्धलाई मार्न खोजेको थियो -

(१) हत्यारा पठाएर
(२) गृद्धकुट पर्वतमा ढुंगा खसालेर
(३) **नालगिरी** नामक पागल हात्ती छाडेर

★ १७८. राजा अजातशत्रुलाई हातमा लिई देवदत्तले बुद्धलाई मार्न खोजेक थियो ।

★ १७९. **अजातशत्रु** - मगध नरेश । पिता : बिम्बिसार । आमा : कोसलदेवी पत्नी : बजिरी । छोरो : उदयभद्र ।

★ १८०. राजकुमार अजातशत्रु स्वार्थी भिक्षु देवदत्तको संगतमा परेर खरा भएको थियो । देवदत्तले उस्काएकोले नै उसले आफ्नो बुबा बिम्बिसारला बन्दी बनाएर मारेर राज्य हातमा लिएका थिए ।

★ १८१. अजातशत्रु बुद्ध परिनिर्वाणको ८ वर्ष अघि मगधको सिंहासनमा बसे उसले ३२ वर्षसम्म राज्यगरिसकेपछि छोरो उदयभद्रले उसलाई मारेक थिए ।

★ १८२. अजातशत्रुले छोरो उदयभद्र जन्मेको बेलामा आफ्नो पिताका गुणहर महशुश गरेर पश्चाताप गरेका थिए ।

Downloaded from http://dhamma.digital

★ १८३. अजातशत्रुलाई जीवक वैद्यले भगवान्को शरणमा ल्याएका थिए। भगवान्को प्रथम दर्शन गर्न जाँदा ऊसँग जानेहरूमा जीवक बाहेक अरू सबै महिलाहरू थिए। महिला पल्टन, हात्तीनी र घोडीहरूले घेरेर ऊ बुद्धकहाँ गएका थिए।

★ १८४. अजातशत्रुले आफ्नो भाइ (वा दाइ ?) भिक्षु **शीलव**लाई मार्न हत्याराहरू पठाएका थिए। तर हत्याराहरू भिक्षु **शीलव**को उपदेश सुनी सबै भिक्षु बनेका थिए।

★ १८५. बुद्ध परिनिर्वाणको ३ वर्ष पछि (ई. पू. ४८० मा) बैशाली गणतन्त्रलाई अजातशत्रुले नष्ट गरेका थिए।

★ १८६. बुद्ध स्वयंले प्रशंसा गर्नु भएको देश थियो बैशाली गणतन्त्र।

★ १८७. **आम्रपाली** (=अम्बपाली) - बैशालीको प्रसिद्ध गणिका (वेश्या)। छोरो : विमल कौण्डन्य[1]। आम्रपाली आफ्नै छोरो भिक्षु विमलको कथा सुनेर प्रव्रजित भएकी थिइन्।

★ १८८. आम्रपाली यति राम्री थिइन् कि एकपल्ट उनी विहारमा जाँदा ५०० भिक्षुहरूको मन विचलित नहोस् भनेर बुद्धले विशेष उपदेश (सतिपट्ठान) दिनु परेको थियो।

★ १८९. **पद्मावती** वेश्या आफ्नै छोरो **अभय स्थविर**को उपदेश सुनेर भिक्षुणी भएकी थिइन्।

★ १९०. बुद्धको सेवा गर्नको लागि समय निकाल्न **उत्तरानन्दमाता** उपासिकाले **सिरिमा** नामकी वेश्यालाई पैसा दिई आफ्नो लोग्ने एक हप्ताका लागि सुम्पेकी थिइन्।

★ १९१. बुद्धको पालामा भिक्षुणी बन्ने बेश्याहरूमा तल दिइएकाहरू प्रसिद्ध छन् -

---

१. बिम्बिसारको छोरो।

Downloaded from http://dhamma.digital

(१) राजगृहकी सिरिमा (२) बैशालीकी आम्रपाली
(३) बैशालीकी विमला (४) काशीकी अड्ढकाशी
(५) उज्जयनीकी पद्मावती

★ १९२. बुद्धको पालामा ६ प्रख्यात अबौद्ध धार्मिक नेताहरू थिए । ती हुन् -
(१) **पूर्ण काश्यप** - नग्न साधु, नास्तिक
(२) **मक्खली गोशाल** - नग्न साधु, नास्तिक
(३) **अजित केश कम्बल** - कपालको लुगा लगाउने, पूर्ण भौतिकवादी
(४) **प्रकुध कात्यायन** - नीत्यवादी
(५) **संजय बेलट्टपुत्र** - परिब्राजक, अनिश्चयवादी
(६) **निर्ग्रन्थ नाथपुत्र** (=**महावीर**) - जैन धर्मको अन्तिम गुरु

★ १९३. बुद्धको पालामा ५ ख्यातिप्राप्त निर्ग्रन्थहरू (=जैन मतालम्बीहरू) बुद्धको शरणमा आएका थिए -
(१) **वप्प** शाक्य (बुद्धको काका)
(२) **अभय राजकुमार** (बिम्बिसारको छोरो)
(३) **असिबन्धक पुत्र**
(४) **सिंह सेनापति** (बैशालीको सेनापति)
(५) **उपालि गृहपति**

★ १९४. **निर्ग्रन्थनाथ पुत्र** (=**महावीर**) को देहान्त बुद्ध परिनिर्वाणको २६ वर्ष अघि (ई. पू. ५०९ मा) ७२ वर्षको उमेरमा पावामा भएको थियो ।

★ १९५. तलका भिक्षुहरू, **६ वर्गिय भिक्षुहरू**, जोकि सँगै भिक्षु बनेका थिए, बुझिन्छन् -
(१) पाण्डुक (२) लोहितक (३) मैत्रीय
(४) भुम्मजक (५) अस्सजीत (६) पुनर्बसु

★ १९६. असंख्य कल्पका कुराहरू स्मरण गर्नसक्नेहरू बुद्धकालमा बुद्ध बाहेक अरू ४ जना थिए -
(१) सारिपुत्र (२) मौद्गल्यायन
(३) वक्कुल भिक्षु (४) यशोधरा

Downloaded from http://dhamma.digital

१९७. भगवान्ले रूपको हेला गर्छ भनेर उहाँकहाँ जान हिच्किचाउने तीन सुन्दरीहरू थिइन् -

(१) खेमा महारामी (बिम्बिसारकी पत्नी)

(२) नन्दाकुमारी (सिद्धार्थकी दिदी)

(३) अभिरूपनन्दा कुमारी (खेम काश्यपकी छोरी)

★ १९८. राजगृहको सेठ जोतिय श्रेष्ठी राजा बिम्बिसारभन्दा धेरै धनी थियो । त्यतिबेला राजगृहमा ५ **महासेठहरू** थिए -

(१) जोतिय, (२) जटिल, (३) मेण्डक, (४) पूर्णक, (५) काकवलिय सेठ । जोतिय श्रेष्ठी पछि भिक्षु बनेका थिए ।

★ १९९. राजगृहको सेठ **कुम्भ घोषक**सँग ४० करोड धन गाडि राखेको भएता पनि उनी साधारण मजदूर सरह काम गरेर खान्थे ।

★ २००. भगवान्को जीवनकालमै कपिलवस्तु राज्यलाई विडूडभले हमला गरी नष्ट गरेका थिए ।

★ २०१. **विडूडभ**-कोशल राजा । पिता : प्रसेनजीत । आमा: वासभखत्तिया[1] ।

—

१. सिद्धार्थको काकाको छोरा महानाम शाक्यकी दासी पुत्री ।

Downloaded from http://dhamma.digital

# महापरिनिर्वाण

★ २०२. भगवान् बुद्धले अन्तिम भोजन पावामा **चुन्द सुनार**को हातब
ग्रहण गर्नु भएको थियो । चुन्द सुनारनै तथागतको जीवनमा अन्ति
उपासक मानिन्छ ।

★ २०३. बुद्धको अन्तिम भोजन थियो - सुकर मद्दव (=सुंगुरको मासु[1])।

★ २०४. भगवान् बुद्धसँगै परिनिर्वाण भएर जाने भिक्षुको नाउँ थियो **सुभद्र**
सुभद्रलाई भगवान्को अन्तिम शिष्य वा अन्तिम भिक्षु मानिन्छ ।

★ २०५. बैशाख पूर्णिमाको दिन ८० वर्षको उमेरमा कुशीनगरको उपवर्त
नामक बनमा दुईता शालबृक्षको मुनि तथागत बुद्ध **महापरिनिर्वाण** हु
भएको थियो । यसरी बैशाख पूर्णिमाको रात्रीको तेश्रो पहरमा उहाँ
अनुपादिशेष निर्वाण[2] प्राप्त गर्नुभयो ।

★ २०६. भगवान् बुद्धको दाह संस्कार पछि बाँकी रहेका उहाँका **अस्थि धात**
(=हाड) जम्मा दुई प्रकारका थिए - (१) धूलो नहुने अर्थात आका
नबदल्ने । यस अन्तर्गत दाँत, काँध र कपाल पर्छन् । (२) धूलो हुने अर्थात
दाना आकारका हुन गएका हाडहरू । यी पनि ३ प्रकारका थिए (क) तोरि
जत्रो, (ख) चामलको आधा दाना जत्रो, (ग) आधी मुंगी जत्रो ।

★ २०७. भगवान् बुद्धको परिनिर्वाण पछि परिनिर्वाणको सातौं दिनमा उहाँको
अस्थि धातुको लागि ८ देशहरू - राजगृह, बैशाली, कपिलवस्तु, कोलिय,
अल्लकप्प, वेठ दीप, पावा र कुशीनगर बीच झगडा हुँदा **द्रोण ब्राह्मणले**
धातु विभाजन गरी कलह शान्त पारेका थिए । उनले खुद एक टुक्रा दन्त
धातु आफ्नो पगडीमा लुकाएका थिए, जुन पछि हरायो (इन्द्रले चोरेकी ?) ।
पछि उनले धातु बाँडिदिएको कुम्भ (=भाँडो) लगी चैत्य बनाए ।

---

१. कोही कोही सुकर मद्दवको अर्थ च्याऊ वा कुनै कण्डमूल हो भनी भन्छन् ।

२. = देह त्याग (हे. २६४)

Downloaded from http://dhamma.digital

★ २०८. अबेर आएकाले अस्थि धातु लिन नपाउने पिफलिवन देश (=पिपरहवा ?) का मौर्यहरूले बुद्धका गोल र खरानी बटुली अंगार चैत्य बनाउन लगे ।

★ २०९. बुद्ध परिनिर्वाण पछि उहाँको अवशेष (र एउटा कुम्भ) राखेर जम्मा १० वटा स्तूपहरू बनाइएका थिए ।

# विविध

★ २१०. बुद्धको जीवनमा तलका घटनाहरू निम्नलिखित दिनहरूमा घटेका थिए -

शुक्रबार - जन्म
शनिबार - धर्मचक्र प्रवर्तन
आइतबार - दाहसंस्कार
सोमबार - गृहत्याग
मंगलबार - परिनिर्वाण
बुधबार - बोधिज्ञान लाभ
बिहिबार - आमाको गर्भमा प्रवेश

★ २११. बुद्ध जीवनीसँग सम्बन्धित पूर्णिमाहरू निम्नप्रकार छन् -

बैशाख पूर्णिमा - जन्म; बोधिज्ञान लाभ; महापरिनिर्वाण; कपिलवस्तुमा बुद्धको प्रथम आगमन ।
जेष्ठ पूर्णिमा - कपिलवस्तुमा महासमय सूत्र देशना ।
आषाढ पूर्णिमा - सिद्धार्थ गर्भ धारण; गृहत्याग; धर्मचक्र प्रवर्तन; श्रावस्तीमा ऋद्धि प्रदर्शन; त्रायतिंश भूवनमा आमालाई उपदेश (?)
आश्विन पूर्णिमा - त्रायतिंशबाट संकाश्यमा झर्नु भएको (?)
कार्तिक पूर्णिमा - अजातशत्रु सर्वप्रथम बुद्धको शरणमा (सारिपुत्र परिनिर्वाण)
पौष पूर्णिमा - बुद्धको सर्वप्रथम राजगृह आगमन ।
माघ पूर्णिमा - मारलाई परिनिर्वाण हुने बचन दिनुभएको ।
फागुन पूर्णिमा - बुद्धको प्रथम पटक कपिलवस्तुतिर प्रस्थान ।

Downloaded from http://dhamma.digital

★ २१२. गौतम बुद्धले ४५ वर्षसम्म मानव कल्याणको लागि धर्म प्रचार गर्नुभएको थियो । उहाँ सबभन्दा बढी श्रावस्तीको जेतवन विहारमा बस्नु भएको थियो ।

★ २१३. वर्षादको समयमा भिक्षुहरू तीन महिनासम्म एकै स्थानमा बस्ने चलन छ जसलाई **बर्षावास** भनिन्छ । ४५ वर्षभित्र बुद्ध तलका ठाउँहरूमा बर्षावास बस्नुभएको थियो -

| | |
|---|---|
| १. ऋषिपतन (=सारनाथ) | २. ३. ४. राजगृह |
| ५. बैशाली | ६. मंकुल पर्वत |
| ७. त्रायतिंश (?) | ८. भेसकला वन (संसुमारगिरी) |
| ९. कौशाम्बी | १०. पारिलेय्यक |
| ११. एकनाला (मगध) | १२. वेरंजा |
| १३. चालिय पर्वत | १४. श्रावस्ती |
| १५. कपिलवस्तु | १६. आलवी |
| १७. राजगृह | १८. १९. चालिय पर्वत |
| २०. राजगृह | २१. देखि ४४. श्रावस्ती |
| ४५. बैशाली | |

★ २१४. निम्नलिखित स्थानहरूको बुद्ध जीवनीसँग घनिष्ट सम्बन्ध छन् (तु. ८३४)

*कपिलवस्तु* - बुद्धको पिता शुद्धोदनको राज्य
*देवदह* - बुद्धको मामाको राज्य; ससुराल
*लुम्बिनी* - बुद्ध जन्मस्थल
*बुद्धगया* - बोधिज्ञान लाभ गरेको स्थान
*सारनाथ* - प्रथम धर्म उपदेश गरेको स्थान
*संकाश्य* - त्रायतिंशमा आमालाई उपदेश (?) दिइसकेपछि बुद्ध ओर्लेको स्थान ।
*श्रावस्ती* - बुद्धले सबभन्दा बढि जीवन बिताउनु भएको स्थान; बुद्धद्वारा ऋद्धि प्रतिहार्य (=दिव्य चमत्कार) प्रदर्शन गरेको स्थान ।
*राजगृह* - बुद्धलाई देवदत्तले मार्न खोजेको स्थान ।
*वैशाली* - बुद्धले प्रशंसा गर्नुभएको देश ।

Downloaded from http://dhamma.digital

★ २१५. बुद्धको पालाका केही प्रसिद्ध बौद्ध विहार (=आराम) हरू र गन्धकुटीहरू यी हुन् -

| | विहार/गन्धकुटी | निर्माता | स्थान |
|---|---|---|---|
| १. | *बेलुवन* | राजा बिम्बिसार | राजगृह |
| २. | *जीवक आम्रवन* | जीवक वैद्य | राजगृह |
| ३. | *जेतवन विहार* | अनाथपिण्डिक | श्रावस्ती |
| ४. | *पूर्वाराम (=मृगारमातु प्राशाद)* | विशाखा | श्रावस्ती |
| ५. | *राजकाराम* | राजा प्रसेनजीत | श्रावस्ती |
| ६. | *निग्रोधाराम* | शाक्यहरू | कपिलवस्तु |
| ७. | *कालखेमकाराम* | ? | कपिलवस्तु |
| ८. | *अम्बपालीवन* | आम्रपाली | वैशाली |
| ९. | *घोषिकाराम* | घोषक सेठ | कौशाम्बी |
| १०. | *पावारिकाराम* | पावारिय सेठ | कौशाम्बी |
| ११. | *कुक्कुटाराम* | कुक्कुट सेठ | कौशाम्बी |
| १२. | *कालकाराम* | कालक सेठ | साकेत |
| १३. | *अम्बटकवन* | चित्र गृहपति | मच्छिकासण्ड, काशी |

★ २१६. भगवान् बुद्धको साधारण दैनिक चर्या यसप्रकार विभाजन गरिन्छ -

(१) भोजन पहिलेको चर्या - हात मुख धुनु, भिक्षाटन, भोजन, धर्म उपदेश

(२) भोजन पछिको चर्या - भिक्षु संघलाई उपदेश, विश्राम, गृहस्थीहरूलाई उपदेश

(३) पहिलो पहरको चर्या - चाहिएमा स्नान, भिक्षुहरूलाई उपदेश

(४) मध्यम पहरको चर्या - प्रश्नोत्तर

(५) पछिल्लो पहरको चर्या - चक्रमण, ध्यान विश्राम, महाकरूणा समापति ध्यान

★ २१७. बुद्ध भईसकेपछि भगवान ४ पल्टसम्म कपिलवस्तु जानु भएको थियो ।

★ २१८. तीन हात्तीहरूको बुद्ध जीवनीसँग गहन सम्बन्ध छन् -

गिरिमेखल हात्ती - वशवर्त्ति मारले चढेर आएको हात्ती

नालगिरी हात्ती - देवदत्तले बुद्धलाई मार्न पठाएको हात्ती

पारिलेय्यक हात्ती - बुद्धलाई जंगलमा ३ महिनासम्म सेवा गर्ने हात्ती

Downloaded from http://dhamma.digital

★ २१९. बुद्धको जीवनमा विशेष महत्व प्राप्त २ भोजनहरू -

(१) बुद्धत्व प्राप्ति अघिको सुजाताको क्षीर भोजन

(२) परिनिर्वाण हुनु अघिको चुन्द सुनारको सुकर मद्दव

★ २२०. बुद्धको जीवनमा ६ पटक भूकम्प गएका थिए । ती निम्नलिखित अवसरहरूमा हुन् - (१) गर्भ प्रवेश, (२) जन्म, (३) बोधिज्ञान लाभ, (४) धर्मचक्र प्रवर्तन, (५) आयु संस्कार छाडि दिंदा, (६) महापरिनिर्वाण

★ २२१. बुद्ध जीवनीसँग सम्बन्धित व्यक्तिहरू यसप्रकार छन् -

| | | |
|---|---|---|
| प्रथम भिक्षु | - | कौण्डन्य |
| प्रथम भिक्षुणी | - | प्रजापति गौतमी |
| अन्तिम गृहस्थी छाडी भिक्षु बन्ने | - | यशकुमार |
| अन्तिम भिक्षु/शिष्य | - | सुभद्र |
| प्रथम उपासक (द्वैवाचिक) | - | तपस्सु भल्लुक |
| प्रथम त्रैवाचिक उपासक | - | यशकुमारको पिता |
| प्रथम त्रैवाचिक उपासिका | - | यशकुमारको आमा सुजाता |
| अन्तिम उपासक | - | चुन्द सुनार |
| प्रथम श्रोतापन्न हुने उपासक | - | यशकुमारको पिता |
| प्रथम श्रोतापन्न हुने उपासिका | - | कुररघरकी काली |

Dhamma.Digital

★ २२२. बुद्ध जीवनीका महत्वपूर्ण घटनाहरू तल उल्लेखित समयकालमा घटेका थिए -

| घटना | सिद्धार्थको वर्ष | ई. पू. |
|---|---|---|
| जन्म | | ५६३ |
| विवाह | १६ | ५४७ |
| गृहत्याग | २९ | ५३४ |
| बोधिज्ञान लाभ | ३५ | ५२८ |
| धर्मचक्र प्रवर्तन | ३६ | ५२८ |
| महापरिनिर्वाण | ८० | ४८३ |

Downloaded from http://dhamma.digital

# बौद्ध धारणा

२२३. **बुद्ध गुण** ९ वटा छन् -

(१) *अरहं* - गुप्त पाप नगर्ने
(२) *सम्मा सम्बुद्धो* - धर्मलाई स्वयं बुझ्ने
(३) *विज्जाचरण सम्पन्नो* - विद्या आचरणले सम्पन्न (हे. २२६)
(४) *सुगतो* - सुगतिमा लागेको
(५) *लोकविदू* - तीनै लोकको सबै कुरो बुझ्ने (हे. २३०)
(६) *अनुत्तरो पुरिस दम्म सारथी* - दमन गर्न कठीन व्यक्तिहरूलाई दमन गर्ने
(७) *सत्था देव मनुस्सानं* - देव मनुष्यहरूको गुरु
(८) *बुद्धो* - चार आर्यसत्य बुझ्ने (हे. २५९)
(९) *भगवा* - क्लेश निर्मूल पारेका, ६ भाग्यले सम्पन्न (हे. २३१)

२२४. **धर्म गुण** ६ वटा छन् -

(१) *स्वाक्खातो भगवता धम्मो* - भगवान्ले राम्ररी देशना गर्नुभएको धर्म
(२) *सन्दिट्ठिको* - यसै जन्ममा फल पाउने
(३) *अकालिको* - छिटै फल पाउने
(४) *एहि पस्सिको* - यहाँ आएर हेर्न आऊ भनी देखाउन सकिने
(५) *ओपनयिको* - निर्वाण पुऱ्याउने
(६) *पच्चतं वेदितब्बो विञ्ञूही* - विद्वान्हरूले आफैले बुझ्न सकिने

२२५. **संघ गुण** ९ वटा छन् -

(१) *सुपटिपन्नो भगवतो सावक संघो* - धर्मको राम्रो आचरण गर्नु नै भगवान्को श्रावक संघको गुण हो ।
(२) *उजुपटिपन्नो* - सोझै तृष्णा निर्मूल पार्ने ।
(३) *ञायपटिपन्नो* - न्यायको पक्षपाती ।
(४) *सामीचि पटिपन्नो* - राम्रो व्यवहार हुने ।
(५) *आहुनेय्यो* - निम्तो दिन योग्य ।
(६) *पाहुनेय्यो* - पाहुनालाई जस्तै सत्कार गर्न योग्य ।
(७) *दक्खिनेयो* - दान दिन योग्य ।
(८) *अञ्जली करणीयो* - वन्दना गर्न योग्य ।
(९) अनुत्तरं पुञ्ञखेतं - पुण्यरूपी बिउ रोप्न लायक खेत ।

Downloaded from http://dhamma.digital

★ २२६. बुद्धलाई ३ विद्या र ८ विद्याहरूद्वारा सम्पन्न हुनाले र १ आचरणहरूद्वारा युक्त हुनाले विद्याचरण सम्पन्न भनिन्छ । (तु. २२३)

★ २२७. तथागतमा निम्नलिखित तीन विद्याहरू हुनाले उहाँलाई **त्रैवि** भनिन्छ -

(१) *पूर्वेनिवास ज्ञान* - पूर्वजन्म थाहा पाउने विद्या
(२) *दिव्यचक्षु ज्ञान* - भौतिक आँखाले भन्दा परको देख्नसक्ने विद्या
(३) *आश्रवक्षय ज्ञान* - क्लेश मुक्त गर्ने विद्या

★ २२८. बुद्धमा हुने ८ विद्याहरू यस प्रकार छन् -

(१) *दिव्यचक्षु* - भौतिक आँखालेभन्दा परको देख्नसक्ने विद्या
(२) *दिव्यश्रोत* - भौतिक कानलेभन्दा परको सुन्नसक्ने विद्या
(३) *ऋद्धिबल* - दिव्य चमत्कार गर्न सक्ने विद्या
(४) *परचित्त विजानन* - अर्काको चित्त जान्ने विद्या
(५) *पूर्वे निवास* - पूर्वजन्म थाहा पाउने विद्या
(६) *आश्रवक्षय* - क्लेश मुक्त गर्ने विद्या
(७) *मनोमयी* - मनोकामना पुरा हुने विद्या
(८) *विपस्सना* - अनित्य-दुःख-अनात्म देख्ने विद्या

★ २२९. तथागत तलका १५ आचरणहरूद्वारा सम्पन्न छ -

१) *शील संवर* - आचरणप्रति संयमी
२) *इन्द्रिय संवर* - इन्द्रियप्रति संयमी
३) *भोजने मतञ्ञुता* - भोजनको मात्रा थाहा हुने
४) *जागरियानुयोग* - अल्सी नभई जागृत भइराख्ने
५) *श्रद्धा* - त्रिरत्न र कर्ममा विश्वास गर्ने
६) *सति* - स्मृतिवान् (=होसियार) भइराख्ने
७) *हिरी* - नराम्रो काम गर्नुमा समाजदेखि लाज मान्ने
८) *ओतप्प* - नराम्रो काम गर्नुमा समाजदेखि भय मान्ने
९) *बहुश्रुत* - विद्वान्हरू अनुरूप व्यवहार गर्ने
१०) *वीर्य* - मेहनती
११) *प्रज्ञा* - विवेक बुद्धिपूर्वक काम गर्ने
१२) *प्रथम ध्यान* - प्रथम ध्यान अनुसार आचरण गर्ने
१३) *द्वितीय ध्यान* - द्वितीय ध्यान अनुसार आचरण गर्ने
१४) *तृतीय ध्यान* - तृतीय ध्यान अनुसार आचरण गर्ने
१५) *चतुर्थ ध्यान* - चतुर्थ ध्यान अनुसार आचरण गर्ने

Downloaded from http://dhamma.digital

★ २३०. बुद्धलाई तीनै लोकको ज्ञान हुने हुनाले **लोकविद्** भनिन्छ । ती लोकहरू हुन् -

(१) *सत्वलोक* (=प्राणीहरू)

(२) *संङ्खालोक* (भौतिक वस्तु र मन)

(३) *ओकासलोक* (सत्व प्राणीहरू बस्ने ठाउँ)

★ २३१. बुद्ध **"भगवा"** हुनुहुन्छ किनकि उहाँ तलका ६ भाग्यहरूद्वारा परिपूर्ण हुनुहुन्छ - (१) ऐश्वर्य, (२) धर्म, (३) यश, (४) सिरि (=शोभा) (५) काम (=मनोकामना) (६) प्रयत्न ।

★ २३२. बुद्धमा तलका दश शक्तिहरू हुने हुनाले उहाँलाई **दशबल** भनिन्छ -

१) स्थान अस्थानको ठीक ज्ञान हुने
२) कर्म र कर्मफललाई राम्ररी जान्ने
३) सम्यक् ज्ञान हुने
४) ब्रह्माण्डलाई जान्ने
५) विभिन्न प्राणीहरूको ज्ञान हुने
६) अरूहरूको इन्द्रिय शक्तिलाई जान्ने
७) क्लेश निर्मूल पार्न सक्ने
८) पूर्वजन्म थाहा हुने
९) सबैको सुगति दुर्गति जान्ने
१०) निर्वाणलाई साक्षात्कार गर्ने

★ २३३. बुद्धमा हुने ६ **असाधारण गुण**हरू यसप्रकार छन् -

१) *समापत्ति ज्ञान* - सबै प्राणीमाथि करूणा हुने
२) *सर्वश्रुत ज्ञान* - सबै धर्मलाई राम्रोसँग बुझ्ने
३) *इन्द्रिय परोपरियति ज्ञान* - अरूको इन्द्रिय शक्ति थाहा पाउने
४) *यमक प्रतिहार्य ज्ञान* - शरीरबाट आगो पानी आदि जोडा जोडा निकाल्न सक्ने
५) *आसयानुसय ज्ञान* - सबैको मनोभाव बुझ्ने
६) *अनावरण ज्ञान* - सबै कुरा स्पष्ट देख्ने

★ २३४. बुद्ध चार निशंकाहरू (=चतुर्वैशारद्य) बाट पूर्ण हुनुहुन्छ । ती निशंकाहरू हुन -

१) बुद्धको ज्ञान सम्बन्धि निशंका
२) बुद्धको आश्रव क्षय भएकोमा निशंका
३) बुद्ध अन्तराय (=अकाल नमर्ने) भएकोमा निशंका
४) बुद्धको उपदेश (=मार्ग सम्बन्धि निशंका)

Downloaded from http://dhamma.digital

★ २३५. बुद्ध **३२ महापुरूष लक्षणहरू**द्वारा परिपूर्ण हुनुहुन्छ। ती हुन् -

१. पाइला सुप्रतिष्ठित
२. पाइतालामा सम्पूर्ण चिन्हहरू
३. कुर्कुच्चा लामा
४. औंला लामा
५. नरम हातखुट्टा
६. औंलाहरू बराबर
७. गोलि गाँठा माथि सरेका
८. कम्मर मृगको जस्तो
९. हात घुँडासम्म पुगेका
१०. पुरुषेन्द्रिय प्रतिच्छन्न हुने
११. सुवर्ण छाला
१२. छाला धूलो नजम्ने
१३. हरेक रौंको प्वालबाट एक रौं
१४. रोम नीला, दाहिनेबाट घुमेको
१५. शरीर सिधा
१६. हात, खट्टा, काँध, गर्धन पुष्ट
१७. कम्मरमाथि सिंहको जस्तो
१८. दुबै काँध सुगठित
१९. आँङको उचाई चौडाइ बराबर
२०. गर्धन गोलो
२१. जिब्रो तुरून्तै स्वाद लिने
२२. बंगरा सिंहको जस्तो
२३. दाँत संख्या चालीस
२४. दाँत एउटै आकारका
२५. दाँत टम्म मिलेका
२६. दाँत सेता
२७. जिब्रो लामो
२८. स्वर मधूर
२९. नेत्र नीलो
३०. परेला बाछ्राको जस्तो
३१. न्हातिका (=निधार)मा मसिना रोम
३२. टाउको मुकुट जस्तो

★ २३६. बुद्धको स्वरमा तलका ८ विशेषताहरू थिए - (१) स्पष्ट, (२) बुझ्न सकिने, (३) मञ्जु (=मधुर), (४) सुन्नमा रमाइलो, (५) बिन्दू (=तीखो), (६) अविक्षिप्त (=नफाटेको), (७) गम्भीर, (८) सुन्न सकिने।

★ २३७. बुद्ध हिंड्दा दाहिने खुट्टा पहिले चाल्नुहुन्थ्यो।

★ २३८. बुद्धले भोजन गर्नु हुँदा ८ कुराहरूलाई ध्यानमा राखी भोजन गर्नुहुन्थ्यो। भोजनका लागि ती ८ अंगहरू हुन् -

१. क्रिडाको लागि होइन
२. बलवान् हुनको लागि होइन
३. सौन्दर्यको लागि होइन
४. विभूषित हुनको लागि होइन
५. शरीर यापनको लागि मात्र
६. भोक मिटाउनको लागि मात्र
७. ब्रह्मचर्य (=धर्म) रक्षाको लागि मात्र
८. कुशल जीवन यापनको लागि मात्र

Downloaded from http://dhamma.digital

२३९. बुद्धको शरीरबाट निम्न **६ रश्मि**हरू निस्कन्थे -

१. नीलो, २. पहेंलो, ३. रातो, ४. सेतो, ५. मञ्जेष्ठ (=कलेजी) ६. प्रभास्वर (=मिश्रित)·

२४०. बुद्धलाई तलका ५ गुणहरूको कारणले सत्कार गरिन्छ -

१. शीलवान् छ
२. अनुभवबाट प्राप्त ज्ञानको उपदेश दिन्छ
३. प्रज्ञावान् छ
४. चार आर्यसत्य प्रकाश पार्छ
५. मुक्तिको मार्ग देखाउँछ

★ २४१. **बोधिसत्व** (=भविष्यमा बुद्ध हुने व्यक्ति) ले तीन जन्महरूमा जन्मनासाथ बोल्नु भएका थिए - (१) महोसध हुँदा, (२) विश्वन्तर हुँदा, (३) सिद्धार्थ हुँदा।

★ २४२. देवदत्तले पहिलेका ५ जन्महरूमा बुद्ध (बोधिसत्व) लाई मार्न सफल भएको थियो।

★ २४३. बोधिसत्वले पारमि पुऱ्याएको अन्तिम जन्म थियो विश्वन्तर।

★ २४४. बुद्धले निम्न उल्लेखित तीन कारणहरूले बोधिज्ञान लाभ गर्नु भएको थियो। यिनीहरूलाई **तीन चर्या** पनि भनिन्छन्।

१) *लोकार्थ चर्या* - बहुजन हितको लागि
२) *ज्ञातार्थ चर्या* - नाता कुतुम्बहरूको हितको लागि
३) *बुद्धार्थ चर्या* - बुद्ध हुनको लागि

★ २४५. बुद्ध तीन प्रकारका छन् -

१. *सम्यक् सम्बुद्ध* - अरूलाई पनि मुक्ति दिने आफू पनि मुक्त हुने बुद्ध
२. *प्रत्येक बुद्ध* - आफू मात्रै मुक्त हुने बुद्ध
३. *श्रावक बुद्ध* - अरूद्वारा मुक्त गरिने अरहत्

★ २४६. तीन प्रकारले बुद्ध हुन सकिन्छन् -

१. *श्रद्धाधिक* - श्रद्धा विकसित गरेर
२. *विर्याधिक* - प्रयत्न गरेर
३. *प्रज्ञाधिक* - प्रज्ञा विकसित गरेर

Downloaded from http://dhamma.digital

★ २४७. बुद्ध जन्म हुनु अघि बोधिसत्वले विचार गर्ने ५ कुराहरूल **पंचमहाविलोकन** भनिन्छ। ती हुन् -

१. *समय काल* - मान्छेको आयु एक सय र एक लाखको बीच

२. *दीप* - जम्बुद्विप

३. *देश* - मध्य देश (वर्तमान् उत्तरी भारत) वरिपरि

४. *कुल* - ब्राह्मण वा क्षेत्री

५. *आमा* - १० महिना ७ दिन आयु बाँकी रहने आमा

★ २४८. बुद्ध हुनलाई तलका मूलभूत आवश्यकताहरूले पूर्ण हुनु आवश्यक भनिन्छ -

१. *मनुष्यभाव* - बुद्ध मनुष्य नै हुनुपर्छ।

२. *लिंगसम्प्राप्ति* - बुद्ध पुरूष नै हुनुपर्छ[२]।

३. *हेतु* - बुद्ध हुने हेतु (=पुण्य संस्कार) हुनुपर्छ।

४. *शास्ताको दर्शन* - बुद्धको दर्शन गरेको हुनुपर्छ।

५. *प्रब्रज्या* - गृहत्यागी नै हुनुपर्छ।

६. *गुणसम्प्राप्ति* - पाँच अभिज्ञा (हे. ४१४) र आठ समापत्ति (हे ५५९) युक्त हुनुपर्छ।

७. *अधिकार* - त्याग गर्ने शक्ति हुनुपर्छ।

८. *छन्दता* - प्रबल उत्साह हुनुपर्छ।

★ २४९. हरेक बुद्धले बदल्न नहुने चार स्थानहरू छन् जसलाई चा **अविजहित** स्थानहरू भनिन्छन् -

१. *बुद्ध गया* - बोधिज्ञान लाभ गर्ने स्थान

२. *सारनाथ* - प्रथम धर्म उपदेश दिने स्थान

३. *जेतवन* - सबभन्दा बढी उपदेश दिने स्थान

४. *संकाश्य* - तुषिता भूवन (=स्वर्ग) मा आमालाई उपदेश दिई ओर्ल स्थान। (?)

---

२. महायानी परम्परामा स्त्रीहरू पनि बुद्ध हुन सक्छन्।

Downloaded from http://dhamma.digital

★ २५०. बौद्ध धारणा अनुसार अहिलेसम्म जम्मा **२८ बुद्धहरू** भइसके जुन यस प्रकार छन् -

| | | | |
|---|---|---|---|
| १. तण्हकर | २. मेधङ्कर | ३. शरणंङ्कर | ४. दिपंकर |
| ५. कोण्डन्य | ६. मंगल | ७. सुमन | ८. रेवत |
| ९. शोभित | १०. अनोमदर्शी | ११. पद्म | १२. नारद |
| १३. पद्मोत्तर | १४. सुमेध | १५. सुजात | १६. प्रियदर्शी |
| १७. अर्थदर्शी | १८. धर्मदर्शी | १९. सिद्धार्थ | २०. तिष्य |
| २१. पुष्य | २२. विपश्वी | २३. शिखी | २४. विश्वभू |
| २५. ककुछन्द | २६. कोनागमन (कनकमुनि) | | २७. काश्यप |
| २८. गौतम (=शाक्यमुनि)[1] | | | |

★ २५१. बौद्ध धारणा अनुसार बुद्ध उत्पत्ति हुने हिसाबले समयकाललाई **५ कल्पहरूमा** बाँडिएका छन् ।

१. *सारकल्प* - एक मात्र बुद्ध उत्पन्न हुने
२. *मन्दकल्प* - दुई बुद्धहरू उत्पन्न हुने
३. *वरकल्प* - तीन बुद्धहरू उत्पन्न हुने
४. *सारमन्दकल्प* - चार बुद्धहरू उत्पन्न हुने
५. *भद्रकल्प* - पाँच बुद्धहरू उत्पन्न हुने

जुन कल्पमा कुनै बुद्ध उत्पन्न हुँदैन त्यसलाई शुन्य कल्प भनिन्छ । अहिले भद्रकल्प चलिरहेको छ ।

★ २५२. वर्तमान् कल्प अर्थात् भद्रकल्पमा ५ बुद्धहरू उत्पन्न हुनु परेकोमा ककुछन्द, कोनागमन, काश्यप र गौतम बुद्ध गरी चार बुद्धहरू उत्पन्न भइसके । भविष्यमा **मैत्रेय बुद्ध** आउन बाँकी छ ।

★ २५३. एउटै जन्ममा भद्रकल्पमा हुने पाँचै बुद्धहरूको दर्शन गर्ने जीव हो **काल नागराजा** । उक्त नागराजले अहिलेसम्मका चारै बुद्धहरूको पात्र थापेर लिइसक्यो; भावी बुद्ध मैत्रेयको पात्र पनि उसैले थापेर लिने विश्वास गरिन्छ । (तु. ४५)

---

१. कुनै कुनै पुस्तकमा २५ बुद्धहरू मात्रै छन् । प्रथम तीन बुद्धहरू छैनन् ।

Downloaded from http://dhamma.digital

★ २५४. **पाँच दुर्लभ**हरू भन्नाले तलका विषयहरू बुझिन्छन्[1] -

१. बुद्धको उत्पन्न दुर्लभ छ
२. मनुष्य जन्म दुर्लभ छ
३. श्रद्धा उत्पन्न हुनु (=सुअवसर प्राप्त हुनु) दुर्लभ छ
४. प्रवजित भाव दुर्लभ छ
५. सधर्म श्रवण अति दुर्लभ छ

★ २५५. बुद्ध शासनमा अष्ट परिषद् भन्नाले तलका ८ जीवहरूका जमातहर बुझिन्छन् -

१. क्षत्री परिषद्
२. ब्राह्मण परिषद्
३. गृहस्थी परिषद्
४. श्रमण परिषद्
५. चतुर्महाराजिक परिषद्
६. त्रायतिंश परिषद्
७. मार परिषद्
८. ब्रह्मा परिषद्

★ २५६. क्लेश नष्ट गर्ने अंगलाई **धुतङ्ग** भनिन्छ। यी अंगहरू पालन गर्नेला धुतङ्ग धारी भनिन्छ। धुतङ्ग १३ प्रकारका छन् -

१. फालिराखेको कपडाको वस्त्र लगाउनु
२. ३ चीवर (=अन्तरवासक, उत्तरासंघ, संघाटी) मात्र लगाउनु
३. भिक्षाटन गरेर मात्र खानु
४. लोभ लालच छाडी क्रमैसँग भिक्षाटन जानु
५. एउटै आशनमा भोजन गर्नु
६. एउटै पात्रमा मात्रै खानु
७. भोजन थपेर नखानु[2]
८. वनमा बस्नु
९. रूखमुनि बस्नु
१०. खुल्ला ठाउँमा बास बस्नु
११. मसानमा मात्रै बास बस्नु
१२. जस्तो पायो त्यस्तै आशनमा सुत्नु
१३. नलेटिकन सुत्नु

---

१. चार दुर्लभहरू भन्नाले निम्न कुराहरू बुझिन्छन् - (१) मनुष्य हुनु, (२) बुद्धकालमा जन्म हुनु, (३) अंग पूर्ण हुनु, (४) धर्म श्रवण गर्न पाउनु
२. कोही कोही यसको ठाउँमा खान लागेको हातको भोजन खसेमा अरू नखानुलाई धुतङ्ग मान्छन्।

Downloaded from http://dhamma.digital

★ २५७. देवताहरू तीन प्रकारका भएको विश्वास गरिन्छ -

१. *विशुद्धी देवता* - बुद्ध, अरहत्
२. *सम्मुति देवता* - राजा
३. *उपपत्ति देवता* - देवी देउताहरू

★ २५८. संसारलाई चार दिशाबाट रक्षा गरिराख्ने चार देउताहरूलाई **चतुर्महाराज देवता**हरू भनिन्छन् । यी चार महाराजाहरू र यिनीहरूका गुणहरू यस प्रकार छन् -

| | देवता | विशेषण | दिशा | वर्ण | चिन्ह |
|---|---|---|---|---|---|
| १. | धृतराष्ट्र | गन्धर्व राजा | पूर्व | सेतो | वीणा |
| २. | विरुढक | कुम्भण्डदेव राजा | दक्षिण | रातो | चैत्य |
| ३. | विरुपाक्ष | नागराजा | पश्चिम | नीलो | तलवार |
| ४. | वैश्रवण (=कुबेर) | यक्षराजा | उत्तर | पहेंलो | न्याउरीमुसा |

Downloaded from http://dhamma.digital

## मूल उपदेश

★ २५९. बुद्धको मूल उपदेश हो चार उत्तम सत्यहरू जसलाई **चार आर्यसत्य** (=चतुर्आर्यसत्य) भनिन्छन् । ती हुन् -

(१) *दु:ख सत्य* (= दु:ख)

(२) *दु:ख समुदय सत्य* (= दु:खको कारण)

(३) *दु:ख निरोध सत्य* (= दु:खको अन्त)

(४) *दु:ख निरोधगामिनी प्रतिपदा मार्ग सत्य* (= दु:ख अन्त गर्ने मार्ग)

★ २६०. **दु:ख सत्य** भन्नाले सबै कुरा दु:खदायी हुन् भन्ने सत्यलाई बुझ्नु हो । (१) जन्मनु, (२) बुढा हुनु, (३) रोगी हुनु, (४) मर्नु, (५) मन नपर्नेसँग बस्न पर्नु, (६) मन पर्नेसँग अलग्गिन पर्नु, (७) मनले चिताएको पुरा नहुनु र (८) संक्षेपमा पंच स्कन्ध (= सबै भौतिक अभौतिक विषयवस्तुहरू) सबै दु:खै हुन् ।

★ २६१. **दु:ख समुदय सत्य** भन्नाले दु:खको कारण बुझिन्छ । प्रतीत्य समुत्पाद अनुसार दु:खको मूल कारण तृष्णा (= स्वार्थी इच्छा) हो । (हे. ४५४)

★ २६२. **तृष्णा** तीन प्रकारका छन् -

(१) *काम तृष्णा* - पंच काम (सांसारिक विषयवस्तु) भोग्ने इच्छा

(२) *भव तृष्णा* - फेरि फेरि जन्मने इच्छा

(३) *विभव तृष्णा* - तृष्णा निर्मूल नगरी मुक्ति पाउने इच्छा

★ २६३. **दु:ख निरोध सत्य** भनी दु:खको अन्तलाई भनिन्छ । दु:खलाई अन्त गर्नु हुन्छ भनी बुझ्नु नै दु:ख निरोध सत्य हो । दु:खको कारण तृष्णालाई निर्मूल गरेपछि दु:ख निर्मूल हुन्छ र निर्वाण प्राप्त हुन्छ ।

★ २६४. **निर्वाण** भन्ने कुनै विशेष ठाउँ छैन । तृष्णा निर्मूल भएको अवस्थालाई नै निवाण भनिन्छ । निर्वाण दुई प्रकारका छन् -

Downloaded from http://dhamma.digital

१) सउपादिशेष निर्वाण - ज़िउँदो छँदा नै क्लेश मुक्त हुनु (= अरहत् वा बुद्ध हुनु)
२) अनुपादिशेष निर्वाण - क्लेश मुक्त गरी देह त्याग गर्नु (= परिनिर्वाण हुनु)

★ २६५. दुःख निरोधगामिनी प्रतिपदा मार्ग सत्य (वा मार्ग सत्य) भन्नाले दुःख निरोध गर्ने मार्ग जनाउँछ । यो मार्गलाई **आर्य अष्टाङ्गिक मार्ग** भनिन्छ किनकि यसमा निम्नलिखित ८ मार्गहरू सम्मलित छन् जसको अभ्यासबाट निर्वाण प्राप्त गर्न सकिन्छ -

१) *सम्यक् दृष्टि* - ठीक धारणा
२) *सम्यक् संकल्प* - ठीक संकल्प
३) *सम्यक् वाचा* - ठीक वचन
४) *सम्यक् कर्मान्त* - ठीक कर्म
५) *सम्यक् जीवन* - ठीक जीविका
६) *सम्यक् व्यायाम* - ठीक प्रयत्न
७) *सम्यक् स्मृति* - ठीक स्मृति
८) *सम्यक् समाधि* - ठीक एकाग्रता

★ २६६. **सम्यक् दृष्टि** (= सम्मा दिट्ठी) भन्नाले यथार्थ रूपमा बुझिलिनु वा ठीक विचारधारा हुनु हो । पाँच विषयहरू प्रति ठीक धारणा हुनु नै सम्यक् दृष्टि मानिन्छ । ती हुन् -

१) *कर्मसकता सम्यक् दृष्टि* - कर्म र फलप्रति ठीक धारणा
२) *ध्यान सम्यक् दृष्टि* - ध्यानको महत्वबारे ठीक धारणा
३) *विपस्सना सम्यक् दृष्टि* - अनित्यताबारे ठीक धारणा
४) *मार्ग सम्यक् दृष्टि* - क्लेश निर्मूल पार्ने मार्गबारे ठीक धारणा
५) *फल सम्यक् दृष्टि* - निर्वाणको महत्वबारे ठीक धारणा

★ २६७. सम्यक् दृष्टि दुई प्रकारमा बाँड्न सकिन्छ -
(क) लौकिक स. दृ. - कर्मफलप्रति ठीक धारणा; पृथकजनको प्रज्ञा
(ख) लोकोत्तर स. दृ. - मार्गलाभीहरूसँग हुने प्रज्ञा

★ २६८. निम्न प्रस्तुतीत ९ विचारधारा हुनुलाई सम्यक् दृष्टि भनिन्छ ।
(१) कुआचरणलाई कुआचरण भनी बुझ्नु
(२) सुआचरणलाई सुआचरण भनी बुझ्नु

Downloaded from http://dhamma.digital

(३) लोभ, द्वेष, मोहलाई कुआचरणको मूल कारण भनी बुझ्नु
(४) अलोभ, अद्वेष, अमोहलाई सुआचरणको मूल कारण भनी बुझ्नु
(५) चार आर्य सत्यलाई बुझ्नु
(६) दश संयोजनबाट मुक्त हुन खोज्नु
(७) "आत्मा" को विचारधारालाई हटाउनु
(८) कुनै पनि दृष्टि (=मत विशेष) सँग नटाँसिनु
(९) प्रतीत्य समुत्पादलाई बुझ्नु

★ २६९. दश प्रकारका **मिथ्या दृष्टि** (= गलत धारणा) भन्नाले तलका विषयहरू बुझ्नु पर्छ -

१. दानको फल छैन
२. यज्ञ (= त्याग, आदि) को फल छैन
३. अतिथि सत्कारको फल छैन
४. कर्मफल छैन
५. यो लोक छैन
६. परलोक छैन
७. आमा छैन
८. बुबा छैन
९. जन्मने प्राणी छैन
१०. अर्हत् बुद्ध छैन

★ २७०. **सम्यक् संकल्प** (= सम्मा संकल्प) भन्नाले बहुजन हितको लागि गरिने सहि संकल्प बुझिन्छ। सम्यक् संकल्प तीन प्रकारका छन्।
(१) *नेष्क्रम्य संकल्प* - क्लेशबाट अलग्ग हुने अठोट
(२) *अव्यापाद संकल्प* - द्वेषरहित भई परहित गर्ने अठोट
(३) *अविहिंसा संकल्प* - हिंसा नगर्ने अठोट

★ २७१. **सम्यक् वचन** (= सम्मा वाचा) को अर्थ हो दोषरहित तरिकाले बोल्नु। तलका ४ प्रकारका वचनहरू पालन गर्नु नै सम्यक् वाचा मानिन्छ-
(१) झूठो नबोल्नु
(२) चुकली नगर्नु
(३) कठोर वचन नबोल्नु
(४) नचाहिंदो कुरा नगर्नु

★ २७२. **सम्यक् कर्मान्त** (= सम्मा कम्मन्त) भन्नाले सम्यक् दृष्टि अनुसार ठीक आचरण (= काम) गर्नु हो। यस अन्तर्गत तलका शारीरिक कुकर्मबाट टाढा रहनु मुख्य छन् -
(१) प्राणी हिंसा नगर्नु, (२) नचोर्नु, (३) व्यभिचार नगर्नु

★ २७३. **सम्यक् जीवन** (=सम्मा आजीव) को अर्थ हो इमान्दारीपूर्वक जीविका चलाउनु। कुनियतले गरेका तलका ५ व्यापारहरूलाई जीविकाको गलत

Downloaded from http://dhamma.digital

तरिका (= मिथ्या आजीव) भनिन्छ र मिथ्या आजीवबाट टाढा रहनु नै सम्यक् जीवन हो -

१) शस्त्र अस्त्र ब्यापार गर्नु
२) मान्छे र पशु ब्यापार गर्नु
३) प्राणी मारेर मासु ब्यापार गर्नु
४) मदिराको ब्यापार गर्नु
५) विष ब्यापार गर्नु

★ २७४. **सम्यक् ब्यायाम** (= सम्मा वायाम) को शाब्दिक अर्थ हो ठीक प्रयत्न। तलका ४ प्रयत्नहरू विकसित गर्नु नै सम्यक् व्यायाम हो -

(१) नभएका अकुशल चेतना (= कुविचार) उत्पन्न हुन नदिने प्रयत्न
(२) भएका अकुशल चेतना नष्ट गर्ने प्रयत्न
(३) नभएका कुशल चेतना (= सुविचार) उत्पन्न गर्ने प्रयत्न
(४) भएका कुशल चेतना बृद्धि गर्ने प्रयत्न

★ २७५. **सम्यक् स्मृति** (= सम्मा सति) को अर्थ हो होशियार (= जागरुक) भइरहनु। सम्यक् स्मृति ४ प्रकारका छन् -

१) *कायानुस्सना* - शरीर र इन्द्रियप्रति होस् राख्नु
२) *वेदनानुपस्सना* - वेदना (= अनुभूति) प्रति होस् राख्नु
३) *चित्तानुपस्सना* - मनप्रति होस राख्नु
४) *धर्मानुपस्सना* - धर्म (= अनित्यता) बारे होस् राख्नु

★ २७६. **सम्यक् समाधि** (= सम्मा समाधि) भन्नु नै ठीकसँग चित्त उकाग्र गर्नु हो। सम्यक् समाधिको अन्तर्गत तलका ५ ध्यानहरू पर्दछन्[१] - (हे. ५५४)

१) प्रथम ध्यान २) द्वितीय ध्यान ३) तृतीय ध्यान
४) चतुर्थ ध्यान ५) पंचम ध्यान

१. चतुकण्ड अनुसार चार ध्यानहरू मात्रै हुन्छन्। यहाँ द्वितीय र तृतीय ध्यानहरू एकै ठाउँमा गाभिन्छन्।

Downloaded from http://dhamma.digital

★ २७७. आर्य अष्टांगिक मार्गलाई चेतसिक (= चित्तसँगै उत्पन्न हुने राम्रा नराम्रा धारणा) को दृष्टिकोणले ६ र शील, समाधि, प्रज्ञाको[२] दृष्टिकोणले ३ भागमा विभाजित गर्न सकिन्छ -

| | | | |
|---|---|---|---|
| प्रज्ञा | १. | सम्यक् दृष्टि | - प्रज्ञा चेतसिक (= सत्यलाई बुझ्नु) |
| | २. | सम्यक् संकल्प | - वितर्क चेतसिक (= तर्कना) |
| शील | ३. | सम्यक् वचन | - विरति चेतसिक (= पापबाट मुक्त हुनु) |
| | ४. | सम्यक् कर्मान्त | |
| | ५. | सम्यक् जीवन | |
| समाधि | ६. | सम्यक् व्यायाम | - वीर्य चेतसिक (= असल उत्साह) |
| | ७. | सम्यक् स्मृति | - स्मृति चेतसिक |
| | ८. | सम्यक् समाधि | - एकाग्रता चेतसिक |

★ २७८. भविष्य बिगार्ने दोषपूर्ण कामलाई दश **अकुशल कर्म** भनिन्छ । मन, वचन र शरीरबाट गरिने यी अकुशल कर्महरू यसप्रकार छन् -

शरीरबाट - (१) हिंसा गर्नु, (२) चोर्नु, (३) व्यभिचार गर्नु

वचनबाट - (४) झूठो बोल्नु, (५) चुगली गर्नु, (६) कडा वचन बोल्नु, (७) बकवास गर्नु

मनबाट - (८) लोभ गर्नु, (९) द्वेष (= रिस) गर्नु (१०) मिथ्या दृष्टि (= अन्धविश्वास) मा पर्नु

★ २७९. भविष्य सपार्ने दोष रहित कामलाई **कुशल कर्म** भनिन्छ । यी पनि दश प्रकारका छन् -

शरीरबाट - (१) अहिंसा, (२) नचोर्नु, (३) व्यभिचार नगर्नु,

वचनबाट - (४) सत्य बोल्नु, (५) चुगली नगर्नु, (६) कडा वचन नबोल्नु, (७) बकवास नगर्नु

मनबाट - (८) लोभ नगर्नु, (९) द्वेष नगर्नु, (१०) मिथ्या दृष्टिमा नपर्नु

★ २८०. अकुशल कर्मका तीन मूल हेतु (=कारण) हरू छन्-
(१) लोभ, (२) द्वेष, (३) मोह (=मूर्खता)

---

२. शील र समाधिको उपदेश अन्य धर्महरूमा पनि पाइन्छन् । प्रज्ञा बुद्ध धर्मको मौलिकता हो ।

Downloaded from http://dhamma.digital

★ २८१. कुशल कर्मका तीन **मूल हेतुहरू** छन्-
(१) अलोभ, (२) अद्वेष, (३) अमोह

★ २८२. **दश पुण्य क्रिया** भन्नाले तलका शुभ कामहरू बुझिन्छन्-
(१) *दान* - दान दिनु
(२) *शील* - राम्रो आचरण गर्नु
(३) *भावना* - ध्यान भावना गर्नु
(४) *अपचायन* - माननीयलाई मान्नु
(५) *वेय्यावच्च* - माननीयको सेवा गर्नु
(६) *पत्तिदान* - पुण्य दान दिनु
(७) *पत्तानुमोदन* - हर्षित भई अरूको पुण्य अनुमोदन (=ग्रहण) गर्नु
(८) *धर्म श्रवण* - उपदेश सुन्नु
(९) *धर्म देशना* - उपदेश भन्नु
(१०) *दृष्टिजुकर्म* - अन्धविश्वासबाट बच्नु

★ २८३. चार कारणले मानिसहरु कुकर्म गर्छन्-
(१) *छन्द* - आशा र इच्छाले पाप कर्म गर्छन्
(२) *द्वेष* - रीसको वशमा परी पाप कर्म गर्छन्
(३) *मोह* - मूर्खतामा परी पाप कर्म गर्छन्
(४) *भय* - डरको कारणले पाप कर्म गर्छन्

★ २८४. मनमा हुने खराब तत्वलाई **क्लेश** भनिन्छ । मनलाई दुषित पार्ने दश क्लेशहरु छन् जुन यस प्रकार दिइन्छ-
(१) *लोभ* (२) *द्वेष* (= रीस)
(३) *मोह* (= मूर्खता) (४) *मान* (= अभिमान)
(५) *दृष्टि* (= मिथ्या दृष्टि) (६) *विचिकिच्छा* (= नचाहिंदो शंका)
(७) *थीन* (= अल्सीपन) (८) *उद्धच्च* (= मानसिक चंचलता)
(९) *अहिरिक* (= कुकर्म गर्नमा निर्लज्ज)
(१०) *अनोतप्प* (= कुकर्म गर्नमा नडराउनु)

★ २८५. कुनै पनि व्यक्तिले बुद्धत्व प्राप्त गर्न सक्छ र यसो गर्न तलका दश कुराहरूमा पूर्णता हासिल गर्नु पर्दछ जसलाई **दश पारमि** भनिन्छ-
(१) *दान* (२) *शील*
(३) *नैष्क्रम्य* (= क्लेश त्याग) (४) *प्रज्ञा* (= विवेक बुद्धि)

Downloaded from http://dhamma.digital

(५) *वीर्य* (= उत्साह) (६) *क्षाँन्ति* (= सहनशीलता)
(७) *सत्य* (८) *अधिष्ठान* (= दृढता)
(९) *मैत्री* (१०) *उपेक्षा* (= तथस्तभाव)

★ २८६. मनका पाँच बन्धनहरू छन् जसलाई **पञ्चसङ्ग** भनिन्छ-
(१) राग (२) द्वेष (३) मोह (४) मान (= अभिमान) (५) मिथ्यादृष्टि

★ २८७. **लोक धर्म** (= समाजको स्वभाव) ८ प्रकारका छन् र बुद्ध-धर्मले यिनीहरूप्रति उपेक्षा भाव राख्ने उपदेश दिन्छ-
(१) लाभ, (२) अलाभ, (३) यश, (४) अयश,
(५) निन्दा, (६) प्रशंसा, (७) सुख, (८) दुःख

★ २८८. समाजका यस्ता दुई स्वभावहरू छन् जसले गर्दा हामीलाई पाप कर्मबाट रोक्छ। यी दुई **लोक पाल** (=लोक पालक) धर्म भनिन्छ-
(१) *हिरी* - कुकर्म गर्न समाजदेखी लाज मान्नु
(२) *ओतप्प* - कुकर्म गर्न समाजदेखी भय मान्नु

★ २८९. आर्थिक धनभन्दा श्रेष्ठतर ७ धनहरू छन् जुनकि सत्पुरूषहरूसँग हुनु बांछनीय छ। यी सात सत्पुरूष धन वा **सप्तरत्न धन** अन्तर्गत तलका कुराहरू पर्छन्-
(१) *श्रद्धा* (= विवेकपूर्ण आदर र विश्वास)
(२) *शील* (= आवरण) (३) *हिरी* (= लोक लज्जा)
(४) *ओतप्प* (= लोक भय) (५) *श्रुत* (= विद्धता, ज्ञान)
(६) *त्याग* (७) *प्रज्ञा* (= विवेक बुद्धि)

★ २९०. असल किसिमले चार अंगले परिपूर्ण भई जीवन जिउनुलाई **चार ब्रह्म विहार** वा चतुर्ब्रह्म विहार भनिन्छ। यिनीहरू हुन् -
(१) *मैत्री* (२) *करुणा*
(३) *मुदिता* (= अरुको सुखमा खुशी हुनु)
(४) *उपेक्षा* (= तथस्त भाव राख्नु)

★ २९१. बुद्ध-धर्मको मूल दर्शन हो - अनित्य, दुःख, अनात्मा। यसैलाई **त्रिलक्षण** भनिन्छ।

Downloaded from http://dhamma.digital

★ २९२. हरेक बौद्धले दिनहुँ पालन गर्नु पर्ने पाँच नियमहरुलाई नै **पंचशील** भनिन्छ । ती हुन् -

(१) हिंसा नगर्नु
(२) चोरी नगर्नु
(३) व्यभिचार नगर्नु (आफ्नो पति वा पत्नी बाहेक) कसैसँग नसुत्नु ।
(४) झूठो नबोल्नु
(५) जाँड, रक्सी नखानु

★ २९३. विशेष दिनहरूमा बौद्धहरू आठ नियमहरू पालन गर्ने गर्दछन् जसलाई अष्ट शील भनिन्छ । ती हुन्-

(१) हिंसा नगर्नु
(२) चोरी नगर्नु
(३) ब्रह्मचर्या पालन गर्नु (कसैसँग नसुत्नु)
(४) झुठो नबोल्नु
(५) जाँड रक्सी नखानु
(६) मध्यान्ह पछि खाना नखानु
(७) अश्लील नाच, गीत, संगीतबाट टाढा रहनु
(८) विलासी ओछ्यानमा नसुत्नु

★ २९४. श्रामणेरहरू दश नियमहरू पालन गर्ने गर्दछन् जसलाई **दश शील** भनिन्छ । ती हुन्-

(१) हिंसा नगर्नु
(२) चोरी नगर्नु
(३) बह्मचार्य पालन गर्नु
(४) झुठो नबोल्नु
(५) जाँड रक्सी नखानु
(६) मध्यान्ह पछि खाना नखानु
(७) अश्लील नाच, गीत, संगीतबाट टाढा रहनु
(८) विलासी सामान (माला, सुगन्ध, क्रीम आदि) को प्रयोग नगर्नु
(९) विलासी ओछ्यानमा नसुत्नु
(१०) सुन चाँदी नराख्नु

## सामान्य उपदेश

★ २९५. **पंचशील** पालन गर्नुका ५ फाइदाहरू-

(१) धन सम्पत्ति लाभ हुन्छ
(२) यश कीर्ति फैलिन्छ
(३) आत्म विश्वास बढ्छ
(४) बेहोसीमा मृत्यु हुँदैन
(५) सुगति प्राप्त हुन्छ

★ २९६. **प्राणी हिंसा** नगर्नुका फाइदाहरू-

(१) अंग परिपूर्ण हन्छ
(२) शरीर हृष्ट पुष्ट हुन्छ
(३) रूप राम्रो हुन्छ
(४) बहादुर हुन्छ
(५) बलवान् हुन्छ
(६) अर्काको हातबाट मर्दैन
(७) परिवार समृद्धि हुन्छ
(८) रोग कम हुन्छ
(९) मनपर्नेसँग अलग्गिनु पर्दैन
(१०) दिर्घायु हुन्छ

Downloaded from http://dhamma.digital

★ २९७. **नचोर्नु**का फाइदाहरू-

(१) धन सम्पत्ति पूर्ण हुन्छ (२) सम्पत्ति स्थिर हुन्छ
(३) इच्छित वस्तु सजिलैसित पाउँछ (४) धन आरक्षित हुन्छ

★ २९८. **व्यभिचार** नगर्नाका फाइदाहरू-

(१) शत्रु हुँदैन (२) सुखपूर्वक निदाउँछ
(३) सुखपूर्वक उठ्नेछ (४) दुर्गतिबाट बच्नेछ
(५) नपुंसक हुँदैन (६) प्रेम स्वच्छ हुन्छ
(७) चिन्ता हुँदैन

★ २९९. **झूठो** नबोल्नाका फाइदाहरू-

(१) आँखा सुन्दर हुन्छ (२) दाँत तम्म मिलेका हुन्छ
(३) शरीर चिटिक्क परेको हुन्छ (४) सुगन्ध आउने मुख हुन्छ
(५) अन्यजन आफ्नो वशमा हुन्छ।

★ ३००. **जाँड रक्सी** नखानाका फाइदाहरू-

(१) स्मरणशक्ति बलियो हुन्छ (२) अल्सी हुँदैन
(३) लठेब्रो हुँदैन (४) ज्ञान बुद्धिले सम्पन्न हुन्छ
(५) इर्ष्यालु हुँदैन (६) होशियार हुन्छ
(७) शान्त स्वभावको हुन्छ (८) कुकर्म गर्नमा लाज मान्ने हुन्छ
(९) बेइज्जतीको कुरा गर्दैन

★ ३०१. **धर्म उपदेश** (= कथा) सुन्नुका फाइदाहरू-

(१) नसुनेको सुन्न पाउँछ (२) सुनिसकेको सम्झनामा आउँछ
(३) शंका निवारण हुन्छ (४) दृष्टि (= विचारधारा) असल हुन्छ
(५) श्रद्धा उत्पन्न हुन्छ

★ ३०२. **झगडालु** हुनाका बेफाइदाहरू-

(१) नपाउने चीज पाईदैन (२) पाउने चीज पाईदैन
(३) बदनाम हुन्छ (४) बेहासीमा मृत्यु हुन्छ
(५) दुर्गति प्राप्त हुन्छ

★ ३०३. **दुश्शील** हुनाका बेफाइदाहरू-

(१) भौतिक हानी हुन्छ (२) दुष्परिणाम भोग्छ
(३) बदनाम हुन्छ (४) बेहोसीमा मृत्यु हुन्छ
(५) दुर्गति प्राप्त हुन्छ

Downloaded from http://dhamma.digital

★ ३०४. **मीठो** बोल्नाका फाइदाहरू-
(१) झूठो बोल्दैन (२) चुगली गर्दैन
(३) कठोर वचन भन्दैन (४) बकवास गर्दैन ५) सुगति प्राप्त हुन्छ

★ ३०५. **सहनशील** हुनाका फाइदाहरू-
(१) अरूले मन पराउँछ (२) शत्रु धेरै हुँदैन
(३) पश्चाताप हुँदैन (४) बेहासीमा मृत्यु हुँदैन
(५) सुगति प्राप्त हुन्छ

★ ३०६. **अप्रसन्न चित्त** हुनुका बेफाइदाहरू-
(१) आत्म निन्दा हुन्छ (२) परनिन्दा हुन्छ
(३) बदनाम हुन्छ (४) बेहोसीमा मृत्यु हुन्छ
(५) दुर्गति प्राप्त हुन्छ

★ ३०७. **दूश्चरित्रता**का बेफाइदाहरू-
(१) आत्म निन्दा हुन्छ (२) परनिन्दा हुन्छ
(३) बदनाम हुन्छ (४) बेहोसीमा मृत्यु हुन्छ
(५) दुर्गति प्राप्त हुन्छ

★ ३०८. **मैत्री भावना** गर्नाका फाइदाहरू-
(१) सुखपूर्वक निदाउँछ (२) सुखपूर्वक ब्युउँझन्छ
(३) दुःस्वप्न देख्दैन (४) मनुष्यहरूले माया गर्छन्
(५) अमनुष्यहरूले माया गर्छन् (६) देवताहरूले आरक्षा गर्छन्
(७) आगो, विष र हतियारबाट हानी हुँदैन
(८) चित्त स्थिर हुन्छ (९) अनुहार हँसिलो हुन्छ
(१०) बेहासीमा मृत्यु हुँदैन (११) सुगति प्राप्त हुन्छ

★ ३०९. **चंक्रमण** (= हिंडडुल) गर्नाका फाइदाहरू-
(१) हिंड्न सक्ने हुन्छ (२) प्रयत्नशील हुन्छ
(३) निरोगी हुन्छ (४) पाचन हुन्छ
(५) चित्त एकाग्र हुन्छ

★ ३१०. **बढार्नु**का फलहरू-
(१) आफू प्रसन्न हुन्छ (२) अरू प्रसन्न हुन्छन्
(३) सबैको प्रिय बन्छ (४) रूप राम्रो हुन्छ
(५) सुगतिमा पर्छ

Downloaded from http://dhamma.digital

★ ३११. **पानी दान दिनु**का फलहरू-

(१) शरीर हलुंगो हुन्छ
(२) यशकीर्ति फैलिन्छ
(३) वर्ण स्वच्छ हुन्छ
(४) भोक प्यास लाग्दैन
(५) परिवार समृद्धि हुन्छ
(६) दिर्घायु हुन्छ
(७) रूप राम्रो हुन्छ
(८) सुख प्राप्त हुन्छ
(९) शक्तिशाली हुन्छ
(१०) बुद्धिमान् हुन्छ

★ ३१२. **चीवर दान** दिनुका फलहरू-

(१) रूपवान् हुन्छ
(२) तेजश्वी हुन्छ
(३) रूप उज्ज्वल हुन्छ
(४) प्रभावशाली व्यक्तित्व हुन्छ
(५) शरीर कोमल हुन्छ
(६) सेतो वस्त्र प्राप्त हुन्छ
(७) सुवर्ण वस्त्र प्राप्त हुन्छ
(८) रातो वस्त्र प्राप्त हुन्छ

★ ३१३. **जुत्ता दान** दिनुका फलहरू-

(१) असल वाहन प्राप्त हुन्छ
(२) रत्न जडित जुत्ता प्राप्त हुन्छ

★ ३१४. **बत्ती दान** दिनुका फलहरू-

(१) तेजश्वी हुन्छ
(२) बुद्धिमान् हुन्छ
(३) असल व्यक्ति बन्छ

★ ३१५. **रूमाल दान** दिनुका फलहरू-

(१) रोगी हुँदैन (= आनन्द हुन्छ)
(२) लक्षणयुक्त हुन्छ
(३) बुद्धिमान् बन्छ
(४) एकाग्र चित्त हुन्छ
(५) दिर्घायु हुन्छ

★ ३१६. **तकिया दान** दिनुका फलहरू-

(१) असल तकिया प्राप्त हुन्छ
(२) मार्गफल प्राप्त हुन्छ
(३) कुशल कर्म बढ्छ
(४) सेवा चाकरी गर्नेहरू हुन्छन्
(५) आचरण राम्रो हुन्छ
(६) शीलवान् हुन्छ

★ ३१७. दान दिन योग्य ५ थरिका व्यक्तिहरू छन् । यिनीहरूलाई दिइएको दानलाई **समयोचित्त दान** (= काल दान) भनिन्छ-

(१) अतिथिलाई
(२) पथिकलाई
(३) रोगीलाई
(४) दरिद्रलाई
(५) शीलवान्लाई

Downloaded from http://dhamma.digital

★ ३१८. तलका बस्तुहरू दान दिनुलाई **पंचमहापरित्याग** (= पाँच महान् दान) भनिन्छ-
(१) धन सम्पत्ति, (२) सन्तान, (३) पत्नी, (४) शरीर अंग, (५) प्राण

★ ३१९. दान दिन अयोग्य दश वस्तुहरू छन्-
(१) स्त्री, (२) मादक पदार्थ, (३) फिल्म (= नृत्य), (४) अश्लील चित्र, (५) गोरू, (६) तराजु, (७) शस्त्र, (८) विष, (९) सुंगुर, (१०) जंजिर

★ ३२०. दान दिंदा तलका ६ अंगहरूले युक्त भई दिनुपर्छ-
(१) दाताको मन दान दिनु अघि स्वच्छ हुनु पर्छ
(२) दाताको मन दान दिंदा स्वच्छ हुनु पर्छ
(३) दाताको मन दान दिइसकेपछि स्वच्छ हुनु पर्छ
(४) दान लिने व्यक्ति राग हटाउनमा लागेको हुनु पर्छ
(५) दान लिने व्यक्ति द्वेष हटाउनमा लागेको हुनु पर्छ
(६) दान लिने व्यक्ति मोह हटाउनमा लागेको हुनु पर्छ

★ ३२१. **भोजन दान** दिंदा तलका चीजहरू दान दिएको ठहरिन्छ-
(१) आयु, (२) वर्ण, (३) सुख, (४) बल (= शक्ति), (५) प्रज्ञा

★ ३२२. **आठ दान-वस्तु** भन्नाले दान दिइने आठ कारणहरू बुझिन्छन् ती हुन्-

| | |
|---|---|
| (१) आशक्त भई | (२) भयको कारणले |
| (३) मलाई दिएको भनेर | (४) मलाई दिन्छ भनेर |
| (५) पूण्य कार्य ठानेर | (६) विचरा ठानेर |
| (७) यश कीर्ति फैलिन्छ भनेर | (८) चित्त परिशुद्धिको लागि |

★ ३२३. **दान** तीन प्रकारका छन्-
(१) आमिस दान - आफूसंग भएको दिनु
(२) अभय दान - जीवन दान दिनु
(३) धर्म दान - ज्ञान धर्मको कुरो भन्नु वा दिनु। पुस्तक प्रकाशन, पुस्तकालय निर्माण आदि यसै अन्तर्गत पर्छन्।

यी मध्ये धर्म दान नै सर्वश्रेष्ठ दान हो।

Downloaded from http://dhamma.digital

★ ३२४. दान दिने **दाता**हरू तीन प्रकारका छन्-

(१) *दान स्वामी* - आफूले प्रयोग गर्ने भन्दा राम्रा चीज दान दिने

(२) *दान सहाय* - आफूले प्रयोग गर्ने खालकै चीज दान दिने

(३) *दान दास* - आफूले प्रयोग गर्ने भन्दा तुच्छ चीज दान दिने

★ ३२५. चार प्रकारका **सहवास**हरू-

(१) लासको लाससँग सहवास हुनु

(२) लासको देवीसँग सहवास हुनु

(३) देवको लाससँग सहवास हुनु

(४) देवको देवीसँग सहवास हुनु

यहाँ सदाचारी पतिलाई देव, सदाचारी पत्नीलाई देवी र दुराचारी पति पत्नीलाई लास (= मुर्दा) को संज्ञा दिइएका हुन् ।

★ ३२६. चार प्रकारका **मानिस**हरू (गति अनुसार)-

(१) अँध्यारोबाट अँध्यारोमा जाने

(२) अँध्यारोबाट उज्यालोमा जाने

(३) उज्यालोबाट अँध्यारोमा जाने

(४) उज्यालोबाट उज्यालोमा जाने

यहाँ अँध्यारो र उज्यालो भन्नाले क्रमशः दुर्गति र सुगति बुझिन्नु पर्छ ।

★ ३२७. चार प्रकारका **व्यक्ति**हरू (चरित्र अनुसार)-

(१) न आत्महितमा लाग्ने न परहितमा लाग्ने

(२) आत्महितमा नलाग्ने परहितमा लाग्ने

(३) आत्महितमा लाग्ने परहितमा नलाग्ने

(४) आत्महितमा लाग्ने परहितमा लाग्ने

★ ३२८. चार किसिमका **पुरूष**हरू-

(१) अरूलाई दुःख दिनमा लाग्ने

(२) आफूलाई दुःख दिनमा लाग्ने

(३) आफूलाई पनि अरूलाई पनि दुःख दिनमा लाग्ने

(४) न आफूलाई न अरूलाई दुःख दिनमा लाग्ने

★ ३२९. चार प्रकारका **व्यक्ति**हरू (ज्ञान शक्ति अनुसार)-

(१) गल्ति भयो भनी थाहा नपाउने

Downloaded from http://dhamma.digital

(२) गल्ति भयो भनी थाहा पाउने
(३) गल्ति भए छैन भनी थाहा नपाउने
(४) गल्ति भए छैन भनी थाहा पाउने

★ ३३०. चार कारणले **मूर्ख**हरू आफूलाई हानी गर्छ-
(१) विचारै नगरिकन अवगुणलाई गुण भन्छ
(२) विचारै नगरिकन गुणलाई अवगुण भन्छ
(३) विचारै नगरिकन दुःखद ठाउँमा खुसी हुन्छ
(४) विचारै नगरिकन सुखद ठाउँमा दुःखी हुन्छ

★ ३३१. चार किसिमका **कर्म**हरू-
(१) कृष्ण विपाक (= दुर्गति) मा लाने कृष्ण कर्म (= कुकर्म)
(२) शुक्ल विपाक (= सुगति) मा लाने शुक्ल कर्म (= सुगति)
(३) शुक्ल-कृष्ण विपाकमा लाने शुक्ल-कृष्ण कर्म
(४) अशुक्ल-अकृष्ण विपाकमा लाने अशुक्ल-अकृष्ण कर्म

★ ३३२. चार किसिमका **मार्ग**हरू-
(१) दुःखदायी तर धेरै बेर लाग्ने
(२) दुःखदायी तर चाँडै ज्ञान प्राप्त हुने
(३) सुखदायी तर धेरै बेर लाग्ने
(४) सुखदायी तर चाँडै ज्ञान प्राप्त हुने

★ ३३३. चार किसिमका **बादल**हरू र त्यसका अर्थ-
(१) गर्ज्ने तर पानी नपार्ने बादल - बोल्ने मात्रै काम नगर्ने
(२) नगर्ज्ने तर पानी पार्ने बादल - नबोल्ने तर काम गर्ने
(३) नगर्ज्ने र पानी नपार्ने बादल - नबोल्ने र काम नगर्ने
(४) गर्ज्ने र पानी पार्ने बादल - बोल्ने पनि काम गर्ने पनि

यहाँ बोल्ने भन्नाले चार आर्य सत्य पाठ गर्ने र काम गर्ने भन्नाले चार आर्य सत्य बुझ्ने भनी बुझिलिनु पर्छ।

★ ३३४. मानिसलाई चार किसिमका **भय**हरू हुन्छन्-
(१) आत्म निन्दाको भय (२) अरूले निन्दा गर्ने भय
(३) दण्डित हुने भय (४) दुर्गति हुने भय

Downloaded from http://dhamma.digital

★ ३३५. **प्रज्ञा** (= विवेक बुद्धि) वृद्धि हुने चार कारणहरू यस प्रकार छन्-
(१) सत्पुरुष सेवा (= संगत) (२) धर्म उपदेश सुन्नु
(३) ठीक विचार (४) गलत जीविका साधन

★ ३३६. श्रमण ब्राह्मणहरूको **तेज मलिन** हुने ४ कारणहरू छन्-
(१) रक्सीपान (२) काम सम्भोग
(३) रूपैंया थुपार्नु (४) गलत जीविका साधन

★ ३३७. चार अंगहरूद्धारा परिपूर्ण भई **कुरा गर्नु** राम्रो छ-
(१) सुभाषित वचन - मीठो वचन बोल्नु
(२) प्रिय वचन - प्रिय वचन बोल्नु
(३) धर्म वचन - धर्म सम्बन्धि बोल्नु
(४) सत्य वचन - सत्य बोल्नु

★ ३३८. तीन प्रकारका **रोगी**हरू र त्यसका अर्थ-
(१) कहिलै रोगबाट मुक्त नहुने - कहिलै निर्वाण प्राप्त नगर्ने
(२) पक्कै रोगबाट मुक्त हुने - पक्कै निर्वाण प्राप्त गर्ने
(३) औषधी, भोजन र सेवक मिलेमा रोगबाट मुक्त हुने - तथागतले मार्ग दर्शन गरे निर्वाण प्राप्त हुने ।

★ ३३९. तीन प्रकारका **सन्तान**हरू र त्यसका अर्थ-
(१) *अवजात* पुत्र - आमाबाबुले भन्दा निष्कृट काम गर्ने
(२) *अनुजात* पुत्र - आमाबाबुले जस्तै काम गर्ने
(३) *अतिजात* पुत्र - आमाबाबुले भन्दा राम्रो काम गर्ने

★ ३४०. दुई **कृष्ण** (= काला) **धर्म**हरू-
(१) निर्लज्ज हुनु (२) पाप गरेर पनि ढुक्क हुनु

★ ३४१. दुई प्रकारका **मूर्ख**हरू-
(१) आफ्नो दोष स्वीकार नगर्ने
(२) आफूलाई दोषी भन्नेलाई माफ नगर्ने

★ ३४२. **भिक्षु**हरूमा हुनु पर्ने १५ गुणहरू-
(१) धर्म बुझ्न कोशिश गर्ने (२) सिधा व्यक्ति

Downloaded from http://dhamma.digital

(३) निर्मल मन हुने
(४) मीठो वचन बोल्ने
(५) कोमल हृदय हुने
(६) घमण्ड नभएको
(७) संतोषी
(८) पाल्न सजिलो
(९) बढि झंझट नहुने
(१०) सामान धेरै नहुने
(११) इन्द्रिय शान्त हुने
(१२) स्मरण शक्ति बलियो हुने
(१३) सभ्य
(१४) कसैसँग अनुराग नहुने
(१५) दुषित काम नगर्ने

★ ३४३. **धर्म उपदेशक**हरूमा हुनु पर्ने ५ गुणहरू-
(१) आनूपूर्विकथा (= क्रम मिलाएर कथा) भन्नुपर्छ
(२) कारण देखाई भन्नुपर्छ
(३) दयापूर्वक भन्नुपर्छ
(४) लाभ सत्कारको आशा नलिई भन्नुपर्छ
(५) आफ्नो प्रशंसा र अर्काको निन्दा नगरी भन्नुपर्छ

★ ३४४. नेतासंग हुनुपर्ने गुणहरू, जसलाई **नायक गुण**हरू भनिन्छन्, ६ वटा छन्-
(१) *क्षमा गुण*
(२) *जागरिय* (= जागरूकता) गुण
(३) *वीर्य* (= उत्साह) गुण
(४) *संविभाग* (= सत्य असत्य छुट्याउने) गुण
(५) *दया गुण*
(६) *इक्खना* (= हरेक पक्षमा विचार गर्ने) गुण

★ ३४५. सत्पुरुषहरूसँग हुने ५ **बल**हरू-
(१) *श्रद्धा बल*
(२) *वीर्य* (= उत्साह) बल
(३) *सति* (= अनित्यता माथि विचार गर्ने) बल
(४) *समाधि* बल
(५) *प्रज्ञा* बल

★ ३४६. **नाग पुरूष** (= आदर्शमयी निर्भिक बलवान् व्यक्ति) का ४ गुणहरू-
(१) अनुचित काम नगर्ने
(२) क्लेश नष्ट हुने
(३) गोप्य काम नगर्ने
(४) बलवान् हुने

★ ३४७. **पूजा** दुई प्रकारका छन्- (१) आमिस पूजा, (२) प्रतिपत्ति पूजा

Downloaded from http://dhamma.digital

★ ३४८. पुष्प धूप आदि चढाई पूजा गर्नुलाई **आमिस पूजा** भनिन्छ ।

★ ३४९. आचरण राम्रो गर्नुलाई **प्रतिपत्ति पूजा** भनिन्छ । बुद्धले प्रतिपत्ति पूजा रूचाउनु हुन्थ्यो ।

★ ३५०. नाश हुनुबाट बच्नलाई पालन गर्नु आवश्यक ७ नियमहरू छन् जसलाई सात **अपरिहानीय धर्म**हरू भनिन्छन्-

(१) *सत्थु गारव* - भगवान्लाई आदर गर्नु
(२) *धर्म गारव* - धर्मलाई आदर गर्नु
(३) *संघ गारव* - संघलाई आदर गर्नु
(४) *शिक्षा गारव* - शिक्षापदलाई आदर गर्नु
(५) *समाधि गारव* - समाधिलाई आदर गर्नु
(६) *कल्याणमित्र गारव* - सच्चा मित्रहरूको संगत गर्नु
(७) *सोवच्चस्सता* - सत्पुरुषहरूको कुरोलाई मान्ने हुन्नु

★ ३५१. **राजनीतिक व्यक्ति**हरुले पालन गर्नु पर्ने **सात अपरिहानीय धर्म**हरू जुन पालन गरेमा राष्ट्र दृढ र समृद्धशाली भइरहने छ-
(१) आपसमा भेला भई सामुहिक निर्णय गर्नु
(२) निर्णय अनुसारको कर्तव्य एक भई पुरा गर्नु
(३) कानुन र नीतिको पालन गर्नु
(४) वृद्धजनलाई आदर गर्नु
(५) स्त्रीहरूमाथि जबर्जस्ती नगर्नु
(६) जातिय धर्मको पालन गर्नु
(७) धर्माचार्यहरूको सत्कार गर्नु

★ ३५२. **भिक्षु**हरुको लागि सात **अपरिहानीय धर्म**हरू-
(१) बरोबर भेला भई एकमतो हुनु
(२) सबै मिलेर काम कर्तब्य गर्नु
(३) तथागतको शिक्षा नियम अनुसार चल्नु
(४) तृष्णाको वशिभूत नहुनु
(५) जेष्ठ भिक्षुहरूको आदर गर्नु

Downloaded from http://dhamma.digital

(६) जंगलवासको अभिलाषा गर्नु
(७) स्मृतिवान् भएर बस्नु

भिक्षुहरूको लागि अन्य ६ अपरिहानीय धर्महरू-

(१) सब्रह्मचारीसंग (= सत्पुरुष) संग शरीरबाट मैत्री भाव राख्नु
(२) सब्रह्मचारीसंग मनबाट मैत्री भाव राख्नु
(३) सब्रह्मचारीसंग वचनबाट मैत्री भाव राख्नु
(४) सब्रह्मचारीलाई आफूले पाएको चतुप्रत्यय (हे. ५७१) बाँडि दिनु
(५) सब्रह्मचारीले जस्तै शील पालन गर्नु
(६) सब्रह्मचारीले जस्तै सम्यक् दृष्टि विकसित गर्नु

★ ३५३. **गृहस्थ**हरूको लागि सात **अपरिहानीय धर्म**हरू-

(१) भिक्षुहरूको दर्शन गर्नु
(२) होशियारीसाथ धर्म श्रवण गर्नु
(३) पंचशील पालन गर्नु
(४) श्रद्धावान् हुनु
(५) भिक्षुहरूलाई दोष नदिनु
(६) छिद्रान्वेषी (= अर्काको दोष खोज्ने) नहुनु
(७) बुद्ध-धर्मभन्दा बाहिर अरूको शरणमा नपर्नु

★ ३५४. बुद्ध-धर्म अनुसार तीन प्रकारका **मासु खानु** हुन्छ-

(१) आफ्नो लागि मारेको भनी नदेखेको
(२) आफ्नो लागि मारेको भनी नसुनेको
(३) आफ्नो लागि मारेको भनी शंका नगरिएको

★ ३५५. बुद्ध-धर्म अनुसार **हिंसा** गरेको ठहरिनलाई तलका अंगहरूबाट पूर्ण हुनु पर्दछ -

(१) मारिएको वस्तु जीव हुनु पर्दछ
(२) जीव भनेर थाहा पाएको हुनु पर्दछ
(३) मार्ने इच्छाले मारेको हुनु पर्दछ
(४) मार्नलाई मेहनत गरेको हुनु पर्दछ
(५) जीव मर्नु पर्छ

Downloaded from http://dhamma.digital

# गृहस्थ उपदेश

★ ३५६. **सम्पत्ति नाश** हुने ६ कारणहरु-

(१) मादक पदार्थ सेवन (२) कुबेलामा घुम्नु
(३) नाचगानमा भुल्नु (४) जुवा खेल्नु
(५) कुसंगत गर्नु (६) अल्सी हुनु

★ ३५७. **मादक पदार्थ** सेवनका ६ दोषहरू-

(१) धन नाश हुन्छ (२) झगडा हुन्छ
(३) रोगी हुन्छ (४) बदनाम हुन्छ (= पत्यार गर्दैन)
(५) निर्लज्ज हुन्छ (६) बुद्धिहीन हुन्छ

★ ३५८. **कुबेलामा घुम्नु**का ६ दोषहरू-

(१) आफ्नो सुरक्षा हुँदैन (२) प्रियजन सुरक्षित हुँदैन
(३) धन नाश हुन्छ (४) चरित्र शंकास्पद हुन्छ
(५) बदनाम हुन्छ (६) दु:ख कष्ट आइपर्छ

★ ३५९. **नाचगान**मा भुल्नुका ६ दोषहरू- [31]

(१) धन नाश हुन्छ (२) नाचगानमा भुलिराख्छ
(३) बाजागाजामा भुलिराख्छ (४) नचाहिंदो कुरामा मन जान्छ
(५) गीत संगीतमा मात्रै मन जान्छ
(६) चित्त चंचल हुन्छ

★ ३६०. **जुवा** खेल्नुका ६ दोषहरू-

(१) जितेमा शत्रु बढ्छ (२) हारेमा दु:ख हुन्छ
(३) धन नाश हुन्छ (४) कसैले पत्यार गर्दैन
(५) अरूले हेला गर्छ (६) विवाह गर्न गाह्रो हुन्छ

★ ३६१. **कुसंगत** गर्नुका ६ दोषहरू-

(१) धूर्त साथीहरू मात्रै भेटिन्छन् (२) रण्डिबाजीमा लाग्छन्
(३) जँड्याहाहरू साथी बन्छन् (४) अवगुणीहरू साथी बन्छन्
(५) ठगहरू साथी बन्छन् (६) गुण्डा, चोरहरू साथी बन्छन्

Downloaded from http://dhamma.digital

★ ३६२. **अल्सी** हुनुका ६ दोषहरू-
(१) असाध्यै जाडो मानी अल्सी मान्छ
(२) असाध्यै गर्मी मानी अल्सी मान्छ
(३) अबेर भयो भनी अल्सी मान्छ
(४) सबेरै छ भनी अल्सी मान्छ
(५) भोक लागेको छ भनी अल्सी मान्छ
(६) पेट ढुस्स छ भनी अल्सी मान्छ

★ ३६३. कुनै पनि **व्यक्तिको पतन**का ६ मूल कारणहरू छन्-
(१) धेरै बेरसम्म सुत्नु
(२) व्यभिचार गर्नु
(३) अरूसँग शत्रुभाव राख्नु
(४) कर्तव्यबाट विमुख हुनु
(५) कुसंगत गर्नु
(६) लोभी हुनु

★ ३६४. निम्न चार किसिमका मित्रहरूलाई **कुमित्र** ठान्नु पर्छ-
(१) ठग्ने मित्र
(२) मुखले मित्र भन्ने कामले केही नगर्ने मित्र
(३) अगाडि प्रशंसा गरी पछाडि निन्दा गर्ने मित्र
(४) कुकर्ममा मात्रै सल्लाह दिने मित्र

★ ३६५. **ठग्ने मित्र**हरू निम्नलिखित ४ कुराहरूबाट चिनिन्छन्-
(१) अर्काको मात्रै लिन्छ, आफ्नो दिँदैन
(२) थोरै दिन्छ, धेरै लिन्छ
(३) डरको कारणले मात्रै मित्र बनाउँछ
(४) स्वार्थको लागि मित्र बनाउँछ

★ ३६६. मुखले मित्र भन्ने कामले केही नगर्ने मित्रहरू निम्नलिखित ४ कुराहरूबाट चिनिन्छन्-
(१) अतीतकै मात्रै कुरा गर्छ
(२) भविष्यको मात्रै कुरा गर्छ
(३) नचाहिंदो कुरा मात्रै गर्छ
(४) चाहिएको बेला मद्दत गर्दैन

★ ३६७. अगाडि प्रशंसा गरी पछाडि निन्दा गर्ने मित्रहरू निम्नलिखित ४ कुराहरूबाट चिनिन्छन्-
(१) कुकर्ममा पनि प्रोत्साहन दिन्छ
(२) सुकर्ममा पनि प्रोत्साहन दिन्छ
(३) अगाडि प्रशंसा गर्छ
(४) पछाडि निन्दा गर्छ

Downloaded from http://dhamma.digital

★ ३६८. कुकर्ममा मात्रै सल्लाह दिने मित्रहरू निम्नलिखित ४ कुराहरूबाट चिनिन्छन्-
(१) मदिरापान गर्न उस्काउँछ (२) कुबेलामा घुम्न उस्काउँछ
(३) नाचगानमा भुल्न उस्काउँछ (४) जुवा खेल्नमा उस्काउँछ

★ ३६९. निम्नलिखित ४ मित्रहरूलाई **कल्याण मित्र** (= असल मित्र) ठान्नु पर्दछ-
(१) उपकारी मित्र (२) सुख दुःखमा साथ दिने मित्र
(३) धन र कीर्ति बृद्धि गरिदिने मित्र (४) दया (= मैत्री) राख्ने मित्र

★ ३७०. उपकारी मित्रहरू निम्नलिखित ४ कुराहरूबाट चिनिन्छन्-
(१) बेहोसी (= भुल हुँदा) मद्दत गर्छ
(२) बेहोसीमा धन रक्षा गर्छ
(३) डर त्रासलाई हताइदिन्छ
(४) कामलाग्ने सल्लाह दिन्छ

★ ३७१. सुख दुःखमा साथ दिने मित्रहरू निम्नलिखित ४ कुराहरुबाट चिनिन्छन्-
(१) आफ्नो कुरो गुप्त राख्दैन
(२) साथीको गोप्य कुरो गुप्त राख्छ
(३) आपद विपदमा छाड्दैन
(४) साथीको लागि ज्यान दिन तयार हुन्छ

★ ३७२. धन र कीर्ति बुद्धि गरिदिने मित्रहरू निम्नलिखित ४ कुराहरूबाट चिनिन्छन्-
(१) पाप कर्ममा रोक्छ
(२) असल कार्य गर्न उस्काउँछ
(३) नसुनेको ज्ञानबर्द्धक कुरो सुनाउँछ
(४) सुगति प्राप्त हुने (= भविष्य सुध्रने) मार्ग भन्छ

★ ३७३. दया राख्ने मित्रहरू निम्नलिखित ४ कुराहरूबाट चिनिन्छन्-
(१) साथीको दुःखमा आफू दुःखी हुन्छ
(२) साथीको सुखमा आफू सुखी हुन्छ
(३) साथीलाई लांछना लगाउन दिंदैन
(४) साथीको प्रशंसा गर्नेलाई उस्काउँछ

Downloaded from http://dhamma.digital

★ ३७४. बुद्ध-धर्म अनुसार ६ दिशालाई नमस्कार गर्नु गृहस्थ धर्म हो । ६ **दिशा**हरू भन्नाले तलका अर्थ बुझिन्छन्-

| | |
|---|---|
| पूर्व दिशा | - आमाबाबु |
| दक्षिण दिशा | - आचार्य (= गुरु) |
| पश्चिम दिशा | - पति पत्नी र सन्तान |
| उत्तर दिशा | - साथीहरू |
| तलको दिशा | - नोकर चाकर |
| माथिको दिशा | - श्रमण ब्राह्मणहरू |

★ ३७५. आमाबाबुप्रति **सन्तान**का कर्तव्यहरू-

(१) बृद्धावस्थामा पालन पोषण गर्नु (२) कामकाज गरिदिनु
(३) कुल परम्परा स्थिर राख्नु (४) अंश लिन योग्य बन्नु
(५) दिवंगत भएका आमाबाबुको नाममा पुण्यदान गर्नु

★ ३७६. सन्तानप्रति **आमाबाबु**का कर्तव्यहरू-

(१) नराम्रो बानी बसाल्न नदिनु (= पापबाट बचाउनु)
(२) पुण्य कार्यमा लगाउनु
(३) विद्यामा पारंगत गराउनु
(४) योग्य स्त्री (वा पुरुष) सँग विवाह गरिदिनु
(५) यथोचित खर्च गर्नदिनु (= उत्तराधिकार सुम्पन्नु)

★ ३७७. गुरुप्रति **शिष्य**का कर्तव्यहरू-

(१) तत्परता देखाउनु (२) गुरुको कुरो मान्नु
(३) एकचित भई विद्या अध्ययन गर्नु
(४) सत्संग गर्नु (= सेवा गर्नु) (५) सत्कार पूर्वक विद्या सिक्नु

★ ३७८. शिष्यप्रति **गुरू**का कर्तव्यहरू-

(१) असल चालचलनको बनाउनु
(२) राम्रोसंग असल शिक्षा दिनु
(३) सबै विद्यामा पारंगत बनाउनु
(४) मित्रगणको अगाडि शिष्यको प्रशंसा गर्नु
(५) शिष्यलाई भय त्रासबाट बचाउनु

Downloaded from http://dhamma.digital

★ ३७९. पत्नीप्रति **पति**का कर्तव्यहरू-

(१) सम्मान गर्नु (२) अपमान नगर्नु
(३) परस्त्री गमन नगर्नु (४) धन सम्पत्तिको जिम्मा दिनु
(५) यथाशक्य गहना वस्त्र दिनु

★ ३८०. पतिप्रति **पत्नी**का कर्तव्यहरू-

(१) राम्रोसंग कामकाज गरिदिनु
(२) कुतुम्ब छिमेकीसंग सुसम्बन्ध बनाइराख्नु
(३) परपुरुष गमन नगर्नु
(४) धन सम्पत्तिको रक्षा गर्नु
(५) घरको काममा दक्ष हुनु (= अल्सी नहुनु)

★ ३८१. मित्रप्रति **हाम्रा** कर्तव्यहरू-

(१) दान दिएर सेवा गर्नु (२) मीठोसंग कुरा गर्नु
(३) कामकाज गरिदिनु (४) आफू जस्तै ठान्नु
(५) साँचो बोल्नु (= विश्वासिलो बन्नु)

★ ३८२. हामीप्रति **मित्र**का कर्तव्यहरू-

(१) बेहोसीमा (= भूल हुँदा) रक्षा गर्नु
(२) बेहोसीमा धनको रक्षा गर्नु (३) संकटमा शरण दिनु
(४) आपत्कालमा मद्दत गर्नु (५) मित्रको प्रियनजप्रति स्नेह राख्नु

★ ३८३. नोकरप्रति **मालिक**का कर्तव्यहरू-

(१) सामर्थ्य हेरेर काम दिनु (२) उचित भोजन र तलब दिनु
(३) बिरामी हुँदा औषधी गरिदिनु (४) आफूले खाने वस्तु ख्वाउनु
(५) बेला बखतमा छुट्टी दिनु

★ ३८४. मालिकप्रति **नोकर**का कर्तव्यहरू-

(१) मालिकभन्दा चाँडै उठ्नु (२) मालिकभन्दा पछि सुत्नु
(३) मालिकले दिएको मात्रै लिनु (४) राम्रोसँग काम गर्नु
(५) मालिकको कीर्ति प्रशंसा फैलाउनु

Downloaded from http://dhamma.digital

★ ३८५. श्रमण (= भिक्षु) ब्राह्मणप्रति **हाम्रा** कर्तव्यहरू-

(१) मैत्रीपूर्वक शारीरिक काम गरिदिनु

(२) मैत्री वचनले कुरा गर्नु (३) मनमा मैत्रीभाव राख्नु

(४) सँधै स्वागत गर्नु (५) भोजन आदि दान दिनु

★ ३८६. हामी (= उपासक, उपासिका) प्रति **श्रमण ब्राह्मण**का कर्तव्यहरू-

(१) पाप कर्ममा रोक्नु

(२) पुण्य कार्यमा लगाउनु

(३) अनुकम्पा राखेर कल्याण गरिदिनु

(४) नसुनेको ज्ञानबर्द्धक कुरो सुनाउनु

(५) सुगतिप्राप्त हुने (= भविष्य सुध्रने) मार्ग देखाउनु

★ ३८७. आठ कारणहरूबाट कुल नाश हुन सक्छन्-

(१) राजा, (२) चोर, (३) आगो, (४) बाढी, (५) धन गाड्नुबाट, (६) राम्रोसंग खेती नगर्नाले, (७) सन्तान अयोग्य हुनाले, (८) वस्तूहरू अनित्य हुनाले

★ ३८८. गृहस्थीहरूले तलका ४ सुखहरू भोग गरेका अपेक्षित गरिन्छन् जसलाई चार **गृहस्थ सुख** भनिन्छन् -

(१) *अत्थि सुख* - चाहिने सबै छ भन्ने सुख

(२) *भोग सुख* - आफ्नो सम्पत्ति भोग गर्न पाउने सुख

(३) *अनृण सुख* - ऋणी नबन्नु सुख

(४) *निरवद्य सुख* - निर्दोष जीवन जिउनुको सुख

★ ३८९. सुखमय जीवनको लागि आफूमा हुनुपर्ने चार गुणहरू छन्-

(१) उत्साह र परिश्रम (२) असल संगत

(३) सम्पत्तिको सुरक्षा (४) आय अनुसार खर्च

★ ३९०. गृहस्थहरूको धन चिरस्थायी हुने ४ कारणहरू छन्-

(१) हराएको वस्तु खोज्नाले (२) बिग्रेको वस्तु बनाउनाले

(३) खानाको मात्रा ज्ञान हुनाले

(४) दुष्ट मानिसलाई भण्डारी नबनाउनाले

Downloaded from http://dhamma.digital

★ ३९१. गृहस्थीहरूले गर्नुपर्ने आवश्यक चार कुराहरूलाई **चार लोक संग्र** वस्तु भनिन्छन् । यी हुन्-
(१) दान दिनु (२) मीठो वचन बोल्नु
(३) परोपकारी काम गर्नु (४) अभिमान नराख्नु (= समानता राख्नु)

★ ३९२. पाँच प्रकारका सम्पत्तिहरू भन्नाले तलका कुराहरू बुझिन्छन् -
(१) नाता कुतुम्ब (२) भोग सम्पत्ति (= धन सम्पत्ति)
(३) स्वास्थ्य (४) चरित्र (५) सम्यक दृष्टि

★ ३९३. पाँच उद्देश्यबाट धन सम्पत्ति कमाइन्छ-
(१) ऐश्वर्य भोगको लागि (२) अरूको पोषण गर्नको लागि
(३) आपत्तिबाट बच्नको लागि
(४) पंचवलीको लागि [बुद्ध-धर्म अनुसार पंचवली भन्नाले हिंसा बुझिन्न यसको अर्थ पाँच जनहरूको मानसत्कार हो । ( हे. ४२०)]
(५) श्रवण ब्राह्मण सेवाको लागि

★ ३९४. बुद्ध-धर्म अनुसार आफूले कमाएको धनलाई चार भाग लगा उपयोगमा ल्याउनु जाति छ-
(१) १ भाग खान लाउनमा (२) २ भाग आफ्नो व्यापारमा
(३) १ भाग आपतकालको लागि संचय

Dhamma.Digital

★ ३९५. एक जना व्यापारीमा तीन गुणहरू हुनु वांछनीय छ-
(१) कुशाग्र बुद्धि (२) व्यवहार कुशलता
(३) मूल्य निर्धारण गर्ने क्षमता

★ ३९६. व्यवहार अनुसार ७ प्रकारका **पत्नी**हरू छन्-
(१) हत्यारा समानकी (२) चोर समानकी
(३) मालिक्नी समानकी (४) आमा समानकी
(५) बहिनी समानकी (६) साथी समानकी
(७) दासी समानकी

★ ३९७. पतिलाई पत्नीले आठ हारणले हेला गर्न सक्छे-
(१) दरिद्रता (२) रोग (३) वृद्धता (४) मतवाला
(५) मूर्खता (६) अल्सीपन (७) जोईतिंग्रे (८) सबै धन दिनाले

Downloaded from http://dhamma.digital

★ ३९८. राजाले पालन गर्नु पर्ने १० कर्तव्यहरूलाई दश **राज धर्म** भनिन्छन्-

(१) आमाबाबुप्रति कर्तव्य पालन गर्नु
(२) परिवारप्रति कर्तव्य पालन गर्नु
(३) मित्र र मन्त्रीहरूप्रति कर्तव्य पालन गर्नु
(४) सैनिकहरूप्रति कर्तव्य पालन गर्नु
(५) गाउँ शहरहरूप्रति कर्तव्य पालन गर्नु
(६) श्रमण ब्राह्मणहरूप्रति कर्तव्य पालन गर्नु
(७) शान्ति कायम गर्नु
(८) पशु पंक्षीहरुको आरक्षा गर्नु
(९) धर्म अनुसार आचरण गर्नु
(१०) धर्म पालनको लागि सतर्क हुनु

★ ३९९. तथागतले प्रतिपादन गर्नु भएको महामंगल सुत्रमा तलका ३८ कुराहरूलाई **मंगल** (= कल्याणकारी) मानिएका छन्-

(१) मूर्खको संगत नगर्नु
(२) विद्वान्को संगत गर्नु
(३) पूजनीयलाई आदर गर्नु
(४) अनुकुल देशमा नागरिक बन्नु
(५) असल कर्म गरिआएको हुनु
(६) चित्त स्थिर राख्नु
(७) बहुश्रुत (= धेरै जान्ने) हुनु
(८) शिल्प विद्यामा पारंगत हुनु
(९) सुआचरण युक्त हुनु
(१०) मीठो बचन बोल्नु
(११) आमाबाबुको सेवा गर्नु
(१२) परिवारको पालन गर्नु
(१३) आकुल व्याकुल नहुने काम गर्नु
(१४) दान दिनु
(१५) धर्म अनुसार आचरण गर्नु
(१६) नाता कुतुम्बको हेरचार गर्नु
(१७) निर्दोष काम गर्नु
(१८) पाप कर्मबाट टाढा रहनु
(१९) अगाडि पुगेको पाप कर्म नगर्नु
(२०) लागु पदार्थ सेवन नगर्नु
(२१) धर्मप्रति जागरुक हुनु
(२२) आदरनीयलाई मान्नु
(२३) घमण्डी नहुनु
(२४) संतोषी हुनु
(२५) कृतज्ञ हुनु
(२६) धर्म कथा सुन्नु
(२७) क्षमाशील हुनु
(२८) सत्पुरुषको कुरा सुन्ने हुनु
(२९) श्रमणहरूको दर्शन गर्नु
(३०) धर्म चर्चा गर्नु
(३१) तपश्वी हुनु
(३२) ब्रह्मचारी (= राम्रो जीवन) हुनु
(३३) चार आर्यसत्यलाई बुझ्नु
(३४) निर्वाणको दर्शन गर्नु
(३५) आठ लोक धर्ममा स्थिर रहनु
(३६) शोक सन्ताप नमान्नु
(३७) क्लेश नाश गर्नु
(३८) भय मुक्त हुनु

Downloaded from http://dhamma.digital

★ ४००. **रोगबाट** मुक्त हुनुको लागि आवश्यक तीन चीजहरू-
(१) उचित आहार (२) उचित औषधी (३) स्नेही सेवक

★ ४०१. **रोगी सेवक**मा हुनु पर्ने ५ गुणहरू-
(१) औषधीको ज्ञान (२) आहार र औषधी राम्रोसँग खुवाउने ज्ञान
(३) सेवा भावना (४) घृणा नगरी सफा गर्ने बानी
(५) बिरामीलाई उत्साहित पार्न सक्ने गुण

★ ४०२. **रोगी**मा हुनु पर्ने ५ गुणहरु -
(१) अनुशासन (२) उचित आहार सेवन
(३) औषधी सेवन (४) रोग नलुकाउने बानी
(५) नआँटिने गुण

★ ४०३. **आयु** बढाउने ५ गुणहरु -
(१) खान हुने चीज सेवन गर्नु (२) खानाको मात्रा ज्ञान हुनु
(३) राम्रोसँग पकाएको खानु (४) विचरण गर्नु ( =व्यायाम गर्नु )
(५) ब्रह्मचर्य ( =असल जीवन) हुनु

# विविध

★ ४०४. बुद्ध-धर्मले मान्यता दिएका सबभन्दा ठूला विषय वस्तुहरु यस प्रकार छन् -
सबभन्दा ठूलो रोग - भोक
सबभन्दा ठूलो लाभ - स्वास्थ्यता
सबभन्दा ठूलो मित्र - विश्वास
सबभन्दा ठूलो सुख - निर्वाण

★ ४०५. बुद्ध-धर्म अनुसार सर्वश्रेष्ठ कुराहरू निम्नप्रकार छन्-
सर्वश्रेष्ठ मार्ग - अष्टांगिक मार्ग
सर्वश्रेष्ठ सत्य - चार आर्य सत्य
सर्वश्रेष्ठ धर्म - वैराग्य धर्म
सर्वश्रेष्ठ मनुष्य - सम्यक् सम्बुद्ध

Downloaded from http://dhamma.digital

★ ४०६. **श्रोतापन्न** (= पक्कै निर्वाण प्राप्त गर्ने) हुनलाई तलका अंगहरुले पूर्ण हुनु अत्यावश्यक छ -

(१) सत्पुरुषहरूको संगत (२) धर्म कथा सुन्नु
(३) सम्यक् दृष्टि (= उचित प्रज्ञा) (४) पुण्य संस्कार

★ ४०७. विभिन्न चरित्रहरू विभिन्न अवस्थामा जान्न सकिन्छन् जुन यसप्रकार छन्-

*शील* - सँगै संगत गरेर जानिन्छ
*शुचिता* (= पवित्रता) - व्यवहारबाट जानिन्छ
*सहनशीलता* - आपत्तिमा जानिन्छ
*प्रज्ञा* - चर्चा (=छलफल) बाट जानिन्छ

★ ४०८. क्रमिक रूपले भन्नुपर्ने कथालाई **आनुपूर्विकथा** भनिन्छ। ती हुन्-

(१) *दान* सम्बन्धि कथा
(२) *शील* सम्बन्धि कथा
(३) *स्वर्ग* (= सुगति) कथा
(४) *कामानं* आदिनवो (= पंचकाम = इन्द्रिय भोगको दोष देखाउनु)
(५) *ओकारो* (= पंचकामको परिणाम भन्नु)
(६) *संकिलेसो* (= क्लेशबारे भन्नु)
(७) *नेक्खम्मे आनिसंसं* (= नेष्क्रम्यबारे भन्नु)

★ ४०९. मारले (वा अरू कसैले) वाधा पुऱ्याउन नसकिने चार कुराहरू-

(१) तथागतलाई अर्पित गरेको दान (२) तथागतको ज्यान
(३) बुद्धका लक्षणहरु र बुद्ध रश्मी (४) बुद्धको सर्वज्ञता

★ ४१०. तलका दश कुराहरू हुनाले मात्रै कुनै कुरो स्वीकार गर्न योग्य छैन-

(१) कहिलै नसुनेको भनेर (२) परंपरागत भनेर
(३) यस्तै भनिएको भनेर (४) धर्म ग्रन्थसँग मिल्ने भनेर
(५) तर्कपूर्ण कुरो भनेर (६) न्यायानुकुल भनेर
(७) सुन्दर छ भनेर (८) हाम्रो मतसँग मिल्छ भनेर
(९) भन्ने मान्छे राम्रो छ भनेर (१०) गुरूले भनेको भनेर

Downloaded from http://dhamma.digital

★ ४११. निम्नलिखित धारणाहरू क्रोध उत्पन्न हुने दश कारणहरू हुन्-

(१) मलाई हानी गऱ्यो
(२) मलाई हानी गर्दैछ
(३) मलाई हानी गर्नेछ
(४) प्रीयजनलाई हानी गऱ्यो
(५) प्रियजनलाई हानी गर्दैछ
(६) प्रियजनलाई हानी गर्नेछ
(७) शत्रुलाई हित गऱ्यो
(८) शत्रुलाई हित गर्दैछ
(९) शत्रुलाई हित गर्नेछ
(१०) बिना कुनै विशेष कारण

★ ४१२. बुद्धले निम्नलिखित दश कुराहरूको विषयमा उत्तर दिनु भएक थिएन जसलाई **दश अकथनीय** (= अव्याकृत) भनिन्छन्-

(१) संसार नित्य छ ?
(२) संसार अनित्य छ ?
(३) संसारको अन्त छ ?
(४) संसारको अन्त छैन ?
(५) जीव र शरीर एउटै हो ?
(६) जीव र शरीर बेग्लै हुन् ?
(७) निर्वाण पछि तथागत (= मुक्त) हुन्छ ?
(८) निर्वाण पछि तथागत हुँदैन ?
(९) निर्वाण पछि तथागत हुन्छ पनि हुँदैन पनि ?
(१०) निर्वाण पछि तथागत न हुन्छ न हुँदैन ?

★ ४१३. **ऋद्धि** भन्नाले दिव्य चमत्कार बुझिन्छन् । ऋद्धि दश प्रकारका छन्-

(१) *अधिष्ठान ऋद्धि* - दृढताबाट प्राप्त ऋद्धि
(२) *विकृति ऋद्धि* - विविध प्रकारबाट प्राप्त ऋद्धि
(३) *मनोमय ऋद्धि* - मनोकामनाबाट प्राप्त ऋद्धि
(४) *ज्ञानमय ऋद्धि* - ज्ञानबाट प्राप्त ऋद्धि
(५) *समाधिमय ऋद्धि* - समाधिबाट प्राप्त ऋद्धि
(६) *आर्य ऋद्धि* - श्रेष्ठताबाट प्राप्त ऋद्धि
(७) *कर्म विपाजक ऋद्धि* - जन्मैदेखि हुने स्वाभाविक ऋद्धि
(८) *पुण्यमय ऋद्धि* - पुण्य प्रभावद्वारा प्राप्त ऋद्धि
(९) *विद्यामय ऋद्धि* - विद्याद्वारा प्राप्त ऋद्धि
(१०) *प्रयोग प्रत्यय ऋद्धि* - प्रयोगद्वारा प्राप्त ऋद्धि

★ ४१४. षडभिज्ञ अर्थात **६ अभिज्ञा**हरू भन्नाले तलका दिव्य शक्तिहरू (= ज्ञानहरू) बुझिन्छन् जुनकि ऋद्धिद्वारा प्राप्त गर्न सकिन्छ -

(१) *ऋद्धि* - दिव्य चमत्कार
(२) *दिव्यश्रोत* - दिव्य सुन्ने शक्ति
(३) *दिव्यचक्षु* - दिव्य हेर्ने शक्ति

Downloaded from http://dhamma.digital

(४) *चेतोपरिय ज्ञान* - अर्काको चित्त थाहा पाउने ज्ञान
(५) *पूर्वेनिवासानुस्मृति ज्ञान* - पूर्वजन्मको ज्ञान
(६) *आश्रव क्षय ज्ञान* - क्लेश मुक्त गर्ने ज्ञान

यी मध्ये पहिलो पाँचलाई ऋद्धिबल वा **पंच अभिज्ञा** पनि भनिन्छन् ।

४१५. ६ शारीरिक दोष भन्दा तलका गुणहरूद्वारा सम्पन्न बुझिनु पर्छ-
(१) न अति अग्लो (२) न अति पुडको
(३) न अति दुब्लो (४) न अति मोटो
(५) न अति कालो (६) न अति गोरो

४१६. विवेकपूर्ण तरिकाले विश्वास गरी आदर राख्नु नै **श्रद्धा** हो । **श्रद्धा** ६ थरिका छन् -
(१) *सम्पसादन श्रद्धा* - मन निर्मल हुने पवित्र विचार
(२) *सम्पक्खन्धन श्रद्धा* - काम नसकेसम्म दृढ रहनु
(३) *सद्दहन श्रद्धा* - त्रिरत्न सम्झी विश्वासपूर्वक काम गर्नु
(४) *ओकप्पन श्रद्धा* - भएको विश्वासलाई गतिशील बनाउनु
(५) *आगम श्रद्धा* - बोधिसत्वको आचरण गर्नु
(६) *अधिगम श्रद्धा* - ढुंगामा कुंडिएको जस्तो अति दृढ श्रद्धा

★ ४१७. आईमाईहरूमा हुनुपर्ने पांच गुणहरूलाई **पंच स्त्री कल्याण** भनिन्छ । यी हुन्-
(१) *मंस कल्याण* - जिउ कोमल हुनु
(२) *केश कल्याण* - केश लामो हुनु
(३) *अस्थि कल्याण* - दाँत टम्म मिलेका र टल्केका हुनु
(४) *छवि कल्याण* - छाला नरम हुनु
(५) *वय कल्याण* - सँधै जवान देखिरहनु

★ ४१८. जीवनमा पाँच **दुर्लभ वस्तु**हरू छन्-
(१) आयु (२) वर्ण (३) सुख (४) यश (५) स्वर्ग (= सुगति)

★ ४१९. **पंच गोरस** भन्नाले गाईबाट निस्किने पाँच पदार्थहरू बुझिन्छन् -
(१) दुध (२) दही (३) मही (४) नौनी (५) घ्यू

Downloaded from http://dhamma.digital

★ ४२०. **पंचबली** भन्नाले पाँच प्रकारका जीवहरूलाई गरिने अति सत्कार बुझिन्छन् -
(१) *ज्ञाति बली* - सम्बन्धिहरूलाई हित र सत्कार गर्नु
(२) *अतिथी बली* - अतिथी सत्कार गर्नु
(३) *पूर्व प्रेत बली* - दिवंगतहरूलाई पुण्य अर्पण गर्नु
(४) *राज बली* - राजश्व तिर्नु
(५) *देव बली* - अहिंसापूर्वक देव पूजा गर्नु

★ ४२१. पाँच कारणले प्रश्न सोध्न सकिन्छ-
(१) आफूले थाहा नपाएर (२) सिद्धान्तको तुलना गर्न
(३) शंका भएर (४) बोल्न लगाउन
(५) आफूले उत्तर दिने इच्छाले

★ ४२२. ती पापहरू, जसको फल नभोगी हुँदैन, लाई **पंचमहापाप** भनिन्छ -
(१) आमा मार्नु (२) बाबु मार्नु
(३) अर्हत्लाई मार्नु (३) बुद्धलाई घाइते पार्नु
(५) भिक्षु संघमा फुट ल्याउनु

★ ४२३. पाँच प्रकारका **प्रीति** (= आनन्द) हरू यसप्रकार छन्-
(१) *क्षुद्रिका प्रीति* - लोमहर्षक सानो प्रीति
(२) *क्षणिका प्रीति* - क्षणिक प्रीति
(३) *अवक्रान्तिक प्रीति* - शरीर भरि फैलिएर गायब हुने प्रीति
(४) *उद्वेगा प्रीति* - जिउ हलुंगो हुने बलियो प्रीति
(५) *स्फरणा प्रीति* - शरीर व्याप्त रहने बलियो प्रीति

★ ४२४. **चेतोलिख** भन्नाले पाँच चित्तका काँढाहरू बुझिन्छन् जुन यसरी छन् -
(१) बुद्धप्रति शंका (२) धर्मप्रति शंका
(३) संघप्रति शंका (४) भिक्षु शिक्षाप्रति शंका
(५) साथी ब्रह्मचारीहरूसँग कुपित हुनु

★ ४२५. चित्त परिपक्व पार्ने ५ साधनहरू छन्- [16]
(१) सत्संगत (२) सदाचार (३) सदुपदेश (४) सदाचरण (५) प्रज्ञा

Downloaded from http://dhamma.digital

★ ४२६. जीवनको सार प्राप्त गर्न चाहने व्यक्तिले ५ कुराहरूको वृद्धि गर्नुपर्छ-
(१) श्रद्धा (२) शील (३) प्रज्ञा (४) त्याग (५) श्रुत (= ज्ञान)

★ ४२७. **प्रज्ञा** (= विवेक बुद्धि) ५ प्रकारका छन् -
(१) *पुर्खौली प्रज्ञा* - वंशानुगत प्रज्ञा
(२) *श्रुतमय प्रज्ञा* - सुनेर र पढेर हासिल गरेको प्रज्ञा
(३) *चिन्तनमय प्रज्ञा* - विचार चिन्तनबाट प्राप्त प्रज्ञा
(४) *भावनामय प्रज्ञा* - अनुभवबाट प्राप्त प्रज्ञा
(५) *स्थानोचित्त प्रज्ञा* - स्थान अनुसारको प्रज्ञा

★ ४२८. प्रज्ञा वृद्धि हुने ४ उपायहरू-
(१) असंल संगत गर्नु (२) ज्ञानको कुरो सुन्नु, पढ्नु
(३) यथार्थ ज्ञानको विचार गर्नु (४) धर्म अनुसार चल्नु

★ ४२९. मनमा उत्पन्न हुने चार क्लेशहरूलाई **कर्म क्लेश** भनिन्छ । यिनीहरू त्याग गर्न योग्य छन् । यी हुन् -
(१) मार्नु (२) चोर्नु ३) व्यभिचार गर्नु (४) झूठो बोल्नु

★ ४३०. चार **इरियापथ** भन्नाले शरीरका चार अवस्थाहरू बुझिन्छन्-
(१) उठ्नु (२) बस्नु (३) हिंडडुल गर्नु (४) लेट्नु

★ ४३१. मृत्यु चार प्रकारले हुन सक्छन् -
(१) आयु सकिएर (२) कर्म सकिएर
(३) उभय (= आयु र कर्म दुबै) सकिएर (४) अकाल मृत्यु

★ ४३२. तन्नेरी सम्झी हेप्न नहुने चार जीवहरू-
(१) क्षेत्री राजकुमार (२) सर्प (३) आगो (४) भिक्षु

★ ४३३. चार जीवहरू दौड्नु अशोभनीय मानिन्छ-
(१) भिक्षु (२) स्त्री (३) राजा (४) मंगल हात्ती

★ ४३४. चार प्रकारका **शैय्या**हरू भन्नाले तलका किसिमले सुत्नु बुझिन्छन् - [23]

(१) कामभोगी शैय्या - बाँयातिरबाट सुत्नु

Downloaded from http://dhamma.digital

(२) प्रेत शैय्या - उत्तानो परी सुत्नु
(३) तथागत शैय्या - चतुर्थ ध्यानमा बस्नु (हे. ५५३)
(४) सिंह शैय्या - दाहिनेतिरबाट सुत्नु

★ ४३५. चार प्रकारका प्रकाशहरू-
(१) चन्द्रमाको प्रकाश (२) सूर्यको प्रकाश
(३) आगोको प्रकाश (४) प्रज्ञाको प्रकाश

यी मध्ये प्रज्ञाको प्रकाश सर्वोत्तम छ।

★ ४३६. सूर्य धमिलो हुने चार कारणहरू-
(१) बादल (२) हिउँ (३) धुँवा (४) राहु

★ ४३७. चार दर्शनीय स्थानहरू-

| | | |
|---|---|---|
| (१) | बुद्धको जन्मस्थान | - लुम्बिनी |
| (२) | बुद्धत्व प्राप्ति स्थान | - बुद्धगया |
| (३) | धर्मचक्र प्रवर्तन गरेको स्थान | - सारनाथ |
| (४) | महापरिनिर्वाण भएको स्थान | - कुशीनगर |

★ ४३८. चिन्तन गर्न अयोग्य चार विषयहरू-
(१) बुद्ध (२) ध्यान (३) कर्म विपाक (४) लोक उत्पत्ति

★ ४३९. साक्षात्कार गर्ने चार तरिकाहरू अर्थात् चार **साक्षात्करणिय धर्म**हरू यसरी छन् -
(१) पूर्वजन्मको साक्षात्कार स्मृति (= स्मरण) बाट
(२) जन्म मरणको साक्षात्कार आँखाबाट
(३) आठ विमोक्ष (हे. ५६६) को साक्षात्कार शरीरबाट
(४) आश्रव क्षयको साक्षात्कार प्रज्ञाबाट

★ ४४०. तलका कुराहरू निर्वाण प्राप्तिमा अवरोध खडा गर्न आउने बाढी जस्तै हुनाले चार **ओघ** भनिन्छन्-
(१) काम (२) भव (= जन्म)
(३) मिथ्या दृष्टि (= गलत धारणा) (४) अविद्या (= अज्ञानता)

Downloaded from http://dhamma.digital

★ ४४१. चार किसिमका **दुर्गन्ध**हरू भन्नाले तलका कुराहरू बुझिन्छन्-
(१) लोभ
(२) व्यापाद (=द्वेष)
(३) शीलब्रत परामर्श (= अन्धविश्वास)
(४) यही ठीक छ भन्ने पूर्वाग्रह

★ ४४२. चार धर्म स्कन्ध (= समुह) हरू यसप्रकार छन्-
(१) शील स्कन्ध (२) समाधि स्कन्ध
(३) प्रज्ञा स्कन्ध (४) विमुक्ति स्कन्ध

★ ४४३. ऋद्धि शक्ति प्राप्त गर्नलाई चाहिने तलका ध्यानहरूलाई चार **ऋद्धिपाद** भनेर चिनिन्छन्-
(१) *छन्द ऋद्धिपाद* - इच्छालाई वशमा पार्नु
(२) *वीर्य ऋद्धिपाद* - निर्वाण प्राप्त गर्ने प्रयत्न गर्नु
(३) *चित्त ऋद्धिपाद* - चित्त एकाग्र गर्नु
(४) *विमर्शन ऋद्धिपाद* - विवेक बुद्धिको उन्नति गर्नु

★ ४४४. विभिन्न विषयमा थाहा पाउन सकिने ज्ञानलाई **प्रतिसम्भिदा** (= प्रतिसंविदा) भनिन्छ । चार प्रकारका **प्रतिसम्भिदा**हरू छन् -
(१) *अर्थ प्रतिसम्भिदा* - अर्थ थाहा पाउन सकिने ज्ञान
(२) *धर्म प्रतिसम्भिदा* - धर्म थाहा पाउन सकिने ज्ञान
(३) *निरुक्ति प्रतिसम्भिदा* - भाषा थाहा पाउन सकिने ज्ञान
(४) *प्रतिभान प्रतिसम्भिदा* - अरूलाई बुझाउन सक्ने ज्ञान

★ ४४५. चार प्रकारका संयम भनेकै **चातुर्याम संवर** हो । यी संयमहरू हुन् -
(१) प्राणी हिंसा गर्दैन, गराउँदैन
(२) चोरी गर्दैन, गराउँदैन
(३) झूठो बोल्दैन, बोल्न लाउँदैन
(४) पंचकाम विषय (= इन्द्रिय भोग वस्तु) सेवन गर्दैन, गराउँदैन

★ ४४६. तीन प्रकारका **उपोसथ व्रत**हरू यसप्रकार छन्-
(१) *गौपालक उपोसथ* - खानामा मात्रै ध्यान दिनु
(२) *निर्ग्रन्थ उपोसथ* - पक्षपतिपूर्ण उपोसथ
(३) *आय उपोसथ* - चित्त शुद्ध गर्नु

Downloaded from http://dhamma.digital

★ ४४७. त्याग गर्न योग्य तीन अग्निहरू छन्-

(१) राग अग्नि (२) द्वेष अग्नि (३) मोह अग्नि

★ ४४८. ग्रहण गर्नु पर्ने तीन अग्निहरू-

(१) आहुनेय (= पाहुना) अग्नि
(२) गृहपति अग्नि
(३) दक्षिणेय (= श्रमण ब्राह्मण अग्नि)

★ ४४९. **चक्षु** (= आँखा) दुई प्रकारका छन् - ज्ञान चक्षु र मांस (= शारीरिक) चक्षु । यी मध्ये ज्ञान चक्षु पाँच प्रकारका छन्-

(१) *बुद्ध चक्षु* - बुद्धमा हुने चक्षु
(२) *धर्म चक्षु* - धर्म (= प्रकृति) सम्बन्धि बुझ्ने चक्षु
(३) *समन्त चक्षु* - सर्वज्ञता
(४) *दिव्य चक्षु* - अलोकिक हेर्ने शक्ति
(५) *प्रज्ञा चक्षु* - ज्ञानको आँखा

★ ४५०. धनंजय सेठले आफ्नी छोरी विशाखालाई विवाह गरी पठाउँदा दश उपदेशहरू दिएका थिए । यी नै उपदेशहरू अनाथपिण्डिकले पनि आफ्नी छोरी चुल्ल सुभद्रालाई दिएका थिए । यी हुन् -

(१) घरको कुरो बाहिर नभन्नू
(२) बाहिरको कुरो घरमा नभित्र्याउनू
(३) पत्यार हुनेलाई मात्र दिनू
(४) विश्वासघातीलाई नदिनू
(५) दुःखीलाई दिनू
(६) आदरनीयलाई आदर गर्नू
(७) अरूले खाइसकेपछि मात्रै आफूले खानू
(८) सबै सुतिसकेपछि मात्रै आफू सुत्नू
(९) सासु, ससुरा र पतिको सेवा गर्नू
(१०) श्रमण, आगन्तुक, गुरुलाई देवता सरह मान्नू

Downloaded from http://dhamma.digital

# दर्शन

## मूल दर्शन

★ ४५१. लक्षण तीन प्रकारका छन्- अनित्य, दुःख, अनात्मा । संसारका सबै कुरा अनित्य छन्, आत्मा छैन, र त्यसैले सबै दुःखदायी हुन् - यही नै बुद्ध दर्शनको मूल मन्त्र हो ।

★ ४५२. बौद्ध दर्शन **हेतुवाद** (= हरेक कुरोको कारण छ भनी भन्ने) र **क्षणिकवाद** (= हरेक कुरो क्षणिक छ भनी मान्ने) हो । यसको स्वरूप अनीश्वरवाद र अनात्मवाद छ ।

★ ४५३. शील, समाधि, प्रज्ञा र विमुक्ति- यी चार कुराहरूको ज्ञान नहुनाले हामी संसारमा बारम्बार जन्म मरणको चक्रमा घुमिराख्छौं ।

★ ४५४. **प्रतीत्य समुत्पाद** बौद्ध दर्शनको आधारशीला हो । प्रतीत्य समुत्पाद भन्नाले हेतुफलवाद बुझिन्छ र यसको अनुसार कुनै पनि कार्य हुनलाई कारण चाहिन्छ । जन्म मरणको चक्र (= **भव चक्र**) प्रतीत्य समुत्पाद अनुसार नै चलेको हुन्छ । निर्वाण प्राप्त गर्न यस चक्रलाई रोक्न आवश्यक छ । यो दुःख समुदय सत्य (= दुःखको कारण) को अन्तर्गत पर्छ ।

★ ४५५. प्रतीत्य समुत्पादमा तलका १२ कडिहरू छन् जसमा एकले गर्दा अर्को उत्पन्न हुन्छ; जस्तै विज्ञानले गर्दा नाम-रूप, नाम-रूपले गर्दा षडायतन, आदि उत्पन्न हुँदै जान्छन्, विनाश हुँदै जान्छन्-

(१) *जरा मरण* (= बुढा हुनु, मर्नु)
(२) *जाति* (= जन्म)
(३) *भव* (= अस्तित्व)
(४) *उपादान* (= अनुराग)
(५) *तृष्णा*
(६) *वेदना*
(७) *फस्स* (= स्पर्श)
(८) *षडायतन* (= ६ इन्द्रिय)
(९) *नाम-रूप* (= मन र शरीर)
(१०) *विज्ञान* (= चेतना)
(११) *संस्कार*
(१२) *अविद्या* (=अज्ञानता)

Downloaded from http://dhamma.digital

★ ४५६. प्रतीत्य समुत्पादको चक्रलाई वेदना र तृष्णाका बिचमा खण्डन गर्न सकिन्छ। त्यसैले तृष्णा निर्मूल गर्न सकेमा भव चक्र रोक्छ र निर्वाण प्राप्त हुनछ। (तु. २६३)

★ ४५७. प्रतीत्य समुत्पादका १२ कडिहरू (= **द्वादस निदान**) भन्दा बाहिर परेका ५ कडिहरू छन् जुन जाति (= जन्म) को कारणले उत्पन्न हुन्छन् -

(१) शोक
(२) परिदेव (= विलाप)
(३) दु:ख
(४) दौर्मनस्य (= मानसिक बेचैनी)
(५) उपायास (= मानसिक पीडा)

★ ४५८. निर्वाण पुग्ने मार्गमा रहेका ५ बाधाहरूलाई नीवरण भनिन्छन्। **पंच नीवरण** भन्नाले तलका ५ बाधाहरू बुझिन्छन्-

(१) कामच्छन्द - पंचकाम (हे. ४६९) मा धेरै भुल्नु
(२) व्यापाद - रिस र द्वेष
(३) थीन मिद्ध - धेरै सुत्नु (= अल्सी हुनु)
(४) उद्धच्च कुक्कुच्च - मनको चंचलपन र पश्चाताप
(५) विचिकिच्छा - सशंकीत प्रवृत्ति (= आत्मविश्वासको कमि[1])

★ ४५९. संसारसँग बाँधिराख्ने दश क्लेशहरू छन् जसलाई **दश संयोजन** भनिन्छन्। यी हुन्-

(१) सत्काय दृष्टि - अहंभाव (= आफू र आफ्नो भन्ने भावना)
(२) विचिकिच्छा - अनावश्यक शंका
(३) शीलब्रत परामर्श - अन्धविश्वास
(४) काम राग - काम तृष्णामा भुल्ने इच्छा
(५) प्रतिघ - अरूप्रति खराब इच्छा
(६) रूप राग - रूप भूवन (हे. ५०६) मा जन्म लिने इच्छा
(७) अरूप राग - अरूप भूवन (हे. ५०६) मा जन्म लिने इच्छा
(८) मान - घमण्ड
(९) उद्धच्च - चित्त चंचलता
(१०) अविद्या - अज्ञानता

---

१. विचिकिच्छा भन्नाले बुद्ध, धर्म, संघ, शिक्षा, पूर्वजन्म, पूनर्जन्म, पूर्वजन्म र पुनर्जन्म तथा प्रतीत्य समुत्पाद - यी ८ कुरामा शंका गर्नु हो।

Downloaded from http://dhamma.digital

★ ४६०. निर्वाणतिर लाने मार्गमा प्रतिष्ठित भएकालाई **मार्ग फल** प्राप्त व्यक्ति भनिन्छन्। मार्ग फल चार छन्-

(१) श्रोतापन्न - सात जन्म भित्रमा निर्वाण प्राप्त गर्ने
(२) सकृदागामि - अर्को मनुष्य जन्ममा निर्वाण प्राप्त गर्ने
(३) अनागामि - यस संसारमा फेरि नजन्मिकनै निर्वाण प्राप्त गर्ने
(४) अर्हत् (= अरहन्त) - यसै जीवनमा निर्वाण प्राप्त गर्ने

★ ४६१. श्रोतापत्ति (= श्रोतापन्न) मार्गले ३ क्लेशहरु नाश गर्छन् - (हे. ४५९)
(१) सत्काय दृष्टि (२) विचिकिच्छा (३) शीलब्रत परामर्श.

★ ४६२. सकृदागामि मार्गले कुनै पनि क्लेश निर्मूल पार्दैन, अपितु राग, द्वेष र मोहलाई कम पार्छ।

★ ४६३. अनागामि मार्गले २ क्लेशहरू निर्मूल पार्छन्- (हे. ४५९)
(१) काम राग (२) प्रतिघ

★ ४६४. अर्हत् मार्गद्वारा बाकि ५ क्लेशहरू निर्मूल पार्छन् र यसरी सम्पूर्ण क्लेश (= दश संयोजन) बाट मुक्त हुन्छन्- (हे. ४५९)
(१) रूप राग (२) अरूप राग (३) मान
(४) उद्धच्च (५) अविद्या

★ ४६५. बुद्धमा हुने ३७ गुणहरू अर्थात् **बोधिपक्षिय धर्म**हरू यसप्रकार छन् -

| | |
|---|---|
| स्मृति प्रस्थान (= सति पट्ठान[1]) | - ४ |
| सम्यक प्रधान (= सम्यक व्यायाम) | - ४ (हे. २७४) |
| ऋद्धिपाद | - ४ (हे. ४४३) |
| इन्द्रिय | - ५ |
| बल | - ५ |
| बोध्यंग | - ७ |
| मार्ग (= आर्य अष्टांगिक मार्ग) | - ८ (हे. २६५) |
| जम्मा | - ३७ |

१. चार स्मृति प्रस्थानको लागि सम्यक स्मृति (हे. २७५) हेर्नुस्।

Downloaded from http://dhamma.digital

★ ४६६. **पाँच इन्द्रियहरु** भन्नाले तलका ५ कुराहरू बुझिनु पर्छ । यी प्रमुख ५ विषयहरू नियन्त्रण गर्न सकिने हुनाले इन्द्रिय भनिएका हुन्-
(१) श्रद्धा (२) वीर्य (= उत्साह) (३) स्मृति (= होस)
(४) समाधि (५) प्रज्ञा

★ ४६७. **पाँच बल** भनेको निम्न विषयहरू हुन्-
(१) श्रद्धा बल (२) वीर्य बल (३) स्मृति बल
(४) समाधि बल (५) प्रज्ञा बल

★ ४६८. बोधिज्ञान प्राप्त गर्नलाई आवश्यक ७ अंगहरूलाई नै **बोध्यंग** भनेर बुझ्नु पर्छ । ती हुन् -
(१) स्मृति (२) वीर्य
(३) समाधि (४) धर्म विचय (= सद्‌विचार गर्नु)
(५) प्रीति (= मानसिक आनन्द)
(६) प्रश्रब्धि (= मानसिक र शारीरिक सुख)
(७) उपेक्षा (= तथस्तभाव)

★ ४६९. इच्छा प्रबल पार्ने पाँच विषयहरू नै **पंचकाम**को नामबाट जानिन्छ-
(१) रूप (२) शब्द (३) गन्ध (४) रस (५) स्पर्श

★ ४७०. निम्न पाँच शत्रुहरूलाई **पंचमार** भनिन्छन्-
(१) देवपुत्र मार - वशवर्ति नामक देउता
(२) क्लेश मार - मनका क्लेशहरू
(३) अधिसंस्कार मार - अकस्मात उत्पन्न वाधाहरू
(४) स्कन्ध मार - पंचस्कन्ध (हे. ४८१) बाट उत्पन्न वाधा
(५) मृत्यु मार - मृत्यु

★ ४७१. दुःखमा निर्लिप्त राख्ने चार विषयहरू छन् जसलाई **आश्रव** (= क्लेश) भनिन्छन् । यी विषयहरूलाई निर्मूल पार्नु नै **आश्रव क्षय** हो ।
(१) काम (= इन्द्रिय भोग) आश्रव
(२) भव (= जन्मने इच्छा) आश्रव
(३) दृष्टि (= गलत धारणा) आश्रव
(४) अविद्या (= अज्ञानता) आश्रव

तीन आश्रवहरू भन्नाले प्रथम तीन विषयहरू मात्रै बुझिलिनु पर्छ ।

Downloaded from http://dhamma.digital

★ ४७२. **उपादान** (= अनुराग) चार प्रकारका छन्[1] -
(१) काम उपादान - इन्द्रिय भोगमा भुलिराख्नु
(२) दृष्टि उपादान - पूर्वाग्रह हुनु
(३) शीलव्रत परामर्श - अन्धविश्वासमा टाँसिनु
(४) आत्मवाद - अहंभाव राख्नु

★ ४७३. तीन **अकुशल वितर्क** (= तर्कना) हरू यसरी दिइन्छन्-
(१) काम (= इन्द्रिय भोग) वितर्क
(२) व्यापाद (= द्वेष) वितर्क
(३) विहिंसा (= हिंसा) वितर्क

★ ४७४. तीन **कुशल वितर्कहरू** यसरी दिइन्छन्-
(१) नैष्क्रम्य (= त्याग) वितर्क
(२) अव्यापाद (= अद्वेष) वितर्क
(३) अविहिंसा (= अहिंसा) वितर्क

★ ४७५. तीन **प्रज्ञा** (= विवेक बुद्धि) हरू यसरी दिइन्छन्-
(१) शैक्ष्य प्रज्ञा - श्रोतापन्न भई अर्हत् नपुगेका सम्मको प्रज्ञा
(२) अशैक्ष्य प्रज्ञा - अर्हत्सँग हुने प्रज्ञा
(३) नशैक्ष्य नअशैक्ष्य प्रज्ञा - पृथकजन (हे. १९) सँग हुने प्रज्ञा

★ ४७६. आदि र अन्त नहुने तीन चीजहरू छन्-
(१) आकाश (२) निर्वाण (३) संसार

★ ४७७. **वेदना** (= अनुभूति) तीन प्रकारका छन्-
(१) सुखमय वेदना
(२) दुःखमय वेदना
(३) नसुख नदुःखमय वेदना

१. पंच उपादान भन्नाले पंच उपादान स्कन्ध (= पंच स्कन्ध) बुझ्नु पर्छ। (हे. ४८१)

Downloaded from http://dhamma.digital

## अभिधर्म

★ ४७८. संसारका विभिन्न विषय वस्तुहरुलाई दुई परमार्थ सत्यह
(Absolute Realities) मा बाँडन सकिन्छन्-
(१) **नाम** (= मन) - मानसिक क्रियाहरू
(२) **रूप** (= पदार्थ) - भौतिक वस्तुहरू

★ ४७९. नामलाई दुई भागमा वर्गिकरण गर्न सकिन्छ, यथा-
(१) चित्त (= चेतना)
(२) चेतसिक (= चित्तसँगै उत्पन्न हुने कुशल अकुशल विचार)

★ ४८०. चेतसिक पनि तीन विभाजनमा छुट्याउन सकिन्छन्-
(१) वेदना (= अनुभूति)
(२) संज्ञा (= चिन्ने धर्म)
(३) संस्कार (= मनमा पर्ने छाप)

★ ४८१. यसरी संसारका सबै विषय वस्तुलाई पाँच समुहमा बाँड्न सकिन्छ
जसलाई **पंचस्कन्ध** (= पांच उपादान स्कन्ध) भनिन्छ-

| पंचस्कन्ध | | | | दुई परमार्थ सत्य |
|---|---|---|---|---|
| (१) | रूप | - | रूप- | रूप |
| (२) | वेदना | | चेतसिक | नाम |
| (३) | संज्ञा | | | |
| (४) | संस्कार | | | |
| (५) | विज्ञान | - | चित्त | |

★ ४८२. नाम र रूप बाहेक क्लेशबाट मुक्त हुने एउटा अवस्था छ
जसलाई निर्वाण भनिन्छ । यसरी अभिधर्म अनुसार जम्मा **चार परमार्थ धर्म**हरू छन्-

(१) चित्त (२) चेतसिक (३) रूप (४) निर्वाण

Downloaded from http://dhamma.digital

## चित्त (र भूमि)

★ ४८३. भूमि अनुरूप चित्त चार प्रकारका छन्-
(१) कामावचर चित्त - काम लोकमा उत्पन्न हुने चित्त
(२) रूपावचर चित्त - रूप लोकमा उत्पन्न हुने चित्त
(३) अरूपावचर चित्त - अरुप लोकमा उत्पन्न हुने चित्त
(४) लोकोत्तर चित्त - लोकभन्दा माथि पुग्दाको चित्त
यी मध्ये पहिलो तीनलाई लौकिक चित्त पनि भन्न सकिन्छ।

★ ४८४. संख्याको हिसाबले जम्मा ८९ चित्तहरु छन् जुन यसप्रकार विभाजित छन् -
कामावचर चित्त - ५४ रूपावचार चित्त - १५
अरुपावचर चित्त - १२ लोकोत्तर चित्त - ८

★ ४८५. चौवन्न **कामावचर चित्त**हरु पुनः यसरी विभाजित गर्न सकिन्छ -
A. अशोभन (= असुन्दर) चित्त
(१) अकुशल (= खराब) चित्त
(क) लोभ चित्त - ८
(ख) द्वेष चित्त - २
(ग) मोह चित्त - २
(२) अहेतुक (= कारण नभएको) विपाक[१] चित्त
(क) अकुशल चित्त - ७
(ख) कुशल चित्त - ८
(ग) किरिया[२] चित्त - ३

B. शोभन (= सुन्दर) चित्त (सबै सहेतुक[३] )
(क) कुशल चित्त - ८
(ख) कुशल विपाक चित्त - ८
(ग) किरिया चित्त - ८

---

१. विपाक चित्त=फल भोग्नु पर्ने चित्त।
२. किरिया चित्त संस्कार नबनाउने र फल भोग्नु नपर्ने चित्त, अर्हत्‌हरूसँग मात्रै हुने।
३. सहेतुक=हेतु भएको; हेतु ६ छन्- कुशल हेतु (अलोभ, अद्वेष, अमोह) अकुशल हेतु (लोभ, द्वेष, मोह)।

Downloaded from http://dhamma.digital

★ ४८६. आठ अकुशल **लोभ चित्त**हरू-

| | | | |
|---|---|---|---|
| (१) | स्वरप्रेरित[१] चित्त | गलत धारणा भएको[३] | हर्षित भएर गरिएको [५] |
| (२) | परप्रेरित[२] चित्त | | |
| (३) | स्वप्रेरित चित्त | गलत धारणा नभएको[४] | |
| (४) | परप्रेरित चित्त | | |
| (५) | स्वप्रेरित चित्त | गलत धारणा भएको | बेवास्ता गरेर गरिएको[६] |
| (६) | परप्रेरित चित्त | | |
| (७) | स्वप्रेरित चित्त | गलत धारणा नभएको | |
| (८) | परप्रेरित चित्त | | |

★ ४८७. दुई अकुशल **द्वेष चित्त**हरू-

| | | | |
|---|---|---|---|
| (१) | स्वप्रेरित चित्त | खराब विचारले गरिएको[७] | मनमा दुःख लिई गरिएको[८] |
| (२) | परप्रेरित चित्त | | |

★ ४८८. दुई अकुशल **मोह चित्त**हरू-

| | | |
|---|---|---|
| (१) | स्वप्रेरित चित्त - शंका लिई गरिएको [९] | बेवास्ता गरेर गरिएको |
| (२) | स्वप्रेरित चित्त - मानसिक चंचलपनले गरिएको[१०] | |

१. स्वप्रेरित=**असंखारिक चित्त** (= आफ्नै इच्छाले गरेको)
२. परप्रेरित=**ससंखारिक चित्त** (=अर्काले गर्न लगाएको)
३. गलत धारणा भएको=**दृष्टिगत सम्प्रयुक्त** (= मिथ्या दृष्टि भएर)
४. गलत धारणा नभएको=**दृष्टिगत विपयुक्त** (=मिथ्या दृष्टि नभैकनै)
५. हर्षित भएर=**सोमनस्स सहगत** ।
६. बेवास्ता गरेर=**उपेक्षा सहगत** ।
७. खराब विचारले गरिएको=**प्रटिघ सम्पयुक्त** (=रिस र द्वेषले गरेको)
८. मनमा दुःख लिई गरिएको=**दौर्मनस्य सहगत** ।
९. शंका लिई गरिएको= **विचिकिच्छा सम्प्रयुक्त** ।
१०. मानसिक चंचलपनले गरिएको=**उद्धच्च सम्प्रयुक्त** ।

Downloaded from http://dhamma.digital

★ ४८९. सात अहेतुक **अकुशल विपाक चित्त**हरू-

(१) शरीर सम्बन्धि चेतना[११] - दु:खी भई गरिएको[१२]

(२) आँखा सम्बन्धि चेतना[१]
(३) कान सम्बन्धि चेतना[२]
(४) नाक सम्बन्धि चेतना[३]
(५) जिभ्रो सम्बन्धि चेतना[४]
(६) ग्रहण सम्बन्धि चेतना[५]
(७) अन्वेषण सम्बन्धि चेतना[६]
| बेवास्ता गरेर गरिएको

★ ४९०. आठ अहेतुक **कुशल विपाक चित्त**हरू-

(१) शरीर सम्बन्धि चेतना - खुसी भएर गरिएको[७]

(२) आँखा सम्बन्धि चेतना
(३) कान सम्बन्धि चेतना
(४) नाक सम्बन्धि चेतना
(५) जिभ्रो सम्बन्धि चेतना
(६) ग्रहण सम्बन्धि चेतना
(७) अन्वेषण सम्बन्धि चेतना
| बेवास्ता गरेर गरिएको

(८) अन्वेषण सम्बन्धि चेतना - खुसी भएर गरिएको

★ ४९१. तीन **अहेतुक किरिया चित्त**हरू-

(१) पंच इन्द्रियबाट उत्पन्न चेतना[८]
(२) मनको द्वारबाट उत्पन्न चेतना[९]
| बेवास्ता गरेर गरिएको

(३) मुस्कान उत्पन्न गर्ने चेतना [१०] - हर्षित भएर गरिएको

---

११. =काय विज्ञान ।
१२. दु:खी भई गरिएको=**दु:ख सहगत** ।
१. **=चक्षु विज्ञान** २. **=श्रोत विज्ञान** ३. **=घ्राण विज्ञान**
४. **=जिव्हा विज्ञान** ५. **= सम्पत्तिच्छन्न** ६. **= सन्तीरण**
७. खुसी भएर गरिएको=**सुख सहगत**
८. पंचद्वारावज्जन चित्त ९. मनोद्वारावज्जन चित्त
१०. हसितुप्पाद चित्त

Downloaded from http://dhamma.digital

★ ४९२. आठ **कुशल शोभन चित्त**हरू-

| | | |
|---|---|---|
| (१) स्वप्रेरित चित्त | ज्ञान सहित गरिएको[11] | हर्षित भएर गरिएको |
| (२) परप्रेरित चित्त | | |
| (३) स्वप्रेरित चित्त | ज्ञान रहित गरिएको[12] | |
| (४) परप्रेरित चित्त | | |
| (५) स्वप्रेरित चित्त | ज्ञान सहित गरिएको | बेवास्ता गरेर गरिएको |
| (६) परप्रेरित चित्त | | |
| (७) स्वप्रेरित चित्त | ज्ञान रहित गरिएको | |
| (८) परप्रेरित चित्त | | |

★ ४९३. आठ **कुशल विपाक शोभन चित्त**हरू-

| | | |
|---|---|---|
| (१) स्वप्रेरित चित्त | ज्ञान सहित गरिएको | हर्षित भएर गरिएको |
| (२) परप्रेरित चित्त | | |
| (३) स्वप्रेरित चित्त | ज्ञान रहित गरिएको | |
| (४) परप्रेरित चित्त | | |
| (५) स्वप्रेरित चित्त | ज्ञान सहित गरिएको | बेवास्ता गरेर गरिएको |
| (६) परप्रेरित चित्त | | |
| (७) स्वप्रेरित चित्त | ज्ञान रहित गरिएको | |
| (८) परप्रेरित चित्त | | |

★ ४९४. आठ **किरिया शोभन चित्त**हरू-

| | | |
|---|---|---|
| (१) स्वप्रेरित चित्त | ज्ञान सहित गरिएको | हर्षित भएर गरिएको |
| (२) परप्रेरित चित्त | | |
| (३) स्वप्रेरित चित्त | ज्ञान रहित गरिएको | |
| (४) परप्रेरित चित्त | | |
| (५) स्वप्रेरित चित्त | ज्ञान सहित गरिएको | बेवास्ता गरेर गरिएको |
| (६) परप्रेरित चित्त | | |
| (७) स्वप्रेरित चित्त | ज्ञान रहित गरिएको | |
| (८) परप्रेरित चित्त | | |

---

११. ज्ञान सहित गरिएको=**ज्ञान सम्प्रयुक्त**

१२. ज्ञान रहित गरिएको=**ज्ञान विपयुक्त**

Downloaded from http://dhamma.digital

★ ४९५. पन्द्रह **रूपावचर चित्त**हरू पुन: यसरी विभाजित गर्न सकिन्छ-

(क) रूपावचर कुशल चित्त - ५
(ख) रूपावचर विपाक चित्त - ५
(ग) रूपावचर किरिया चित्त - ५

★ ४९६. पाँच **रूपावचर कुशल चित्त**हरू -

(१) प्रथम ध्यानमा हुने कुशल चित्त (हे. ५५४)
(२) द्वितीय ध्यानमा हुने कुशल चित्त
(३) तृतीय ध्यानमा हुने कुशल चित्त
(४) चतुर्थ ध्यानमा हुने कुशल चित्त
(५) पंचम ध्यानमा हुने कुशल चित्त

★ ४९७. पाँच **रूपावचर विपाक चित्त**हरू माथि जस्तै ५ ध्यानहरूसँग सम्बन्धित विपाक चित्तहरू हुन्।

★ ४९८. पाँच **रूपावचर किरिया चित्त**हरू माथि जस्तै ५ ध्यानहरूसँग सम्बन्धित किरिया चित्तहरू हुन्।

★ ४९९. बाह्र **अरूपावचर चित्त**हरू पुन: यसरी विभाजित गर्न सकिन्छ-

(क) अरूपावचर कुशल चित्त - ४
(ख) अरूपावचर विपाक चित्त - ४
(ग) अरूपावचर किरिया चित्त - ४

★ ५००. चार अरूपावचर कुशल चित्तहरू -

(१) आकाशानञ्चायतन ध्यानमा हुने कुशल चित्त (हे. ५५८)
(२) विज्ञानाञ्चायतन ध्यानमा हुने कुशल चित्त
(३) आकिंचञ्ञायतन ध्यानमा हुने कुशल चित्त
(४) नेवसंज्ञानासंज्ञायतन ध्यानमा हुने कुशल चित्त

Downloaded from http://dhamma.digital

★ ५०१. चार **अरूपावचर विपाक चित्त**हरू पनि माथि जस्तै चार आयतन ध्यानहरूसँग सम्बन्धित विपाक चित्तहरू हुन् ।

★ ५०२. चार **अरूपावचर किरिया चित्त**हरू पनि माथि जस्तै चार आयतन ध्यानहरूसँग सम्बन्धित किरिया चित्तहरू हुन् ।

★ ५०३. आठ **लोकोत्तर चित्त**हरू पुनः यसरी विभाजित गर्न सकिन्छ[१] -

(क) मार्ग चित्त - ४

(ख) विपाक्ष चित्त (= फल चित्त) - ४

★ ५०४. चार **मार्ग चित्त**हरू

(१) श्रोतापत्ति मार्ग चित्त[२] (२) सकृदागामि मार्ग चित्त

(३) अनागामि मार्ग चित्त (४) अरहत् मार्ग चित्त

★ ५०५. चार **फल चित्त**हरू -

(१) श्रोतापत्ति फल चित्त[३] (२) सकृदागामि फल चित्त

(३) अनागामि फल चित्त (४) अरहत् फल चित्त

★ ५०६. ब्रह्माण्डमा बौद्ध धारणा अनुसार ३ **लोक**हरू (=भूवनहरू) छन् -

(१) काम लोक - जहाँ पंचकाम (हे. ४६९) विषय हुन्छ

(२) रूप लोक - जहाँ पंचकाम विषय हुँदैन तर भौतिक वस्तु हुन्छ

(३) अरूप लोक - जहाँ भौतिक वस्तु पनि हुँदैन, पंचकाम पनि हुँदैन

★ ५०७. ब्रह्माण्डमा ३१ **भूवन**हरू छन् । यिनीहरू यसरी विभाजित छन्-

(१) काम लोक - ११

(२) रूप लोक - १६

(३) अरूप लोक - ४

जम्मा भूवन ३१

---

१. लोकोत्तर चित्तलाई विस्तृत रूपमा ४० चित्तहरूमा पनि विभाजन गर्न सकिन्छ । हरेक मार्ग र फल चित्तहरूलाई ५ ध्यानहरूमा विभाजित गर्दा जम्मा ४० चित्तहरू हुन आउँछन् ।

२. श्रोतापत्ति मार्गमा लागेको चित्त ।

३. श्रोतापत्ति फल प्राप्त गरिसकेको चित्त ।

Downloaded from http://dhamma.digital

★ ५०८. **काम लोक** अन्तर्गत ११ भूवनहरू छन् जहाँ जीवहरू पंचकाम विषयमा निर्लिप्त हुन्छन् -

| | |
|---|---|
| (१) नरक<br>(२) तिर्यक (= पशु पंक्षी)<br>(३) प्रेत<br>(४) असुर (= यक्ष) | अपाय दुर्गति<br>(= दु:खदायी योनी) |
| (५) मनुष्य | |
| (६) चतुर्महाराजिक (= चतुर्महाराज बस्ने)<br>(७) त्रायतिंश (= ३३ देवताहरू बस्ने[2])<br>(८) यामा (= दिन रात नछुट्टिने)<br>(९) तुषिता (= प्रकाशमान् देवपुत्रहरू बस्ने[3])<br>(१०) निर्वाण रति (= ईच्छाले सबै कुरो बन्ने)<br>(११) परनिर्मित वशवर्ति (= वशवर्ति मार बस्ने) | देव भूवन<br>वा<br>स्वर्गलोक |

★ ५०९. **नरक** आठ वटा छन्- [48]

(१) संजीव - एकले अर्कालाई घाउ पार्ने नर्क
(२) कालसुत्त - भयंकर कालो सिक्रीले बाँधिने नर्क
(३) संघात - अति दु:खदायी नर्क
(४) रोरूव - कडाहीमा पकाइने कष्टदायी नर्क
(५) महारोरूव - अति कष्टदायी नर्क
(६) तापन - आगो र तापमा पोलाइने नर्क
(७) महातापन - अति भयंकर आगोमा पोलाइने नर्क
(८) अविचि - दु:खको अटुट श्रृंखला हुने नर्क

★ ५१०. **रूप लोक**मा १६ भूवनहरू र ती भूवनहरूमा पुऱ्याउने ध्यानहरू यसरी छन् - [48]

| *रूपावचर भूवन* | *प्राप्त गर्ने ध्यान* |
|---|---|
| (१) ब्रह्म पारिसद्य (= ब्रह्माका सेवकहरू बस्ने)<br>(२) ब्रह्म पुरोहित (= ब्रह्माका पुरोहितहरू बस्ने)<br>(३) महाब्रह्मा (= ब्रह्मा बस्ने) | प्रथम ध्यानबाट |
| (४) परितामा (= प्रकाशमान् भूवन)<br>(५) अप्रमाणाभा (= अनन्त प्रकाश हुने) | द्वितीय ध्यानबाट |

---

२. इन्द्र यहीं बस्छ । ३. बोधिसत्वहरू यहीं बस्छन् ।

Downloaded from http://dhamma.digital

| | |
|---|---|
| (६) आभस्वरा (= सर्व प्रकाश हुने)<br>(७) परिताशुभा (= शुभ भूवन)<br>(८) अप्रमाणसुभा (= अनन्त शुभ हुने)<br>(९) शुभकीर्णा (= सर्व शुभ हुने) | तृतीय ध्यानबाट |
| (१०) बृहत्फला (= बृहद फल हुने)<br>(११) असंज्ञासत्वा (= संज्ञा नहुने)<br>(१२) अविहा (= हरण नहुने ?)<br>(१३) अतप्ता (= क्लेश ताप नहुने)<br>(१४) सुदर्शा (= पूर्ण रूप हुने भूवन)<br>(१५) सुदर्शी (= पूर्ण दृष्टि हुने भूवन)<br>(१६) अकणिष्ठ (= सर्वोच्च भूवन) | चतुर्थ ध्यानबाट |

अन्तिम ५ भूवनहरूलाई **शुद्धावासा** पनि भनिन्छ।

★ ५११. अरूपावचर भूमि (= भूवन) जम्मा चार छन् जुन चार अरूपावचर ध्यानद्वारा (हे. ५५८) क्रमशः प्राप्त हुन्छ-

(१) आकाशानन्त्यायतन भूमि - शून्यता मात्र अनुभव हुने भूमि
(२) विज्ञानानन्त्यायतन भूमि - विज्ञान (= चेतना) मात्र बाकि रहेको भूमि
(३) आकिंचन्यायतन भूमि - अनुभव मात्र बाँकिरहेको भूमि
(४) नैवसंज्ञानासंज्ञायतन भूमि - संज्ञा मात्र बाकि रहेको भूमि

★ ५१२. विभिन्न लोकहरूमा विभिन्न धर्महरूको संख्या निम्नप्रकार छ -

| धर्म | काम लोक | रूप लोक | अरूप लोक |
|---|---|---|---|
| स्कन्ध | ५ | ५ | ४ |
| आयतन | १२ | ६ | २ |
| धातु | ८ | ९ | २ |
| सत्य | ३ | ३ | ३ |
| इन्द्रिय | २२ | १४ | ११ |
| हेतु | ९ | ८ | ८ |
| आहार | ४ | ३ | ३ |
| स्पर्श | ७ | ४ | १ |
| वेदना | ७ | ४ | १ |
| संज्ञा | ७ | ४ | १ |
| चेतना | ७ | ४ | १ |
| चित्त | ७ | ४ | १ |

Downloaded from http://dhamma.digital

## ेतसिक

५१३. चेतसिक जम्मा ५२ छन्। यिनीहरू यसरी पुनः वर्गीकरण गरिन्छ -

| | |
|---|---|
| (१) सर्व चित्त साधारण (=सबै चित्तमा हुने) | - ७ |
| (२) पकिण्णक चेतसिक (= विशेष चित्तहरूसँग उत्पन्न हुने) | - ६ |
| (३) अकुशल चेतसिक (= चित्तलाई अशुद्ध पार्ने) | - १४ |
| (४) शोभण साधारण चेतसिक (= सबै कुशल चित्तसँग उत्पन्न हुने) | - १९ |
| (५) विरति (= संयमी) चेतसिक | - ३. |
| (६) अप्पमञ्ञा (= सीमा रहित) चेतसिक | - २ |
| (७) प्रज्ञा चेतसिक | - १ |
| जम्मा | - ५२ |

५१४. सात सर्व चित्त साधारण चेतसिकहरू -

(१) फस्स (= स्पर्श)
(२) वेदना (= अनुभूति)
(३) संज्ञा (= चिन्ने धर्म)
(४) चेतना (= अभिप्राय)
(५) एकाग्रता
(६) जीवितेन्द्रिया (= सजीवता)
(७) मनसिकार (= स्मरण गर्नु=सतर्क हुनु)

५१५. छ पकिण्णक चेतसिकहरू-

(१) वितर्क (= तर्कना)
(२) विचार
(३) अधिमोक्ष (= उद्योग वा संकल्प)
(४) वीर्य (= प्रयत्न)
(५) प्रीति (= आनन्द)
(६) छन्द (= गर्ने इच्छा)

५१६. चौह्र अकुशल चेतसिकहरू-

(१) मोह (= मूर्खता)
(२) अहिरिक (= नैतिक लज्जाहीन)
(३) अनोतप्प (= नैतिक भयहीन)
(४) उद्धच्च (= चंचलपन)
(५) लोभ
(६) दृष्टि (= मिथ्या दृष्टि)
(७) मान (= अभिमान)
(८) द्वेष (= रिस)
(९) इर्ष्या
(१०) मच्छरिया (= कंचुसपन)
(११) कुक्कुच्छ (= पश्चाताप)
(१२) थीन (= मानसिक अल्सीपन)
(१३) मिद्ध (= सुस्तपन)
(१४) विचिकिच्छा (= नचाहिँदो शंका)

Downloaded from http://dhamma.digital

★ ५१७. उन्नाइस शोभन साधारण चेतसिकहरू -

(१) श्रद्धा
(२) सति (= स्मृति)
(३) हिरी (= नैतिक लज्जा)
(४) ओतप्प (= नैतिक भय)
(५) अलोभ (= लोभ नुहुनु)
(६) अद्वेष (= द्वेष नहुनु)
(७) तत्रमज्झत्तता (= समानता)
(८) कायपस्सद्धि (= चेतसिक शान्ति)
(९) चित्तपस्सद्धि (= चित्त शान्ति)
(१०) कायलहुता (= चेतसिक हलुंगो हुनु)
(११) चित्तलहुता (= चित्त हलुंगो हुनु)
(१२) कायमुदुता (= चेतसिक कोमल हुनु)
(१३) चित्तमुदुता (= चित्त कोमल हुनु)
(१४) कायकर्मञ्ञता (= चेतसिक कार्य योग्य हुनु)
(१५) चित्तकर्मञ्ञता (= चित्त कार्य योग्य हुनु)
(१६) कायपागुञ्ञता (= चेतसिक सिपालु हुनु)
(१७) चित्तपागुञ्ञता (= चित्त सिपालु हुनु)
(१८) कायुजुकता (= चेतसिक सिधासादा हुनु)
(१९) चित्तुजुकता (= चित्त सिधासादा हुनु)

Dhamma.Digital

★ ५१८. तीन विरति चेतसिकहरू-

(१) सम्यक् वचन (= ठीक वचन)
(२) सम्यक् कर्मान्त (= ठीक कर्म)
(३) सम्यक् आजीव (= ठीक जीविका)

★ ५१९. दुई अप्पमञ्ञा चेतसिकहरू-

(१) करूणा (= अर्काको दुःखमा दुःखी हुनु)
(२) मुदिता (= अर्काको सुखमा खुसी हुनु)

★ ५२०. एक प्रज्ञा चेतसिक - (१) प्रज्ञा (= सम्यक् बुद्धि)

Downloaded from http://dhamma.digital

## रूप

★ ५२१. रूप (= पदार्थ) जम्मा २८ प्रकारका छन्-

(१) चतुर्महाभूत - ४
(२) उपादाय रूप - ४
(३) अन्य - २०

★ ५२२. संसारका सबै पदार्थ (= रूप) लाई चार धातु वा चार महाभूत (= **चतुर्महाभूत**) मा विभाजित गर्न सकिन्छ-

(१) पृथ्वी (२) आपो (= जल)
(३) तेजो (= अग्नि) (४) वायु

★ ५२३. चार महाभूतबाट उत्पन्न हुने चार धर्महरू छन् जसलाई **उपादाय रूप** भनिन्छन् -

(१) वर्ण (२) गन्ध
(३) रस (४) ओज (= शक्ति)

★ ५२४. कुनै पनि पदार्थमा हुने ८ स्वभावहरूलाई **अष्टकलाप** भनिन्छन् । अष्टकलाप भन्नाले चार महाभूत र चार उपादाय रूप बुझिन्छन् । अष्टकलाप र तिनीहरूका परमार्थ अर्थहरू -

(१) पृथ्वी - भारत्व (Mass)
(२) आपो (= जल) - संयोजकपन (Cohesion)
(३) तेजो (= अग्नि) - चिसो, तातोपन (Energy)
(४) वायु - गतिशीलता (Motion)
(५) वर्ण - रंग (Colour)
(६) गन्ध - गन्ध (Smell)
(७) रस - स्वाद (Flavour)
(८) ओज - शक्ति (Nutriment)

★ ५२५. अठ्ठाइस प्रकारका रूपहरू (हे. ५२१) मध्ये अष्टकलाप बाहेक अन्य २० रूपहरू यसप्रकार छन् -

(१) चक्षु (= आँखा) (२) श्रोत (= कान)
(३) घ्राण (= नाक) (४) जिव्हा (= जिभ्रो)

Downloaded from http://dhamma.digital

(५) काय (= शरीर) (६) पुरुष भावरूप (= पुरुष गुण)
(७) स्त्री भावरूप (= स्त्री गुण) (८) हदयवत्थु (= हृदय)
(९) रूप जीवित (= रूप आरक्षा गर्ने शक्ति)
(१०) परिच्छेद (= खाली ठाउँ)
(११) काय विञ्ञति (= मनको भाव देखाउनु)
(१२) वचि विञ्ञति (= मनको कुरा पोख्नु)
(१३) सद्दा (= आवाज) (१४) लहुता (= हलुंगोपन)
(१५) मुदुता (= कोमलता) (१६) कर्मञ्ञता (= कार्य योग्य हुनु)
(१७) उपचय (= बृद्धि) (१८) सन्तति (= निरन्तरता)
(१९) जराता (= बुढा हुनु) (२०) अनित्यता

★ ५२६. **इन्द्रियहरू**[१] ६ वटा छन् -

(१) आँखा (२) कान (३) नाक
(४) जिभ्रो (५) शरीर (= छाला) (६) मन

★ ५२७. ६ इन्द्रियहरू र तिनीहरूका विषयलाई **आयतन** भनिन्छन् जुन १२ वटा छन् -

(१) आँखा (२) कान (३) नाक (४) जिभ्रो
(५) शरीर (६) मन (७) रूप (८) शब्द
(९) गन्ध (१०) रस (११) स्पर्श (१२) धर्म

★ ५२८. अठारह **धातु** भन्नाले ६ इन्द्रियहरू, तिनीहरूका विषय र तिनीहरू बिच स्पर्श हुँदा उत्पन्न हुने विज्ञान (= चित्त) हरू बुझिन्छन् -

(१) इन्द्रियहरू - ६ (आँखा, कान, नाक, जिभ्रो, शरीर, मन)
(२) विषयहरू - ६ (रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्म)
(३) विज्ञानहरू - ६ (चक्षु विज्ञान, श्रोत विज्ञान, घ्राण विज्ञान, जिव्हा विज्ञान, काय विज्ञान, मन विज्ञान)

---

१. ६ इन्द्रियहरूलाई ६ आयतन वा **षडायतन** पनि भनिन्छ।

Downloaded from http://dhamma.digital

# ्यान भावना

★ ५२९. भावना तीन प्रकारका छन्-
(१) काय भावना (२) चित्त भावना (३) प्रज्ञा भावना

★ ५३०. चार कारणले भावना गरिन्छन् -
(१) यसै जन्ममा सुख प्राप्तिको लागि
(२) ज्ञान दर्शनको लागि
(३) विवेकपूर्ण रूपले होस राख्नको लागि
(४) आश्रव क्षयको लागि

★ ५३१. ध्यान भावना मुख्यतः दुई प्रकारका छन् -
(१) समथ भावना (२) विपस्सना भावना

★ ५३२. पंच नीवरण (हे. ४५८) लाई निर्मूल पार्ने उद्देश्यले गरेको ध्यानलाई **समथ भावना** भनिन्छ । समथ भावनाको लागि ध्यान एकत्रित गर्ने ४० विषयहरू छन् जसलाई ४० **कर्मस्थान**हरू भनिन्छन् । यी हुन् -

| | | | |
|---|---|---|---|
| कसिण | - १० | आहार प्रतिकूल संज्ञा | - १ |
| अशुभ | - १० | धातु व्यवस्था | - १ |
| अनुस्मृति | - १० | आरूप्य (= अरूप) | - ४ |
| अप्रामाण्य | - ४ | जम्मा | - ४० |

★ ५३३. ध्यान गर्दा कुनै एउटा विषय वस्तुले सम्पूर्ण मनलाई अंगालेको भए त्यस वस्तुलाई **कसिण** भनिन्छ । जस्तै कुनै पनि किसिमको आगो हेरी ध्यान केन्द्रित गर्नुलाई तेजो कसिण र कुनै एक प्वालमा ध्यान केन्द्रित गर्नुलाई आकाश कसिण भनिन्छ । यसरी ध्यान केन्द्रित गर्नु हुने दश विषयहरू अर्थात् **दश कसिण** यसप्रकार छन् -

(१) पृथ्वी कसिण (= ठोस वस्तु) (२) आपो कसिण (= पानी)
(३) तेजो कसिण (= आगो) (४) वायु कसिण (= हावा, हुरी)
(५) नील कसिण (= नीलो वस्तु) (६) पीत कसिण (= पहेंलो वस्तु)
(७) लोहित कसिण (=रातो वस्तु) (८) ओदात कसिण (= सेतो वस्तु)
(९) आकाश कसिण (= कुनै प्वाल)
(१०) आलोक कसिण (= कुनै प्रकाश)

Downloaded from http://dhamma.digital

★ ५३४. घृणित संसारको सत्य रूप हेर्ने प्रयास स्वरूप गरिने ध्यानलाई **अशुभ संज्ञा** वा अशुभ ध्यान भनिन्छ। अशुभ संज्ञा १० वटा छन् -

(१) उद्धुमातक - फुलेको मृत शरीर हेर्नु
(२) विनीलक - नीलो भईसकेको मृत शरीर हेर्नु
(३) विपुब्बक - पीप बगेको मृत शरीर हेर्नु
(४) विच्छिद्दक - टुक्रा भएको मृत शरीर हेर्नु
(५) विक्खायितक - पशु पंक्षीले खाइराखेको लास हेर्नु
(६) विक्खितक - पशु पंक्षीले खाइसकेको लास हेर्नु
(७) हतविक्खितक - शस्त्रबाट विक्षिप्त भएको लास हेर्नु
(८) लोहितक - रगत बगेको लास हेर्नु
(९) पुलवक - किराले खाएको लास हेर्नु
(१०) अट्ठिक - कंकाल मात्रै भएको लास हेर्नु

★ ५३५. कुनै विषय सम्झेर त्यसमा होश राखी ध्यान गर्नुलाई **अनुस्मृति** भनिन्छ। जम्मा १० प्रकारका अनुस्मृति छन् -

(१) बुद्धानुस्मृति - बुद्ध सम्झी ध्यान गर्नु
(२) धर्मानुस्मृति - धर्म सम्झी ध्यान गर्नु
(३) संघानुस्मृति - संघ सम्झी ध्यान गर्नु
(४) शीलानुस्मृति - शील सम्झी ध्यान गर्नु
(५) त्यागानुस्मृति - त्याग सम्झी ध्यान गर्नु
(६) देवतानुस्मृति - देवता-विषय सम्झी ध्यान गर्नु
(७) उपसमानुस्मृति - निर्वाण सम्झी ध्यान गर्नु
(८) मरणानुस्मृति (= मरण सति) - मृत्यु सम्झी ध्यान गर्नु
(९) कायगतानुस्मृति - शरीरका फोहर मैला सम्झी ध्यान गर्नु
(१०) आनापानस्मृति (= आनापानसति) - श्वास प्रश्वासको होश राख्नु

★ ५३६. **चार अप्रमाण्य** भन्नाले ती ध्यानहरू बुझिन्छन् जसले गर्दा हाम्रो मन ब्रह्माको जस्तै शुद्ध हुन्छ, त्यसैले यिनीहरूलाई **चार ब्रह्मविहार** पनि भन्छिन्। यी हुन् - (१) मैत्री (२) करूणा (३) मुदिता (= अरूको सुखमा खुसी हुनु) (४) उपेक्षा (= तथस्तभाव)

★ ५३७. **आहार प्रतिकूल संज्ञा** भन्नाले खानाप्रति घृणा उत्पन्न गर्ने ध्यान (जस्तै दुषित पेट, अपच खाना, आदि) बुझिन्छ।

Downloaded from http://dhamma.digital

५३८. **धातु व्यवस्था** भनेको चार महाभूत (हे. ५२२) छुट्याएर गरिने भावना हो । जस्तै टाउकोमा हुने पृथ्वी, आपो, तेज, वायु धातुहरूको जाँच गर्नु धातु व्यवस्था अन्तर्गत पर्छ ।

★ ५३९. चार **आरूप्य** वा अरूपावचर ध्यानहरू ती ध्यानहरू हुन जसले मनलाई अरूपलोकमा पुऱ्याउँछ । अरूपावचर ध्यानहरू ४ वटा छन् । (तु. ५५८)

(१) आकाशानन्त्यायतन - अनन्त आकाशमा ध्यान केन्द्रित गर्नु
(२) विज्ञानानन्त्यायतन - अनन्त चेतनामा ध्यान केन्द्रित गर्नु
(३) आकिंचन्यायतन - शून्यतामा ध्यान केन्द्रित गर्नु
(४) नैवसंज्ञानासंज्ञायतन - न संज्ञा न असंज्ञामा ध्यान केन्द्रित गर्नु

★ ५४०. चरित्र ६ प्रकारका छन्-

(१) राग चरित्र (२) द्वेष चरित्र (३) मोह चरित्र
(४) श्रद्धा चरित्र (५) बुद्धि चरित्र (६) वितर्क (= तर्कना) चरित्र

★ ५४१. विभिन्न चरित्र हुनेलाई विभिन्न ध्यानहरू उपयुक्त छन् जसको तालिका यसप्रकार छ -

| *चरित्र* | *उपयुक्त ध्यान* |
|---|---|
| (१) राग | – १० शुभ अशुभ भावना र १ कायागतास्मृति |
| (२) द्वेष | – ४ अप्रमाण्य, ४ कसिण (नील, पीत, लोहित, ओदात) |
| (३) मोह<br>(४) वितर्क | – आनापानसति |
| (५) श्रद्धा | – प्रथम ६ वटा अनुस्मृति भावनाहरू (हे. ५३५) |
| (६) बुद्धि | – मराणानुस्मृति, उपसमानुस्मृति, प्रतिकूल संज्ञा, धातु व्यवस्था |

★ ५४२. ६ कसिण (= पृथ्वी, आपो, तेजो, वायु, आकाश, आलोक) र ४ आरूप्य भावनाहरू कुनै पनि चरित्र हुनेले गर्न सकिन्छ ।

★ ५४३. वर्तमान्मा भइरहेका प्रक्रियाहरूको अवलोकन गरी अनित्य, दुःख, अनात्माको ज्ञान दर्शन गर्नु नै **विपस्सना** (= विदर्शना) हो । यस भावनामा योगी (= ध्यानी) ले आफूमा जे जति भइरहेछ त्यो होश राख्छ ।

Downloaded from http://dhamma.digital

★ ५४४. विपस्सनामा क्रमशः शुद्ध हुँदै जाने ७ कुराहरूलाई **विपस्सना भाव** **विशुद्धि** भनिन्छन् । यी हुन् -

(१) शील विशुद्धि - आचरण राम्रो हुनु
(२) चित्त विशुद्धि - चित्तको क्लेश निर्मूल हुनु
(३) दृष्टि विशुद्धि - सम्यक् दृष्टि उत्पन्न हुनु
(४) कंखावितरण विशुद्धि - अनावश्यक शंका हत्नु
(५) मार्गामार्ग ज्ञान विशद्धि - सुमार्ग कुमार्ग बुझ्नु
(६) प्रतिपदा ज्ञान विशुद्धि - निश्चित मार्ग बुझ्नु
(७) ज्ञान दर्शन विशुद्धि - प्रज्ञाले पूर्ण हुनु

★ ५४५. विपस्सना भावना ४ प्रकारका छन् -

(१) कायानुपस्सना - शरीरप्रति जागरूक हुनु
(२) वेदनानुपस्सना - वेदनाप्रति जागरूक हुनु
(३) चित्तानुपस्सना - मन (= चित्त) प्रति जागरूक हुनु
(४) धर्मानुपस्सना - धर्म (= अनित्यता) प्रति जागरूक हुनु

★ ५४६. शरीर वा शारीरिक कार्यहरुमा होश राख्नुलाई **कायानुपस्सना** भनिन्द जस अन्तर्गत ४ भावनाहरू पर्छन -

(१) आनापान सति - श्वास फेरेकोमा होश राख्नु
(२) इरियापथ सति - चार इरियापथ (हे. ४३०) मा होश राख्नु
(३) प्रतिकूल मनसिकार - शारीरिक अंगमा घृणापूर्वक होश राख्नु
(४) धातु मनसिकार - चार धातुमा होश राख्नु (हे. ५२२)

★ ५४७. कस्तो खालको वेदना (= अनुभूति) उत्पपन्न भयो भनी होश राख नै **वेदनानुपस्सना** हो । यी वेदनाहरू अनुसार ६ भावनाहरु वेदनानुपस्सनामा समावेश गरिएका छन् -

(१) सामिस सुख वेदना - वस्तु पाएकोले प्राप्त सुख वेदना
(२) निरामिस सुख वेदना - वस्तु नपाएकोले प्राप्त सुख वेदना
(३) सामिस दुःख वेदना - वस्तु पाएकोले प्राप्त दुःख वेदना
(४) निरामिस दुःख वेदना - वस्तु नपाएकोले प्राप्त दुःख वेदना
(५) सामिस उपेक्षा वेदना - वस्तु पाएकोले प्राप्त उपेक्षा वेदना
(६) निरामिस उपेक्षा वेदना - वस्तु नपाएकोले प्राप्त उपेक्षा वेदना

Downloaded from http://dhamma.digital

५४८. कस्तो खालको चित्त उत्पन्न भयो भनी होश राख्नु नै **चित्तानुपस्सना** हो । यी चित्तहरू अनुसार १६ भावनाहरू चित्तानुपस्सनामा समावेश गरिएका छन् -

(१) सराग (= राग सहित) चित्त
(२) वीतराग (= राग रहित) चित्त
(३) सद्वेष (= द्वेष सहित) चित्त
(४) वीतद्वेष (= द्वेष रहित) चित्त
(५) समोह (= मोह सहित) चित्त
(६) वीतमोह (= मोह रहित) चित्त
(७) संखिता (= अल्सी) चित्त
(८) विक्खित (= चंचल) चित्त
(९) महग्गत (= उत्तम) चित्त
(१०) अमहग्गत (= अनुत्तम) चित्त
(११) स उत्तर (= भन्न उत्तम) चित्त
(१२) अनुत्तर (= सर्वोत्तम) चित्त
(१३) समाहित (= एकाग्र) चित्त
(१४) असमाहित (= अनेकाग्र) चित्त
(१५) विमुक्त (= मुक्त) चित्त
(१६) अविमुक्त (= अमुक्त) चित्त

★ ५४९. अनित्यताबारे होश राख्नु नै **धर्मानुपस्सना** हो । यस अन्तर्गत तलका कुन कुन कुराहरू उत्पन्न हुँदैन भन्ने होश राख्नु पर्छ, र यसै अन्तर्गत यसमा ५ भावनाहरू छन् -

(१) पंच नीवरण (हे. ४५८) (२) पंच उपादान स्कन्ध (हे. ४८१)
(३) ६ आयतन (हे. ५२६) (४) सात बोध्यंग (हे. ४६८)
(५) चार आर्यसत्य (हे. २५९)

★ ५५०. कायानुपस्सना अन्तर्गतको धातु मनसिकार भावना (हे. ५४६) मा **पृथ्वी धातु** भन्नाले तलका शरीरको ठोस अंग प्रत्यंगहरू बुझिन्छन् -

(१) केसा (= रौं) (२) लोमा (= कंचटको रौं)
(३) नखा (= नङ्) (४) दन्ता (= दाँत)
(५) तचो (= छाला) (६) मंसं (= मासु)
(७) नहारू (= नशा) (८) अट्ठि (= हाड)
(९) अट्ठिमिञ्जं (= मासी) (१०) वक्कं (= मृगौला)

Downloaded from http://dhamma.digital

(११) हृदयं (= मुटु) (१२) यकनं (= कलेजो)
(१३) किलोमक (= झिल्ली) (१४) पिहकं (= फियो)
(१५) पप्फासं (= फोक्सो) (१६) अन्तं (= ठूलो आन्द्रा)
(१७) अन्तंगुणं (= सानो आन्द्रा) (१८) उदरीयं (= पेट)
(१९) करीसं (= मल) (२०) मत्थलुङ्गं (= मगज)

★ ५५१. कायानुपस्सनामा **आपो धातु** भन्नाले तलका शरीरका तरल पदार्थहरू बुझिन्छन् -
(१) पित्तं (= पित्त) (२) सेम्हं (= खकार)
(३) पुब्बो (= पीप) (४) लोहितं (= रगत)
(५) सेदो (= पसिना) (६) मेदो (= चिल्लो)
(७) अस्सु (= आँसु) (८) वस्सा (= बोसो)
(९) खेलो (= थुक) (१०) सिंघाणीकं (= सिंघान)
(११) लसिकं (= र्‍याल) (१२) मुत्तं (= पिसाव)

★ ५५२. कायानुपस्सनामा **तेजो धातु** भन्नाले तलका कुराहरू बुझिन्छन्-
(१) सन्तापन तेजो - तापले शरीर डाह हुनु
(२) जिरण तेजो - तापले शरीर जीर्ण हुनु
(३) परीपाचक तेजो - बैंश चढ्नु
(४) परीदहन तेजो - शोक, पीडा र डाह हुनु

★ ५५३. कायानुपस्सनामा **वायो धातु** भन्नाले तलका कुराहरू बुझिन्छन्-
(१) उद्धंगम (= माथि जाने) वायु
(२) अधोगम (= तल जाने) वायु
(३) कुच्छित्थ (= पेटको) वायु
(४) कोठ्ठासय (= आन्द्राको) वायु
(५) अंग मंगानुसारी वायु (= अंग प्रत्यंगमा बहने वायु)
(६) अस्सास पस्सास वायु (= श्वास फेर्ने वायु)

★ ५५४. रूप लोकमा पुग्ने ध्यानहरू अर्थात् **रूपावचर ध्यान**हरू ५वटा छन्-
(१) प्रथम ध्यान - वितर्क, विचार, प्रीति, सुख र एकाग्रता भएको ध्यान
(२) द्वितीय ध्यान - विचार, प्रीति, सुख र एकाग्रता भएको ध्यान
(३) तृतीय ध्यान - प्रीति, सुख र एकाग्रता भएको ध्यान
(४) चतुर्थ ध्यान - सुख र एकाग्रता भएको ध्यान
(५) पंचम ध्यान - उपेक्षा र एकाग्रता मात्र भएको ध्यान

Downloaded from http://dhamma.digital

★ ५५५. कायगतानुस्मृति र दश अशुभ भावनाहरूद्वारा प्रथम ध्यानसम्म मात्र पुग्न सकिन्छ ।

★ ५५६. मैत्री, करूणा, मुदिता - यी तीन भावनाहरूद्वारा चतुर्थ ध्यानसम्म पुग्न सकिन्छ ।

★ ५५७. पंचम ध्यान प्राप्त गर्न उपेक्षा भावना गर्नु पर्दछ ।

★ ५५८. अरूप लोकमा उत्पन्न हुने ध्यानहरू अर्थात् अरूपावचर ध्यानहरू ४ वटा छन्- (तु. ५३९)

(१) आकाशानन्त्यायतन ध्यान - शून्यता मात्र अनुभव हुने ध्यान
(२) विज्ञानानत्यायतन ध्यान - अनुभव थाहा पाउने विज्ञान बाकिरहेको ध्यान
(३) आकिंचन्यायतन ध्यान - अनुभव मात्रै बाकिरहेको ध्यान
(४) नैवसंज्ञानासंज्ञायतन ध्यान - सूक्ष्म संज्ञा मात्रै बाकिरहेको ध्यान

★ ५५९. चार अरूपावचर ध्यानहरूवाट उतिर्ण भएपछि "संज्ञा वेदचित निरोध" ध्यानमा पुगिन्छ र यसैलाई **निरोध समापत्ति** पनि भनिन्छ । यो सर्वोच्च ध्यानमा संज्ञा पनि निरोध भई प्रज्ञा उत्पन्न हुन्छ । अर्हत्‌हरू मात्रै यो ध्यानमा पुग्छन् ।

★ ५६०. **आठ समापत्ति** (= अष्ट समापत्ति) भन्नाले तलका ८ ध्यानहरू बुझिन्छन् -

| | |
|---|---|
| (१) प्रथम ध्यान<br>(२) द्वितीय ध्यान<br>(३) तृतीय ध्यान<br>(४) चतुर्थ ध्यान | रूपावचर ध्यानहरू |
| (५) आकाश - आनन्त्यायतन<br>(६) विज्ञान - आनन्त्यायतन<br>(७) आकिंचन्य आयतन<br>(८) नैवसंज्ञा नासंज्ञा आयतन | अरूपावचर ध्यानहरू |

Downloaded from http://dhamma.digital

★ ५६१. ध्यानको लागि उपयुक्त स्थानमा तलका गुणहरू हुनु पर्दछ -
(१) न धेरै नजिक, न टाढा (२) सजिलै पुग्न सकिने
(३) दिनमा भीड नहुने (४) रातमा सुनसान हुने
(५) किरा, सर्प, हुरी, सूर्य आदिले दुःख नदिने

★ ५६२. ध्यान गर्ने योगीसँग हुनु पर्ने ५ गुणहरू -
(१) श्रद्धावान् (२) निरोगी
(३) यथार्थ बोल्ने (= ध्यान अनुभव सम्बन्धि झुठो नबोल्ने)
(४) सम्यक् प्रयत्न गर्ने (५) सम्यक् प्रज्ञा हुने

★ ५६३. ध्यान गर्नको लागि नसुहाउने अवस्थाहरू -
(१ बुढा (२) रोगी
(३) अनिकाल (४) जंगली जन्तुको भय भएको ठाउँ
(५) भिक्षु संघमा भेद भइरहेको बेला

★ ५६४. निम्नलिखित व्यक्तिहरू मध्ये कुनै एकलाई ध्यान गुरु (= कल्याणमित्र) चुन्न सकिन्छ - [49]
(१) अनागामि (२) सकृदागामि
(३) श्रोतापन्न (४) ध्यान भावना गर्ने पृथकजन
(५) त्रिपिटकमा पारंगत व्यक्ति (६) दुई पिटकमा पारंगत व्यक्ति
(७) एक पिटकमा पारंगत व्यक्ति
(८) एक अट्ठकथा सहित निकायमा पारंगत व्यक्ति
(९) आत्मसंयमी व्यक्ति

★ ५६५. ध्यान लाभ गर्नको लागि छाड्न आवश्यक ५ कुराहरू छन् जसलाई **पाँच मात्सर्य** वा मच्छरिय (= डाह) भनिन्छ -
(१) लाभ मात्सर्य - अरूको लाभ देखेर मनमा डाह हुनु
(२) वर्ण मात्सर्य - अरूको रूप देखेर मनमा डाह हुनु
(३) आवास मात्सर्य - अरूको वासस्थान देखेर मनमा डाह हुनु
(४) कुल मात्सर्य - अरूको परिवार देखेर मनमा डाह हुनु
(५) धर्म मात्सर्य - अरू विद्वान् भएको देखेर मनमा डाह हुनु

Downloaded from http://dhamma.digital

★ ५६६. मोक्षतिर लग्ने ८ क्रमिक कुराहरूलाई **आठ विमोक्ष** भनिन्छन्-

(१) रूपमा रूपसंज्ञी (= अस्तित्व थाहा पाउनें) हुन्छ

(२) अरूपसंज्ञी भई (= चित्तद्वारा) बाहिरी रूप देख्छ

(३) चित्तलाई राम्रो काममा लगाउँछ

(४) आकाशानन्त्यायतन ध्यान लाभ गर्छ (हे. ५५८)

(५) विज्ञानानन्त्यायतन ध्यान लाभ गर्छ (हे. ५५८)

(६) आकिंचान्यानयतन ध्यान लाभ गर्छ (हे. ५५८)

(७) नैवसंज्ञानासंज्ञायतन ध्यान लाभ गर्छ (हे. ५५८)

(८) संज्ञावेदचित्त निरोध ध्यान लाभ गर्छ (हे. ५५९)

★ ५६७. दश प्रकारले उत्तम तरिकाद्वारा जीवन जिउन सकिन्छ, जसलाई **दश आर्यवास** (= श्रेष्ठ वास) भनिन्छ - [24]

(१) पंच नीवरण रहित (२) उपेक्षा भाव

(३) एकरक्षा स्मृति युक्त (४) राम्ररी बुझी सेवन वा त्याग

(५) मिथ्या दृष्टिको त्याग (६) ब्रह्मचर्य (= असल चर्या) पालन

(७) खराब संकल्पबाट मुक्त (८) चतुर्थ ध्यान प्राप्त

(९) क्लेश मुक्त (१०) प्रज्ञावान्

■

Dhamma.Digital

Downloaded from http://dhamma.digital

★ ५६८. आमाबाबुको अनुमतिबिना प्रव्रजित हुन नपाउने विनय (= नियम
बुद्धले कपिलवस्तुमा बनाउनु भएको थियो ।

★ ५६९. विस्तृत र व्यबस्थित विनय बुद्धत्व प्राप्तिको २० वर्ष पछि मात्रै
बनेको थियो ।

★ ५७०. आठ वस्तुहरू भिक्षुहरूको व्यक्तिगत सम्पत्ति हुन्छन् जसलाई **अष्ट परिष्कार** भनिन्छ । ती हुन् -

(१) संघाति - दुबै पट्टि भएको चीवर

(२) उत्तरासंग - एउटा मात्र भएको चीवर

(३) अन्तरवासक - लुंगी

(४) पात्र - फलामको (वा माटोको) पात्र

(५) खुर - कपास काट्ने छुरा

(६) कायबन्धन - पटुका (= पेटी)

(७) परिस्सावन - पानी छान्ने कपडा

(८) सूचिका - धागो (र सियो)

★ ५७१. भिक्षुहरूलाई चाहिने चार कुराहरूलाई **चतुप्रत्यय** वा चार प्रत्ययहरू
भनिन्छन् -

(१) चीवर (= वस्त्र) (२) सयनाशन (= वासस्थान)

(३) भिक्षापात्र (= भोजन) (४) गिलान प्रत्यय (= औषधी)

★ ५७२. दुई हप्तामा एक पटक भेला भई शुद्धिकर्म गर्ने कामलाई **उपोसथ**
भनिन्छ । उपोसथ ९ प्रकारका छन् -

(क) दिन उपोसथ

(१) चातुर्दशी - १४ दिनमा एक पटक गरिने

(२) पण्णरसि - १५ दिनमा एक पटक गरिने

(३) सामग्गि - परस्पर मेलमिलाप पछि पुनः उपोसथ गर्ने

Downloaded from http://dhamma.digital

(ख) कारक उपोसथ (संख्या अनुसार)

(१) संघ उपोसथ - ४ वा बढि भिक्षुहरू भएको
(२) गण उपोसथ - २ वा ३ भिक्षुहरू भएको
(३) पुद्गल उपोसथ - एक्लै गरिने

(ग) कर्तव्याकार उपोसथ (कर्तव्य अनुसार)

(१) सत्तुदेश उपोसथ - ४ वा बढि भिक्षुहरू भएको
(२) पारिशुद्धि उपोसथ - २ वा ३ भिक्षुहरू भएको
(३) अधिष्ठान उपोसथ - एक्लै गरिने

★ ५७३. वर्षावास पछि भिक्षुहरू भेला भई अधिष्ठानबाट मुक्त भई आफ्नो दोष स्वीकार गर्नुलाई **पवारणा** भनिन्छ ।

★ ५७४. उपासकहरूको श्रद्धा बिग्रने काम गरेमा भिक्षुहरूले उनीहरूसँग क्षमा माग्नु पर्छ जसलाई **प्रतिसारणीय कर्म** भनिन्छ ।

★ ५७५. भिक्षुलाई संघबाट बहिष्कार गर्ने कर्मलाई **उक्खेपनिय कर्म** भनिन्छ ।

★ ५७६. तलका आठ कुराहरूमा कुनै एक काम गर्नेलाई जुन दण्ड दिइन्छ त्यसलाई **पत्तनिक्कुजन कर्म** भनिन्छ । यसमा दोषी व्यक्तिसँग संघको सम्बन्ध विच्छेद गरिन्छ र उसले दिएको कुनै पनि कुरो कसैले लिँदैन । ती आठ कुराहरू यसरी छन् -

(१) भिक्षुहरूको अलाभको लागि काम गर्नु
(२) भिक्षुहरूको अनर्थको लागि काम गर्नु
(३) भिक्षुहरूलाई वास रहित पार्ने काम गर्नु
(४) भिक्षुहरूलाई कठोर वचन बोल्नु
(५) भिक्षु भिक्षुमा भेद गर्नु
(६) बुद्धको अवगुण गान गर्नु
(७) धर्मको अवगुण गान गर्नु
(८) संघको अवगुण गान गर्नु

★ ५७७. स्थानिय विहारमा भिक्षु संघको अनुमति लिई प्रब्रजित गरिँदा (= श्रामणेर बनाउँदा) भिक्षुहरूको अगाडि गर्नुपर्ने एक कर्म छ जसलाई **भण्डुक कर्म** भनिन्छ ।

Downloaded from http://dhamma.digital

★ ५७८. उपसम्पदा गर्दा आचार्यद्वारा "केसा, लोमा, नखा, दन्ता, तचो" (केश, रोम, नङ, दाँत र छाला) भन्ने ५ ध्यानका वस्तुहरूको घोषणा ग गर्छ जसलाई **ततपंचक कर्म** भनिन्छ।

★ ५७९. प्रव्रज्या र उपसम्पदा दिन अयोग्य व्यक्तिहरू -
(१) पाँच रोगहरू हुने रोगी। ती ५ रोगहरू हुन्- कुष्ठ रोग, गण्ड रोग ( फोडा), चर्म रोग, सोस (= टी. बी.) र अपमार (= मृगी रोग)
(२) सैनिक (३) खुंखार डाकु
(४) जेल तोड्ने व्यक्ति (५) चोर घोषित व्यक्ति
(६) कोर्राको सजाय पाउने चोर
(७) आगोले पोलाउने सजाय पाउने चोर
(८) ऋणी (९) दास

★ ५८०. प्रव्रज्या र उपसम्पदा दिन (= भिक्षु बनाउन) अन्य अयोग्य व्यक्तिहरू -
(१) नपुंसक (२) उभयपुंकस (= दुवै लिंग हुने)
(३) बौद्ध भिक्षुत्व त्यागी अन्य धर्ममा लागिसकेको
(४) अमनुष्य (५) आमा मार्ने
(६) बाबु मार्ने (७) अरहत् मार्ने
(८) बुद्धलाई घाइते पार्ने (९) संघ भेद गर्ने
(१०) भिक्षुणीहरूलाई बिगार्ने

★ ५८१. बुढा हुँदा प्रव्रजित हुने व्यक्तिहरूसँग तलका गुणहरू हुँदैनन्-
(१) अनुशासन (२) राम्रो अध्ययन (३) गुरुप्रति कर्तव्य
(४) राम्रो उपदेशक बन्नु (५) विनयधर हुनु

★ ५८२. भिक्षु हुने व्यक्तिले तलका ४ **निश्रय**हरूमा जीविका चलाउने अठोट गर्नुपर्छ।
(१) भिक्षाटन गरेरै खान्छु (पाएमा निमन्त्रणा आदिमा पनि जाने)
(२) पांशुकुल चीवर लगाउँछु (पाएमा अन्य चीवर पनि ग्रहण गर्ने)
(३) रूखमुनि सुत्छु (पाएमा विहार, घरमा पनि बस्ने)
(४) गोमूत्रको औषधी लिन्छु (पाएमा अन्य औषधी पनि लिने)

Downloaded from http://dhamma.digital

★ ५८३. तलका १० प्राणीहरूको मासु खान अयोग्य मानिन्छन्-

(१) मान्छे (२) हात्ती (३) घोडा (४) कुकुर
(५) सर्प (६) सिंह (७) बाघ (८) चितुवा
(९) भालु (१०) लकडबग्घा (Hyena)

★ ५८४. **"पाराजिका"** भन्नाले भिक्षुहरूले उलंघन गर्न नहुने चार नियमहरू बुझिन्छन् । "पाराजिका" मा परेको भिक्षुलाई चीवर फुकाली भिक्षु संघबाट निष्काशित गरिन्छ । ती चार नियमहरू हन् -

(१) कसैसँग सहवास गर्नु (२) ठूलो चोरी गर्नु
(३) मान्छे मार्नु (४) दिव्य शक्ति भएको ढोंग गर्नु

★ ५८५. यी पाराजिका उपदेशहरू शास्ताले तलका व्यक्तिहरूको कारणले दिनु भएको थियो -

| *पाराजिका* | *व्यक्ति (कारण)* | *स्थान* |
|---|---|---|
| प्रथम | भिक्षु सुदिन्न | राजगृह |
| दोस्रो | भिक्षु धनिय | राजगृह |
| तेस्रो | धेरै भिक्षुहरू | वैशाली |
| चौथो | वग्गु-मुदा-तीरवासी भिक्षुहरू | वैशाली |

★ ५८६. भिक्षुहरूले जम्मा २२७ र भिक्षुणीहरूले ३११ वटा नियमहरू पालन गर्नु पर्छन् जुन यसप्रकार छन्-

| **विनय** | **भिक्षु नियम** | **भिक्षुणी नियम** |
|---|---|---|
| पाराजिका | ४ | ८ |
| संघादिसेस[१] | १३ | १७ |
| अनियत[२] | २ | × |

१. जुन नियम उलंघन गरेमा २० जना भिक्षुहरूको संघका निर्णय अनुसार दोष दिइन्छ त्यसलाई संघादिसेस भनिन्छ । जस्तै कुनै भिक्षुद्वारा कुनियतले केटीको हात पक्रनु ।

२. यस अन्तर्गत कुनियत उत्पन्न हुने एकान्तमा कुनै स्त्रीसँग बस्न नहुने नियमहरू छन् ।

Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| निस्सग्गिय[३] | ३० | ३० |
| पाचित्तिय[४] | ९२ | १६६ |
| पाटिदेसनिय[५] | ४ | ८ |
| सेखिय[६] | ७५ | ७५ |
| अधिकरण समथ[७] | ७ | ७ |
| जम्मा | २२७ | ३११ |

■

Dhamma.Digital

---

३. तीं नियमहरू जुन उलंघन गर्नेले आफूले भूल स्वीकार गरी छाड्ने प्रतिज्ञा गरेमा दोषबाट मुक्त हुन्छ। जस्तै- कुनै भिक्षुले कुनै भिक्षुणीको हातबाट चीवर धुन लगाउनु।

४. = दोष। जस्तै- कुनै रुख काट्नु।

५. = प्रतिदेशना गर्न योग्य। सानातिना काम जुन आफूले स्वीकार गर्दाखेरि दोष मुक्त हुन्छ। जस्तै- मध्यान्ह पछि भोजन गर्नु।

६ = सिक्न योग्य। जस्तै- भोजन खाँदा मनपरिसँग मुख नचलाइकन खानु

७. = झगडा समाधान गर्नु। जस्तै- आफ्नो दोष स्वीकार गरेर।

Downloaded from http://dhamma.digital

## संगायना

★ ५८७. बुद्ध परिनिर्वाण हुँदा जहाँ एकातिर सारा जनता दुःखित भएका थिए, अर्कोतिर एकजना बृद्ध प्रब्रजित भिक्षु हर्षित पनि भएका थिए । **सुभद्र** नामक उक्त भिक्षुले भनेको थियो, "बेसै भयो ! बुद्धका नियमहरूबाट हामी मुक्त भएँ । हामी स्वतन्त्र भएँ ।"

★ ५८८. भिक्षु सुभद्रको अभद्र कुरा सुनेर महाकाश्यप महास्थविरले बुद्ध उपदेश र नियमहरू संग्रह गर्ने निर्णय गरेका थिए । यस्तो बुद्ध शिक्षाको संग्रह र शुद्धिकरणलाई **संगायना** (= संगीति) भनिन्छ ।

★ ५८९. बुद्ध परिनिर्वाण पछि भिक्षु आनन्दलाई तलका ५ लांछनाहरू लगाइएका थिए जसको प्रत्यूत्तर आनन्दद्वारा दिइएको थियो । ती लांछनाहरू हुन् -

(१) आनन्दले बुद्धसँग सानातिना नियम (= क्षुद्रानिक्षुद्र शिक्षा) भनेको के हो भनी सोध्न सकेको थिएन[1] ।

(२) एकपल्ट आनन्दले तथागतको बर्षाणवस्त्र (= नुहाउने चीवर) लाई पाउले कुल्ची सिएका थिए ।

(३) परिनिर्वाण पछि बुद्धको शरीर आनन्दले सबभन्दा पहिले नारीहरूलाई दर्शन गराएका थिए ।

(४) बुद्ध परिनिर्वाण हुने कुरा थाहा पाइकन पनि आनन्दले बुद्धसँग केही वर्ष अरू जीवित रहन अनुरोध गरेनन् ।

(५) आनन्दले बुद्धको धर्ममा नारीहरूलाई प्रब्रजित गरायो । महासांघिक (हे. ६००) मा तलका चार लांछनाहरू बढि लगाइएका छन् -

(१) बुद्धले तीन पटकसम्म माग्दा पनि आनन्दले पानी दिएन ।

(२) आनन्दले दुश्चरित्र स्त्रीहरूलाई बुद्धको गुप्तांग देखायो ।

(३) बुद्धको शरीर स्त्रीहरूलाई नुहाउन दियो ।

(४) बुद्धको शरीर स्त्रीहरूलाई आँसुले रूझाउन दियो ।

---

१. परिनिर्वाण हुनु अघि बुद्धले भिक्षुहरूका सानातिना नियमहरू बदल्न सकिने छ भनी उपदेश दिनु भएका थिए ।

Downloaded from http://dhamma.digital

★ ५९०. बुद्ध परिनिर्वाणको तीन महिना पछि **प्रथम संगायना** भएको थियो । उक्त संगायना राजा अजातशत्रुको संरक्षणमा राजगृहको बेब्भार पर्वतस्थित सप्तपर्णी गुफामा सम्पन्न भएको थियो ।

★ ५९१. प्रथम संगायनामा भिक्षु महाकाश्यप महास्थविरले प्रश्न सोध्नु भएको थियो । विनय सम्बन्धि उत्तर भिक्षु उपाली महास्थविरले र धर्म (= बुद्धोपदेश) सम्बन्धि उत्तर भिक्षु आनन्द महास्थविरले दिनु भएको थियो[1] ।

★ ५९२. प्रथम संगायनामा ५०० अर्हत्‌हरूले भाग लिएको हुनाले यसलाई **पंचसतिक** पनि भनिन्छ । यो श्रावण कृष्ण पक्षको पंचमिमा शुरु भई ७ महिनासम्म चलेको थियो ।

★ ५९३. प्रथम संगायनामा अग्रस्थान प्राप्त भिक्षुहरू जम्मा ९ जना थिए-

| | | |
|---|---|---|
| (१) महाकाश्यप | (२) आनन्द | (३) उपाली |
| (४) अनुरुद्ध | (५) वंगीस | (६) पूर्ण |
| (७) कुमार काश्यप | (८) कात्यायन | (९) कोष्ठित |

★ ५९४. प्रथम संगायना पछि छन्न (हे. ३५) भिक्षुलाई ब्रह्म दण्ड दिइएको थियो । कसैको कुरा नमान्ने घमण्डी हुनाले छन्नलाई उक्त दण्ड दिइएको थियो । यस अनुसार दोषीसँग भिक्षु संघमा कसैले पनि बोल्दैन ।

★ ५९५. **पुराण** नामक भिक्षु राजगृह आउँदा प्रथम संगायना समाप्त भइसकेको थियो । अनि उसले आफू बुद्धको उपदेश अनुसार मात्र चल्ने निर्णय सुनाएको थियो ।

---

१. यसबाट स्पष्ट हुन्छ कि सम्पूर्ण बुद्ध वचन भिक्षु आनन्दले यस संगायनामा सुनाइका हुन् । त्यसैले पाली बौद्ध साहित्यमा हरेक सूत्रको शुरुवातमा “यस्तो मैले सुनेको छु”- भनी उल्लेख भएको पाइन्छ । वस्तुतः यो वाक्य आनन्दले भनेका थिए ।

Downloaded from http://dhamma.digital

★ ५९६. दोस्रो संगायना तलका दश विवादास्पद कुराहरूको कारणले भएको थियो । यी दश कुरा मान्नेहरूको समूह[1] मूल बुद्ध-धर्म (= स्थविरवाद) बाट छुट्टिएर गई **महासांघिक** सम्प्रदायको उत्पत्ति भयो ।

(१) सिंगमा नुन राखेर (= संग्रह गरेर) लग्नु हुन्छ ।
(२) मध्यान्ह पछि दुई अंगुल छाया लामो भएसम्म भोजन गर्नु हुन्छ ।
(३) एकै दिनमा अर्को गाउँमा फेरि भोजन गर्नु हुन्छ
(४) एउटै सीमागृह (= उपोसथ गृह) भएको ठाउँमा विभिन्न भिक्षुहरूले अलग अलग उपोसथ गर्नु हुन्छ ।
(५) अनुमति पछि मात्र लिउँला भनी उपोसथ गर्नु हुन्छ ।
(६) उपाध्यायको अन्धानुकरण गर्नु हुन्छ ।
(७) पुग्यो भनी प्रतिक्षेप गरेको दुध दही नजम्दै खांनु हुन्छ ।
(८) रक्सी हुन नपाएको मद्य पिउनु हुन्छ ।
(९) किनारा नभएको लम्पट प्रयोग गर्नु हुन्छ ।
(१०) सुन चाँदी ग्रहण गर्नु हुन्छ ।

★ ५९७. माथिका दश कुराहरूमा विवाद उठेपछि महासांघिक पक्षले प्रसिद्ध भिक्षु **रेवत महास्थविर**लाई आफ्नो पक्षमा ल्याउन घुस ख्वाउन लगेको थियो, जुन उहाँले स्वीकार गर्नु भएन । पछि उहाँकै शिष्य **उत्तर महास्थविर**लाई घुस खुवाइयो, जसको दण्ड स्वरूप रेवतले उत्तरलाई आफ्नो संघबाट निकाला गरिदिए ।

★ ५९८. बुद्ध परिनिर्वाणको १०० वर्ष पछि (ई.पू. ३८३ मा) मगधको राजा कालाशोकको संरक्षणमा **दोस्रो संगायना** भएको थियो । वैशालीको बालुकाराम विहारमा भएको उक्त संगायनामा रेवत महास्थविरले प्रश्न गऱ्यो र १२० वर्षीय भिक्षु **सर्वकामी महास्थविर**ले उत्तर दिनु भयो । दोस्रो संगायनामा ७०० अर्हत्‌हरूको उपस्थिति भएकोले यसलाई **सत्तसतिक** वा विनय संगायना पनि भनिन्छ । यो संगायना श्रावण पूर्णिमामा शुरु भई ८ महिनासम्म चल्यो । दोस्रो संगायना भिक्षु **यश महास्थविर**को सभापतित्वमा भएको थियो ।

★ ५९९. दोस्रो संगायनाको बेला बुद्धको दर्शन गर्न पाउने भिक्षुहरू ८ जना थिए । उनीहरू हुन् - सर्वकामी, रेवत, यश, साल्ह, सम्भूत, खुज्जसोभित, वासभगामिक र सुमन ।

---

१. यी कुरा मान्नेहरू वैशालीका बृजिपुत्रक भिक्षुहरू थिए ।

Downloaded from http://dhamma.digital

★ ६६०. दोस्रो संगायनामा दोषी ठहरिएका भिक्षुहरूले **मण्डली** भन्ने राजाको संरक्षणमा कौशाम्बीमा बेग्लै संगायना गरेको थियो । यसमा दश हजा भिक्षुहरू भएकोले यसलाई **महासांघिक** भनिन्छ । यो संगायनाको सभापति थिए भिक्षु **महादेव महास्थविर** ।

★ ६०१. महादेव महास्थविरको ५ सिद्धान्तहरूले गर्दा महासांघिक र स्थविरवादको भेद चर्को हुन गएको मानिन्छ । ती हुन् -

(१) अर्हतले आफूले थाहा नपाएर पाप गर्न सक्छ ।

(२) अर्हत्ले आफू अर्हत् भएको थाहा नपाउन सक्छ ।

(३) अर्हत्लाई पनि सिद्धान्तको सम्बन्धमा शंका हुन सक्छ ।

(४) गुरु बिना अर्हत्पद पाउन सकिंदैन् ।

(५) ध्यान भावना गर्दा "अहो, दु:ख" भन्ने गर्नु पर्छ ।

★ ६०२. यसरी बुद्ध परिनिर्वाणको सय वर्ष पछि दोस्रो संगायनाको बेला मूल बुद्ध-धर्म थेरवाद वा स्थविरवाद (दोस्रो संगायनाबाट उचित ठहरिएको पक्ष र महासांघिक (दोस्रो संगायनाबाट दोषी ठहरिएको पक्ष) मा विभाजित भए । महासांघिक सम्प्रदायबाट कालान्तरमा महायान शाखाको विकास भयो र यिनीहरूले थेरवादलाई हीनयान भन्न थाले । (तु. ६५८)

★ ६०३. सम्राट अशोकको पालोमा थुप्रै अबौद्धहरू भिक्षु संघमा घुसे । भिक्षु संघ अशुद्ध भयो; संघमा कलह उत्पन्न भयो । त्यसैताका एकजना मूर्ख मन्त्रीले अज्ञानतावश भिक्षुहरूलाई लाइनमा राखेर शिरच्छेदन गरेको थियो । पछि सम्राट् अशोकको भाइ भिक्षु तिष्यलाई मार्ने पालो आउँदा मात्रै उसले मारकाट मचाउन रोक्यो ।

★ ६०४. सम्राट् अशोकले तत्कालीन भिक्षु संघलाई शुद्ध गर्न भिक्षुहरूसँग अन्तर्वार्ता लिएका थिए । उक्त शासन शुद्धिमा जम्मा ६० हजार भिक्षुहरूलाई संघबाट निकाला गरिएको थियो । यही शासन शुद्धि नै तेस्रो संगायनाको कारण बन्यो ।

★ ६०५. सम्राट अशोकको पालामा उसैको संरक्षणमा पातलिपुत्र (हाल पटना) को अशोकाराम विहारमा **तेस्रो संगायना** सम्पन्न भयो । अशोकको राज्याभिषेकको १७ वर्ष पछि (ई.पू. २४८ मा) भएको यो संगायना ९

Downloaded from http://dhamma.digital

महिनासम्म चल्यो । एक हजार चुनिएका भिक्षुहरूले भाग लिएको यो सभालाई **सहश्रीक** पनि भनिन्छ । यस संगायनाको सभापति थियो मौदगलिपुत्र तिष्य महास्थविर[1] । तेश्रो संगायनाले पारित गरे बमोजिम त्यसबेला विभिन्न देशहरूमा भिक्षुहरूलाई धर्म प्रचार गर्न पठाएको थियो ।

★ ६०६. तेस्रो संगायनाबाट निष्काशित सर्वास्तिवादी सम्प्रदायले नालन्दामा आफ्नो अलग्ग संगायना गरेको थियो ।

★ ६०७. राजा बट्टगामिनी अभय (ई.पू. १०१-७७) को पालोमा श्रीलंकामा भयंकर अनिकाल परेको थियो । यस अनिकाल पछि नै बुद्ध शासन चिरस्थायी पार्नको लागि चौथो संगायना गरिएको थियो ।

★ ६०८. **चौथो संगायना** श्रीलंकाको राजा वट्टगामिनी अभय (=वकगम्बा) को पालोमा ई. पू. ७९ तिर श्रीलंकाको आलोक विहारमा आयोजना गरियो । भिक्षु रक्खित महास्थविरको सभापतित्वमा भएको उक्त संगायनामा जम्मा ५०० भिक्षुहरू थिए । यसैबेला त्रिपिटक तालपत्रमा कुंडियो; र साथै सय पल्टसम्म पढेर त्रिपिटक शुद्ध गरियो । यो संगायनालाई त्यसैले पुस्तकारुढ संगायना पनि भनिन्छ । यी ताडपत्रहरू अझै विद्यमान् छन् ।

★ ६०९. यसरी बुद्ध परिनिर्वाणको करिब ४०४ वर्ष पछि मात्रै त्रिपिटक चौथो संगायनाको बेला लिपिबद्ध गरियो । सर्वप्रथम तालपत्र (=ताडपत्र) मा लेखिएको त्रिपिटक नै आज हाम्रो अगाडि मुख्य बौद्ध ग्रन्थको रूपमा छ ।

★ ६१०. सम्राट **कनिष्क**ले सन् १०० मा काश्मिरमा सर्वास्तिवादीहरूको एक संगायना गरेका थिए । कुण्डलवन विहारमा भएको उक्त संगायनामा ५०० भिक्षुहरू उपस्थित थिए । भिक्षु **वसुमित्र**को सभापतित्व र आचार्य **अश्वघोष**को उपसभापतित्वमा भएको उक्त संगायनाको बेला त्रिपिटक संस्कृतमा लेखियो । त्यसबेला त्रिपिटक ताम्रपत्रमा कुंडेर कुनै स्तूप भित्र राखेको थियो जुन अहिलेसम्म प्राप्त भएको छैन ।

---

१. अशोकको गुरु मौदगलिपुत्र तिष्य पहिले कट्टर हिन्दू ब्राह्मण थिए जसलाई भिक्षु सिग्गवले विवादमा हराई बौद्ध बनाएका थिए ।

Downloaded from http://dhamma.digital

★ ६११. थाइलैण्डको बैंककमा सन् १७८७ तिर एक वर्षसम्म एउटा संगायना भएको थियो । पुरानो राजधानी अयोध्या जलेकोले बुद्ध शासनलाई पुनः तेवा पुऱ्याउन उक्त संगायना गरिएको भनिन्छ ।

★ ६१२. **पाँचौ संगायना** बर्मामा राजा **मिण्डोन** (= मिन् दोन् मिन्) को आश्रयमा सन् १८७१ मा सम्पन्न भयो । मांडलेस्थित राज दरबारमा ५ महिनासम्म चलेको[1] उक्त संगायनामा २४०० भिक्षुहरू सम्मिलित थिए । संगायनाका सभापतिहरू क्रमशः राजरभिवंश, नरिंदाभिधज र सुमंगलसामि थिए । त्यो बेला सम्पूर्ण त्रिपिटक ७२९ वटा संगमरमरहरूमा कुंडियो, जुन आज पनि कुथो दाच् विहार (मांडले नजिकै) देख्न सकिन्छ ।

★ ६१३. **छैठौं संगायना** बर्माको राजधानी रंगूनमा सन् १९५४ मा सम्पन्न भयो । भदन्त रेवतको सभापतित्वमा चलेको उक्तसंगायनामा जम्मा २५०० भिक्षुहरूले भाग लिएका थिए । दुई वर्ष (१७ मे १९५४ देखि २४ मे १९५६) सम्म चलेको सो संगायनाका प्रश्नकर्ता थिए भिक्षु **महासि सयादो** र उत्तरकर्ता थिए भदन्त **विचित्तसारा भिवंस** । संरक्षकको भूमिका राष्ट्रपति बा **ऊ** र प्रधानमन्त्री **ऊ नु** ले निभाएका थिए ।

★ ६१४. बुद्ध-धर्मको इतिहासमा थुप्रै नै संगायनाहरू भएका थिए[2] । तैपनि थेरवाद सम्प्रदायले मान्यता दिएका ६ संगायनाहरू मात्र छन्, जसमध्ये दुईता संगायनाहरू बर्मामा सम्पन्न भएका थिए ।

(हेर्नुस् परिशिष्ट "ठ")

---

१. "बौद्ध संस्कृति" अनुसार ३ वर्ष (१८६८-७१) सम्म चलेको थियो ।

२. केही उदाहरणहरू - श्रीलंकाको राजा देवानांप्रिय तिष्य (ई.पू. २४७-२०७) को संरक्षणमा थुपाराम विहारमा ६० हजार भिक्षुहरूको संगायना; ई. पू. १०८ तिर राजा महानामको पालामा श्रीलंकामा संगायना; राजा पराक्रमबाहुको पालामा सन् १०४३ मा श्रीलंकामा संगायना; दिपंकर श्री ज्ञानको तर्फबाट सन् १०५० मा तिब्बतमा संगायना; राजा श्री धर्म चक्रवर्ति तिलोकको पालोमा सन् १४८२-५६ तिर थाइलैण्डमा संगायना; आदि ।

Downloaded from http://dhamma.digital

## ारत

★ ६१५. बुद्ध परिनिर्वाणको ३ महिना पछि राजा अजातशत्रुको संरक्षणमा प्रथम संगायना भएको थियो ताकि बुद्ध शासन चिरस्थायी रहोस् ।

★ ६१६. आफूले प्रथम संगायना (हे. ५९०) गराएर २४ वर्ष पछि राजा अजातशत्रुलाई उसैको छोरो उदय भद्रले माऱ्यो । १६ वर्ष पछि उदय भद्र आफ्ना छोराहरू अनुरुद्ध र मुण्डको हातबाट मर्नु पऱ्यो । यसको ८ वर्ष पछि मुण्डलाई उसैको छोरो नागदाशले मारी राज्य लियो । यस पितृघातक वंशको अन्तिम राजा नागदाशलाई २४ वर्ष पछि जनताले मारे र सुसुनाग नामक मन्त्रीलाई राजा बनाए । १८ वर्ष राज्य गरिसकेपछि सुसुनागको छोरो कालाशोक मगधको राजा बन्यो ।

★ ६१७. १८ वर्ष राज्य गर्ने मगधको राजा **कालाशोक**ले वैशालीमा दोस्रो संगायना गरेको थियो ताकि बुद्ध शासन शुद्ध रहोस् । (हे. ५३८)

★ ६१८. बुद्ध परिनिर्वाणको २१८ वर्ष पछि (ई. पू. २६५) भारतवर्षको सम्राट अशोकले राज्यारोहण गरे । बुद्ध-धर्मको इतिहासमा सम्राट अशोकको आगमन एक अति महत्वपूर्ण घटना मानिन्छ ।

★ ६१९. **सम्राट अशोक** - भारतवर्षको सम्राट; बुद्ध-धर्मको महान् प्रचारक एवं संरक्षक । पिता-बिन्दुसार । आमा-धम्मा (= धर्मदेवी=सुभदांगी) । बाज्ये-चन्द्रगुप्त । पत्नीहरू-देवी (=विदिशा=वेटिश), कारुवाकि, असन्धिमित्रा, पद्मावती, तिष्यरक्षिता । छोराहरू-महेन्द्र, कुनाल, तिवस, जलौक । पुत्रीहरू-संघमित्रा, चारूमति[1] । दाजुभाइहरू- १०० जना; साखे भाइ तिष्य कुमार एक जना मात्र । राजधानी - पातलीपुत्र (हाल पटना) । समयकाल -
ई. पू. २६९-२२७ ।

---

1. महेन्द्र र संघमित्रा वेटिश तर्फबाट, कुनाल पद्मावती तर्फबाट, र तिवस कारूवाकि तर्फबाट ।

Downloaded from http://dhamma.digital

★ ६२०. आफ्ना ९९ दाजु भाइहरू मारेर सिंहासन लिएकोले (ई. पू. २६९ मा अशोकलाई पहिले चण्डाशोक भनिन्थ्यो । पछि बुद्ध-धर्ममा ढल्के पछि धर्माशोक भनियो ।

★ ६२१. बुद्धगया स्थित बोधिबृक्षको सर्वप्रथम विनाश गर्ने व्यक्ति चण्डाशोक (= अशोक) नै थियो । बुद्ध-धर्ममा आउनु अघि अशोकले काटन लगाएको सो वृक्ष पछि फेरि पलाएर आयो ।

★ ६२२. चार वर्षसम्म बिना अभिषेक लिई राज्य चलाए पछि बुद्ध परिनिर्वाणको २१८ वर्ष पछि (ई. पू. २६५) अशोकको राज्याभिषेक भयो त्यतिबेला असन्धिमित्रालाई अग्र महारानी बनाइयो र भाइ तिष्य कुमारलाई युवराज ।

★ ६२३. कलिंगको युद्ध जिते देखिन् (ई. पू. २५७) अशोकलाई युद्ध देखी घृणा लागेको थियो । शस्त्र युद्ध माथि धर्म युद्धको विजय भएको यो दिन थियो- **विजया दशमि** ।

★ ६२४. राज्याभिषेकको ४ वर्ष पछि (ई. पू. २६१) सम्राट अशोक बौद्ध बनेका थिए । तैपनि उनी अन्य धर्महरूप्रति द्वेष राख्ने खालका व्यक्ति थिएनन् ।

★ ६२५. सम्राट अशोक श्रामणेर निग्रोधको उपदेश सुनेर बुद्ध-धर्ममा प्रवेश भएको थियो । श्रामणेर निग्रोध अशोकको भतिजो पर्थ्यो ।

★ ६२६. **श्रामणेर निग्रोध** । पिता-सुमन कुमार[1] । आमा - सुमना । अशोकको भतिजो । दिक्षा दिने गुरु-महावरुण महास्थविर । ७ वर्ष छँदा प्रब्रजित भएको र सोही दिन अर्हत्फल लाभ गर्ने ।

★ ६२७. सम्राट अशोक महान समाज सेवक थिए । उनी बुद्ध-धर्म व्यवहारमा उतार्नुमा अग्र थिए । उनले अस्पताल, पशु चिकित्सालय, इनार, कुवा, आराम गृह, विश्राम गृह आदि बनाउन लगायो । साथै बाटोको दुबैपट्टि रूख रोप्ने चलन पनि निकाल्यो ।

---

१. अशोकको दाइ, अशोकले नै मारेको ।

Downloaded from http://dhamma.digital

★ ६२८. बुद्ध शासनमा सबभन्दा बढि विहारहरू बनाउने व्यक्ति सम्राट अशोक थियो । उनले ९६ करोड धन खर्च गरी ८४ हजार विहारहरू बनाउन लगाए । नेपालका विभिन्न बहालमा स्थित सेता "अशोक चैत्यहरू" यसै अन्तर्गत पर्छन् ।

★ ६२९. राज्यारोहणको ८ वर्ष पछि कुन्तयुक्त तिष्य नामक एक भिक्षु औषधीको लागि एक मुठ्ठी घ्यू नपाई निर्वाण भएको थियो । यो खबर सुनेर अशोकले थुप्रै अस्पतालहरू बनाउन लगाएका थिए ।

★ ६३०. इतिहासमा सर्वप्रथम अस्पताल र पशु चिकित्सालय स्थापना गर्ने श्रय अशोकलाई छ ।

★ ६३१. अशोकले पाटलीपुत्रमा अशोकराम विहार बनाएका थिए ।

★ ६३२. सम्राट अशोकले जो कसैले पनि भिक्षु संघलाई टुक्रा गर्ने कार्य गरेमा उसलाई जातिबाट बहिस्कार गर्ने आदेश दिएका थिए ।

★ ६३३. राज्याभिषेकको १० वर्ष पछि (ई. पू. २५५) सम्राट अशोकले बुद्ध शासनमा अंश लिने हेतुले आफ्नो छोरो महेन्द्र र छोरी संघमित्रालाई भिक्षु र भिक्षुणी बनाएको थियो ।

★ ६३४. सम्राट अशोकले बुद्ध-धर्ममा शासन शुद्धिको लागि तेस्रो संगायना गरेको थियो । (हे. ६०५)

★ ६३५. अशोकले तेस्रो संगायनाको निर्णय अनुसार विभिन्न राष्ट्रहरूमा बुद्ध-धर्म प्रचार गर्न भिक्षुहरूलाई पठाएको थियो, जुन यसप्रकार छ –

| धर्म प्रचारक स्थविरहरू | राष्ट्र |
|---|---|
| (१) मध्यांतिक | काश्मीर र गन्धार (पाकिस्तान) |
| (२) महादेव | महिसक मण्डल (महेश्वर, भारत) |
| (३) रक्षित | बनवासी (बम्बई प्रान्त, भारत) |
| (४) धर्मरक्षित | उपरांत (बम्बईको उत्तरमा) |
| (५) महाधर्मरक्षित | महाराष्ट्र (भारतको प्रान्त) |
| (६) महारक्षित | योनक लोक (= ग्रीक राज्यहरू) |

Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| (७) | मध्यम | हिमवंत (= हिमालय[1]) |
| (८) | सोण र उत्तर | सुवर्णभूमि (= बर्मा) |
| (९) | महेन्द्र प्रमुख इट्ठिय, उत्तिय, सवल, भद्रशाला | ताम्रपर्णी (= श्रीलंका) |

★ ६३६. सम्राट अशोकले ग्रीक राजाहरूको स्वीकृति लिई ग्रीक राज्यहरू (= योनक लोक) मा बुद्ध-धर्म प्रचारार्थ भिक्षुहरू पठाएका थिए, जसको नेता थियो महारक्षित स्थविर । ती ग्रीक राष्ट्रहरू हुन्-

| ग्रीक राष्ट्र | राजा | समयकाल |
|---|---|---|
| सिरिया | एन्टिओकस | ई.पू. २६१-२६४ |
| मिश्र | टोलेमी | ई.पू. २८५-२४७ |
| वासेडोन | एन्टिगोनस गोनाटस | ई.पू. २७१-२३९ |
| साइरेन | मागस | ई.पू. ३००-२४० |
| इपिरस | एलेक्जाण्डर | ई.पू. २७२-२५५[2] |

★ ६३७. असन्धिमित्रा मरी ४ वर्ष पछि अशोकले तिष्यरक्षा नामक कन्यासँग विवाह गरे । आफूलाई भन्दा बढि अशोकले बोधिवृक्षलाई माया गरेको देखेर इर्ष्यावश विवाहको तेस्रो वर्षमा (ई. पू. २२८) तिष्यरक्षाले बोधिवृक्ष जलाइदिइन् ।

★ ६३८. **महेन्द्र स्थविर** - श्रीलंकामा प्रथम धर्म प्रचारक । पिता-सम्राट अशोक। आमा-विदिशा (=वेटिस)। बहिनी-संघमित्रा । जन्म-बुद्ध परिनिर्वाणको २०४ वर्ष पछि (ई.पू. २७९) । २० वर्ष छँदा प्रब्रजित । आचार्य - महादेव स्थविर । उपाध्याय-मौद्गलिपुत्र तिष्य । ८० वर्षको उमेरमा श्रीलंकामा मृत्यु (ई.पू. १९९) ।

★ ६३९. **संघमित्रा स्थविरा** - श्रीलंकाकी प्रथम भिक्षुणी धर्म प्रचारक । पिता - सम्राट अशोक । आमा - विदिशा (= वेटिश) । दाइ-महेन्द्र । गृहस्थ छँदाको पति - अग्नि ब्राह्मण । जन्म - बुद्ध परिनिर्वाणको २०६ वर्ष पछि (ई.पू. २७७) । छोरो - सुमन । १८ वर्ष छँदा भिक्षुणी बनेकी । आचार्य - आयुपाला। उपाध्याय-धर्मपाला । ७९ वर्षको उमेरमा श्रीलंकामा मृत्यु (ई.पू. १९८) ।

---

१. शायद मध्यम स्थविर धर्म प्रचारार्थ नेपाल आएका थिए ।

२. इपिरसको राजा एलेक्जाण्डर नभईकन कोरियन्थको राजा एलेक्जाण्डर (ई.पू. २५२-२४४) पनि हुन सक्छ ।

Downloaded from http://dhamma.digital

★ ६४०. संघमित्राले बुद्धगयास्थित बोधिबृक्षको एक हाँगा आफूसँगै श्रीलंका लगेकी थिइन् ।

★ ६४१. तेस्रो संगायना अगाडि नै महासांघिक ६ र थेरवाद १२ गरी जम्मा १८ सम्प्रदायहरुमा बुद्ध-धर्म विभाजित भइसकेको थियो । (हे. परिशिष्ट ङ)

★ ६४२. इण्डोग्रिक राजा **मिलिन्द** (= मिनान्दर=मिनाण्ड्रोस) (ई.पू. १५० तिर) एक तार्किक विद्वान् थिए । उनलाई **नागसेन** नामक भिक्षुले बुद्ध-धर्ममा ल्याएको थियो । मिलिन्द र नागसेन बिचको रोचक प्रश्नोत्तर भएको पुस्तकलाई "मिलिन्द प्रश्न" भनिन्छ ।

★ ६४३. **नागसेन** -- सुप्रसिद्ध बौद्ध तार्किक । पिता - सोनुत्तर ब्राह्मण । उपाध्याय - भिक्षु रोहण । वासिन्दा-कर्जंगल ग्राम । समयकाल - ई.पू. १५० तिर ।

★ ६४४. राजा मिलिन्दले भिक्षु नागसेनलाई सर्वप्रथम सागल (हाल स्यालकोट) स्थित संखेय्य परिवेण (= महाविहार) मा भेटेका थिए ।

★ ६४५. नागसेन र मिलिन्दको प्रश्नोत्तर सकिए पछि "मिलिन्द विहार" नामक विहार बनाएर मिलिन्दले नागसेनलाई अर्पण गरेका थिए ।

★ ६४६. आफ्नो छोरोलाई राज्य दिइसकेपछि राजा मिलिन्द भिक्षु बनेका थिए।

★ ६४७. मिलिन्दको मृत्यु पछि पनि उसको अस्थिको लागि विभिन्न नगरहरू (= राष्ट्रहरू) बिच लडाँइ चलेको थियो ।

★ ६४८. बुद्धको धर्म चक्रको चिन्ह मिलिन्दको सिक्कामा पनि पाइएको छ ।

★ ६४९. ईसा पूर्व दोस्रो शताब्दीमा भारत वर्षको मौर्य राजा पुष्यमित्रले अश्वमेघ यज्ञ गरेको थियो । असंख्य भिक्षुहरूलाई विभिन्न तरिकाबाट नाश गर्न लगाएको थियो ।

★ ६५०. बुद्ध-धर्मको प्रचार प्रसारमा सम्राट अशोक पछि कुषाण सम्राट **कनिष्क** (सन् ७८-१०१) को स्थान आउँछ ।

Downloaded from http://dhamma.digital

★ ६५१. कनिष्कको जीवनी सम्राट अशोकसँग मिल्दोजुल्दो छ । कनिष्क पनि पहिले कुनै इरानी धर्म मान्ने गर्दथ्यो । उनी काशगर, खोतन आदि देशहरूसँगको युद्ध देखेर वाक्क भई बुद्ध धर्ममा दिक्षित भएका थिए ।

★ ६५२. कनिष्कले आफ्नो संरक्षणमा सर्वास्तिवादीहरूको एक संगायना काश्मीरमा गराएको थियो । (हे. ६१०)

★ ६५३. सम्राट कनिष्कको पालामा प्रथम ऐतिहासिक बुद्ध मूर्तिको निर्माण भएको थियो ।

★ ६५४. सम्राट कनिष्कले काश्मीरमा एउटा ४०० फिट अग्लो र १५० फिट व्यास भएको "कनिष्क स्तूप" निर्माण गरेको थियो ।

★ ६५५. कनिष्कले बुद्धको छापा अंकित भएको मुद्रा चलाएको थियो ।

★ ६५६. काश्मीरको संगायना पछि कनिष्कले काश्मीर राज्य बौद्ध संघलाई दान दिएको थियो ।

★ ६५७. काश्मीरमा भएको संगायना अनुसार निर्वाण प्राप्त गर्ने तीन तरिकाहरू निश्चित गरिए -
(१) अर्हत् (= श्रावक) यान - आफू मात्रै अर्हत् हुने
(२) प्रत्येक बुद्ध यान - आफू मात्रै बुद्ध भई निर्वाणमा जाने
(३) बुद्ध यान - आफू बुद्ध भई अरूलाई पनि मुक्ति दिने[१]

★ ६५८. कनिष्कको शासनकालमा कतिपय भिक्षुहरू, विशेषतः महासांघिकहरू[२], बुद्धयानलाई मात्रै मान्ने भए र आफूलाई महायानी भन्न थाले । तीनै यान मान्ने अन्य सम्प्रदायलाई हिनयानी भन्न थाले । यसरी कनिष्कको पालादेखि बुद्ध-धर्म महायान र हीनयानमा छुट्टिए ।

---

१. बुद्ध यानका अनुयायीहरू आफ्नो अगाडि आएको निर्वाण छाडी अन्य प्राणीहरूको मुक्तको लागि जीवन अर्पण गर्छन् ।

२. मुलतः महासांघिकको शाखा चैत्यवादबाट निस्केको अन्धक सम्प्रदायको हाँगा वैपुल्यवादबाट महायान विकसित भएको थियो (हे. परिशिष्ट ङ)

Downloaded from http://dhamma.digital

★ ६५९. सम्राट कनिष्कले जुन बुद्ध धर्म-प्रचारको अभियान शुरु गरेको थियो सो अनुसार चीन, मंगोलिया, मंचुरिया, कोरिया, भियतनाम, जापान र तिब्बतमा बुद्ध-धर्म प्रचार हुँदै गयो ।

★ ६६०. सम्राट कनिष्कले पाटलीपुत्र जितेर लिंदा बुद्धको कमण्डलु (= पात्र ?) र **आचार्य अश्वघोष**लाई आफूसँग लगेको थियो ।

★ ६६१. आचार्य अश्वघोष पहिले कट्टर हिन्दू थिए । पेशावरमा भिक्षु पार्श्वले शास्त्रार्थमा हराए पछि अश्वघोष भिक्षु बने र प्रसिद्ध भयो ।

★ ६६२. भारतको विदर्श देशमा जन्मेका आचार्य **नागार्जुन**ले (सन् ७७-१८१ ) थुप्रै महायानी ग्रन्थहरू (माध्यामिकारिका, विग्रह व्यावर्तनी, आदि) लेखे जसले गर्दा महायानको आधार सुदृढ भयो । उनले शून्यवाद दर्शन पनि निकाले ।

★ ६६३. भनिन्छ कि नागार्जुनले सम्पूर्ण त्रिपिटक ९० दिनमा कण्ठ गरेका थिए ।

★ ६६४. चौथौं शताब्दीका प्रख्यात महायान बौद्ध दर्शन शास्त्रीहरू असंग र बसुबन्धु दाजुभाइ थिए । उनीहरूको कान्छो भाइ विरञ्चिवत्स थेरवादी थिए ।

★ ६६५. आचार्य **मैत्रेयनाथ**ले असंगलाई योगाचार दर्शन प्रदान गरेका थिए । असंगका कतिपय ग्रन्थहरु मैत्रेयनाथद्वारा लिखित पनि मानिन्छ ।

★ ६६६. आचार्य **असंग**ले "योगाचार भूमि" नामक प्रख्यात ग्रन्थ रचना गरेका थिए र उसलाई योगाचार सम्प्रदायको प्रवर्तक पनि मानिन्छ[३]।

★ ६६७. आचार्य **बसुबन्धु**ले सर्वास्तिवाद (थेरवादको शाखा) अध्ययन गर्न काश्मीरमा गई बर्षौंसम्म भेष बदलेर आचार्य संघभद्रबाट सर्वास्तिवादी दर्शन अध्ययन गरेका थिए ।

---

३. कुनै लेखकहरू असंगको गुरु मैत्रेय नाथलाई योगाचारको प्रवर्तक पनि मान्दछन् ।

Downloaded from http://dhamma.digital

★ ६६८. असंगको संगतमा परेर बसुबन्धुले पछि महायान दर्शन स्वीकार गरे ।

★ ६६९. आचार्य बसुबन्धुलाई उसका समकालीनहरू "दोस्रो-बुद्ध" भन्ने गर्थ्यो ।

★ ६७०. चौथो शताब्दीको अन्तसम्ममा बुद्ध-धर्म चार मुख्य विचारधारामा विभाजित भइसकेका थिए -

(१) वैभाषिक (= सर्वास्तिवाद) - मन र पदार्थ दुबैलाई प्रत्यक्ष सत्य मान्ने
(२) सौत्रान्तिक - पदार्थको सत्ता मान्ने, तर प्रत्यक्ष नमान्ने
(३) योगाचार (= विज्ञानवाद) - मन (= विज्ञान) मात्रै सत्य मान्ने
(४) माध्यामिक (= शून्यवाद) - मन र पदार्थ दुबै असत्य (=शून्य) मान्ने

यी मध्ये पहिलो दुईलाई हीनयान (= थेरवाद) र पछिल्लो दुईलाई महायान अन्तर्गत राखिन्छन् ।

★ ६७१. पाँचौ शताब्दीतिर घोष नामक ब्राह्मण अति विख्यात हिन्दू दार्शनिक थियो जो सबैसँग शास्त्रार्थ गर्दै हिंडथ्यो । भिक्षु रेवत महास्थविरले उसलाई शास्त्रार्थमा पराजित गरेपछि ऊ बौद्ध बन्यो र महान् व्याख्याता **बुद्धघोष**को नाउँले प्रख्यात भयो ।

★ ६७२. पाँचौ शताब्दीमा प्रसिद्ध बौद्ध दार्शनिक **दिग्नाग** (बसुबन्धुको शिष्य) ले नालन्दामा सुदुजंय ब्राह्मणलाई शास्त्रार्थमा हराएका थिए ।

★ ६७३. फाहियानको अनुसार पाँचौ शताब्दीको भारतिय जनजीवन बौद्ध आचरणद्वारा सम्पन्न थियो । भारतको मध्य प्रदेशमा जीव हिंसा, रक्सी आदिको चलन कति पनि थिएन र गृहस्थहरू सबै पंचशील पालन गर्थे ।

★ ६७४. सातौं शताब्दीतिर भारत सम्राट **हर्षवर्द्धन**को आमा जिउँदै जलेको थियो, भाइलाई शत्रुहरूले मारेको थियो । जीवनमा यस्ता दुःखद घटनाहरू देखी वाक्क लागेर सम्राट हर्षवर्द्धन बौद्ध बनेका थिए ।

★ ६७५. सम्राट हर्षवर्द्धन राजा नभई भिक्षु हुन चाहन्थ्यो । त्यसैले ऊ आफ्नो नाउँको अगाडि "महाराज" शब्द प्रयोग गर्न रूचाउँदैनथ्यो ।

Downloaded from http://dhamma.digital

★ ६७६. सम्राट हर्षवर्द्धनले हरेक ५ वर्षमा एकपटक विशाल बौद्ध सभा आयोजना गर्दथ्यो जसमा आफ्नो सबै कुरा दान दिइसकेपछि आफ्नो बहिनीले दिएको झूत्रो लुगा लगाई उनी पूजा गर्ने गर्थ्यो ।

★ ६७७. पाँचौ शताब्दी पछि भारतमा भिक्षु कुमारगुप्तले विश्व प्रशिद्ध **नालन्दा विश्वविद्यालय**को स्थापना गरेका थिए ।

★ ६७८. सातौं शताब्दीमा नालन्दा विश्वविद्यालयमा डेढ हजार अध्यापक र दश हजार विद्यार्थीहरू थिए ।

★ ६७९. प्रसिद्ध बौद्ध विद्धान् **दिपंकर श्री ज्ञान** (= अतिश) राजा कल्याण श्रीको छोरो थियो । भिक्षु हुनु अघि उनको नाउँ थियो - चन्द्रगर्भ ।

★ ६८०. भारतको **६ अलंकार** भन्नाले तलका विद्धान्हरू बुझिन्छन्- नागार्जुन, आर्यदेव, असंग, बसुबन्धु, दिग्नाग र धर्मकीर्ति ।

★ ६८१. भारतको प्रसिद्ध नालंदा विश्वविद्यालय सन् १२०० मा मुहम्मद बिन बख्तियार इख्तियार खिलजी (= अख्तियार खिल्ली) नामक मुसलमानको आक्रमणले ध्वस्त भएको थियो । यी नै मुसलमानहरूको आक्रमणले गर्दा भारतमा बुद्ध-धर्मको ह्रास भएको थियो । [15]

★ ६८२. सन् १८७६ मा बुद्ध गयाको बोधिवृक्ष हुरी बतासले ढालेको थियो, तर पछि पलाएर आयो ।

## श्रीलंका

★ ६८३. श्रीलंकामा सर्वप्रथम बुद्ध-धर्म भित्र्याउने थियो सम्राट अशोकको छोरो महेन्द्र स्थविर । उनी ३२ वर्षको उमेरमा ई.पू. २४७ मा श्रीलंका (= ताम्रपर्णी दीप) पुगेको थियो । त्यतिबेला श्रीलंकामा देवानांप्रिय तिष्यको राज्य थियो । महेन्द्रले श्रीलंकामा ४८ वर्षसम्म धर्मप्रचार गऱ्यो ।

Downloaded from http://dhamma.digital

★ ६८४. श्रीलंकाको प्रथम बौद्ध उपासक थियो राजा **देवानांप्रिय तिष्य** त्यस्तै प्रथम भिक्षु थियो राजाको भाञ्जा अरिष्ठ ।

★ ६८५. सम्राट अशोककी छोरी, महेन्द्रकी बहिनी संघमित्रा भिक्षुणी पनि श्रीलंका आएकी थिइन् । उनले आफ्नोसाथ बुद्धगयाको बोधिवृक्षको एक टुक्रा पनि ल्याएकी थिइन् जुन आजसम्म पनि अनुराधपुर (श्रीलंका) मा छ । महेन्द्र निर्वाण भएको एक वर्ष पछि संघमित्रा निर्वाण भएकी थिइन् ।

★ ६८६. श्रीलंकामा सर्वप्रथम भिक्षुणी हुने स्त्री थिइन् राजाकी बहिनी अनुलादेवी । उनी संघमित्राकी हातबाट प्रब्रजित भएकी थिइन् । यसरी भारत वाहिर भिक्षुणी शासनको प्रथम स्थापना संघमित्राले श्रीलंकामा गरेकी थिइन् ।

★ ६८७. राजा देवानंप्रिय तिष्यले महेन्द्र स्थविरलाई महाविहार दान दिएका थिए । यसैलाई नै श्रीलंकाको प्रथम विहार मान्न सकिन्छ ।

★ ६८८. राजा देवानांप्रिय तिष्यले बुद्धको अस्तिधातु राखी **थुपाराम चैत्य** बनाएका थिए ।

★ ६८९. राजा **दुठ्ठगामणी अभय**ले श्रीलंकाको सबभन्दा ठूलो स्तूप - रत्न माल्य चैत्य - बनाएका थिए । [11]

★ ६९०. राजा दुठ्ठगामणीले लोह प्राशाद विहारको निर्माण गरेको थियो । यस ९ तल्ले प्राशादको हरेका तल्लामा शय शय कोठा हुनुको साथै छाना चाहिं फलामको थियो ।

★ ६९१. राजा **बठ्ठगामिनी अभय** (ई.पू. १०१-७७) ले चौथो संगायना गरेर सम्पूर्ण त्रिपिटक लिपिबद्ध गर्न लगाए । (हे. ६०८)

★ ६९२. क्याण्डीस्थित सुप्रसिद्ध दन्त मन्दिर (Temple of Tooth) को दन्त तेश्रो चौथो शताब्दीमा राजा **कीर्ति श्री मेघवर्ण**को पालोमा ल्याइएको थियो ।

★ ६९३. अठारौं शताब्दीको राजा कीर्त श्री राजशिंह शैव (= हिन्दू) धर्मावलम्बी थिए तर जनप्रियता हासिल गर्न उनले बुद्ध-धर्म स्वीकार गरे ।

Downloaded from http://dhamma.digital

उसैको पालोमा श्रामणेर शरणंकर (मृत्यु - सन् १७७८) ले थाइलैण्डबाट भिक्षुहरू झिकाई श्रीलंकामा बुद्ध-धर्मको पुनरूत्थान गरेका थिए ।

★ ६९४. सन् १८७० मा श्रामणेर **मिगेत्तुवत्ते गुणानन्द**ले इसाइहरूसँग धर्म सम्बाद गरेर जितीकन श्रीलंकामा बुद्ध-धर्मको पुनरूत्थान गरेको थियो । उक्त धर्म शास्त्रार्थ कोलोम्बो नजिकैको पानादुरे भन्ने ठाउँमा भएको थियो ।

★ ६९५. शास्त्रार्थको बेला श्रामणेर गुणानन्दको प्रवचनबाट प्रभावित भई थियोसोफिकल सोसाइटीका संस्थापकहरू कर्नल बल्कट र मादाम ब्लेवेत्स्कीले बुद्ध-धर्म स्वीकार गरे ।

★ ६९६. "लाइट अफ एसिया" नामक पुस्तकबाट प्रभावित भई विश्वमा बुद्ध-धर्म पुनरूत्थान गर्न अनगारिक **धर्मपाल** आफ्नो घरबाट निस्के र सन् १८९१ मा महाबोधी सोसाइटीको स्थापना गरे । भारत र विश्वका विभिन्न भागहरूमा बुद्ध-धर्म उत्थानमा धर्मपालको ठूलो हात रहेको छ ।

★ ६९७. बीसौं शताब्दीको शुरूवातमा अँग्रेज भिक्षु **आनन्द मेत्तेय्य**ले श्रीलंकामा यति प्रभावशाली ढंगले व्याख्यान दियो कि उक्त स्थानलाई आजभोली "मेत्तेय्य हल" भनिन्छ ।

★ ६९८. हाल श्रीलंकामा भिक्षुहरूको तीन निकायहरू छन् -

(१) श्याम निकाय - थाइलैण्डका भिक्षुहरूबाट चलेको परंपरा
(२) अमरपुर निकाय - बर्मा (=रंगून) का भिक्षुहरूबाट चलेको परंपरा
(३) रामञ्ञ निकाय - अपरबर्मा (= मांडले) का भिक्षुहरूबाट चलेको परंपरा

## बर्मा

★ ६९९. बर्मा (= सुवर्णभूमि) मा सर्वप्रथम बुद्ध-धर्म भित्र्याउने श्रोण र उत्तर स्थविरहरू थिए (ई.पू. २४८ तिर) । (हे. ६३५)

Downloaded from http://dhamma.digital

★ ७००. बर्मीहरू मान्छन् कि तपस्सु र भल्लुकको देश उक्कलप नग
वर्तमान् रंगून हो । त्यसैले सर्वप्रथम बुद्धको शरणमा जानेहरू बर्मीहरू
हुन् । तपस्सु र भल्लुकले बुद्धको केश राखेर बनाएका चैत्य नै स्वेतगो
चैत्य हो भनी भन्दछन् । (तु. ५५) यो कुराको ऐतिहासिक प्रमाण छैन[1] ।

★ ७०१. पेगू (दक्षिणी बर्मा) को राजा **तिष्य** (१०४३-५७) कट्टर ब्राह्मण थियो
बुद्ध-धर्मलाई नष्ट गर्न चाहन्थ्यो; बुद्धको पूजा गर्नेलाई दण्ड दिन्थ्यो
एकपल्ट एउटी केटी नुहाउन जाँदा तलाउमुनि बुद्धमूर्ति भेट्टाएछिन्
त्यसलाई विहारमा स्थापित गरिन् । उनको अगाढ श्रद्धा देखेर प्रभावित भ
राजा तिष्यले बुद्ध-धर्म स्वीकार गरे ।

★ ७०२. पगान (उत्तरी बर्मा) को राजा **अनुरूद्ध**ले थातोन् (दक्षिणी बर्मा) को
राजा मनोहरसँग त्रिपिटक पठाइदिन माग गरेको थियो; तर राजा मनोहरले
दिएन । यही कुरोमा युद्ध भयो । त्यसमा जितेर राजा अनुरुद्धले धुमधामसँग
जात्रा गरी ३२ सेता हात्तीहरूले बोकाई त्रिपिटक आफ्नो देशमा ल्याए ।

★ ७०३. पगानको राजा अनुरुद्धको पालोमा बर्मामा तन्त्रयान लोप भयो र
थेरवादको शुरुवात भयो ।

★ ७०४. श्रीलंकाको राजा **विजयवाहु** (१०६५-११२०) र चोल देश (=
तामिलनाडु ? ) को युद्ध हुनाले श्रीलंका छिन्न भिन्न अवस्थामा थियो ।
त्यसबखत विजयबाहुले राजा अनुरुद्धसँग मागेर बर्माबाट धर्म ग्रन्थहरू र
भिक्षुहरू श्रीलंका बोलाएको थियो । आफूले पनि बर्मामा बुद्धको दन्त धातु
दिएर पठायो ।

★ ७०५. राजा अनुरुद्धले राजा **विजयवाहु**ले पठाएको बुद्धको दन्त धातु राखी
बर्माको महास्तूप **स्वेजिगान** निर्माण गरे ।

---

१. बुद्ध-धर्मको प्रचार चरमसीमामा पुगेको बेला अन्य राष्ट्रहरूमा भारतका बौद्ध स्थलहरूको नामाकरण गर्ने चलन चलेको थियो । हुनसक्छ यसैकारणले बर्मीहरूमा यो जनश्रुत्ति चलेको हो ।

Downloaded from http://dhamma.digital

★ ७०६. बर्माको सुप्रसिद्ध आनन्द विहार राजा **केनजित्था** (१०८४-१११२) ले बनाएको थियो जसमा बुद्ध जीवनी मात्र होइन ५५० जातक कथाहरू पनि चित्रांकित छन् ।

★ ७०७. बुद्धगयाको बुद्ध मन्दिर जिर्णोद्धार गर्ने प्रथम बर्मी राजा केनजित्था थिए ।

★ ७०८. पगानको राजा **क्यासवा** (११३४-५०) ले ९ पटकसम्म सम्पूर्ण त्रिपिटक र अट्ठकथा पढेको थियो । उनलाई थुप्रै बौद्ध ग्रन्थहरूको लेखक पनि मानिन्छ ।

★ ७०९. प्राचीन बर्मामा भिक्षु संघलाई विहार दान दिंदा दासहरू पनि दान दिने चलन थियो जसको काम विहारको हेरविचार गर्नु थियो । कतिपय परिवारहरू श्रद्धावश स्वयं विहारमा दास बन्न जाने गर्थ्यो ।

★ ७१०. पेगू (दक्षिणी बर्मा) मा धम्मचेति नामक विद्वान् भिक्षु परिस्थितिबश राजा हुन पुग्यो । आफ्नो समयकाल (१४७२-७९) को ऊ एक प्रसिद्ध धर्म प्रचारक र धर्म सुधारक मानिन्छ ।

★ ७११. राजा **धम्मचेति**को पालामा बर्माबाट सोण र उत्तर स्थविरहरुको पुरानो परंपरा लोप भयो र श्रीलंकाबाट आयात गरिएको महेन्द्रको भिक्षु परंपरा कायम भयो । त्यसैले भन्न सकिन्छ कि दक्षिणी बर्माको वर्तमान् भिक्षु संघ सम्राट अशोकको छोरो महेन्द्रको भिक्षु परंपरा अन्तर्गत पर्छन् ।

★ ७१२. आवा (बर्मा) को राजा **श्री हेसवा** (= थोहन ब्वा) (सन् १५२७) अन्यायी र क्रूर मात्र नभै एक लुटेरा पनि थियो । बुद्ध-धर्मको कट्टर विरोधी थियो । एकपटक उनले तीन हजार भिक्षुहरूलाई भोजन गराउने निहुँमा बोलाई मारेको थियो । बर्माको इतिहासमा बुद्ध-धर्म माथि भएको यो सबभन्दा भयंकर अत्याचार पछि श्री हेसवालाई उसैको सहायक **मिन्क्यियानोङ**ले सन् १५४३ मा हत्या गरिदियो ।

★ ७१३. बर्माको राजा **बपिन्नौङ** (१५५१-८१) ठूलो बौद्ध भक्त थियो । उसको राज्यमा, अशोकको समयमा जस्तै, कसैले पशुवली दिन पाइन्दैनथ्यो ।

Downloaded from http://dhamma.digital

★ ७१४. सन् १५६४ मा भूकम्पले गर्दा स्वेतगोङ चैत्य क्षतिग्रस्त भयो। राज बपिन्नौङले स्वेतगोङको मर्मत गरी आफ्नो राजमुकुटका रत्नहरू चैत्यला चढाएको थियो।

★ ७१५. सत्रौं शताब्दीमा बर्माका भिक्षुहरू एकांशिक (=दायाँ काँध नढाक्ने गरी चीवर लगाउने) हुने वा पारूपण (= दुवै काँध ढाक्ने) हुने भन्ने कुरोमा शय वर्षसम्म विवाद चलेको थियो।

★ ७१६. बर्माको राजा **अलौङपया** (१७५२-६०) ले तीन हजारभन्दा बढि भिक्षुहरूलाई हात्तीले कुल्चाएर मार्न लगाएको थियो।

★ ७१७. राजा मिण्डोनले पाँचौ संगायना सन् १८७१ मा गरे र त्रिपिटक संगमरमरमा कुंडियो। (हे. ६१२)

★ ७१८. बर्मामा अनगारिका परंपरा (= आफैले आफूलाई प्रवजित तुल्याउने परंपरा) को शुरुवात राजा मिण्डोनको पालोदेखि भएको थियो।

★ ७१९. राष्ट्रपति **बा ऊ**को पालोमा सन् १९५४ मा बर्मामा छैठौं संगायना सम्पन्न भयो। (हे. ६१३)

★ ७२०. राष्ट्रपति **ने वीन**को पालोमा सन् १९८१ मा बर्मामा अनियमित काम गर्ने भिक्षुहरूलाई संघबाट निष्काशित गरी शासन शुद्धि गरियो।

## चीन

★ ७२१. चीन सम्राट **फूकी येन्**ले सन् ३८५ मा कुचा राज्यबाट विद्धान् भिक्षु **कुमारजीव**लाई मंगायो। कुचाको राजा **पो च्वा**ले दिन अस्वीकार गरे पछि लँडाई भयो। यसरी चीनले कुचा राज्यलाई नै जितेर कुमार जीवलाई चीन लग्यो। [11]

★ ७२२. चीनमा सबभन्दा पुरानो मठ हो **लोयाङ** अर्थात् "घोडाको मठ"। यो मठमा सर्वप्रथम आउने भिक्षुलाई सेतो घोडामा बसालेर ल्याएकोले यसलाई

Downloaded from http://dhamma.digital

लोयाङ भनिएको हो । यहाँ सर्वप्रथम आउने भिक्षुहरू थिए भारतका भिक्षु **काश्यपमतंग** र भिक्षु **धर्मरक्षा** ।

★ ७२३. चीन सम्राट **मीङ ती** (४६५-४७३) ले एकपल्ट सपनामा अति भव्य बुद्ध मूर्ति देखेछ । त्यही बुद्ध मूर्ति खोज्न उसले आफ्नो सेनापतिलाई पठायो । सेनापतिले मूर्ति प्राप्त गर्नुको साथै काशगर र खोतनलाई पनि जिती लियो ।

★ ७२४. उत्तर चीनी सम्राट **तो-पा-हुङ** (४६६-४७१) ले बुद्ध-धर्ममा प्रशस्त समय दिनलाई आफ्नो राज्य छोडिदिएको थियो ।

★ ७२५. चीनी इतिहास अनुसार उत्तरी चीनमा छैठौं शताब्दीमा २० लाख भिक्षुहरू र ३० हजार विहारहरू थिए ।

★ ७२६. उत्तर चीनको सम्राट **ऊ** (५०२-५४९) पहिले ताओ धर्म मान्ने थियो, पछि बुद्ध-धर्म ग्रहण गऱ्यो । चीनको अशोक मानिएको उक्त सम्राटले ७ हजार भन्दा बढि विहारहरू बनाउन लगाए ।

★ ७२७. चीनी भिक्षु **हुइ वी**ले सन् ४६३ मा आफैले आफूलाई तेल खन्याई जलेर मरेको थियो । सद्धर्म पुण्डरिक (एक महायानी ग्रन्थ) अनुसार उसले, र अन्य कैयौंले पनि, आत्मदाह गरेका थिए ।

★ ७२८. महात्मा **फू ही** (४९७-५६९) ले त्रिपिटकलाई एउटा बन्द बत्तामा राखेर घुमाउने गर्दथ्यो । उसको अनुसार यसरी घुमाउनाले सम्पूर्ण त्रिपिटक पढेको जतिकै फल हुन्थ्यो । यसैलाई आज भोली "मानी" भनिन्छ र थुप्रै लामाहरूको हातमा घुमाइरहेको देख्न सकिन्छ । [11]

★ ७२९. छैठौं शताब्दीमा दक्षिण चीनमा ताओवादी र बौद्धहरू बिच ठूलो विवाद भएको थियो । सम्राट **वेन् हुवेन्** (५५०-५५८) ले आफ्नै अगाडि बौद्ध र ताओहरू विच शास्त्रार्थ गर्न लगायो । बुद्ध-धर्म उक्त शास्त्रार्थमा जितेकोले ताओहरू बौद्ध भिक्षु बन्नु परेको थियो ।

★ ७३०. चीनी भिक्षु **ई शिङ** (६८३-७४७)ले गणना गरेर घोषणा गरे कि एक सौर्य वर्ष ३६५.२४४ दिनको र एक चन्द्रमास २९.५३०५९ दिनको हुन्छ[1] । [11]

---

१. आधुनिक विज्ञान अनुसार सौर्य वर्ष ३६५.२५२ दिनको र चन्द्रमास २९.५३०५८७९ दिनको हुन्छ ।

Downloaded from http://dhamma.digital

★ ७३१. सातौं शताब्दीतिर चीनको हरेक विहारमा एक औषधालय हुने गर्थ्यो ।

★ ७३२. सन् ८४८ मा चीनमा बुद्ध-धर्म माथि घोर दमन कार्य शुरु भयो । सुन चाँदीको लागि बुद्ध मूर्तिहरू पगालिए । ४६०० विहारहरू नष्ट गरिए ।

★ ७३३. सातौं शताब्दीतिर **बुद्ध-धर्म** नामक एक भिक्षु थियो जो दीन दु:खीहरूको दु:खमा आफै पनि रून्थ्यो । उक्त महान समाज सेवक भिक्षुलाई चीनीयाहरू "रूञ्चे बोधिसत्व" भन्ने गर्दछन् ।

★ ७३४. सन् ८६८ (मे ११ तारिख) मा चिन् काङ्ग चिंग (= बज्रच्छेदिका सुत्र ?) नामक बौद्ध सुत्र चीनमा छापिएको थियो । यही नै विश्वको सर्वप्रथम छपाइ मानिन्छ । त्यतिबेला छाप्नको लागि काठमा अक्षरहरू उल्टो कुंडेर छापिन्थ्यो । यो तरिका अज्जै पनि चीन र तिब्बतमा विद्यमान छ ।

★ ७३५. कागजको आविष्कार नवौं शताब्दीतिर सर्वप्रथम चीनमा भएको थियो, जसमा सर्वप्रथम बौद्ध धारणीहरू छापिए ।

★ ७३६. महान मंगोल बौद्ध सम्राट कुबलाई खां (१२६०-९४) हरेक दिन २० हजार गरिबहरूलाई दान दिने गर्थ्यो ।

★ ७३७. मंगोल सम्राट कुबलाई खांले आफ्नै अगाडि बौद्ध र ताओहरू बिच सन् १२५८ (?) मा शास्त्रार्थ गर्न लगाएको थियो । उक्त शास्त्रार्थमा बौद्ध पक्ष विजयी भयो र प्रतिज्ञा मुताबिक १७ ताओ नेताहरू भिक्षु बन्नु पऱ्यो, साथै २३७ बौद्ध विहारहरू फिर्ता गऱ्यो ।

★ ७३८. महान चीनीया यात्री **फाहियान** (३७०-४५८) ले बौद्ध अन्वेषणको लागि १५ वर्षसम्म करिब ३० राज्यहरूको यात्रा गरेको थियो ।

Downloaded from http://dhamma.digital

७३९. **युआन च्वांग** (= हुयन सांग) (६०३-६६४) भारत यात्राको लागि चीनबाट भागेर आएको थियो । तुर्फान राज्यमा पुग्दाखेरि त्यहाँको राजा चु वेन तइ (६२०-६४०) ले उसलाई जबर्जस्ती राजगुरु बनाउन लगाएको थियो । त्यहाँबाट फुत्कन युआन च्वांगले भोक हडताल गर्नु परेको थियो ।

७४०. भारतको अयोध्याबाट प्रयाग गइरहेको बेला युआन च्वांगलाई ठगहरूले पक्रेर दुर्गाको अगाडी बली दिन लगेको थियो, तर बचियो ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# तिब्बत (= भोट)

★ ७४१. सम्राट **श्रोङ चङ गम्पो** (६१७-६५०) को पालोमा नेपाल नरेश अंशुवर्माकी छोरी **भृकुटी** (= खृचुन) र चीन नरेशकी छोरी **वेचिन** (= कोङ्जो) ले दाइजोको रूपमा तिब्बतमा सर्वप्रथम बुद्ध-धर्म भित्र्याएकी थिइन् (सन् ६४०)।

★ ७४२. किंवदन्ति अनुसार श्रोङ चङ गम्पोलाई बुद्धकालीन राजा कोशल राजा प्रसेनजीतको वंशज मानिन्छ।

★ ७४३. तिब्बतको राजधानी ल्हासामा भृकुटीको लागि श्रोङ चोङ गम्पोले जो-खङ्का नामक मन्दिर बनाएको थियो। यही नै त्यहाँको सबभन्दा प्राचीन बौद्ध मन्दिर हो।

★ ७४४. भृकुटीलाई भोटमा हरिततारा र वेचिनलाई स्वेततारा‌को रूपमा पूजा गरिन्छन्।

★ ७४५. तिब्बतमा बुद्ध-धर्म प्रवेश भएर एक शताब्दी बितिसक्दा पनि न त त्यहाँ कोही तिब्बती भिक्षु नै बनेको थियो न त कुनै विहार नै थियो। तिब्बतमा सर्वप्रथम विहार **खि श्रोङ लदेबचन्** (७५५-७९७) को पालोमा १२ वर्ष लगाएर बनाइएको थियो।

★ ७४६. तिब्बतमा सर्वप्रथम त्यहींकै निवासीहरूलाई भिक्षु बनाउन सम्राट खि्र श्रोङ लदेबचन्‌ले भारतको नालंदाबाट सर्वास्तिवादी भिक्षुहरू बोलाएको थियो।

★ ७४७. भोट सम्राट खि्र श्रोङ लदेबचन्‌ले निम्त्याएकोले नालंदाको प्रकाण्ड विद्वान् र दार्शनिक आचार्य **शान्त रक्षित** ७५ वर्षको उमेरमा अति कठीन मार्ग पार गरी तिब्बतमा धर्म प्रचार गर्न आएको थियो। तिब्बतमा उक्त महान धर्म प्रचारकलाई खखन्‌छेन (=महापण्डित) बोधिसत्वको रूपमा पूजा गरिन्छ।

★ ७४८. सम्राट खि्र श्रोङ लदेवचन्‌लाई तिब्बतको अशोक मानिन्छ।

Downloaded from http://dhamma.digital

★ ७४९. आचार्य शान्त रक्षितको शिष्य भिक्षु **पद्मसम्भव**लाई तिब्बतमा अनिकाल हताउनको लागि बोलाइयो, र उनी सन् ७४७ मा तिब्बत पुगे । उनीलाई अज्जै पनि बुद्ध सरह मान्ने चलन छ ।

★ ७५०. खि्र श्रोङ लदेबचन्को पालोमा शान्त रक्षित मरिसकेपछि उसको शिष्य **कमलशील**लाई भोट बोलाइएको थियो । राजाकै अगाडि शास्त्रार्थ गरेर कमलशीलले तिब्बतका विरोधीहरूलाई पराजित गरेको थियो ।

★ ७५१. भोट सम्राट **रल प चेन** (८१६-८३८) को बुद्ध-धर्ममा यति आस्था थियो कि आफ्नो लामो कपाल काटेर बनाइएको चताईमा बसालेर भिक्षुहरूलाई उपदेश दिन लगाउँथ्यो । यसरी उनी भिक्षुहरूलाई आफ्नो टाउकोमा बस्न लगाउन चाहन्थ्यो ।

★ ७५२. भोट राजा **गलङ मरम** (राज्यारोहण ई. ९११) ले बुद्ध-धर्म माथि ठूलो अत्याचार गरेको थियो । भयंकर अत्याचारबाट पीडित भएर **द्पल्ग्यिर्दोजे** भन्ने भिक्षुले भेष बदलेर आई उक्त राजालाई मार्नु परेको थियो ।

★ ७५३. भोट सम्राट **मुनिव्चन पो** (७८०-७९७) बोधिसत्व आदर्शबाट अत्याधिक प्रभावित थियो । उसले आफ्नो राज्य समयमा तीन पल्ट-सम्म जनताहरूमा धन सम्पत्ति समान रूपले वितरण गरेको थियो । तर पनि दीर्घकालीन साम्यवाद ल्याउन ऊ सफल भएको थिएन ।

★ ७५४. तिब्बती राजभिक्षु ज्ञानप्रभले तिब्बतमा बुद्ध शासन शुद्धि गर्न भारतको विक्रमशिला महाविहारबाट आचार्य **दिपंकर श्रीज्ञान** (=अतिश) लाई ल्याउन चाहेको थियो । यसको लागि धन एकत्रित गर्न जाँदा छिमेकी देशले ज्ञानप्रभलाई कैदी बनाएको थियो । त्यसबेला ज्ञानप्रभले आफूलाई छुटाउनमा धन खर्च गर्नु भन्दा दिपंकर श्रीज्ञानलाई तिब्बत बोलाउनमा धन खर्च गर्ने आदेश आफ्ना देशवासीहरूलाई दिएको थियो । उसको महान त्याग सुनेर नै पहिले नाइँनास्ति गरिराख्ने दिपंकर श्रीज्ञान सन् १०४२ मा तिब्बत आइपुग्यो ।

★ ७५५. सन् १४४७ देखि तिब्बतको टशील्हुन्पो महाविहारमा धर्म गुरु अर्थात् **दलाई लामा**को चलन चलेको थियो ।

Downloaded from http://dhamma.digital

★ ७५६. मंगोलियामा धर्म प्रचारार्थ जाने तेश्रो दलाई लामाले मंगोलियामा पशुबली बन्द गर्न लगाएको थियो ।

★ ७५७. चौथो दलाई लामा भोटे नभई मंगोल थियो ।

★ ७५८. चौथो दलाई लामासम्म अवतारवादको चलन थिएन । चारै जना अलग अलग व्यक्ति थिए । तर पाँचौ दलाई लामादेखि अवतारवादको चलन चल्यो र त्यसपछिका सबै दलाई लामाहरू एउटै दलाई लामाको वा आर्यावलोकितेश्वरको विभिन्न अवतार मान्ने चलन चल्यो ।

★ ७५९. ल्हासाको प्रसिद्ध **पोताला दरवार** सन् १६४५ मा पाँचौ दलाई लामाले बनाउन लगाएको थियो । [11]

★ ७६०. सन् १६४२ मा मंगोल सम्राट **गुस्री खां**ले तिब्बतका भिक्षुहरू माथि अत्याचार गर्ने शासक वर्गलाई धपाएर तिब्बत राज्य नै पाँचौ दलाई लामालाई उपहार दिएको थियो । त्यसैबेलादेखि तिब्बतमा दलाई लामाले शासन चलाउँदै आएको थियो ।

★ ७६१. वर्तमान दलाई लामाको साँच्चैको नाउँ हो तेनजिन ग्यात्सो र ऊ १४ औं दलाई लामा हो ।

## जापान

★ ७६२. जापानमा सन् ५३८ तिर[१] कोरियालीहरूले बुद्ध-धर्म भित्र्याएको थियो । कोरियाको राजाले जापानी राजालाई पठाएको एक पत्र (हे. ११२१) सँगै बुद्ध-धर्म जापानमा भित्रिएको विश्वास गरिन्छ । [11]

★ ७६३. सर्वप्रथम जापान पुग्ने भिक्षु थिए कोरियाको **शिवा तत्सु** । [47]

---

१. [51] अनुसार इ. ५३२ मा, र [45] अनुसार ई. ५५२ मा जापानमा बुद्ध-धर्म भित्रिएको थियो ।

Downloaded from http://dhamma.digital

★ ७६४. जापान सम्राट बुशुन्को छोरो **शोतोकू**ले छैठौं शताब्दीमा विरोधीहरूलाई दमन गर्न चार बौद्ध महाराजहरू (हे. २५८) को मूर्ति अगाडि राखेर युद्ध गर्न गएका थिए र जिते पनि ।

★ ७६५. जापानी उपराज **शोतोकू** (५७४-६२१) एक प्रसिद्ध राज्य संचालक मात्र नभई एक कुशल उपदेशक पनि थिए । बेला बखतमा हुने उसको उपदेश सुन्न हजारौं नरनारीहरू दरबारमा भेला हुने गर्थ्यो ।

★ ७६६. जापानको राष्ट्र निर्माता उपराज शोतोकू एक अति कुशल करूणामयी नेता थिए । त्यसैले उसलाई अवलोकितेश्वरको अवतार मानिन्छ।

★ ७६७. जापानको सबभन्दा पुरानो मन्दिर - **होर्योजी मन्दिर** - उपराज शोतोकूले सन् ५८६-८७ मा बनाएको थियो । उक्त मन्दिरमा रहेका बुद्ध मूर्तिहरू बनाउन भारतबाट माटो ल्याइएको थियो किनकि ती मूर्तिहरू पवित्र माटोबाट बनोस् भनी उपराज चाहन्थे ।

★ ७६८. शोतुकू जापानको अशोक मानिन्छ ।

★ ७६९. सन् ६२१ मा शोतोकूको देहावसान हुँदा, भनिन्छ कि, राज्यभरि नै नरनारीहरूको रोदनले भरेको थियो । इतिहास अनुसार त्यतिबेला किसानहरूले हलो जोत्न छाडेका थिए, घट्टेहरूले घट्ट चलाउन छाडेका थिए।

★ ७७०. जापानी सम्राट शोम् (७२४-७४९) को धर्मपत्नीलाई एक आदर्श बौद्ध उपासिका एवं रोगी सेविका मानिन्छ । किवदन्ति अनुसार एकपटक स्वयं बुद्धले उनको परिक्षा लिन एक कोढीको रूपमा उनीकहाँ उपचार गर्न आउनु भएको थियो ।

★ ७७१. जापानको नारास्थित दाईबुत्सु (= महाबुद्ध) बुद्ध मूर्ति संसारको प्राचीनतम पित्तलको मूर्ति हो । यो सन् ७५२ तिर सम्राट शोमूले बनाउन लगाएको थियो । [11]

★ ७७२. सन् ११८० मा आगो लागेर नाराको प्रसिद्ध बुद्ध मूर्तिका हात खुट्टा पग्लेका थिए । १५६७ मा भूकम्पले गर्दा टाउको हल्लियो । यसरी यसलाई धेरै पटक जिर्णोद्धार गरेको थियो ।

Downloaded from http://dhamma.digital

★ ७७३. सन् १८९५ मा होजंगी विहार बनाउनको लागि हरेक श्रद्धालु आफ्नो रौं एक एक वटा दिएको थियो जसबाट ५० वटा डोरीहरू बनाइ र विहार निर्माणको काममा लगाइए ।

★ ७७४. जापानको नोफुकुजीमा ३७५ फिट अग्लो बुद्धको धातु मूर्ति थियो जुन लडाईको बेला हतियार बनाउन पगालिए । [34]

★ ७७५. **निचिरेन** (१२२२-१२८२) लाई शत्रुहरूको हातबाट जापान बचाउने "महाबोधिसत्व" को रूपमा मानिन्छ ।

★ ७७६. जापानको नारास्थित **कोफुकुजी** मन्दिरमा एक विशाल स्तूप छ । यो स्तूपलाई १९ औं शताब्दीमा ५० येन (झण्डै ३ रूपैंया) मा बेच्न लागेको थियो, तर सौभाग्यवश कोही पनि ग्राहक निस्केन । भनिन्छ कि स्तूप भत्काउँदा बढि खर्च पर्ने हुनाले यसलाई बेच्न लागेको थियो । [34]

## अन्य देशहरू

★ ७७७. **थाइलैण्ड** (=श्याम) को प्रथम विहारको नाम हो "वाट बेलुवन" ।

★ ७७८. थाई नरेश श्री सूर्यवंश रामले सन् १३६२ मा श्रीलंकाबाट भिक्षुहरू झिकाएर आफ्नो देशमा धर्म सुधार गरेका थिए ।

★ ७७९. **श्री सूर्यवंश राम**को पालोमा सन् १३५८ मा श्रीलंकाबाट बोधिवृक्षको[1] एक शाखा थाइलैण्ड भित्र्याइएको थियो ।

★ ७८०. राजा श्री सूर्यवंश राम पछि भिक्षु बनेका थिए, तर देशमा अशान्ति मच्चिएको बेला प्रजाको प्रार्थना अनुसार उनले फेरि राजा बनी देशमा शान्ति कायम गरेका थिए ।

★ ७८१. **खोतन**मा राजा **विजयसम्भव**को पालामा (ई.पू. २२१) [53] सर्वप्रथम काश्मीरको भिक्षु वैरोचनले बुद्ध-धर्म भित्र्याएको थियो । राजाले उनलाई श्राम विहार बनाइदिएको थियो । [47]

---

१. यो बोधिवृक्ष संघभित्राले श्रीलंका ल्याएकी थिइन् । (हे. ६८५)

Downloaded from http://dhamma.digital

★ ७८२. पाँचौ शताब्दीतिर खोतनमा हरेक बर्ष १४ दिनसम्म बुद्ध मूर्तिको धूमधाम जात्रा हुने गर्थ्यो जसमा राजाले आफ्नो मुकुट छाडी नांगो खुट्टाले बुद्धपूजा गर्ने गर्थ्यो ।

★ ७८३. **काशगर**मा पाँचौ शताब्दीतिर ५ वर्षमा एक पटक बौद्ध महोत्सव हुने गर्थ्यो जसमा बुद्धको धातु प्रदर्शन गराइन्थ्यो ।

★ ७८४. संन् ४६० मा काशगरको राजाले चीनको राजालाई बुद्धको चीवर उपहार पठाएको थियो ।

★ ७८५. चीनी यात्री फाहियान्ले पाँचौं शताब्दीतिर काशगरमा भगवान्को एक पत्थरको पिकदान देखेको थियो ।

★ ७८६. सातौं शताब्दीतिर **कुचा**मा बुद्धका १०० फिट भन्दा अग्ला अत्यन्त सुन्दर मूर्तिहरू थिए जुन अहिले लुप्त छन् ।

★ ७८७. **कम्बोडिया** स्थित विशाल शैव मन्दिर वायोन् पहिले बौद्ध मन्दिर थियो, जुन पछि शीवालयमा परिणत भयो ।

★ ७८८. राजा **जयवर्मा सप्तम** (११८२-१२०२) लाई कम्बोडियाको अशोक मानिन्छ ।

★ ७८९. जयवर्मा सप्तमले आफ्नो राज्यमा १०२ अस्पताल र ७९८ औषधालयहरू बनाएका थिए ।

★ ७९०. जयवर्मा सप्तमले राजविहार नामक एक विशाल विहार बनाएका थिए जुन ३४०० गाउँहरूको आयबाट चल्थ्यो ।

★ ७९१. **बाली द्विप** (इण्डोनेसिया) मा शैव र बुद्ध-धर्मको बिच ठूलो सहिष्णुता रहिआएको छ । त्यहाँ बुद्धलाई शिवको भाइ मानिन्छ ।

★ ७९२. **जावा**मा शैलेन्द्र राजाहरू (आठौं नवौं शताब्दी) को शासन-कालमा बुद्ध-धर्म जावा, सुमात्रा, बाली, मलक्का, बोर्नियो, सेलेबेस र मलायन पेनुन्सुलामा फैलिएको थियो ।

Downloaded from http://dhamma.digital

★ ७९३. जावाको राजा **विक्रमबर्द्धन** आफ्नो छोरो मरेको (सन् १३९९मा दु:खले सन् १४०० मा भिक्षु बन्यो, तर पनि उसले राजकाज चलाइ राख्यो ।

★ ७९४. जावाको सबभन्दा प्राचीन **कलसन** बौद्ध मन्दिर सन् ७७८ मा हिन्दु राजाले बौद्ध भिक्षुहरूको अनुरोधमा बनाएको थियो ।

★ ७९५. जावाको सुप्रसिद्ध **बोरोबुदुर** बौद्ध मन्दिर राजा समरतुंग (सन् ८२५ को पालामा बनेको थियो ।

★ ७९६. फाहियानले **पेशावर**मा बुद्धको भिक्षा पात्र देखको थियो ।

★ ७९७. फाहियानको अनुसार **नगरहार**मा एउटा गुफा थियो जहाँ जन-विश्वास अनुसार बुद्धले आफ्नो छाया (?) छाडेर जानुभएको थियो ।

★ ७९८. यस्ता बुद्धको छाया (?) हुय्न सांगले कौशाम्बी र गयामा देखेको थियो ।

★ ७९९. पाँचौं शताब्दीमा नगरहारमा फाहियानले बुद्धको खप्पर माथि बनाइएको एउटा स्तूप देखेको थियो ।

★ ८००. क्रिस्टोफर **कोलम्बस**ले अमेरिका पत्ता लगाउनु (सन् १४९२ मा) भन्दा दशौं शताब्दी अगाडि बुद्ध-धर्म प्रचारकहरू उत्तरी अमेरिकाको मेक्सिको पुगेको कुरा अन्वेषणले देखाएको छ । यसरी सन् ४८५ तिर चीनको भिक्षु **हुईसेन** मेक्सिको पुगेको थियो, उहाँलाई मेक्सिकनहरू "हुईशापे कोको" भन्ने गर्दछन् । [36]

★ ८०१. ग्वातेमाला (लेटिन अमेरिका) वास्तवमा "गौतममाला" शब्दको अपभ्रंश मानिन्छ, अर्थात् पहिले यो बौद्ध राष्ट्र थियो । [36]

★ ८०२. सम्राट अशोकले पठाएका धर्म प्रचारहरू (हे. ६३५) लात्भिया, लिथुअनिया, एस्टानिया (पूर्वी युरोपेली देशहरू), प्यालेस्टाइन, माक्दोनियासम्म पनि पुगेका थिए । [36]

Downloaded from http://dhamma.digital

★ ८०३. तेह्रौं शताब्दीमा पूर्वी युरोपका देशहरू - लात्भिया र एस्टोनियामा क्रिश्चियनहरूले ३ करोड बौद्धहरूलाई सखाप पारिदिएको थियो अरे । बाकि दुई करोडलाई जबर्जस्ति क्रिश्चियन बनाइएका थिए भनिन्छ । [36]

★ ८०४. दार्शनिक गालेकोटी (१४२७-१४९७) अनुसार हंगेरीको राजधानी बुढापेस्त "बुद्ध" शब्दको अनुकरणबाट आएको हो ।

★ ८०५. **कोरिया**मा सर्वप्रथम सन् ३७२ मा बुद्ध-धर्म भित्रिएको थियो । चीनको भिक्षु सुण्डो सर्वप्रथम उत्तर कोरियाको कोगर्यु भन्ने ठाउँमा सन् ३७२ मा पुगे । [53]

★ ८०६. बुद्धकालीन भिक्षु वंगीस महास्थविर **बंगलादेश**को भएको मानिन्छ । जे होस्, कमसेकम सम्राट अशोकको पालामा बंगलादेशमा पक्कै बुद्ध-धर्म पुगेको थियो ।

★ ८०७. **भुटान**मा सर्वप्रथम बुद्ध-धर्म प्रवेश गराउने श्रय आठौं शताब्दीमा पद्मसम्भवलाई छ ।

★ ८०८. विभिन्न राष्ट्रहरूमा ऐतिहासिक प्रमाण अनुसार बुद्ध-धर्म प्रवेश भएको वर्ष यसप्रकार छन्[1] –

| | | | |
|---|---|---|---|
| नेपाल | - ई.पू. २४८ मा, | कोरिया | - ई. ३७२ मा |
| श्रीलंका | - ई.पू. २४७ मा, | जापान | - ई. ५३८ मा [2] |
| बर्मा | - ई.पू. २४८ मा, | जावा | - ई. ४०० तिर |
| बंगलादेश | - ई.पू. २४७ तिर, | थाइलैण्ड | - ई. ६३८[3] |
| मंगोलिया | - ई.पू. प्रथम शताब्दी[2] | भुटान | - आठौं शताब्दी |
| चीन | - ई. ७५ तिर[2] | लाओस | - १३ औं शताब्दी |
| तिब्बत | - ई. ६४० मा | बेलायत | - ई. १९०८[4] |

---

१. यी मध्ये अधिकांश राष्ट्रहरूमा लोक विश्वास र जनश्रुति अनुसार पहिले नै बुद्ध-धर्म प्रवेश भइसकेको मानिन्छन् । तर यी कुराहरूको ऐतिहासिक प्रमाण छैन ।

२. [11] अनुसार ।

३. [45] अनुसार । हुनसक्छ थाइलैण्डमा ई.पू. २४७ तिर नै अशोकका धर्म प्रचारक श्रोण र उत्तरले बुद्ध-धर्म भित्र्याएका थिए ।

४. भिक्षु आनन्द मेत्तेयको नेतृत्वमा बेलायतमा बुद्ध-धर्म प्रवेश गरेको विश्वास गरिन्छ ।

Downloaded from http://dhamma.digital

# आधुनिक विश्व

★ ८०९. आधुनिक युगमा भिक्षु बन्ने प्रथम भारतीय भिक्षु थियो भिक्षु **महावीर** ।

★ ८१०. सन् १८९१ मा श्रीलंकाको अनगारिक **धर्मपाल**ले भारतमा बुद्ध-धर्मको पुनरूत्थान गरेको मानिन्छ ।

★ ८११. भारतमा बुद्ध-धर्म सुप्रतिष्ठित पार्ने तीन स्तम्भहरू यसरी छन्-
(१) भदन्त आनन्द कौशल्यायन (२) भिक्षु जगदिश काश्यप
(३) महापण्डित राहुल सांकृत्यायन

★ ८१२. भारतको आधुनिक **नालंदा** इन्स्टिच्यूट सन् १९५१ मा भिक्षु जगदिश काश्यपले स्थापना गरेको थियो ।

★ ८१३. देवनागरीमा (पाली भाषामा) सर्वप्रथम त्रिपिटक अनुवाद गर्ने व्यक्ति थियो भिक्षु **जगदिश काश्यप** ।

★ ८१४. महापण्डित **राहुल सांकृत्यायन** (१८९३-१९६३) श्रीलंकामा भिक्षु बनेको थियो, र भिक्षु हुनु अघि उहाँलाई रामोदर बाबा भनिन्थ्यो ।

★ ८१५. बाबासाहेब डा. **भीमराज अम्बेडकर** (१८९१-१९५६) सन् १९५६ (अक्टोबर १४) का दिन आफ्ना लाखौं अनुयायीहरूका साथ बौद्ध बनेका थिए ।

★ ८१६. बुद्ध एक काल्पनिक पुरुष नभई एक ऐतिहासिक पुरुष हुनुहुन्थ्यो भन्ने कुरा यूरोपमा सर्वप्रथम जर्मनी विद्वान् **हरमन ओल्डेनवर्ग**ले १९ औं शताब्दीको अन्ततिर स्पष्ट पारिदिएको थियो ।

★ ८१७. सन् १८७९ मा प्रकाशित सर **इडविन आर्नोल्ड**द्वारा लिखित **"दि लाइट आफ एसिया"** नामक पुस्तकले पश्चिमी विश्वमा बुद्धप्रति जिज्ञासा उत्पन्न गराइदिएको थियो ।

Downloaded from http://dhamma.digital

★ ८१८. भिक्षु बन्ने प्रथम जर्मनी थियो - **आण्टोन गीठ** । उनी सन् १९०४ मा भिक्षु **ञानतिलोक** हुनु भएको थियो ।

★ ८१९. भिक्षु बन्ने प्रथम अंग्रेज थियो **आलेन बेनेट** (१८७२-१९२२) । उनी सन् १९०१ मा श्रामणेर बनेको थियो । बुद्ध-धर्ममा दिक्षित भएपछि उनको नाउँ भयो **आनन्द मेत्तेय्य**[1] ।

★ ८२०. बेलायतमा प्रथम बौद्ध विहार सन् १९५४ मा खडा भयो । [53]

★ ८२१. सन् १९६४ अक्टुबरमा बुद्धको अस्थि धातु सर्वप्रथम यूरोप (बेलायत) मा भित्र्याइयो ।

★ ८२२. अष्ट्रेलियामा प्रथम बौद्ध विहार सन् १९७३ मा स्थापना भयो । [53]

★ ८२३. आधुनिक युगमा जापानमा सन् १८६८ तिर र इण्डोनेसियामा सन् १९३४ तिर बुद्ध-धर्म पुनरूत्थान भएको मानिन्छ । विभिन्न राष्ट्रहरूमा बुद्ध-धर्म पुनर्जागरण गर्ने श्रेय यसप्रकार छन् –

श्रीलंकामा श्रामणेर गुणानन्द (हे. ६९४)
भारतमा अनगारिक धर्मपाल (हे. ८१०)
चीनमा भिक्षु ताई शू
बर्मामा लेदि सयादो
नेपालमा भिक्षु महाप्रज्ञा र भिक्षु अमृतानन्द

---

१. [53] अनुसार गोर्डन डाउग्लास सन् १८९९ मा प्रथम अंग्रज भिक्षु बनेको थियो ।

Downloaded from http://dhamma.digital

# भूगोल, कला, साहित्य, संस्कृति

## भूगोल

★ ८२४. बुद्धकालीन युगमा पृथ्वीमा चार द्विपहरू छन् भन्ने धारणा थियो ती हुन् - जम्बू द्विप, पूर्व विदेह, अपरगोयन र उत्तरकुरू ।

★ ८२५. बुद्धकालीन समयमा जम्बू दीप (= भारतवर्ष) मा सात महाराज्यहरू थिए –

| महाराज्य | राजधानी |
|---|---|
| (१) कलिंग (दक्षिण उडिसा) | दन्तपुर (जगन्नाथ पुरी) |
| (२) अस्सक (पूर्वी महाराष्ट्र) | पोतल (बोधन नगर) |
| (३) अवन्ती (गुजरात र वरिपरि) | माहिष्मती (मान्धाता नगर) |
| (४) सौवीर (मध्य पूर्व पाकिस्तान) | रोरुक (रोरी गाउँ) |
| (५) विदेह (उत्तरी विहार र तराई[1]) | मिथिला (जनकपुर) |
| (६) अंग (भागलपुर) | चम्पा (चम्पानगर) |
| (७) काशी (दक्षिणी उत्तर प्रदेश) | वाराणशी |

★ ८२६. बुद्ध-कालमा चार महाराष्ट्रहरू यसप्रकार छन् –

| राष्ट्र | राजधानी | राजा |
|---|---|---|
| (१) मगध | राजगृह | विम्विसार |
| (२) कोशल | श्रावस्ती | प्रसेनजीत |
| (३) वंस | कौशाम्बी | उदयन |
| (४) अवन्ती | माहिष्मती | चन्द्रप्रद्योत |

★ ८२७. बुद्ध-कालका ६ महानगरहरू यसरी दिइन्छ –

(१) चम्पा (२) राजगृह
(३) श्रावस्ती (४) साकेत
(५) कौशाम्बी (६) वाराणशी

---

१. तराई भन्नाले नेपालको तराई बुझिनु पर्छ ।

Downloaded from http://dhamma.digital

★ ८२८. बुद्धकालका १६ राज्यहरूलाई १६ **महाजनपद**हरू भनिन्थे । ती हुन् –

(१) अंग (भागलपुर)
(२) मगध (पटना+गया)
(३) काशी
(४) कोशल (पश्चिमी उत्तर प्रदेश)
(५) बृजि (मुजफ्फरपुर)
(६) मल्ल (मध्य तराईतिर)
(७) चेतीय (बुन्देल खण्ड, म.प्र.)
(८) वंग (बंगलादेशमा)
(९) कुरू (मेरठ, दिल्ली आदि)
(१०) पंचाल (फरूखावाद र आसपास)
(११) मत्स्य (जयपुर आसपास)
(१२) सूरसेन (ब्रज मण्डल)
(१३) अश्वक (पठन)
(१४) अवन्ती (उज्जैन आसपास)
(१५) गन्धार (पाकिस्तान, अफगानस्तान)
(१६) कम्बोज (अफगानस्तान, इरान)

★ ८२९. बुद्धकालीन भूगोलमा तलका ५ महानदीहरू थिए –

(१) गंगा (२) यमुना (३) अचिरवती ( =राप्ती)
(४) सरभू (= सरयू) (५) मही (= गण्डकी)

★ ८३०. बुद्धकालमा राजगृहको मध्यबाट एउटा तातो पानीको नदी बग्ने गर्दथ्यो जसलाई **तपोदा नदी** भनिन्थ्यो । सो अहिले पनि विद्यमान छ ।

★ ८३१. बैशाली नजिकै एउटा रामकुण्ड नामक कुण्ड छ जुनकी बाँदरहरूले बुद्धको लागि खनिदिएको "**मर्कटह्रद**" कुण्ड मानिन्छ ।

★ ८३२. बुद्धको अनुसार बौद्धहरूको लागि चार दर्शनीय तिर्थस्थलहरू छन् । ती हुन् –

(१) लुम्बिनी
(२) बुद्धगया (= बोधगया)
(३) सारनाथ (= ऋषिपतन मृगदावन)
(४) कुशीनगर (= कुसिनारा= कुशावती)

★ ८३३. बुद्ध जीवनीसँग सम्बन्धित ८ महास्थानहरूलाई **अठ्ठमहाठानानि** भनिन्छन् – (तु. २१४)

(१) लुम्बिनी (२) बुद्धगया (३) सारनाथ (४) कुशीनगर
(५) श्रावस्ती (६) संकास्य (७) राजगृह (८) वैशाली

Downloaded from http://dhamma.digital

★ ८३४. बुद्ध जीवनीसँग सम्बन्धित विभिन्न स्थानहरू आधुनिक नक्सामा तलका स्थानहरूमा पर्छन् –

| | |
|---|---|
| **कपिलवस्तु** | - तिलौराकोट (तौलिहवा), लुम्बिनी अंचल (नेपाल) |
| **लुम्बिनी** | - रूम्मिन देई, भैरहवा (नेपाल) |
| **देवदह** | - देवीदमाद गाउँ, बुटवल नजिक (नेपाल) |
| **उरूवेला (= बुद्धगया)** | - बोधगया, विहार (भारत) |
| **ऋषिपतन मृगदावन** | - सारनाथ, वाराणशी, उ.प्र. (भारत) |
| **श्रावस्ती** | - सहेत महेत, गौड जिल्ला, उ.प्र. (भारत) |
| **वैशाली** | - वसाढ गाउँ, मुजफ्फरपुर (भारत) |
| **राजगृह** | - राजगिर गाउँ, पटना (भारत) |
| **पाटलीपुत्र** | - पटना (भारत) |
| **कुशीनगर** | - कसया गाउँ, गोरखपुर (भारत) |
| **रामग्राम** | - परासी (नेपाल) |
| **पावा** | - पडरौना गाउँ, गोरखपुर (भारत) (?) |
| **पिप्फलीवन** | - पिपरहवा (नेपाल) (?) |
| **संकाश्य** | - सकि्सा, फरूखाबाद, उ.प्र. (भारत) |
| **कौशाम्बी** | - कोसम, इलाहाबाद, उ.प्र. (भारत) |
| **साकेत** | - अयोध्या, फैजाबाद, उ.प्र. (भारत) |
| **आलवि** | - अर्वल, कानपुर (भारत) |
| **तक्षशिला**[1] | - तक्शिला, रावलपिण्ढी (पाकिस्तान) |
| **हिमवन्त** | - हिमालय |
| **सुंसुमारगिरी पर्वत** | - चुनार पर्वत, उ.प्र. (भारत) |
| **अचिरवती नदी** | - राप्ती नदी |
| **मही नदी** | - गण्डकी नदी |
| **अनोमा नदी** | - औमी नदी |
| **नेरंजना नदी** | - नीलाजन नदी |
| **सरभू नदी** | - सरयू नदी |
| **अनोतप्त दह** | - मानसरोवर (तिब्बत) |

---

१. गन्धारको राजधानी ।

Downloaded from http://dhamma.digital

## कला

★ ८३५. बुद्धको स्मरणमा सर्वप्रथम चैत्य तपस्सु र भल्लुकले उडिसामा बनाएका थिए । (हे. ५५) यही नै बुद्धको शारीरिक धातु (रौं) राखेर बनाएको प्रथम चैत्य हो । [17]

★ ८३६. बुद्धकालमा निम्नलिखित स्थानहरूमा बुद्धको शारीरिक धातु राखेर चैत्य बनाएको मानिन्छ – (तु. २०९)

| धातु | निर्माता | स्थान |
|---|---|---|
| (१) रौं | तपस्सु र भल्लुक | उडिसा |
| (२) अस्थि | अजातशत्रु | राजगृह |
| (३) अस्थि | लिच्छवीहरू | वैशाली |
| (४) अस्थि | शाक्यहरू | कपिलबस्तु |
| (५) अस्थि | बुलिहरू | अल्लकप्प |
| (६) अस्थि | मल्लहरू | पावा |
| (७) अस्थि | कोलियहरू | रामग्राम |
| (८) अस्थि | ब्राह्मणहरु | वेठ द्विप |
| (९) अस्थि | मल्लहरू | कुशीनगर |
| (१०) खरानी (= अंगार) | मौर्यहरू | पिप्फलीवन |
| (११) कुम्भ (= भाँडो) | द्रोण ब्राह्मण | ? |
| (१२) दन्त | ? | स्वर्ग (?) |
| (१३) दन्त | ? | गन्धार |
| (१४) दन्त | नागहरू | नागलोक (?) |
| (१५) दन्त | ? | कलिंग |

★ ८३७. भनिन्छ कि तपस्सु र भल्लुकले बनाएको चैत्यबाट हरेक पूर्णिमामा नीलो रश्मी आउने गर्दथ्यो ।

★ ८३८. सिद्धार्थ कुमारले आफू प्रब्रजित हुँदाखेरि काटेर फालेको केश इन्द्रले लिएर गई देवलोकमा एक चैत्य बनाएको थियो अरे । त्यो चैत्यलाई **चुडामणि चैत्य** भनिन्छ ।

★ ८३९. चैंत्य चार प्रकारका छन् –
(१) शारीरिक (= धातु) चैत्य - बुद्धको अस्थि राखेर बनाएको चैत्य

Downloaded from http://dhamma.digital

(२) पारिभोगिक (= परिभोग) चैत्य - बुद्धको परिभोग गर्ने वस्तु राखेको
(३) धर्म चैत्य - धर्म स्थायी गर्न बनाएको चैत्य
(४) उद्देश्य चैत्य - विभिन्न उद्देश्यले बनाएका कलात्मक चैत्यहरू

यी मध्ये धातु र परिभोग चैत्यहरू बुद्धको पालामा पनि प्रचलित थिए बाकि दुई बुद्धकाल पछि बनेका हुन् ।

★ ८४०. इतिहासमा सबभन्दा बढि चैत्यहरू सम्राट अशोकले बनाएको थियो ।

★ ८४१. सबभन्दा पुरानो ईंटको स्तूप नेपालको पिपरहवामा भएको मानिन्छ, जुनकि अनुमानतः ई.पू.४५० तिर बनाइएको थियो । [17]

★ ८४२. बुद्ध परिनिर्वाण पछि उहाँको अस्थिधातु राखेर बनाइएको ८ चैत्यहरू (हे. २०७) मध्ये रामग्रामको चैत्य बाहेक अन्य चैत्यहरूको अस्थि सम्राट अशोकले निकाल्न लगाएको थियो । तर रामग्राममा अज्जै पनि भित्र बुद्धको अस्थिधातु बाकि छ । [15]

★ ८४३. सन् १९५२ मा साँचीमा सारिपुत्र र मौद्गल्यायनको अस्थिधातु राखी स्तूप बनाइएको थियो ।

★ ८४४. **सारनाथ** स्थित अशोक स्तूप सन् १७९४ मा दिवान जगत सिंहले बनारसमा बजार बनाउनको लागि भट्काएको थियो ।

★ ८४५. सारनाथमा चौखण्डी ढिस्कोको शिखर सन् १५८८ मा बादशाह अकबरले बनाउन लगाएको थियो ।

★ ८४६. सारनाथमा सन् १९३६ मा श्रीलंकाबाट ल्याएर रोपेको बोधिवृक्ष छ ।

★ ८४७. भनिन्छ कि बुद्धकै पालामा ५ फिट अग्लो श्रीखण्डको बुद्धमूर्ति सर्वप्रथम राजा उदयनले बनाएको थियो । दोस्रो बुद्धमूर्ति, जुन सुनको थियो, राजा प्रसेनजीतले बनाएको थियो । तर यी कुराहरूको ऐतिहासिक प्रमाण छैन । [24]

Downloaded from http://dhamma.digital

★ ८४८. भनिन्छ कि सम्राट अशोकले नागराज महाकालको हातबाट बुद्धमूर्ति बनाउन लगाएको थियो । तर यो .कुरासँग पुरातत्ववेताहरूको सहमति छैन । [15]

★ ८४९. सर्वप्रथम ऐतिहासिक बुद्धमूर्ति सम्राट कनिष्क (७८-१०१) मा निर्माण भएको थियो ।

★ ८५०. सुप्रसिद्ध भारतको **अजन्ता गुफा** सन् १८१९ मा एकजना ब्रिटिश फौजी अफसरले अकस्मान् पुनः पत्ता लगाएको थियो ।

★ ८५१. एक शताब्दी अघिसम्मन् **बुद्धगया**को बुद्ध मूर्तिलाई हिन्दूहरूले पाण्डव ठानी पूजा गर्दथ्यो । यसलाई बर्मी राष्ट्रपति **ने वीन**ले सुवर्णले छोपिदिएको हो ।

★ ८५२. कर्णाली (नेपाल) को राजा श्री अशोक चल्ल देवले तेह्रौं शताब्दीमा बुद्धगया जिर्णोद्धार गर्न लगाएको शिलालेख प्रकाशमा आएको छ । [39]

★ ८५३. बुद्धगयाको नक्कलमा पाटन (नेपाल) मा **महाबुद्ध**को मन्दिर बनेको थियो । नेपाल बाहेक महाबुद्धका मन्दिरहरू बर्मा, श्रीलंका, थाइलैण्ड र चीनमा पनि पाइन्छ ।

★ ८५४. **श्रीलंका**मा सर्वप्रथम बुद्धमूर्ति भित्र्याउँदा त्यहाँका भिक्षुहरूले वन्दना गर्न चाहेनन् । बुद्धमूर्तिको टाउकोमा बुद्धको अस्थिधातु राखेपछि मात्रै उनीहरूले स्वीकार गरे ।

★ ८५५. श्रीलंकाको अनुराधपुरमा रहेको **बोधिवृक्ष** ई.पू. तेश्रो शताब्दीमा लगाइएको थियो (हे. ६८५) । यो संसारको सबभन्दा पुरानो रूख मध्ये एक मानिन्छ ।

★ ८५६. श्रीलंकाको सुप्रसिद्ध **दन्त मन्दिर** (Temple of Tooth) चौंथो शताब्दीतिर राजा कीर्ति श्री मेघवर्णको पालोमा बुद्धको अस्थिधातु राखेर बनाइएको थियो । भनिन्छ कि यो धातु एउटी राजकुमारीले आफ्नो जुडोमा लुकाएर ल्याएकी थिइन् ।

Downloaded from http://dhamma.digital

★ ८५७. **बर्मा**मा च्याइथियू नामक एक प्रसिद्ध बौद्ध चैत्य छ जुन पहाडको शिखरमा एउटा टाउको आकारको ढुंगा माथि रहेको छ । उक्त ढुंगा मजैसंग हल्लिन्छ ।

★ ८५८. **थाइलैण्ड**को बैंककस्थित **वाट् फ्राक्रिओ** विहारमा पन्नाको बुद्ध मन्दिर (Emerald Buddha) सन् १७८५ मा स्थापित गरिएको थियो । यस भित्र ३१ इन्च लामो "पन्ना" रंगको सूर्यकान्त मणी (Jasper) काटेर बनाइएको बुद्ध मूर्ति छ । यो "पन्नाको बुद्ध" चियाङ माई (उत्तरी थाइलैण्ड) मा सन् १४३६ मा अकस्मात् एउटा बुद्ध मूर्ति टुक्रा हुँदा त्यसभित्र भेट्टिएको मानिन्छ ।

★ ८५९. बैंककको सबभन्दा ठूलो विहार हो - **वाट् पो** । यसभित्र १६० फिट लामो ३९ फिट अग्लो शिंहसय्यामा लेटिरहेको बुद्ध मूर्ति छ ।

★ ८६०. थाइलैण्डमा सुवर्ण बुद्धको मन्दिर (= त्रिमित्त विहार) मा एउटा बुद्ध मूर्ति त्यसै मिल्काइराखेको थियो, जुन सन् १९५३ (मे.२५) मा क्रेनबाट उचालिंदा खसेर टुक्रा भयो । र त्यसभित्रबाट सुनको ३ मिटर अग्लो ५.५ टन गह्रौं बुद्ध मूर्ति निस्क्यो । भनिन्छ कि १३ औं शताब्दीतिर शत्रुहरूको हातबाट बचाउन उक्त सुनको मूर्तिलाई प्लास्टर गरेर लुकाइदिएको थियो ।

★ ८६१. सुप्रसिद्ध बौद्ध स्तूप **बरोबुदुर** जावा (**इण्डोनेसिया**) मा स्थित छ । यो सम्भवतः ८५० ई. तिर निर्माण गरिएको थियो ।

★ ८६२. **कम्बोडिया**को प्रसिद्ध **बायोन विहार** राजा जयदेव द्वितीयले बनाएको थियो ।

★ ८६३. कम्बोडिया स्थित **अंकोरवाट** बौद्ध विहार (बनाउने सूर्यवर्मा द्वितीय ?) पहिले शिव मन्दिर थियो जुन पछि स्थविरवादी बौद्ध विहार हुन गयो ।

★ ८६४. **चीन**को प्रसिद्ध "अशोक विहार", भनिन्छ कि, बुद्धको अस्थि राखी सम्राट अशोकले बनाएको थियो ।

★ ८६५. चीनको पश्चिमी भागमा गुफै गुफाले भरिएको "सहस्त्रबुद्ध-गुहा-विहार" नामक बौद्ध मन्दिर छ ।

Downloaded from http://dhamma.digital

★ ८६६. भारतको अजन्ता भन्दा बढि कलापूर्ण गुफाहरू चीनमा छन् । तुनवहाँग गुफामा २००० बुद्ध मूर्ति छन् । अन्य संसार प्रसिद्ध चीनका गुफाहरू हुन् - युनकांग गुफा, लुँङमेन गुफा, मैचिसान गुफा ।

★ ८६७. चीनमा तलका पहाडहरूलाई चार बौद्ध स्थल मानिन्छन् –

(१) मञ्जुश्रीको घर मानिएको वुतई पंचशिर्ष पर्वत
(२) समन्तभद्रको घर मानिएको ओमीइ पर्वत
(३) अवलोकितेश्वरको घर मानिएको पुतु पर्वत
(४) क्षितिगर्भ बोधिसत्वको घर मानिएको च्यूहुआ पर्वत

चीनको वुतई पंचशिर्ष पर्वतमा स्थित विहारमा १२० मिटर अग्लो सेतो बौद्ध स्तूप छ ।

★ ८६८. चीनको क्यान्तोन प्रान्तमा एक बौद्ध मन्दिर भित्र विभिन्न मुद्रामा रहेका बुद्ध मूर्तिहरू छन् । हरेक मूर्तिसंग अलग अलग शक्ति भएको विश्वास गरिन्छ । यसरी पानी पार्नु परेमा एउटा मूर्तिसँग र रोग मुक्त हुन चाहेमा अर्कोसँग प्रार्थना गर्ने चलन छ ।

★ ८६९. चीनको यँग-निङ्ग भन्ने ठाउँमा एक विशाल बुद्ध मूर्ति छ जस भित्र ३१७ प्राचीन तिब्बती ग्रन्थहरू राखिएका छन् । यसरी यो संसारको सबभन्दा आश्चर्यजनक पुस्ताकालय ठहरिन आएको छ ।

★ ८७०. संसारको **सबभन्दा सानो बुद्ध मूर्ति** चीनमा छ । च्यान्सु प्रान्तको सुचाउ शहरमा रहेको यो मूर्ति राम्रोसँग हेर्न सुक्ष्म दर्शक यन्त्र चाहिन्छ । ३ मिलिमिटर लामो यो मूर्ति ३२ वर्षिय शेन बैचोङ्गले बनाएको थियो ।

★ ८७१. संसारको **सबभन्दा अग्लो बुद्ध मूर्ति** चीनमा छ । ७१ मिटर अग्लो यो मूर्ति सछवान प्रान्तको लूसाङ्ग शहरमा भेट्टिएको थियो । यसको कान ७ मि. लामो छ, र कानको प्वालमा दुई जना मान्छे सँगै उभिनु हुन्छ । खुट्टा माथि दुईटा ट्रक अटाउँछन् । खुट्टाको औंलामा टेबुल राख्न सकिन्छ । यो मूर्ति ९० वर्ष लगाई सन् ७१३ देखि ८०३ सम्ममा निर्माण गरिएको थियो ।

★ ८७२. संसारमा दोश्रो अग्लो बुद्ध मूर्ति अफगानस्तानमा पाइन्छ । बामियान उपत्यकामा पाइएको यो मूर्ति झण्डै १७५ फिट ( =५३ मि.) अग्लो छ । त्यही सँगै ११५ फिट अग्लो अर्को बुद्धको मूर्ति पनि छ ।

Downloaded from http://dhamma.digital

★ ८७३. **अफगानस्तान**को हाड्डा नामक ठाउँमा हुवेन साँगको पालोमा ३०० फिट अग्लो बुद्धको मूर्ति थियो ।

★ ८७४. **अफगानस्तान**को जलालाबाद प्रदेशमा बुद्धको अगाडि बसी धर्म कथ सुनिराखेको **हरक्यूलिस**को मूर्ति भेट्टाइएको छ ।

★ ८७५. काबुल (अफगानस्तान) को संग्रहालयमा बुद्धको भिक्षा पात्रको एक टुका प्रदर्शित गरिराखेको छ ।

★ ८७६. जापानको **नारा**स्थित संसारको सबभन्दा प्राचीन पित्तलको दाईबुत्सु बुद्ध मूर्ति ५३.५ फिट अग्लो छ । यो ४२२ टन भएको मूर्ति पद्माशनमा बसेको अभयमुद्रा हुने वैरोचनको मूर्ति हो ।

★ ८७७. जापानको कामाकुरास्थित सुप्रसिद्ध दाईबुत्सु (=महान बुद्ध) को मूर्ति ४२५ फिट अग्लो छ । भूस्पर्श मुद्रा हुने उक्त अमिताभ बुद्धको मूर्ति भित्र भऱ्याङ छ जसबाट मूर्तिको टुप्पासम्म चढ्न सकिन्छ ।

★ ८७८. जापानको सबभन्दा अग्लो मन्दिर क्यो-ओगोकुजीमा काठ कतै छैन, मात्र फलाम प्रयोग गरेर यो निर्माण गरिएको छ ।

Dhamma.Digital

★ ८७९. **कोरिया**मा ८० हजार काठका टुक्राहरुमा कुंडिएको एउटा बौद्ध ग्रन्थ छ ।

★ ८८०. पेनाङ (**मलेशिया**) मा एक यस्तो बुद्ध मन्दिर छ जसमा १० लाख बुद्ध मूर्तिहरु छन् ।

★ ८८१. हंगकंगको न्यू टेरिटोरिजको साटिन मैलिको बिहारमा १० हजार सुवर्ण बुद्ध मूर्तिहरु प्रदशित गरिएका छन् ।

★ ८८२. हंगकंगमा अति बिशाल ३५ मिटर अग्लो बुद्धको मूर्ति निर्माण गर्ने भएको छ ।

Downloaded from http://dhamma.digital

★ ८८३. तलका विश्वप्रसिद्ध मन्दिर, स्तूप वा चैत्यहरु निम्नलिखित देशहरुमा छन् -

| बौद्ध मन्दिर | राष्ट्र |
|---|---|
| साँची | भारत |
| स्वयम्भू | नेपाल (काठमाडौं) |
| थुपाराम | श्रीलंका (अनुराधपुर) |
| सुवर्णमाली | श्रीलंका (अनुराधपुर) |
| दन्तधातु मन्दिर (Temple of Tooth) | श्रीलंका |
| स्वेतगोङ | बर्मा |
| आनन्दाभय | बर्मा |
| मिंगलजेदी पैगोडा | बर्मा (पगान) |
| महापपु | थाइलैण्ड |
| पन्नाको बुद्ध (Emerald Buddha) | थाइलैण्ड |
| स्वेत चैत्य (White Pagoda) | चीन |
| शान्ति महाचैत्य | जापान |
| अंकोरवाट | कम्बोडिया |
| बरोबुदुर | जावा |

★ ८८४. दर्शनीय बौद्ध स्थलहरु -

| राष्ट्र | बौद्ध स्थल |
|---|---|
| नेपाल | लुम्बिनी, कपिलबस्तु, देवदह, रामग्राम |
| भारत | बुद्धगया, सारनाथ, कुशीनगर, श्रावस्ती, राजगृह, संकाश्य, बैशाली, नालंदा, अजंता, एलोरा, कौशाम्बी |
| पाकिस्तान | तक्षशिला |
| अफगानस्तान | बामियान |
| तिब्बत | पोताला दरबार, मानसरोवर (=अनोतप्त दह) |
| श्रीलंका | श्रीपाद, महिंतल, अनुराधपुर |
| थाइलैण्ड | अयोध्या |
| बर्मा | मांडले, सेमउथी, अरकान, भकां, स्वेसतःया |
| चीन | क्वाँग्ची विहार, शाओलीन (=स्तूप वन), तुनह्वांग गुफा, यनकाँग गुफा, लुंङमेन गुफा, मैचिसान गुफा र चार प्रशिद्ध पर्वतहरू (हे. ८६७) |

Downloaded from http://dhamma.digital

# संस्कृति र साहित्य

★ ८८५. होलीलाई बुद्धले "मूर्ख पर्व" भन्नु भएको छ।

★ ८८६. नन्दा कुमारीको स्मृतिमा श्रीलंका र बर्मामा "नन्दा पर्व मनाइन्छ। [9]

★ ८८७. हिन्दूहरुले पसल पसलमा भीमसेन र लक्ष्मीको चित्र लगाए भ बौद्धहरु शुभ लक्षणको लागि भिक्षु **सीवली**को चित्र राख्ने गर्छन्।

★ ८८८. बंगलादेशको चटगाउँमा भिक्षु सीवलीको पूजा धूमधामसाथ गरिन्छ।

★ ८८९. कम्बोडियामा सिद्धार्थले स्वचुडाकर्म गरेको दिनमा उत्सव मनाउने चलन छ।

★ ८९०. कम्बोडियामा हरेक नागरिक एकपल्ट भिक्षु हुने गर्छ।

★ ८९१. थाइलैण्डमा २१ वर्षदेखि २५ वर्ष भित्रमा हरेक व्यक्ति एकपल्ट भिक्षु बन्ने रिवाज छ।

★ ८९२. थेरवाद साहित्यको **नवरत्न** यसप्रकार छन् -

| | | |
|---|---|---|
| (१) सुत्त | (२) गेय्य | (३) गण्डव्यूह |
| (४) गाथा | (५) उदान | (६) इतिवुत्तक |
| (७) जातक | (८) अब्भुतधम्म | (९) वेदल्ल |

★ ८९३. महायानको **नव व्याकरण** भन्नाले ९ वटा ग्रन्थहरू बुझिन्छन् यिनीहरूलाई नेपालको नव व्याकरण पनि भन्ने गर्दछन् -

| | |
|---|---|
| (१) अष्ट सहश्रिका प्रज्ञापारमिता | (२) गण्डव्यूह |
| (३) समाधिराज | (४) दशभूमि |
| (५) लंकावतार | (६) सद्धर्म पुण्डरिक |
| (७) तथागत गुह्यक | (८) ललितविस्तर |
| (९) सुवर्णप्रभा | |

Downloaded from http://dhamma.digital

★ ८९४. भारतमा सबभन्दा बढि ग्रन्थहरू महापण्डित राहुल सांकृत्यायनले लेखेका थिए ।

★ ८९५. वैशालीको सेनापति सिंहले ढुंगामा आफ्नो आत्म कहानी लेखेर गएको महापण्डित राहुल सांकृत्यायनले भेट्टाएको छ । उक्त कहानीलाई अनुवाद गरेर उहाँले "सिंह सेनापति" नामक उपन्यास लेख्नु भएको छ ।

★ ८९६. रविन्द्र नाथ टैगोरका "नटीर पूजा" र "अभिसार" ग्रन्थहरू बौद्ध विचारधाराद्वारा प्रेरित मानिन्छन् ।

★ ८९७. बुद्ध-धर्ममा सबभन्दा लोकप्रिय अंग्रेजी रचना हो - **"दि लाइट अफ एसिया"** । **एडवीन आरनोल्ड**द्वारा रचित यो पुस्तक सन् १८७९ मा प्रकाशित भएको थियो ।

★ ८९८. बुद्ध-धर्म सम्बन्धि थुप्रै ग्रन्थ निकाल्ने पाली टैक्स्ट सोसाइटीको संस्थापक थियो **टी.डब्ल्यू. रायिस डेविड्स** ।

★ ८९९. बुद्ध-धर्म सम्बन्धि इतिहास सर्वप्रथम यूरोपेली भाषामा अनुवाद भएको पुस्तक हो लामा तारानाथ (जन्म ई. १५७५) द्वारा रचित "भारतमा बौद्ध-धर्मको इतिहास" नामक ग्रन्थ ।

★ ९००. "श्रमण नारद" शिर्षकको सानो पुस्तिका भारतमा पहिला हरेक घरमा पाठ गरिन्थ्यो । यो पुस्तक ५० भन्दा बढि भाषामा प्रकाशित भइसकेका छन् ।

★ ९०१. नेपाली अनगारिकाको जीवनी बर्माको भिक्षु **र वे थ्वं**ले लेखेको छ । सो लोकप्रिय उपन्यासको नाउँ हो "योम्ह म्ह्याय्" (=मनपर्ने छोरी) ।

★ ९०२. नेपाली भाषामा सबभन्दा ठूलो ग्रन्थ हो भिक्षु अमृतानन्दद्वारा लिखित बुद्धकालीन ग्रन्थहरू ।

Downloaded from http://dhamma.digital

नेपाल

## वंशावली+इतिहास+महायानी परंपरा

★ ९०३. वंशावली अनुसार नेपालमा ७ बुद्धहरू आइसकेको मानिन्छ– (तु.९४१)
विपश्वी, शिखी, विश्वभू, क्रकुछन्द, कनकमुनि, काश्यप, शाक्यमुनि ।

★ ९०४. गौतम बुद्ध (=शाक्यमुनि) किराति राजा जितेदस्ति (= हुमति) को पालोमा नेपाल आएको र सर्वप्रथम किण्डोल विहारमा बसेको कुरा वंशावलीले भन्छ ।

★ ९०५. नेपालको नमोबुद्ध स्तूप (=नमुरा) लाई बुद्ध स्वयं आई प्रदक्षिणा गरेको भनिन्छ ।

★ ९०६. भनिन्छ कि काठमाडौंको काष्ठमण्डप आचार्य पद्मसम्भवले तिर्थकरसँग शास्त्रार्थ गरेर जितेको थियो अरे ।

★ ९०७. सम्राट अशोक किराती राजा थूङ्कोको पालोमा नेपाल आएको कुरा राइट वैशावलीमा उल्लेख भएको छ ।

★ ९०८. उडिसाको राजा (?) प्रचण्डदेव भिक्षु बनिसकेपछि **शान्तिकराचार्य** कहलाइयो । किंवदन्ति अनुसार स्वयम्भूस्थित शान्तिपुर भित्र ऊ अहिले पनि भएको मानिन्छ ।

★ ९०९. शान्तिकराचार्यले स्वयम्भूको पंचरश्मिलाई छोपी स्वयम्भू स्तूप निर्माण गरेको मानिन्छ ।

★ ९१०. नेपालमा पुराना इष्ट देवता र पौभाः शान्तिपुर भित्र राख्ने चलन छ ।

★ ९११. वंशावली भन्छ कि पाटनका चार थुर (हे. ९४७) सम्राट अशोककी छोरी चारूमतीले बनाएकी थिइन्[1] ।

---

१. कसै कसैको अनुसार ५ थुरहरू बनाएकी थिइन् । पाँचौ स्थिति विवादास्पद नै छ ।

Downloaded from http://dhamma.digital

★ ९१२. अशोककी छोरी चारूमतीले आफ्नो नाममा चारूमती विहार (=चाबहिल) बनाएकी थिइन् । उनले राजकुमार देवपालसँग विवाह गरेकी थिइन् ।

★ ९१३. भनिन्छ कि स्थानिय श्रीघः विहारस्थित चैत्य काशीबाट ल्याएको थियो अरे ।

★ ९१४. काठमाडौंको **सुरतबज्र** बज्राचार्यले ल्हासाको पोताला लामाले पुल भत्काइदिएको ब्रह्मपुत्र नदी आफ्नो खास्तोमा बसेर तरेको थियो भन्ने किंवदन्ति छ ।

★ ९१५. काठमाडौंको **जामुनः गुभाजू**ले भारतका तान्त्रिकहरूलाई आफ्नो तन्त्र शक्तिद्धारा पराजित गरेको थियो अरे ।

★ ९१६. राजा अंशुवर्माको छोरी **भृकुटी** (=खृचुन) ले तिब्बतमा सर्वप्रथम बुद्ध-धर्म भित्र्याएकी थिइन् । तिब्बत, र नेपालमा पनि, उनलाई “हरिततारा” को रूपमा पूजा गरिन्छ ।

★ ९१७. सन् ३४० मा भृकुटी तिब्बत जाँदा आफूसँगै बुद्ध, अक्षोभ्य, मैत्रेय, भैषज्य गुरु र आर्यताराको मूर्तिहरू लगेकी थिइन् ।

★ ९१८. भोटको राजा पाग्स्पाको निमन्त्रणामा नेपाल नरेश अभयले ८० जना कलाकारहरूको एक टोली भोट पठाएका थिए । उक्त टोलीको नेता थिए पाटनको उकुबहाल (=रुद्रवर्ण महाविहार) बस्ने २७ वर्षिय कलाकार अनिको ।

★ ९१९. **अनिको** (=अरनिको=पालिपाओ=बलवाहु=कर्णकुमार ?) - नेपालको राष्ट्रिय विभूति, महान बौद्ध कलाकार । पिता=ला-को-ना । बाजे=मि-ति-इह । पत्नी (जेठी) =चैत्यलक्ष्मी । छोराहरू=अ-सेङ्ग-को, अ-श-ला, अ-चु-को, अ-पो-को, अ-काई-या, अ-चि-ला ।

★ ९२०. सन् १२६३ (ने.सं. ३८३) मा अनिको चीन सम्राट कुबलाई खांको निमन्त्रणमा भोटबाट चीन प्रस्थान गरेका थिए ।

Downloaded from http://dhamma.digital

★ ९२१. अनिकोको मृत्यु पछि चीन सम्राट कुबलाई खांले उनलाई "मिं
हाई" भन्ने उपाधि दिएको थियो ।

★ ९२२. राजा **शिवदेव**लाई पाटनको उकुबहाल (=रुद्रवर्ण महाविहार) म
चुडाकर्म गरिएको थियो ।

★ ९२३. पाटनको राजा मानदेव, राजा रुद्रदेव र राजा पृथ्वी मल्ल पछि भिक्ष
बनेका थिए[१] ।

★ ९२४. राजा अंशुवर्माले **राज विहार** बनाए जस्तै मानदेवले **मान विहार**
शिवदेवले **रूद्रवर्ण महाविहार** (=उकुबहाल) बनाएका थिए ।

★ ९२५. पाटनको भिञ्छे बहाल (=मयुरवर्ण महाविहार) मा एकजना
हजामलाई पनि चुडाकर्म गरिसकेको छ ।

★ ९२६. बज्राचार्यहरू पहिले महायानी भिक्षुहरू थिए । उनीहरूलाई राजा
**जयस्थिति मल्ल**ले गृहस्थी बनाउन लगाए । अहिले पनि बज्राचार्य
शाक्यहरू ४ दिनको लागि भिक्षु बन्ने गर्छन्, जसलाई चुडाकर्म भनिन्छ ।

★ ९२७. राजा **पृथ्वीनारायण शाह**ले नुवाकोटस्थित स्वयम्भू स्तूपलाई
जिर्णोद्धार गरिबक्सेको थियो ।

★ ९२८. राजा पृथ्वीनारायण शाहले स्थानीय भुइँखेलमा हुने "सम्यक् पर्व"
(१२ वर्षमा एक पटक हुने बौद्ध उत्सव) लाई पुनः स्थापित गरिबक्सेको
थियो[२] ।

★ ९२९. सन् १८४९ मा **बमबहादुर शाह**ले स्थानिय गण महाविहारलाई
आफ्नो दरबार निर्माणको लागि भट्काए ।

★ ९३०. **जंगबहादुर**ले बौद्ध विहार कब्जा गरेर बौद्ध ग्रन्थ सडकमा फालेका
थिए । यी पुस्तक पछि डाक्टर राइटले लिएर कैम्ब्रिज यूनिभर्सिटीलाई
दिएका थिए । [14]

---

१. "नेपाल" ऋतु पत्रिका, वर्ष ३१, अंक ४, पेज ८ ।
२. "नेपाल" ऋतु पत्रिका, वर्ष ३१, अंक ४, पेज ८ ।

Downloaded from http://dhamma.digital

★ ९३१. श्री ५ **पृथ्वी वीर विक्रम**बाट स्वयम्भूको उकालोमा ठूला ठूला बुद्ध मूर्तिहरू प्रतिस्थापना गरिबक्स्यो ।

★ ९३२. पाटनको पुनर्निर्मित उकुबहाल (= रूद्रवर्ण महाविहार) लाई स्वयं श्री ५ **वीरेन्द्र**बाट सन् १९८१ (वि.सं. २०३८, आश्वीन २० गते) उद्घाटन गरिबक्सेको थियो ।

★ ९३३. महायानी परंपरा अनुसार **आदिबुद्ध** (= बज्रधारा) लाई परम् ईश्वर मानिन्छन् । आदिबुद्धले गहना लगाएको हुन्छ र एक हातमा शून्यताको प्रतिक बज्र, अर्कोमा प्रज्ञाको प्रतिक घण्टी बोकेको हुन्छ । रंग - रातो वा सेतो ।

★ ९३४. नेपालको बंशावली अनुसार आदिबुद्धको उत्पत्ति स्वयम्भूमा पंचरश्मिको रूपमा भएको थियो[1] । यसै रश्मिलाई छोपेर स्वयम्भू स्तूप बनाएको
मानिन्छ । (तु. ९०९)

★ ९३५. आदिबुद्धको शरीरबाट पंचबुद्ध उत्पन्न भएका थिए । यी पाँच बुद्धहरू सँधै ध्यानमा बसिराख्ने हुनाले यिनीहरूलाई **पंचध्यानी बुद्ध** भनिन्छन् ।

★ ९३६. पंचध्यानी बुद्धका आ-आफ्नै मुद्रा (= हातको स्थिति), चिन्ह, बाहन, दिशा, रंग, शक्ति (=पत्नी) र छोराहरू छन् । (हे. परिशिष्ट छ)

★ ९३७. वैरोचनको दिशा मध्य (=गर्भ) भएकोले बौद्ध चैत्यहरूमा वैरोचनको मूर्ति हुँदैन र जम्मा चार ध्यानी बुद्ध मात्रै देखाइएका हुन्छन् । वैरोचन देखाउनै परेमा (जस्तै स्वयम्भूमा) रत्नसम्भव र अक्षोभ्यको बिचमा राखिन्छ ।

★ ९३८. अमोघसिद्धिलाई सात टाउके नागराजले ओढाइराखेको हुन्छ ।

★ ९३९. **बज्रसत्व** (=धर्मधातु) लाई कहिलेकाहीं छैठौं ध्यानी बुद्ध पनि मानिन्छ; अरूबेला पंचध्यानी बुद्धका पुरोहित मानिन्छ । चिन्ह - बज्र र घण्टी; रंग - सेतो; गहना लादेको ।

---

१. इतिहासकारहरूको अनुसार आदिबुद्धको निर्माण दशौं शताब्दीतिर नालंदामा भएको थियो ।

Downloaded from http://dhamma.digital

★ ९४०. अमिताभको छोरो पद्मपाणी लोकेश्वर नै महायानीहरूको लोकप्रिय देउता **करूणामय** हो । उसको टाउकोमा अमिताभको मूर्ति हुन्छ र हातम पद्म (=कमलको फूल) बोकेको हुन्छ[1] ।

★ ९४१. मानिस भएर बुद्धत्व प्राप्त गर्नेलाई मानव बुद्ध वा मनुषी बुद्ध भनिन्छ । जम्मा ७ मनुषी बुद्धहरू छन् जसलाई **सप्तबुद्ध** भनिन्छन् । सप्त बुद्धको तालिका यहाँ दिइन्छ[2] –

| सप्तबुद्ध | मुद्रा | पत्नी | छोरो |
|---|---|---|---|
| विपश्वी | धर्मचक्र | विपश्यन्ती | महामति |
| सिखी | ध्यान | सिखिमालिनी | रत्नधर |
| विश्वभू | वर | विश्वधरा | आकाशगंज |
| क्रकुछन्द | ध्यान | ककुटवती | सकलमंगल |
| कनकमुनि | भूस्पर्श | कण्ठमालिनी | कनकराज |
| काश्यप | अभय | मही (=धर्म) धरा | धर्मधर |
| शाक्यमुनि | भूस्पर्श | यशोधरा | राहुलभद्र |

★ ९४२. भनिन्छ कि शाक्यमुनि बुद्ध (= गौतम बुद्ध) को ४००० वर्ष पछि संसारमा **मैत्रेय बुद्ध** उत्पन्न हुनेछ[3] । हाल ऊ तुषिता भूवनमा छ । रंग- पहेंलो, मुद्रा-प्रायः गरी वर मुद्रा । चिन्ह - नागकेशर फूल ।

★ ९४३. मैत्रेय बोधिसत्वको मुकुटमा एउटा सानो चैत्य अंकित छ । भनिन्छ कि उक्त चैत्यले कुक्कुटपाद पर्वत (बुद्धगया नजिक) को त्यो चैत्य जनाउँछ जहाँ काश्यप बुद्ध रहेको थियो । बुद्ध भइसकेपछि मैत्रेय सर्वप्रथम त्यहाँ गएर काश्यप बुद्धको चीवर लिन जान्छ भन्ने जनधारणा छ ।

★ ९४४. स्वयम्भूस्थित मंजुश्री वस्तुतः धर्मधातुबागिश्वर हो । पहेंलो वर्णको उक्त मूर्तिले एक हातमा प्रज्ञाको पुस्तक र अर्कोमा अज्ञानता नाश गर्ने तलवार बोकेको हुन्छ ।

★ ९४५. काठमाडौंमा १३३, पाटनमा १६९ र भक्तपुरमा २४ महायानी विहार तथा महाविहारहरू (=बहालहरू) छन् ।

---

१. ध्यानी बुद्धहरूको पत्नी र सन्तानहरूको रंग र चिन्ह बाबु चाहिंको जस्तै हुन्छ, र सबैले टाउकोमा प्रायः बाबु चाहिं ध्यानी बुद्ध धारण गरेको हुन्छ ।
२. सप्तबुद्ध प्रायः एउटै समुहमा मात्रै देखाइने हुनाले यिनीहरूलाई सजिलैसित किटान गर्न सकिन्छ ।
३. थेरबाद र महायान दुबैले मान्ने एकमात्र बोधिसत्व मैत्रेय बोधिसत्व नै हो ।

Downloaded from http://dhamma.digital

# बौद्ध स्थल

★ ९४६. नेपालमा पर्ने प्रसिद्ध बौद्ध तिर्थ स्थलहरू –

(१) लुम्बिनी - सिद्धार्थको जन्मस्थान
(२) कपिलबस्तु - सिद्धार्थको राज्य
(३) देवदह - सिद्धार्थको मामाको राज्य, र ससुराल
(४) रामग्राम - बुद्धको अस्थि भएको एक मात्र बुद्धकालीन चैत्य (हे. ८४२)

★ ९४७. पाटनका चार प्रसिद्ध थूरहरू र तिनीहरूको दिशा यसप्रकार छन् – (हे. ९११)

(१) पूच्व थूर, पश्चिम (२) तेता थूर, पूर्व
(३) ईवही थूर, उत्तर (४) लगं थूर, दक्षिण

★ ९४८. चार थूरहरू जस्तै चार स्तूपहरू पनि छन् –

(१) स्वयम्भू (२) बौद्ध
(३) नमोबुद्ध (=नमुरा) (४) बदे गाउँको स्तूप[1]

★ ९४९. नेपालका चार करुणामयहरू यसप्रकार छन् –

(१) पद्मपाणी लोकेश्वर (= रातो मछिन्द्रनाथ)
(२) आनन्दादी लोकेश्वर (= चोभार करूणामय)
(३) आर्यावलोकितेश्वर (= सेतो मछिन्द्रनाथ)
(४) श्रृष्टिकान्ता लोकेश्वर (= नाला करूणामय)

★ ९५०. नेपालका चार जोगिनीहरू यसप्रकार छन् –

(१) बज्रजोगिनी, फंपि (२) खडगजोगिनी, सांखु
(३) विद्याधरी, विजेश्वरी (४) गुह्येश्वरी, ग्वल:

★ ९५१. नेपालको सबभन्दा ठूलो बुद्ध मूर्ति काठमाडौंको महाबौद्धमा भएको विश्वास गरिन्छ।

---

१. कसैले यसको ठाउँमा चावहिलस्थित "धन्य भगवान्" को चैत्यलाई मानेको छ।

Downloaded from http://dhamma.digital

★ ९५२. ललितपुरको प्रसिद्ध **महाबुद्ध** (=महाबौद्ध) मन्दिर बौद्धाचार्य पण्डित अभय-राजले राजा महेन्द्र मल्लको पालामा सन् १५६५ (ने.सं. ६८५) मा बनाई सन् १६०१ (ने.सं. ७२१) मा उसको नाति जीवराजले सिध्याई राजा शिवसिंह मल्लको हातबाट उद्घाटन गरिएको थियो ।

★ ९५३. पाटनको महाबुद्ध मन्दिरमा ३३४१ बुद्ध मूर्तिहरू छन् ।

★ ९५४. गोपुच्छ पर्वत भन्नाले **स्वयम्भू** डाँडा बुझिन्छ ।

★ ९५५. स्वयम्भू डाँडा चढ्दा पंचध्यानी बुद्धका बाहनहरू दायाँ बायाँ देख्छौं, जसको क्रम, तलदेखि माथिसम्म, यसप्रकार छन् –
(१) गरूड (२) मयूर (३) घोडा (४) हात्ती (५) सिंह

★ ९५६. स्वयम्भू डाँडा चढ्ने भऱ्याँगमा जम्मा ३१८ खुड्किलाहरू छन् । यी बनाउन ५ वर्ष लागेको थियो र सन् १९१४ (ने. सं. १०३४) मा पूर्ण भयो ।

★ ९५७. स्वयम्भूमा जम्मा ८ पुरहरू भएका मानिन्छन् –
(१) शान्तिपुर (हे. ९०८)
(२) वसुपुर - भूकम्पबाट स्वयम्भू रक्षाको लागि
(३) अग्निपुर - आगोबाट स्वयम्भू रक्षाको लागि
(४) नागपुर - जलबाट स्वयम्भू रक्षाको लागि
(५) वायुपुर - आँधीबाट स्वयम्भू रक्षाको लागि
(६) रत्नपुर (= हारतिमाता)
(७) अनन्तपुर - स्वयम्भूको दक्षिणमा (दायाँ)
(८) प्रतापपुर - स्वयम्भूको उत्तरमा (बायाँ)

यी मध्ये पहिले पाँचलाई पंचपुर भन्ने चलन छ ।

★ ९५८. स्वयम्भू स्तूपमा, र अन्य स्तूपहरूमा पनि, गजूर मुनि १३ चक्काहरू हुन्छन् ।

★ ९५९. स्वयम्भू स्तूपमा बुद्धको निधारमा एउटा टिका जस्तो चिन्ह भेटिन्छ । वास्तवमा त्यो दाहिनेतिरबाट घुमिएको तीन हात लामो बुद्धको निधारको केश हो भनिन्छ ।

Downloaded from http://dhamma.digital

★ ९६०. स्वयम्भू चैत्यमा पाँच बुद्धहरू (हे. ९३६) र चार ताराहरूको मूर्ति छन् । बज्रधातेश्वरी तारा (=वैरोचनकी पत्नी) को मूर्ति छैन; वैरोचनको दायाँ पट्टि रहेको सानो प्वाल नै बज्रधातेश्वरीको प्रतिक हो भनी भन्छन् ।

★ ९६१. स्वयम्भू स्तूपमा जम्मा चार ताराहरू (= ध्यानी बुद्धका शक्तिहरू) छन् । तिनीहरूको दिशा यसप्रकार छन्[1] –

लोचनी - ईशानकोण
मामकी - अग्निकोण
पाण्डुरा - नैऋत्यकोण
आर्यतारा - वायव्यकोण

★ ९६२. लोचनी (=लोचना) को साधारण आँखाहरू बाहेक निधारमा एउटा, हत्केलामा एक एक वटा र पाइतालामा एक एक वटा गरी जम्मा ७ आँखाहरू छन् । त्यसैले उनलाई **सप्तलोचनी** पनि भनिन्छन् ।

★ ९६३. सन् १३५० तिर (ने.सं. ४७०) बंगालको सुल्तान शमस्सुद्दीनले काठमाडौं उपत्यकामा हमला गरेर लुटपाट मच्चाएको थियो । त्यही बेला उनले स्वयम्भू चैत्यलाई भत्काई आगो लगाइदिएको थियो ।

★ ९६४. शमस्सुद्दीनले भत्काएको स्वयम्भू सन् १३७२ (ने. सं. ४९५) मा कान्तिपुरको राजहर्ष भल्लोकले पुनर्निर्माण गरेका थिए ।

★ ९६५. कान्तिपुरे राजा शिवसिंहको पत्नी रानी गंगावतीले सन् १५७४ (ने. सं. ६९४?) मा स्वयम्भू जिर्णोद्वार गरेकी थिइन् ।

★ ९६६. सन् १६०१ (ने.सं. ७२१) तिर स्वयम्भूमा चटयांङ परी स्वयम्भू क्षतिग्रस्त भएको थियो जसलाई श्री जयलक्षजुले जिर्णोद्धार गरे ।

★ ९६७. स्वयम्भूको गजूर राजा प्रताप मल्लले सन् १६५९ (ने.सं. ७७९) मा चढाएका थिए ।

★ ९६८. स्वयम्भूस्थित अनन्तपुर राजा प्रताप मल्लले आफ्नी पत्नी अनन्तप्रियाको नाममा र प्रतापपुर आफ्नै नाममा सन् १६५५ (ने.सं. ७७५) मा बनाउन लगाएका थिए । (हे. ९५७)

---

१. स्वयम्भू स्तूपमा पाँच बुद्धहरूको दिशाको लागि नं. ९३६ र ९३७ हेर्नुस् ।

Downloaded from http://dhamma.digital

★ ९६९. स्वयम्भूस्थित ठूलो बज्र सन् १६६८ (ने.सं.७८८) मा राजा महिपतिन्द्र मल्लको पालोमा स्थापना गरेको थियो ।

★ ९७०. सन् १६८० (ने.सं. ८००) मा एकजना बौलाहा स्वयम्भू गजूरमाथि चढेको थियो र त्यहींबाट खसेर मऱ्यो ।

★ ९७१. बुद्ध जयन्तिको दिनमा हिंसाकर्म बन्द हुनु पर्छ भनी माग गर्दै श्रीमति गौरी उपाध्याय सन् १९६९ (वि.सं. २०२६) मा स्वयम्भूमा आमरण अनसन बसेकी थिइन् ।

★ ९७२. सम्राट अशोकको राज्याभिषेकको २० औं वर्षमा (ई.पू.२४५) लुम्बिनीमा अशोकस्तम्भ गाडिएको थियो । उक्त स्तम्भमा ब्राह्मी लिपिमा तलको शिलालेख कुंडिएको छ –

*देवताहरूको प्रिय प्रियदर्शी (अशोक) राजा राज्याभिषेकको २० औं वर्षमा आफै सवारी होइबक्स्यो । यहाँ बुद्ध शाक्यमुनिको जन्म भएकोले ढुँगाको एक प्राचीर बनाउन लगाइबक्स्यो र एउटा शीलास्तम्भ स्थापना गरिबक्स्यो । यहाँ भगवान्‌को जन्म भएकोले लुम्बिनी गाउँलाई कर मुक्त गरियो र अष्ट भागिय पनि ।*

★ ९७३. वर्तमान युगमा अन्तरराष्ट्रिय जगतमा लुम्बिनीबारे प्रकाशित गर्ने श्रेय जर्मनी पुरातत्वज्ञ डा. एलोइज एन्टोन **फुहरर**लाई छ (सन् १८९६[१]) ।

★ ९७४. लुम्बिनीमा सर्वप्रथम वैज्ञानिक उत्खनन् सन् १९७०-७१ मा भएको थियो ।

★ ९७५. लुम्बिनीस्थित महामायादेवीको मूर्तिलाई सर्वप्रथम डा. हेयले चिनेको थियो यसभन्दा अघि उक्त मूर्तिलाई "लुमिन माई" नामक वनकाली ठानी बली दिने चलन थियो । यो प्रथा श्री ३ चन्द्रशम्शेरले सन् १९२५ (ने.सं. १०४५) मा बन्द गरेको थियो ।

---

१. डा. फुहररलाई लुम्बिनी पत्ता लगाउने श्रेय पनि दिइन्छ । तर वास्तवमा डा. फुहरर आउँदाखेरि लुम्बिनीमा खड्ग शम्शेरले उत्खनन् गर्न शुरु गरिसकेको थियो ।

Downloaded from http://dhamma.digital

★ ९७६. लुम्बिनीको व्यवस्थित विकासको लागि सन् १९५१ (वि.सं. २००८) मा सर्वप्रथम "लुम्बिनी प्रबन्ध समिति" को स्थापना गरियो ।

★ ९७७. अन्तरराष्ट्रिय स्तरमा लुम्बिनीका विकास गर्न **लुम्बिनी विकास समिति**को स्थापना सन् १९७० (मई ७) मा भयो । यसको मूख्य कार्यालय न्यूयोर्कमा छ । हाल यसमा १५ राष्ट्रहरू सदस्य छन् – अफगानस्तान, बर्मा, कम्बोडिया, भारत, इण्डोनेसिया, जापान, लाओस, मलेशिया, नेपाल, पाकिस्तान, सिंगापुर, श्रीलंका, थाइलैण्ड, बंगलादेश र भूटान ।

★ ९७८. लुम्बिनी विकास समितिको सर्वप्रथम अध्यक्ष थियो श्री नवराज सुवेदी । त्यसपछि क्रमशः चतुर्भुज प्रशाद सिंह, प्रयागराज सुवाल र बालाराम घर्तिमगर र लोक दर्शन बज्राचार्य अध्यक्ष हुनुभयो ।

★ ९७९. लुम्बिनी विकासको गुरु योजनाको नक्साकार हुनुहुन्छ प्रसिद्ध जापानी नक्साकार प्रो.केन्जोतान्गे ।

★ ९८०. लुम्बिनी विकासलाई तेवा दिन नेपालमा **लुम्बिनी विकास सहयोग समिति**को स्थापना सन् १९७१ मा भएको थियो । जसको अध्यक्ष हुनुहुन्छ भिक्षु कुमार काश्यप ।

★ ९८१. जापानमा पनि लुम्बिनी विकास सहयोग समितिको गठन भएको छ ।

★ ९८२. लुम्बिनी सम्बन्धि हुलाक टिकट सर्वप्रथम सन् १९५८ (वि.सं. २०१५) मा ६ पैसा जाने टिकटको रूपमा निस्केको थियो ।

★ ९८३. सन् १९७६ (वि.सं. २०३३ माघ) मा ११ जना उपासकहरू लुम्बिनीमा प्रब्रजित भएका थिए । यी मध्ये भिक्षु कालुदायी अद्यापि भिक्षु छ ।

★ ९८४. इतिहास अनुसार आजसम्म ५ राजाहरूले लुम्बिनी यात्रा गरिसके-

(१) शुद्धोदन (२) अशोक (३) रिपु मल्ल
(४) श्री ४ महेन्द्र (५) श्री ५ वीरेन्द्र

Dhamma.Digital

Downloaded from http://dhamma.digital

★ ९८५. चीनिया यात्री फाहियान सन् ४०० मा र हुयन साँग सन् ६२९ मा लुम्बिनी आएका थिए ।

★ ९८६. सन् १९६७ (?) (वि.सं. २०२३) मा संयुक्त राष्ट्र संघका तत्कालीन महासचिव **ऊ थान्त**ले लुम्बिनी भ्रमण गर्नु भएको थियो ।

★ ९८७. श्रीलंकाको राष्ट्रपति **जे.आर. जयवर्धने** सन् १९७९ (वि.सं. २०३५ कार्तिक १८) मा लुम्बिनी आउनु भएको थियो ।

★ ९८८. लुम्बिनीस्थित **महेन्द्र स्तम्भ** सन् १९५६ मा शिलान्यास गरिएको थियो ।

★ ९८९. सन् १८९८ मा पी.सी. मुखर्जीले नेपालको तिलौराकोट नै कपिलवस्तु हो भनी प्रमाणित गरी कपिलवस्तु पत्ता लगाएको थियो ।

★ ९९०. **बौद्धनाथ**को स्तूपलाई संसारको सबभन्दा ठूलो स्तूप मानिन्छ । यो राजा भूपकेसरीको पालामा बनाइएको थियो ।

★ ९९१. बौद्धनाथ स्तूप बनाउँदा पानीको ठाउँमा शीत मात्रै प्रयोग गरिएको थियो अरे । त्यसैले यसलाई खास्ति (= खसुति) भनिन्छ ।

★ ९९२. बौद्धनाथ स्तूपको गजूर सन् १६७८ (ने.सं. ७९८) मा मलिंपा लामाले चढाएको थियो ।

★ ९९३. आनन्दकुटी विहारस्थित ठूलो सेतो चैत्यलाई श्रीलंका चैत्य (=श्रीलंकाराम चैत्य) भनिन्छ । (हे. १०३३)

Downloaded from http://dhamma.digital

## ाहित्य

★ ९९४. दोलखा निवासिनी कुमुदीनी उपासिकाले अष्टसहश्रिका प्रज्ञापारमिता ताालपत्रमा लेखाएकी थिइन् (ने.सं. १७४ मा ? )।

★ ९९५. पं. निष्ठानन्द बज्राचार्यले अनुवाद गर्नु भएको महायानी ग्रन्थ "अष्टसहश्रिका प्रज्ञापारमिता" नै नेपाल भाषामा प्रकाशित प्रथम बौद्ध पुस्तक हो।

★ ९९६. महायानी ग्रन्थ ललितविस्तर सर्वप्रथम नेपाल भाषामा अनुवाद गरी प्रकाशित गर्ने व्यक्ति हुनुहुन्थ्यो पं. निष्ठानन्द बज्राचार्य।

★ ९९७. नेपाल भाषामा बुद्ध-धर्म सम्बन्धि पत्रिका सर्वप्रथम कलकताबाट सन् १९२६ (वि.सं. १९८३) मा धर्मादित्य धर्माचार्यले निकालेको थियो।

★ ९९८. डा. इन्द्रमान बैद्यले सबभन्दा पहिले "धम्मपद" नेपाल भाषामा अनुवाद गरेको थियो।

★ ९९९. स्व. बौद्ध ऋषि महाप्रज्ञाले आफैले प्रेस बनाई पाली भाषाको ललितविस्तरलाई अनुवाद गरी नेपाल भाषामा प्रकाशित गरेको थियो।

★ १०००. नेपालको सबभन्दा ठूलो ग्रन्थमाला हो बुद्धकालीन ग्रन्थहरू। यसको लेखक हुनुहुन्छ भिक्षु अमृतानन्द। (हे. ९०२)

★ १००१. बुद्धकालीन ग्रन्थहरू रचना गर्नु भएकोले भिक्षु अमृतानन्दलाई भारतको नालन्दा पाली महाविद्यालयबाट पी.एच.डी. र श्रीलंकाको बुद्धिस्ट अकाडेमी अफ सीलोनले डी. लिट. (= डाक्टर अफ लिटेरेचर) उपाधि प्रदान गरिसकेका छन्।

★ १००२. नेपालमा सबभन्दा बढि बुद्ध-धर्म सम्बन्धि पुस्तक लेख्नु हुने आचार्य भिक्षु अमृतानन्द हुनुहुन्छ।

Downloaded from http://dhamma.digital

★ १००३. नेपालमा बुद्ध-धर्म सम्बन्धि सबभन्दा बढि पुस्तकहरू "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" द्वारा प्रकाशित भएका छन् ।

★ १००४. नेपालका दुई बौद्ध मासिक पत्रिका हुन् आनन्दभूमि र धर्मकीर्ति आनन्दभूमि सन् १९७३ मा सर्वप्रथम प्रकाशित भएको थियो ।

## थेरवाद र वर्तमान अवस्था

★ १००५. नेपालमा वर्तमान युगमा सर्वप्रथम थेरवाद भित्र्याउने स्व. बौद्धऋषि **महाप्रज्ञा** (१९०१-१९७९) हुनुहुन्छ । उहाँको गृहस्थ नाम प्रेम बहादुर श्रेष्ठ र एम.पि. प्रधान थिए ।

★ १००६. महाप्रज्ञा सर्वप्रथम सन् १९२४ मा छेरिन्नोर्बु लामाको उपाध्यायत्वमा काठमाडौंमा लामा (=महायानी) परंपरा अनुसार प्रब्रजित हुनु भएको थियो ।

★ १००७. सन् १९२८ मा कुशीनगरमा ऊ चन्द्रमणी महास्थविरको हातबाट महाप्रज्ञा थेरवाद बुद्ध-धर्ममा प्रब्रजित हुनुभयो । उहाँ नेपालको आधुनिक इतिहासमा प्रथम थरवादी भिक्षु हुनुहुन्छ ।

★ १००८. काठमाडौंमा भिक्षु प्रज्ञानन्द महास्थविरले सर्वप्रथम थेरवाद बुद्ध-धर्म भित्र्याएको थियो ।

★ १००९. भिक्षु **प्रज्ञानन्द** सर्वप्रथम भोटमा घ्यलुँपाको उपाध्यायत्वमा सन् १९२८ मा महायानी भिक्षु हुनुभयो र श्रामणेर कर्मशील कहलाइयो ।

★ १०१०. भिक्षु प्रज्ञानन्द सन् १९३० मा कुशीनगरमा ऊ चन्द्रमणी महास्थविरको उपाध्यायत्वमा प्रब्रजित हुनु भएको थियो ।

★ १०११. रत्नपाली, धर्मपाली र संघपाली यी ३ महिलाहरू सन् १९३० (?) तिर नेपालमा सर्वप्रथम अनगारिका भएकी थिईन् ।

Downloaded from http://dhamma.digital

★ १०१२. सन् १९३० (वि.सं. १९८७) मा श्री ३ भीमशम्शेरले ब्राह्मणहरूलाई नढोगेको आदि कारण देखाई योगवीर सिं, माणिकमान तुलाधर, धर्ममान तुलाधर, करूणारत्न, सिद्धिरत्न, दशरत्न (पछि भिक्षु धम्मालोक), खडगराज, मंञ्जुहर्ष, मानदास, हर्षदास र चित्तधरलाई देश निकाला वा नजरबन्द गरेको थियो ।

★ १०१३. नेपालमा सर्वप्रथम **बुद्ध जयन्ति** मनाइएको स्थान हो भोजपुर ।

★ १०१४. भिक्षु अमृतानन्दको गृहस्थ नाउँ थियो लालकाज़ी शाक्य । उहाँ पाल्पा तानसेनको हुनुहुन्थ्यो ।

★ १०१५. भिक्षु अमृतानन्द १८ वर्षको उमेरमा सन् १९३६ (अगस्ट २) मा कुशीनगरमा ऊ चन्द्रमणी महास्थविरको उपाध्यायत्वमा प्रब्रजित हुनु भएको थियो ।

★ १०१६. श्री ३ चन्द्रशम्शेरको पालोमा हिन्दूहरू बौद्ध बन्न नपाइने कानुन बन्यो । तर बौद्धहरूले धर्म परिवर्तन गर्न पाउँथ्यो ।

★ १०१७. श्री ३ चन्द्रशम्शेरले महाप्रज्ञालाई हिन्दू धर्मबाट बुद्ध-धर्ममा पसेकोले सन् १९२४ मा **देश निकाला** गरेको थियो । उहाँको साथै महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्ति पनि देश निकाला गरिएका थिए ।

★ १०१८. हिन्दू भएर पनि बुद्ध मूर्ति निर्माण गरेको र त्यसको जात्रा गरेकोले भिक्षु महाप्रज्ञालाई सन् १९३७ (वि.सं. १९९३ पौष) मा भोजपुरको जेलमा श्री ३ जुद्धशम्शेरको पालोमा थुनियो । उहाँको सँगै श्रामणेर अमृतानन्दलाई पनि थुनेको थियो ।

★ १०१९. सन् १९३७ मा श्री ३ जुद्धशम्शेरले भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्दलाई भोजपुर जेलबाट निकाली **देश निकाला** गरिदियो ।

★ १०२०. काठमाडौं उपत्यका भित्र सर्वप्रथम स्थानिय मासंगल्लीमा श्री प्रसाद (पछि श्रामणेर महाविर) को प्रमुख भूमिकामा बुद्ध जयन्ति मनाइयो[1] ।

---

१. कोही कोही उपत्यका भित्र प्रथम बुद्ध जयन्ति मनाइएको स्थान किण्डोल विहार मान्छन्, जुन वास्तवमा तेश्रो बुद्ध जयन्ति थियो । दोश्रो बुद्ध जयन्ति स्व. चित्तधर हृदयको घरमा मनाइएको थियो ।

Downloaded from http://dhamma.digital

★ १०२१. सन् १९४० (जनवरी २५) मा श्रीलंकाको वजिराराममा श्रामणेर अमृतानन्द र सुबोधानन्द स्व. सिरि पेलेन वजिरञाण महास्थविरको आचार्यत्वमा उपसम्पन्न (= भिक्षु) हुनु भएका थिए।

★ १०२२. भिक्षु अमृतानन्द प्रथमवार सन् १९४२ मा काठमाडौं आउनु भयो र किण्डोल विहारमा बस्नुभयो।

★ १०२३. भिक्षु अमृतानन्दद्वारा लिखित नेपाल भाषाका बौद्ध पुस्तकहरू- त्रिरत्न वन्दना, पाठयसूत्र, धम्मपद, बुद्ध जीवनी, गृही विनय, आदि – श्री ३ जुद्धशम्शेरले सन् १९४३ तिर जफत गरेको थियो।

★ १०२४. नेपाल भाषामा लिखित "ज्ञानमाला" (बौद्ध भजन) बेचेकोले श्री ३ जुद्धशम्शेरले सन् १९४३ तिर पसले भक्तबहादुरको सर्वस्व हरण गरेको थियो।

★ १०२५. काठमाडौंमा सर्वप्रथम भिक्षाटन गर्नु हुने भिक्षु प्रज्ञानन्द हुनुहुन्छ।

★ १०२६. नेपालमा भिक्षु धर्मालोकले सन् १९४३ मा आनन्दकुटी विहार स्थापना गर्नु भएको थियो।

★ १०२७. श्री ३ जुद्ध शम्शेरले सन् १९४४ (वि.सं. २००० श्रावण १५) मा ८ जना भिक्षुहरूलाई देश निकाला गरेका थिए। उहाँहरू हुनुहुन्छ-

(१) भिक्षु प्रज्ञानन्द
(२) भिक्षु धर्मालोक
(३) भिक्षु सुबोधानन्द
(४) भिक्षु प्रज्ञारश्मि
(५) श्रामणेर प्रज्ञारश
(६) श्रामणेर रत्नज्योती
(७) श्रामणेर अग्गधम्म
(८) श्रामणेर कुमार

★ १०२८. नेपालमा भिक्षुहरू पुनः प्रवेश गराउन श्रीलंकाको **नारद महास्थविर** सन् १९४६ अप्रिलमा श्री ३ पद्मशम्शेरकहाँ आउनु भएको थियो।

★ १०२९. नारद महास्थविरको वचन स्वरूप सन् १९४४ मा निष्काशित भिक्षुहरू मध्ये भिक्षु धर्मालोक श्री ३ पद्मशम्शेरको पालामा सर्वप्रथम नेपाल आउन पाउने भयो।

Downloaded from http://dhamma.digital

★ १०३०. आनन्दकुटी विहारस्थित भगवान् बुद्धको मूर्ति सन् १९४४ मा बर्माको भिक्षु ऊ चन्द्रमणी महास्थविरले उपहार दिएर पठाउनु भएको थियो ।

★ १०३१. सन् १९४६ मा भिक्षु महाप्रज्ञाले चीवर त्यागी बौद्ध ऋषि हुनुभयो ।

★ १०३२. सन् १९४६ मा श्रीलंकाको भिक्षु नारद महास्थविरले बुद्धको अस्थि धातु ल्याउनु भयो । उक्त अस्थि धातु हरेक बैशाख पूर्णिमाको दिन प्रदर्शित गरिन्छ । सो धातु श्रीलंकाको सुवर्णमाली चैत्य जिर्णोद्धार गर्दा श्रीमती हरमानि सनोनाले भेट्टाएकी थिइन् । भिक्षु नारदले २ वर्ष पछि बोधिवृक्षको हाँगा नेपाल ल्याउनु भएको थियो ।

★ १०३३. श्रीलंकाबाट ल्याएको बोधिवृक्षको हाँगा नारद महास्थविरले सन् १९४८ मा आनन्दकुटी विहारमा रोप्नु भएको थियो । सोही दिन आनन्दकुटी विहारस्थित श्रीलंका चैत्यको उद्घाटन पनि उहाँले गर्नुभयो ।

★ १०३४. सन् १९४८ जूनमा श्री ३ मोहन शम्शेरले बैशाख पूर्णिमाको दिन केवल बौद्ध कर्मचारीहरूलाई मात्र विदा दिने चलन निकाल्यो ।

★ १०३५. श्री ५ को जन्मोत्सवमा महापरित्राण गर्ने चलन श्री ५ त्रिभुवनको पालो देखिन् चलेको हो । मौसूफले सन् १९५१ मा राजदरबार भित्रै महापरित्राण पाठ गराइबक्सेको थियो ।

★ १०३६. अखिल नेपाल भिक्षु महासंघ सन् १९५१ मा आनन्दकुटी विहारमा स्थापना गरियो ।

★ १०३७. सन् १९५१ मा नेपालमा सर्वप्रथम अग्रश्रावकहरू (= सारिपुत्र र मौद्गल्यायन) का अस्थि धातु ल्याइए ।

★ १०३८. सन् १९५२ (वि.सं. २००८, जेष्ठ ७) मा श्री ५ त्रिभुवनले बैशाख पूर्णिमाको दिन सार्वजनिक छुट्टीको घोषणा गरिबक्स्यो ।

★ १०३९. श्री ५ त्रिभुवन सन् १९५२ (वि.सं. २००८, जेष्ठ ७) बैशाख पूर्णिमाको दिन आनन्दकुटी विहार सवारी होइबक्स्यो । मौसूफ आनन्दकुटी सवारी हुने प्रथम राजा होइबक्सिन्छ ।

Downloaded from http://dhamma.digital

★ १०४०. सन् १९५२ (वि.सं. २००८, कार्तिक २४) मा श्री ५ त्रिभुवनले नारायणहिटि राजदरबारभित्र भिक्षु संघलाई भोजन गराइबक्स्यो ।

★ १०४१. सन् १९५६ (वि.सं. २०१२, फागुन ७) मा श्री ५ महेन्द्रले अधिराज्यभर बैशाख पूर्णिमाको दिन **हिंसाकर्म बन्द** गर्ने हुकुम मौसूफ लुम्बिनी सवारी होइबक्सिदा गरिबक्स्यो ।

★ १०४२. सन् १९५६ नोभेम्बर १५ देखि २१ सम्म (वि.सं. २०१३ कार्तिक ३० देखि मंसिर ६ गते) मा काठमाडौंको टुँडिखेलमा **चतुर्थ विश्व बौद्ध सम्मेलन** आयोजना गरियो । ७ दिनसम्म चलेको सो सम्मेलनमा २७ राष्ट्रहरूले भाग लिएका थिए ।

★ १०४३. नेपालमा भिक्षुहरूले पाटनको संखमोलमा प्रथम उपोसथ (हे. ५७२) गरेका थिए ।

★ १०४४. सन् १९६२ (वि.सं. २०१९) देखि नेपाल बौद्ध परियत्ति शिक्षाको शुरुवात भएको थियो ।

★ १०४५. सन् १९४४ मा धर्मोदय सभाको स्थापना सारनाथमा भएको थियो ।

★ १०४६. आनन्दकुटी विहार गुठीको स्थापना सन् १९७३ (वि. सं. २०२९ आश्वीन २२ गते) मा भएको थियो ।

★ १०४७. पाटनको सुमंगल विहार सन् १९५१ मा स्थापना भएको थियो ।

★ १०४८. धर्मकीर्ति विहार सन् १९६५ मा खोलेको थियो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी सन् १९७१ मा स्थापना भएको थियो ।

★ १०४९. नेपाल युवक बौद्ध मण्डलको स्थापना सन् १९७० मा भएको थियो।

★ १०५०. नेपाल बौद्ध महिला संघ सन् १९८१ मा स्थापित भयो ।

★ १०५१. नेपाल बौद्ध परियत्ति शिक्षा गणमहाविहार सन् १९७२ मा खडा भयो।

Downloaded from http://dhamma.digital

★ १०५२. युवक बौद्ध समूहको स्थापनाकाल हो सन् १९८२ ।

★ १०५३. नेपालको बौद्ध आवासिय विद्यालय मानिएको आनन्दकुटी विद्यापिठ सन् १९५२ मा र आनन्दकुटी कन्या विद्यापिठ सन् १९७७ मा स्थापना भए।

★ १०५४. आनन्दकुटी दायक सभा सन् १९५१ मा खडा भएको थियो ।

★ १०५५. स्वयम्भू विकास मण्डल सन् १९५४ मा स्थापना भएको थियो ।

★ १०५६. सन् १९८१ (वि.सं. २०३८, आश्वीन २९) मा नेपाल र थाइलैण्डको संयुक्त आयोजनामा "थाई-नेपाल कठीन उत्सव" सम्पन्न भयो ।

★ १०५७. प्रसिद्ध बर्मी भिक्षु **महासि सयादो** सन् १९८१ (वि.सं. २०३७, फागुन) मा नेपाल आउनु भएको थियो ।

★ १०५८. प्रसिद्ध ध्यानगुरु सत्यनारायण गोयनकाले सन् १९८१ (वि.सं. २०३७, चैत्र) मा नेपालमा प्रथम गोयनका ध्यान शिविर सञ्चालन गर्नु भएको थियो ।

★ १०५९. बीसौं शताब्दीमा सर्वप्रथम चीन जाने (हिंडेर) नेपाली भिक्षु हुनुहुन्छ भिक्षु धर्मालोक ।

★ १०६०. सर्वप्रथम "त्रिपिटकाचार्य" पदवी पाउने नेपाली हुनुहुन्छ भिक्षु कुमार काश्यप ।

★ १०६१. बर्माको उच्च पदवि "शासनध्वज धम्मचरिय" बाट सुशोभित हुने नेपालीहरू हुनुहुन्छ – भिक्षु ञानपुणिक र अनगारिका धम्मवती ।

★ १०६२. पाली भाषामा "आचार्य" पास गर्नु हुने नेपाली व्यक्ति हुनुहुन्छ - भिक्षु अमृतानन्द ।

★ १०६३. हाल नेपालमा प्रथम तीन जेष्ठ भिक्षुहरू यसप्रकार छन् –
(१) भिक्षु शाक्यानन्द (२) भिक्षु अनुरुद्ध (३) भिक्षु सुबोधानन्द

★ १०६४. नेपालमा जम्मा पाँच ठाउँहरूमा सीमा गृह (= उपोसथ गृह) हरू छन् – आनन्दकुटी, लुम्बिनी, नगर मण्डप श्री किर्ति विहार, संखमुल (अन्तराष्ट्रिय बौद्ध भावना केन्द्र) र सुमंगल विहार (पाटन) मा । यी मध्ये प्रथम सीमा गृह आनन्दकुटीमा बनाइएको थियो जहाँ सर्वप्रथम भिक्षु अग्गधम्म र विवेकानन्द प्रब्रजित गरिए ।

Downloaded from http://dhamma.digital

# विविध

★ १०६५. तलका नेपाली जातिहरू बौद्ध मार्गी हुन् – बज्राचार्य, शाक्य तुलाधर, मानन्धर, ज्यापू, तामाङ्ग, शेर्पा, गुरुङ्ग, थकाली (=शेरचन), भोटे प्रधान र कोही श्रेष्ठ, आदि ।

★ १०६६. बहि बहालहरुमा बुद्ध पूजा जाँदा गणमहाविहार पत्ता लागिएको थियो ।

★ १०६७. "जय नमो श्री बुद्ध भगवान् ..." भन्ने लोकप्रिय नेपाली भजन श्री ५ सुरेन्द्र विर विक्रमको पालामा सन् १८६९ (ने.सं. ९८९) मा रचिएको थियो ।

★ १०६८. चौथो एसियाई बौद्ध सम्मेलन र एघारौं विश्व बौद्ध सम्मेलनले नेपालको शान्ति क्षेत्र प्रस्तावको अनुमोदन गरेको थियो ।

★ १०६९. नेपालमा बौद्ध हिमाल गोर्खा जिल्लामा (६६७२ मि.) र भृकुटी हिमाल मुस्ताङ जिल्लामा (७७२० मि.) पर्दछन् ।

★ १०७०. नेपाल पाल्नु भएका केही प्रसिद्ध बौद्ध विद्वानहरू-

**श्रीलंकाबाट**

नारद महास्थविर
पञ्चसिंह महास्थविर
पियदस्सी महास्थविर

**बर्माबाट**

चन्द्रमणी महास्थविर
महासि सयादो
तम्पुलु सयादो

**भारतबाट**

महापण्डित राहुल सांकृत्यायन
भिक्षु जगदिश काश्यप
भदन्त आनन्द कौशल्यायन
बाबासाहेव अम्बेडकर
भिक्षु धर्मरक्षित
जगन्नाथ उपाध्याय
श्री सत्यनारायण गोयनका

**थाइलैण्डबाट**

धम्मधिर राजमहामुनि
उक्किति बुद्ध

**बंगलादेशबाट**

भिक्षु बिसुद्धानन्द

**साइबेरियाबाट**

हम्बो लामा

**मंगोलियाबाट**

गम्बो लामा

■

Downloaded from http://dhamma.digital

# बौद्ध उक्तिहरू

## ुद्ध उक्ति

★ १०७१. *"अनेक जाति संसारं सन्धाविस्सं अनिब्बिसं, गहकारकं गवेसन्तो दुक्खा जाति पुनप्पुनं, गहकारक दिट्ठोसि, पुनगेहं न काहसि । सब्बा ते फासुका भग्गा गहकूटं विसंखतं विसंखारगतं चित्तं तण्हानं खय मज्झगा ॥"*

अर्थ : "फेरि फेरि जन्म लिनु पर्दा दुःख हुने हुनाले यो शरीररूपी घर बनाउनलेलाई खोज्दा खोज्दै यो संसारमा अनगिन्ति जन्म लिइसकें । हे गृहकारक ! मैले तिमीलाई देखें । तिमीले अब फेरि दुःखको घर बनाउन सक्ने छैनौं । सबै औजार भांचिसकें । संस्कार निर्मूल भयो, तृष्णा क्षय भयो ।"

स्थान : बुद्धगया बुद्धको प्रथम उदान (= प्रीति) वाक्य वा प्रथम बुद्ध वचन

★ १०७२. *"चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय लोकानुकम्पाय अत्थाय हिताय सुखाय देवमनुस्सानं ।"*
अर्थः "भिक्षुहरू । बहुजन हितको लागि, बहुनज सुखको लागि, विश्वमाथि दयाको लागि, देव र मनुष्यहरुको हित, सुख र कामको लागि (धर्म) संचार गर ।"

स्थानः सारनाथ — भिक्षुहरूलाई बुद्धको प्रथम आदेश

★ १०७३. "महाराज, म अब राजवंशको होइन, श्रमण वंशको भइसकें ।"
स्थानः कपिलवस्तू — श्रोता : शुद्धोदन

(बुद्ध प्रथम पटक कपिलवस्तु आउँदा शुद्धोदनलाई दिएको उत्तर)

★ १०७४. "अप्रमादी (= होशियार) भई राम्ररी धर्माचरण गर्नेले यो लोक र परलोकमा पनि सुख पाउँछ ।"
स्थान : कपिलवस्तु — श्रोता : शुद्धोदन

(सुद्धोदन श्रोतापन्न हुँदा बुद्धले दिनु भएको उपदेश)

Downloaded from http://dhamma.digital

★ १०७५. "अरूको दोष खोजी हिड्नुभन्दा आफ्नै दोष खोज्नु उत्तम छ ।"
स्थान: श्रावस्ती श्रोता : पाठिक आजीवक

★ १०७६. "युद्धमा हजारौं सैनिकहरूलाई जित्नेभन्दा आफैलाई जित्ने व्यक्ति नै साँच्चैको विजयी हो ।"
स्थान : जेतवन श्रोता : अनत्थपुच्छक ब्राह्मण

★ १०७७. "तिमी आफ्नो मालिक आफै छौ, अरू कोही तिम्रो मालिक (= भविष्य निर्माता) छैन ।"
स्थान : जेतवन श्रोता : कुमारकाश्यपको आमा

★ १०७८. "मुनष्यहरू भयको कारणले गर्दा पर्वत, वन, उद्यान, रूख, चैत्य (= देउता) आदिको शरण जान्छन् । तर यो उत्तम शरण होइन, यसबाट दुःख मुक्त हुन सकिंदैन ।"
स्थान : जेतवन श्रोता : अग्गिदत्त ब्राह्मण

★ १०७९. "क्रोधलाई अक्रोधले, खराबलाई असलले, कंचुसलाई दानले र झूठोलाई सत्यले जित्नुपर्छ ।"
स्थान : जेतवन श्रोता : मौद्गल्ल्यायन

★ १०८०. "सँधै सबैले प्रशंसा गर्ने वा निन्दा गर्ने व्यक्ति पहिले पनि थिएन, आज पनि छैन, पछि पनि हुने छैन ।"
स्थान : जेतवन श्रोता : अतुल उपासक

★ १०८१. "आफूलाई (पापकर्मबाट) सुरक्षित गर । एक क्षण पनि समय खेर नफाल ।"
स्थान : जेतवन श्रोता : थुप्रै भिक्षुहरू

★ १०८२. "मूर्खहरूसँग संगत गर्नुभन्दा एक्लै बस्नु जाति ।"
स्थान : पारिलेय्यक श्रोता : थुप्रै भिक्षुहरू

★ १०८३. "वैरले वैरभाव शान्त हुँदैन । मैत्रीले नै वैरभाव शान्त हुन्छ ।"
स्थान : जेतवन श्रोता : काली यक्षणी

Downloaded from http://dhamma.digital

★ १०८४. "सँधै मन नै अगाडि जान्छ। त्यसैले मन नै मुख्य हो।"
स्थान : श्रावस्ती श्रोता : चक्षुपाल भिक्षु

★ १०८५. "मरिसकेको मान्छे फर्कने छैन। उसको मृत्यु शरीर विलाप सुनेर विचलित पनि त हुँदैन।"
स्थान : पूर्वाराम विहार श्रोता : आनन्द भिक्षु

★ १०८६. "जसले धर्मलाई देख्छ, उसले मलाई (= बुद्धलाई) देख्छ।"
स्थान : राजगृह श्रोता : वक्कलि भिक्षु

★ १०८७. "जसले रोगीको सेवा गर्छ, उसले मेरो (= बुद्धको) सेवा गर्छ।"
स्थान : श्रावस्ती श्रोता : भिक्षुहरू

★ १०८८. "म मोक्षदाता होइन, म त मार्ग प्रदर्शक मात्र हुँ।"
स्थान : राजगृह श्रोता : एक ब्राह्मण

★ १०८९. "आर्यमार्ग (= असल मार्ग) अनुशरण गर्नु भनेको अँध्यारो कोठामा ज्योति हातमा लिएर पस्नु सरह हो।" - बुद्ध

★ १०९०. "मन नियन्त्रणमा छ र सहि मार्गमा राखेको छ भने लोभको कुनै हिलोले उसको बाटो छेक्ने छैन र सबै दुःख बिलाएर जान्छन्।"
- बुद्ध

★ १०९१. "भिक्षुहरू ! मैले देशना गरेको धर्म विनय जति खुला रूपले प्रचार गर्न सकिन्छ त्यति नै चम्किराख्ने छ; गोप्य राखेमा चम्किराख्ने छैन।"
- बुद्ध (तिक निपात[1])

★ १०९२. यो लोकमा सुखपूर्वक सुत्नेहरूमा म पनि एक हुँ।
- बुद्ध (अंगुत्तर निकाय)

---

१. कोष्ठभित्र दिइएको शब्दले उक्त उद्‌धृत गरिएको सूत्र वा अध्याय बुझ्नु पर्छ।

Downloaded from http://dhamma.digital

★ १०९३. मेरो धर्म (= बुद्ध-धर्म) एक डुंगा हो जुन भव संसार (= दुःख रूपी संसार) पार गर्नलाई हो; पार गरिसकेपछि बोकिराख्नलाई होइन ।

- बुद्ध (अलगद्दुपम सूत्र)

★ १०९४. लोभी मानिसले न त शोक त्याग गर्न सक्छ, न त दुःख र दाहनै ।

- बुद्ध (जरा सूत्र)

★ १०९५. अरूहरूले निन्दा गर्दैमा हीन हुने हो भने त कुनै पनि मत श्रेष्ठ हुने छैन । सबैले आआफ्नो मत ठीक र अन्य मत हीन भन्दछन् ।

- बुद्ध (महावियूह सूत्र)

★ १०९६. कोही होशियार, सुमार्गी र धैर्यवान् साथी मिलेमा सबै बिघ्न बाधाहरू भ्केलेर पनि उसको संगत गर्नु पर्छ ।

- बुद्ध (खग्ग विसाण सूत्र)

★ १०९७. जसले पुरोहित काम गरी जीविका गर्छ, त्यो ब्राह्मण होइन, याचक (= मगन्ते) हो ।

- बुद्ध (वासेट्ठ सूत्रांत)

★ १०९८. जसले अहंभावको कारणले आफ्नो प्रशंसा र अरूको निन्दा गर्छ उसलाई चाण्डाल सम्भ्कनु पर्छ ।

- बुद्ध (वसल सूत्र)

★ १०९९. जन्मले मात्रै चाण्डाल हुँदैन, न जन्मले कोही ब्राह्मण नै हुन्छ । कर्मले नै मानिस चाण्डाल हुन्छ, कर्मले नै ब्राह्मण ।

- बुद्ध (वसल सूत्र)

★ ११००. कुनै अपराध गरेको भए त्यसलाई स्वीकार गर्नू, फेरि कहिलै अपराध नदोहऱ्याउनु - यही नै आर्य गृहस्थको कर्तव्य हो ।

- बुद्ध (सामाण्यफल सूत्र)

★ ११०१. त्यही कुरो बोल्नु पर्छ जसबाट आफलाई सन्ताप नहोस्, अरूलाई दुःख नहोस् । यही नै सुभाषित वाक्य हो ।

- बुद्ध (सुभासित सूत्र)

Downloaded from http://dhamma.digital

★ ११०२. कसैले भनेको भन्दैमा, कहीं लेखेको भन्दैमा कुनै कुरो स्वीकार नगर्नू । आफ्नै विवेकले जाँचिलिए पछि मात्रै स्वीकार गर्नू ।

- बुद्ध केशपुत्तियं सूत्र)

★ ११०३. परोपकार गर्ने र परोपकारको गुण स्मरण गर्ने यी दुबै थरिका मानिसहरू दुर्लभ छन् । बुद्ध (अंगुत्तर निकाय)

★ ११०४. "भिक्षुहरू ! कुनै पनि भिक्षुले आई यो कुरो तथागतले भनेको भन्दैमा स्वीकार नगर्नू । पहिले त्यो कुरो सूत्र र विनयमा मिलाएर हेर्नू ।"

स्थान : भोग नगर (वैशाली) श्रोता : भिक्षुगण

(महापरिनिर्वाणको केही दिन अघि दिनु भएको बुद्धको उपदेश)

★ ११०५. "आनन्द ! म परिनिर्वाण भइसकेपछि मैले देशना गरेको धर्म र विनय नै तिमीहरूको गुरु भनेर सम्झनू ।"

स्थान : कुशीनगर श्रोता : आनन्द

★ ११०६. धूप दिप नैवद्यले पूजा गर्दैमा तथागतलाई सत्कार र पूजा गरेको ठहरिदैन । जसले धर्म अनुसार आचरण गर्छ, उसैले तथागतलाई पूजा गरेको ठहरिन्छ ।

स्थान : कुशीनगर श्रोता : आनन्द

★ ११०७. सबैले आफ्नो धर्म ठूलो छ भन्नु स्वाभाविक हो, तर जुन धर्ममा चार आर्यसत्य हुन्छ त्यही नै धर्म श्रेष्ठ छ ।

स्थान : कुशीनगर श्रोता : अन्तिम शिष्य सुभद्र

★ ११०८. "भिक्षुहरू ! सबै संस्कार अनित्य भनी बुझी अप्रमादी (= जागरुक) भई राम्रो गुण धर्म सम्पादन गर्न सिक ।"

स्थान : कुशीनगर श्रोता : भिक्षु संघ

(बुद्धको अन्तिम उपदेश)

Downloaded from http://dhamma.digital

# ऐतिहासिक उक्ति

★ १११०९. *"ये धम्मा हेतुप्पभवा तेसं हेतु तथागतो आह*
*तेसं च यो निरोधो एवं वादी महासमणो ॥"*

अर्थः हेतुबाट उत्पन्न हुने जति पनि धर्म (= विषयवस्तु) हरू छन् त
सबैको कारण तथागत भन्नुहुन्छ, तिनको निरोध भन्नुहुन्छ । यही
महाश्रमण (= बुद्ध) को वाद हो ।

- भिक्षु अस्सजीतद्वारा उपतिस्स (पछि सारिपुत्र) लाई बुद्ध
धर्मको परिचय दिएको ।

★ १११०. राजन् ! कसैले भन्दैमा चोर हुने होइन, न कसैले भन्दैमा मुनि
हुन्छ ।

- भिक्षु महाकात्यायनको उपदेश राजा चन्द्र प्रद्योतला

★ ११११. जुन विद्धान्ले आफ्नो विद्यामा गर्वित भएर अरूलाई अपमान गर्छ, उ
हातमा दियो बोकेको अन्धो समान छ । - भिक्षु आनन्

★ १११२. आर्यपुत्रहरू ! यदि वैशाली जनपद नै मलाई दिए पनि मैले बुद्धला
दिन पाएको भोजनदानलाई छाड्ने छैन ।

- लिच्छवी कुमारहरूलाई आम्रपालीको उत्त

★ १११३. आबुसो ! तथागत परिनिर्वाण भएको कुरा सुनेर किन रून्छौ ? उह
हुन्जेल हामीलाई यसो गर्नु हुँदैन उसो गर्नु हुँदैन भन्नुहन्थ्यो । अब हामी
बन्धनबाट मुक्त भएँ ।

- बुद्ध परिनिर्वाणको कुरा सुनेर भिक्षु सुभद्रको प्रतिक्रिया

★ १११४. अप्रमादीहरू (= जागरूकहरू) कहिलै मर्दैनन्, प्रमादीहरू मात्र बाँचे
पनि मरेकै बराबर हुन्छन् ।

- सम्राट अशोकलाई श्रामणेर निग्राधको प्रथम उपदेश

★ १११५. भगवान्ले जे जति भनेको छ, सबै ठीकै छ ।

- सम्राट अशोक

Downloaded from http://dhamma.digital

★ १११६. इतिहासमा लाखौं सम्राटहरूको अगाडि सम्राट अशोक एक अलग्गै चम्किराख्ने तारा हो । - एच. जी. वेल्स

★ १११७. यदि मानिसको प्रसिद्धता उसलाई याद गर्ने हृदयहरू र उसको उल्लेख गर्ने ओंठका संख्याहरूबाट नाप्ने हो भने सम्राट अशोक चार्ल माग्ने वा सीजरभन्दा बढि प्रसिद्ध थिए । - आओपेन

★ १११८. बुद्ध पछि संसारलाई प्रकाशित गर्ने चार सूर्यहरू छन् – नागार्जुन, अश्वघोष, कुमारलब्ध र आर्यदेब । - युआन च्वाँग

★ १११९. उत्तरकालीन बुद्ध-धर्मको एक महान आश्चर्य र रहस्य हो - नागार्जुन।

- टी. वाटर्स

★ ११२०. कमलको फूल हिलोबाट उत्पन्न हुन्छ । प्रेम गर कमलसँग, हिलोसँग होइन । - आचार्य कुमारजीव

★ ११२१. यो (बुद्ध) धर्म सबै धर्महरूमा उत्तम छ; यद्यपि यसलाई बुझ्न कठिन छ । यो धर्म भारतबाट कोरिया आएको थियो र बिचका सबै राष्ट्रहरु यसका अनुयायी छन्, कोही पनि बाहिर छैन ।
- दक्षिण कोरियाको राजाले सन् ५३८ मा जापानी राजा यमातोलाई लेखेको पत्रांश[1]

★ ११२२. वेदलाई प्रमाण मान्नु, कुनै ईश्वरलाई श्रृष्टिकर्ता मान्नु, स्नान गरेर धर्म कमाउन खोज्नु, जातिवादको घमण्ड गर्नु, र पापबाट मुक्त हुन शरीरलाई कष्ट दिनु - यी ५ मूर्खहरूका लक्षण हुन् ।

- आचार्य धर्मकीर्ति

★ ११२३. बुद्ध योगीहरूमा चक्रवति हुनुहुन्छ । उहाँ महाज्ञानी मेरो हृदयमा विराजमान होस् ! - शंकराचार्य

★ ११२४. मलाई चक्रवर्तिको सम्पत्ति, इन्द्रको सम्पत्ति वा ब्रह्माको सम्पत्ति चाहिँदैन । म केवल बोधिसत्व हुन चाहन्छु ताकि भवसागरमा फँसेका जीवहरूको सहायता गर्न सकूँ ।

-थाई नरेश श्री सूर्यराम वंश (सन् १३५५ तिर)

---

१. यसै पत्रद्धारा जापानमा बुद्ध-धर्म भित्रिएको मानिन्छ । (हे. ७६२)

Downloaded from http://dhamma.digital

★ ११२५. उनीहरू (= पूर्वेलीहरू ?) सँग अहिलेसम्म हुने व्यक्तिहरूमा शाक्यमुनि सर्वश्रेष्ठ छ ।

- मार्को पोलो

★ ११२६. जे जति ठीक कुरा भनिएका छन् सबै बुद्ध वचन हुन् ।

- महायानी उक्ति

★ ११२७. जहाँ बुद्ध हुनुहुन्छ, त्यहाँ अरूहरूलाई किन स्तुति गर्ने ? जब सूर्य उदाउँछ, जतिसकै ताराहरू भए पनि बिलाएर जान्छन् ।

- तिब्बती लोकोक्ति

★ ११२८. जसले शील (= धर्म) बुझेको छ, तर प्रयोगमा ल्याउँदैन, ऊ त्यो मान्छे सरह छ जसले बत्ति बाल्छ र आँखा चिम्लन्छ ।

- तिब्बती बौद्ध लोकोक्ति

## आधुनिक उक्तिहरू

★ ११२९. बुद्ध एक नेपालको मात्र नभई विश्व महापुरुष हुन् । त्यसैले संयुक्त राष्ट्र संघद्वारा लुम्बिनीको विकास हुनुपर्छ ।

- सन् १९६६ मा लुम्बिनी जाँदा राष्ट्र संघको महासचिव ऊ थान्तले व्यक्त गरेको विचार

★ ११३०. म आशा गर्दछु कि यस (छैठौं) संगायनाद्वारा बुद्ध-धर्म पालन नभइ राखेका देशहरुमा बुद्ध-धर्मप्रति प्रेम बढाउन मात्रै होइन, ती मानिसहरूको जीवनमा पनि, जसले सौभाग्यवश आज पनि यो धर्म पालन गरिराखेको छ, श्रद्धा र आदरको पुनर्जागरण गर्न मद्दत पुऱ्याउने छ ।

- राष्ट्रपति डा. राजेन्द्र प्रशाद

★ ११३१. जातिवाद भएको ठाउँमा बुद्ध-धर्मको विकास हुन सक्दैन, जातिवाद नभएको ठाउँमा ब्राह्मण धर्म तिक्न सक्दैन ।

- महापण्डित राहुल सांकृत्यायन

★ ११३२. भारतमा बुद्ध-धर्मको खम्बा यति दरिलोसँग गाडिसकेको छ कि अब यसलाई कसैले हल्लाउन सक्ने छैन ।

- महापण्डित राहुल सांकृत्यायन

Downloaded from http://dhamma.digital

★ ११३३. जेसलाई पाली भाषा आउँछ उसलाई बाहिरको प्रकाशको जरूरत छैन । - न्यूमैन (मज्झिम निकायको अनुवादमा)

★ ११३४. बौद्ध विचार नै यस्तो विचार हो जसद्वारा पूर्वको प्रतिनिधि स्वरुप भारत, चीन र जापान एकमतो हुन सक्छ ।

- डी.टी. सुजुकी

★ ११३५. यदि कसैले मलाई कुनै एक धर्म मान्न विवश गरेमा म बुद्ध-धर्म मात्रै मान्छु । - वरट्राण्ड रूसेल

★ ११३६. यदि विरोधी राजनीतिक परिस्थितिहरूले अवरोध खडा नगरेको भए बुद्ध-धर्मले विश्व विजय गर्थ्यो होला ।

- भिक्षु संघरभिक्षत र डी. वालिसिंह

★ ११३७. मानव जीवन सुखी गर्ने दुईतै मात्रै मार्ग छन् - साम्यवाद र बुद्ध-धर्म । बुद्ध-धर्म बुद्धिवादी हो, समता प्रधान हो र परिणामको दुष्टिले साम्यवादभन्दा पनि बढि कल्याणकारी छ ।

- डा. भीमराव अम्बेडकर

★ ११३८. पढेलेखेका शिक्षित हिन्दूहरू निश्चय नै एकदिन बुद्ध-धर्म तर्फ फर्कने छ । - डा. भीमराव अम्बेडकर

★ ११३९. बुद्ध-धर्मको प्रचार गर्नु मानव समाजको सेवा गर्नु हो ।

- डा. भीमराव अम्बेडकर

★ ११४०. बुद्धले सर्वोत्तम उपदेश दिनु भएको छ र उहाँको यो शाश्वत सन्देशले मानवतालाई युगौंदेखि प्रभाावित पारिआएको छ ।

- जवाहरलाल नेहरू

★ ११४१. युद्ध बन्दीहरूलाई प्राणदण्ड नदिने चलन निकालेकोमा हामी बुद्ध-धर्मप्रति कृतज्ञ छौं । - प्रो. कोल्ब

★ ११४२. अन्य कुनै पनि धर्मका अनुयायीहरूभन्दा बुद्ध-धर्मका अनुयायीहरू बढि छन् । - हेनरी एस. वलकट

Downloaded from http://dhamma.digital

★ ११४३. बुद्ध-धर्मले समस्त मानवलाई अंगिकृत गरेर उनीहरूमा नयाँ प्राण संचार गरेको थियो ।
- रविन्द्रनाथ टैगोर

★ ११४४. बुद्ध मूर्तिले हरेक चिन्तनशील व्यक्तिलाई प्रेरित गर्छ ।
- हजरत इनायत खाँ

★ ११४५. बुद्ध-धर्म नै आज संसारमा भएका धर्महरूमध्ये सर्व अंग परिपूर्ण भएको धर्म हो ।
- प्रो. काल गुस्टेय जंग

★ ११४६. बुद्ध मानसिक कृयामा प्रकाश पार्ने प्रथम व्यक्ति हुनुहुन्छ ।
- डा. राधाकृष्ण सर्वपल्लिन

★ ११४७. महान् गुरु (= बुद्ध) प्रति हिन्दू धर्म शाश्वत (= सँधैको लागि) ऋणी छ ।
- महात्मा गाँधी

★ ११४८. इतिहासमा प्रज्ञा र धर्मको विषयमा इसा मसिह (= क्राइष्ट) भन्दा माथि राख्न योग्य पुरुष पनि छ; त्यो हो – बुद्ध ।
- वरट्राण्ड रूसेल

★ ११४९. दुई वर्ष अरू बाँचेमा भारतमा ५ करोड बौद्ध देखाइदिन्छु ।
- डा. अम्बेडकर

★ ११५०. आजभोली पश्चिमी शैक्षिक क्षेत्रको एक विशेषता हो बुद्ध-धर्म प्रति बढि झुकाव हुनु ।
- प्रो. डोनाल्ड एच. विसोप

★ ११५१. बुद्ध - इतिहासमा सबभन्दा ठूलो नाम हो ।
- भरत सिंह उपाध्याय

★ ११५२. बुद्ध-धर्म मात्र दर्शनको पोको होइन । यो त जीवन पद्धति हो ।
- दलाई लामा

★ ११५३. शायद पुरानो इतिहासमा कहिले पनि बुद्धको शान्ति सन्देशको त्यति खाँचो परेको थिएन होला जति आजको पीडित र भटकिएको मानव समाजलाई छ ।
- जवाहरलाल नेहरू

Downloaded from http://dhamma.digital

★ ११५४. संसारले बुद्ध र युद्ध दुईमा एक चुन्नु परेको छ ।
- जवाहरलाल नेहरू

★ ११५५. बुद्ध-धर्मले आफ्ना अनुयायीहरूलाई जति प्रभावपूर्ण ढंगले भित्रैसम्म शान्तिको जग बसालेको छ, त्यति अन्य कुनै धर्मले गर्न सकेका छैनन् ।
- जे.टी. सुन्दरलायण्ड

★ ११५६. बुद्ध-धर्मको इतिहासमा एउटै पनि पृष्ठ रक्तरजित छैन । ... बुद्ध-धर्मको एउटै तलवार थियो – प्रज्ञाको तलवार; र एउटै शत्रु थियो - अज्ञानता ।
- भिक्षु संघरक्षित र डा. बालिसिंह

★ ११५७. बुद्ध-धर्मले कहिले पनि शस्त्र अस्त्रको आड लिएन । तैपनि संसारको ठूलो भूभागमा यो आश्चर्यजनक गतिले फैलियो ।
- टी.एक्स. हक्सले

★ ११५८. विश्वको निश्चित विनाशबाट बचाउने एउटै मात्रै उपाय छ, त्यो हो बुद्धको सन्देश बढिसे बढि जीवनमा उतार्नु ।
- राष्ट्रपति डा. राजेन्द्र प्रशाद

★ ११५९. बुद्ध-धर्म विज्ञान सम्मत छ । त्यसैले यो मानव समाजको लागि सबभन्दा ठूलो आश्वासन हो ।
- भरतसिंह उपाध्याय

★ ११६०. आजको युगमा आधुनिक विज्ञानसँग मिल्ने कुनै धर्म छ भने त्यो हो बुद्ध-धर्म ।
- डा. अल्वर्ट आइन्सटेन

★ ११६१. आजभोलिको विज्ञान बुद्धको अनित्यता र अनात्मवाद सिद्धान्तको प्रतिध्वनि हो ।
- डा. रंजन राय

★ ११६२. यो देखेर आश्चर्य हुन्छ कि बुद्धको विचार आजको विज्ञानका नयाँ नयाँ खोजहरूको कति नजिकै थियो ।
- जवाहरलाल नेहरू

★ ११६३. जति जति विज्ञानले प्रगति गर्छ, त्यति त्यति विज्ञान बुद्धको समिपमा आउँछ ।
- डा.के. श्री धम्मानन्द

Downloaded from http://dhamma.digital

★ ११६४. मैले बरोबर भनिसकें र फेरि पनि भन्छु कि बुद्ध-धर्म र आधुनिक विज्ञानमा एक अति घनिष्ठ सम्बन्ध छ ।

- सर एडवीन आर्नोल्ड

★ ११६५. मानवतालाई महानतातिर लग्नेमा तथागतभन्दा बढि सक्षम अरू को होला ?
- प्रो. डेविट गोडार्ड

★ ११६६. आचार शिक्षाको नीति जति बुद्ध-धर्ममा पाइन्छ त्यति अरू कहीं पाइन्दैन ।
- पं. अम्बिका प्रशाद वाजपेयी

★ ११६७. बुद्ध संसारमा सबभन्दा ठूलो मानवतावादी हुनुहुन्छ ।

- डा. ए. आर. कुलकर्णी

★ ११६८. बुद्धले मानवताको विकासको लागि जति योगदान गरेको छ त्यति विश्वको इतिहासमा अरू कुनै धर्म पुरुषले गरेको छैन ।

- उमलेन्दु दास गुप्त

★ ११६९. बुद्ध-धर्मको जन्मको कारण व्यवहारिक छ । त्यसैले बुद्ध-धर्म मानव धर्म हो ।
- सुखलालजी

★ ११७०. साँच्चै भनौं भने बुद्ध-धर्म कुनै सम्प्रदाय विशेषको धर्म होइन । यो त वस्तुतः मानव धर्म हो, मानव मात्रको धर्म हो ।

- श्री हबलदार त्रिपाठी "सहृदय"

★ ११७१. सुनको भाउमा घटिबढि गऱ्या श्री बौद्ध श्री सिम्भू छेत्रको मठ भत्काएको पाप लागोस् !
- श्री ५ पृथ्वीनारायण शाह

★ ११७२. शान्तिको सन्देश अति प्राचीन छ । तर नेपालको सुपुत्र गौतमले यसलाई एक विशेष तेज प्रदान गरेको छ ।
- श्री ५ महेन्द्र

★ ११७३. नेपाली साहित्यको ज्ञानराशीमा नेपालमा जन्मेका विश्व शान्तिका अग्रदूत सिद्धार्थ गौतम बुद्ध सम्बन्धि उपयोगी ग्रन्थ थपिनु प्रशंसनीय योगदान हो ।
- श्री ५ वीरेन्द्र

★ ११७४. लुम्बिनी वर्ष (ई.१९७९) ले सबैका मनमा शान्तिका अग्रणी राजकुमार गौतम बुद्धको सन्देशको सम्झना दिलाउने छ भन्ने कुरामा संदेह छैन ।
-श्री ५ बीरेन्द्र

★ ११७५. बुद्धले कलाको माध्यमबाट दुनियामा जति उज्यालो पारेर जानु भयो त्यति उज्यालो आजसम्म कुनै महापुरुषले दिएर जान सकेका छैनन् ।

- लेनसिंह बाङ्देल

Downloaded from http://dhamma.digital

# विविध

★ ११७६. बौद्ध झण्डा सर्वप्रथम सन् १८८५ मा अमेरिकाको हेनरी स्टील वल्कटले बनाएको थियो ।

★ ११७७. बौद्ध झण्डामा ५ रंगहरू हुन्छन्, जसको अर्थ यसप्रकार छ –

| | |
|---|---|
| (१) नील (= नीलो) | - आकाश जस्तै निर्मल बुद्धको केश |
| (२) पीत (= पहेंलो) | - बुद्धको छाला (र चीवर) |
| (३) लोहित (= रातो) | - बुद्धको रगत |
| (४) ओदात (= सेतो) | - बुद्धको दाँत |
| (५) मंजेट्ठ (= कलेजी) | - बुद्धको कलेजो[1] |

★ ११७८. निम्न राष्ट्रहरू **थेरवादी** हुन् –
श्रीलंका, बर्मा, थाइलैण्ड, काम्बोडिया, लाओस

★ ११७९. निम्न राष्ट्रहरू **महायानी** हुन् –
चीन, जापान, भियतनाम, कोरिया, मंगोलिया, भूटान

★ ११८०. संसारमा भिक्षुणी परंपरा हराइसकेको छ । तर पनि श्रीलंकाकी एक भिक्षुणीद्वारा लगिएको भिक्षुणी परंपरा आज पनि चीनमा बाकि छ ।

★ ११८१. सन् १९५० मा श्रीलंकामा भएको प्रथम विश्व बौद्ध सम्मेलनले हीनयानलाई थेरवाद भन्नुपर्ने प्रस्ताव पारित गरेको थियो ।

★ ११८२. सन् १९७९ लाई अन्तरराष्ट्रिय लुम्बिनी वर्ष मनाइएको थियो ।

★ ११८३. भारतको राष्ट्रिय झण्डामा बुद्धको धर्मचक्र अंकित छ ।

★ ११८४. भारतको प्रथम राष्ट्रपतिको सपथ ग्रहणमा बुद्ध मूर्तिलाई सर्वश्रेष्ठ मानिएको थियो ।

---

१ कोही कोही मंजेट्ठको अर्थ गुलाबी रंग पनि लगाउँछन् ।

Downloaded from http://dhamma.digital

★ ११८५. भारतको राष्ट्रिय चिन्ह हो अशोक स्तम्भ माथि रहेको सिंह मूर्ति ।

★ ११८६. भारतिय गणराज्यको मुद्रामा अशोक स्तम्भ माथिको सिंह मूर्ति अंकित छ ।

★ ११८७. भारतमा राष्ट्रपतिको आशन माथि "धर्मचक्र प्रवर्तनाय" लेखिएको छ ।

★ ११८८. दक्षिण कोरियामा बुद्धको तस्बीर छापेर नोट प्रकाशित गरेकोले उक्त नोट नै बहिस्कार गरिएको थियो ।

★ ११८९. बंगलादेशका "चकमा" जातका बौद्धहरू आफूलाई शाक्य बंशज ठान्दछन् । उनीहरू बिडूडभले कपिलवस्तुबाट धपाएर पठाएका शाक्यहरू हुनसक्छन् । (हे. २००)

★ ११९०. गिद्धलाई हिन्दूहरूले अशुद्ध मानेतापनि बौद्धहरू शुद्ध मान्छन्, कारण गिद्धले मरेकाको मासु मात्रै खान्छ ।

★ ११९१. थेरवाद बौद्ध साहित्यमा जम्मा ५३३ जातक कथाहरू छन्[१] ।

★ ११९२. धम्मपदमा ४२३ गाथाहरू र २६ वर्गहरू छन् ।

★ ११९३. बौद्धहरूको त्रिपिटक क्रिश्चियनहरूको बाइबलभन्दा ११ गुणा ठूलो भएको मानिन्छ ।

★ ११९४. डा. राइज डेविडको अनुसार त्रिपिटक (अंग्रजी संस्करण ?) मा करिब १७,५२,४०० शब्दहरू छन् ।

★ ११९५. मिलिन्द प्रश्नमा जम्मा ३०४ प्रश्नहरू छन् ।

★ ११९६. ढुँगा (= संगमरमर) मा त्रिपिटक लेखिएको देश को बर्मा ।

---

१. जातककथाहरू साढे पाँच सय वटा भएको मानिएता पनि वास्तवमा नदोहरिएका कथा जम्मा ५३३ मात्रै छन् ।

Downloaded from http://dhamma.digital

★ ११९७. बुद्धकालीन समयमा राजाहरूले पनि हलो जोत्ने चलन थियो ।

★ ११९८. **विजया दशमी**को दिन सम्राट अशोकले कलिंग युद्ध देखी विरक्त भएको थियो । यसरी सम्राट अशोकले शस्त्र युद्धको त्याग गरी धर्म युद्धद्वारा विश्व विजय गर्न खोजेको दिन विजया दशमीको बौद्धहरू बिच ठूलो महत्व छ ।

★ ११९९. चीनको पेकिङ्गमा चिकित्सा गर्दा डाक्टरहरूले आनापानसति (हे. ५४६) भावना पनि गर्ने गराउँछन् ।

★ १२००. लायट्भियाका भिक्षुहरू डाढी जुंगा पनि पाल्ने गर्दछन् ।

★ १२०१. ल्हासाको पोताला दरबारमा १३ औं दलाई लामाको समाधि छ जुन १ टन शुद्ध सुनले ढाकेर बनाइएको छ ।

★ १२०२. सात सात वटा वस्तु जम्मा ७०० वटा दिनुलाई **सप्तदान** भनिन्छ ।

★ १२०३. महात्मा गान्धीका प्रसिद्ध तीन बाँदर प्रतिकहरू जापानी भिक्षु निचिदात्सु फुजिई गुरुजीले सन् १९३३ मा उपहार दिएको थियो ।

★ १२०४. **महाबोधि सभा**को स्थापना सन् १८९१ मा अनगारिक धर्मपालले कोलोम्बोमा गर्नुभएको थियो ।

★ १२०५. विश्वका बौद्धहरू बीच भ्रातृत्व भाव जगाउने प्रसिद्ध अन्तरराष्ट्रिय संस्था वर्ल्ड फेलोशिप अफ बुद्धिस्ट (WFB) श्रीलंकामा सन् १९५० मा स्थापना भएको थियो । यसको संस्थापक थिए श्रीलंकाको बौद्ध विद्वान् प्रो.जी.पी मललशेखर (१८९९-१९७३) ।

★ १२०६. बौद्ध विश्वकोष (Buddhist Encyclopaedia) श्रीलंकाबाट प्रकाशित हुँदैछ ।

Downloaded from http://dhamma.digital

★ १२०७. विभिन्न राष्ट्रहरूबाट प्रकाशित हुने केही प्रसिद्ध बौद्ध पत्रिकाहरू यी हुन् –

| | | |
|---|---|---|
| अमेरिका | - | वेस्टर्न बोधि, बुद्धिस्ट न्यूज, वासिंगटन बुद्धिस्टस् |
| अष्ट्रेलिया | - | मेत्ता |
| कोरिया | - | वोन बुद्धिज्म |
| जर्मनी (प.) | - | यान |
| टाइवान | - | बोधेड्रम |
| जापान | - | धम्म वर्ल्ड, योंग बुद्धिस्ट |
| थाइलैण्ड | - | माघ पूजा, WFB रेभ्यूज् |
| नेपाल | - | आनन्दभूमि, धर्मकीर्ति |
| फ्रान्स | - | लेकोले दोर |
| बर्मा | - | दि लाइट अफ धर्म |
| बेलायत | - | दि मिडल वे, न्यूज लेटर |
| भारत | - | महाबोधि, सम्यक् दृष्टि, जगत ज्योति, प्रज्ञा, विपश्यना |
| मलेसिया | - | भ्वाइस अफ बुद्धिज्म |
| मंगोलिया | - | बुद्धिस्ट फर पीस |
| श्रीलंका | - | बुदु सरण, बौद्धया, वैशाख सिरिसर, दि बुद्धिस्टस्, वर्ल्ड बुद्धिज्म |
| सिंगापुर | - | बुद्धिस्ट यूथ सोभनेर |
| स्वेडेन | - | बोधि |
| हवाई | - | पासिफिक बुद्धिस्टस् |

★ १२०८. हालसम्म निम्न राष्ट्रहरूमा निम्न उल्लेखित वर्षमा विश्व बौद्ध सम्मेलन भएका थिए –


| सम्मेलन | साल | स्थान | राष्ट्र |
|---|---|---|---|
| प्रथम | १९५० | कोलोम्बो | श्रीलंका |
| दोस्रो | १९५२ | टोक्यो | जापान |
| तेस्रो | १९५४ | रंगून | बर्मा |
| चौथौं | १९५६ | काठमाडौं | नेपाल |
| पाँचौ | १९५८ | बैंकक | थाइलैण्ड |
| छैठौं | १९६१ | नोमपेङ्ग | काम्बोडिया |
| सातौं | १९६४ | सारनाथ | भारत |
| आठौं | १९६६ | च्याँग माइ | थाइलैण्ड |


Downloaded from http://dhamma.digital

| | | | |
|---|---|---|---|
| नवौं | १९६९ | क्वालालम्पुर र पेनाङ | मलेसिया |
| दशौं | १९७२ | कोलम्बो | श्रीलंका |
| एघारौं | १९७६ | बैंकक | थाइलैण्ड |
| बाहौं | १९७८ | टोक्यो | जापान |
| तेन्हौं | १९८० | बैंकक र च्यांगमाइ | थाइलैण्ड |
| चौधौं | १९८४ | कोलम्बो | श्रीलंका |
| पन्द्रहौं | १९८६ | काठमाण्डौं | नेपाल |
| सोन्हौं | १९८८ | लस अन्जेलस | अमेरिका |
| सत्रौं | १९९० | सिओल | दक्षिण कोरिया |
| अठारौं | १९९२ | ताइपेह र काउसिंग | ताइवान |
| उन्नाइसौं | १९९४ | बैंकक | थाइलैण्ड |

Downloaded from http://dhamma.digital

# परिशिष्ट "क" : सिद्धार्थ र यशोधराको वंश बृक्ष




+ : पति वा पत्नी
= : अर्को नाउँ

Downloaded from http://dhamma.digital

# परिशिष्ट "ख" : अग्रस्थान तालिका

## अग्रस्थान प्राप्त भिक्षुहरू

| भिक्षु | अग्रस्थान प्राप्त विषय | बासिन्दा |
|---|---|---|
| कौण्डन्य | चिर रात्रज्ञ (=सबभन्दा जेठो) | कपिलवस्तु |
| सारिपुत्र | प्रज्ञावान् | नालक गाउँ |
| मौद्गल्यायन | ऋद्धिवान् | कोलित गाउँ |
| महाकाश्यप | धुतंगधारी (हे. २५६) | महातिर्थ गाउँ |
| अनुरुद्ध | दिव्यचक्षु (हे. २२८) लाभी | कपिलवस्तु |
| भद्दिय | उच्च कुलीन | कपिलवस्तु |
| लकुंटक भद्दिय | कोमल स्वरमा उपदेश गर्ने | श्रावस्ती |
| पिंडोल भारद्वाज | सिंहनाद गर्ने (=नडराई बोल्ने) | राजगृह |
| पूर्ण | धर्मकथिक | कपिलवस्तु |
| महाकात्यायन | व्याख्या गर्ने | उज्जैन |
| चुल्ल पंथक | मनबाट निर्माण गर्ने | राजगृह |
| महापंथक | समाधि कुशल हुने | राजगृह |
| सुभूति | अरण्य विहारी (=एकान्तवासी) | श्रावस्ती |
| खदिर वनिय रेवत | जंगलबासी | नालक गाउँ |
| कंखा रेवत | ध्यानी | श्रावस्ती |
| सोण कोटिविंश | वीर्यवान् | चम्पा, अंग |
| सोण कोटिकर्ण | सुवक्ता | अवन्ती |
| सीवली | लाभी | कपिलवस्तु |
| वक्कली | श्रद्धावान् | श्रावस्ती |
| राहुल | शिक्षाकामी (=अनुशासित) | कपिलवस्तु |
| राष्ट्रपाल | श्रद्धाबाट प्रब्रजित हुने | कुरू |
| कुण्डधान | प्रथम शलाका ग्रहण गर्ने | श्रावस्ती |
| वंगीस | प्रतिभा वल हुनेमा | श्रावस्ती |
| वंगन्तपुत्र | सवैतिरबाट राम्रो | नालक गाउँ |
| द्रव्य मल्लपुत्र | गृह प्रबन्धक | मल्लदेस |
| पिलिन्द वात्स्य | देवताहरूको प्रिय | श्रावस्ती |
| बाहिय दारुचीरिय | प्रखर बुद्धि हुने | बाहिय राष्ट्र |
| कुमार काश्यप | विचित्र वक्ता | राजगृह |
| महाकोष्ठित | विशेष ऋद्धि प्राप्त | श्रावस्ती |

Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| आनन्द | बहुश्रुत, स्मृतिवान्, गतिमान्, धैर्यवान्, सेवक | कपिलवस्तु |
| उरूवेला काश्यप | धेरै अनुयायी हुने | वाराणसी |
| कालुदायी | कुल प्रसन्न गर्ने | कपिलवस्तु |
| वक्कुल | निरोगी | कौशाम्बी |
| शोभित | पूर्वजन्म स्मरण गर्ने | श्रावस्ती |
| उपालि | विनयधर | कपिलवस्तु |
| नन्दक | भिक्षुणीहरूलाई उपदेश दिने | श्रावस्ती |
| नन्द | इन्द्रिय जित्ने | कपिलवस्तु |
| महाकप्पिन | भिक्षुहरूलाई उपदेश दिने | सीमान्त देश |
| स्वागत | चाँडै आगो निकाल्न सक्ने | राजगृह |
| राध | प्रतिभाशाली/पतिभाणी | राजगृह |
| मोघराज | रूक्ष(= भूत्रो) चीवरधारी | श्रावस्ती |

**अग्रस्थान प्राप्त भिक्षुणीहरू**

| भिक्षुणी | अग्रस्थान प्राप्त विषय | बासिन्दा |
|---|---|---|
| गौतमी | चिर रात्रज्ञ (=सबभन्दा जेठी) | कपिलवस्तु |
| खेमा | प्रज्ञावान् | सागल |
| उत्पलवर्णा | ऋद्धिवान् | श्रावस्ती |
| पटाचारा | विनयधर | श्रावस्ती |
| धम्मदिन्ना | धर्मकथिक | राजगृह |
| नन्दा | ध्यानी | कपिलवस्तु |
| सोणा | उत्साही | श्रावस्ती |
| कुण्डलकेशा | तुरन्त ज्ञान लाभी | राजगृह |
| भद्रा कापिलायनी | पूर्वजन्म स्मरण गर्ने | सागल |
| भद्राकात्यायनी (= यशोधरा) | महाज्ञान लाभी | कपिलवस्तु |
| कृशा गौतमी | श्रद्धावान् | श्रावस्ती |
| सृगाल माता | श्रद्धावान् | राजगृह |
| सकुला | दिव्यचक्षु लाभी | श्रावस्ती |

Downloaded from http://dhamma.digital

## ग्रस्थान प्राप्त उपासकहरू

| उपासक | अग्रस्थान प्राप्त विषय | बासिन्दा |
|---|---|---|
| तपस्सु भल्लुक | प्रथम शरणमा आउने | असितञ्जन नगर |
| अनाथपिण्डिक | दान दिने | श्रावस्ती |
| चित्र गृहपति | धर्म कथा भन्ने | मच्छिकासण्ड |
| हस्तक आलवक | चार संग्रह वस्तु (हे. ३९१) राख्ने | आलवी |
| महानाम शाक्य | उत्तम दान दिने | कपिलवस्तु |
| उग्र गृहपति | प्रिय दाता | वैशाली |
| उग्गत गृहपति | संघ सेवक | हस्तिग्राम |
| शूर अम्बष्ठ | अत्यन्त प्रसन्न | श्रावस्ती |
| जीवक | व्यक्तिगत प्रसन्न[1] | राजगृह |
| नकुल पिता | विश्वासक | सुँसुमारगिरी |

## अग्रस्थान प्राप्त उपासिकाहरू

| उपासिका | अग्रस्थान प्राप्त विषय | बासिन्दा |
|---|---|---|
| सुजाता | प्रथम शरणमा आउने | सेनानी |
| विशाखा | दान दिने | श्रावस्ती |
| खज्जुतरा | बहुश्रुत | कौशाम्बी |
| श्यामावती | मैत्री विहार प्राप्त | कौशाम्बी |
| उत्तरा नन्दमाता | ध्यानी | राजगृह |
| सुप्रवासा | उत्तम दान दिने | शाक्य |
| सुप्रिया | रोगी सेविका | वाराणसी |
| कात्यायनी | सँधै प्रसन्न | अवन्ती |
| नकुल माता | विश्वासिका | संसुमारगिरी |
| काली | सुन्नासाथ प्रसन्न हुने | कुररघर |

---

१ = व्यक्तिलाई श्रद्धा राख्ने ।

Downloaded from http://dhamma.digital

# परिशिष्ट "ग" : बौद्ध विंद्धान्हरू

**महायानी आचार्यहरू –**

| आचार्य | काल (इस्वी) | विशेषण+योगदान |
|---|---|---|
| महादेव महास्थविर | ई.पू. ४४० | महासांघिक आचार्य, महासांघिक निकाय स्थापना |
| पार्श्व | सन् ३०-१२० | काश्मिर संघायनाको प्रबन्धक |
| वसुमित्र | १०० | काश्मिर संघायनाको सभापति |
| पूर्ण यश | ६०-१२७ | महासांघिक आचार्य |
| अश्वघोष | ७८-१२७ | दार्शनिक, संस्कृत साहित्य कवि |
| नागार्जुन | ७७-१८१ | दार्शनिक, शून्यवादको प्रबर्तक |
| कुमारलब्ध | १८० | |
| आर्यदेव | २०० | नागार्जुनको शिष्य |
| मैत्रेयनाथ | २७०-३५० | असंगको गुरु |
| संघभद्र | २६०-३५० | बसुबन्धुको गुरु, वैभाषिक आचार्य |
| असंग | २८०-३६० | दार्शनिक, विज्ञानवादको प्रवर्तक |
| बसुबन्धु | २८०-३६० | दार्शनिक, अभिधर्म कोश रचना |
| कुमारजीव | ३४४-४१३ | अनुवादक, चीनमा धर्म प्रचारक |
| दिग्नाग | ३४४-४२५ | दार्शनिक, बौद्ध न्याय दर्शनको संस्थापक |
| चन्द्रकीर्ति | ३५७-४०० | माध्यमिक दर्शनको साहित्यकार |
| फाहियान | ३७०-४५८ | चीनी बौद्ध यात्री, अन्वेषक |
| बुद्धपालित | ४५० | "प्रासंगिक" सम्प्रदायको संस्थापक |
| परमार्थ | ४९८-५६९ | अनुवादक, चीनमा धर्म प्रचारक |
| बोधि धर्म | - ५२८ | ध्यानगुरु, चीनमा धर्म प्रचारक |
| भावविवेक | ५२८-५६० | "स्वातन्त्र" सम्प्रदायको संस्थापक |
| धर्मपाल | ५४५-६३० | खुद्दक निकायको अट्टकथाचार्य |
| शीलभद्र | ५५५-६५० | धर्मपालको शिष्य |
| बुद्धभद्र | ५६५-६५० | शिलभद्रको शिष्य |
| बोधि रूचि | ५७१-७२७ | अनुवादक, चीनमा धर्म प्रचारक |
| हुयन साँग | ६०३-६६४ | चीनी बौद्ध यात्री, अन्वेषक |
| धर्मकीर्ति | ६२९-६९८ | दार्शनिक, "प्रमाण वार्तिक" को रचना |

Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| ईत्सिंग | ६३५-७१२ | चीनी बौद्ध यात्री, अन्वेषक |
| शान्तिदेव | ६९१-७४३ | |
| शान्तरक्षित | ७००-७६२ | तिब्बतमा धर्म प्रचारक |
| अमोघबज्र | ७०४-७७४ | अनुवादक, चीनमा धर्म प्रचारक |
| कमलशील | ७१३-७८६ | शान्तरक्षितको शिष्य, तिब्बतमा धर्म प्रचारक |
| कुकई | ७७४-८३५ | जापानी ग्रन्थकार |
| धर्मदेव | ९३०-१००१ | चीनमा धर्म प्रचारक |
| दिपंकर श्रीज्ञान | ९८०-१०५३ | अनुवादक, तिब्बतमा धर्म प्रचारक |
| शिनरन | ११७५-१२६२ | "जोदो शिन" सम्प्रदाय संस्थापक, जापानी |
| डोजेन | १२००-१२५३ | "सोतो जेन" सम्प्रदाय संस्थापक, जापानी |
| निचिरेन | १२२२-१२८२ | "निचिरेन" सम्प्रदाय संस्थापक, जापानी |

**थेरवादी आचार्यहरू –**

| | | |
|---|---|---|
| नागसेन | ई.पू. १५० | तार्किक, मिलिन्द प्रश्नको उत्तरकर्ता |
| बुद्धघोष | पाँचौं शताब्दी | अट्ठकथाचार्य |
| बुद्धदत्त | पाँचौं शताब्दी | अट्ठकथाचार्य |
| अनुरुद्ध | १७०० | अभिधर्म व्याख्याता |
| सारिपुत्र | १७००-१७५० | टिकाचार्य |
| बेलुभित शरणंकर | १६९८ | लंकाको प्रथम संघराज |
| ञान धज | १८४० | बर्मी साहित्यकार |
| मेगुत्तेवत्ते गुणानन्द | १९ औं शदी | तार्किक भिक्षु |
| तोटगमुवे श्री राहुल | २० औं शदी | |
| जी.पी. मललशेखर | २० औं शदी | साहित्यकार, धर्म प्रचारक |
| आनन्द कौशल्यायन | २० औं शदी | साहित्यकार |
| जगदिश काश्यप | २० औं शदी | साहित्यकार |
| राहुल सांकृत्यायन | २० औं शदी | साहित्यकार, दार्शनिक |

Downloaded from http://dhamma.digital

**बौद्ध राजपुरूषहरू –**

| राजपुरूष | काल | राष्ट्र | योगदान |
|---|---|---|---|
| सम्राट अशोक | ई.पू. २६९-२२७ | भारत | धर्म प्रचार, तेस्रो संगायना |
| राजा मिलिन्द | ई.पू. १५० | भारत | मिलिन्द प्रश्नको प्रश्नकर्ता |
| सम्राट कनिष्क | सन् ७८-१०१ | भारत | धर्म प्रचारक, काश्मिरमा संगायना, बुद्ध मूर्ति निर्माण |
| सम्राट हर्षवर्द्धन | ६०६-६४७ | भारत | धर्म प्रचार |
| राजा ऊ | ५०२-५४९ | चीन | धर्म प्रचार |
| उपराज शोतोकू | ५७४-६२१ | जापान | धर्म प्रचार |
| खि् श्रोङ लदेबचन् | ७५५-७९७ | तिब्बत | धर्म प्रचार |
| पराक्रम बाहु | ११ औं शदी | श्रीलंका | धर्म प्रचार |
| अनुरुद्ध | ११ औं शदी | बर्मा (पगान) | धर्म प्रचार |
| जयवर्मा सप्तम | ११८२-१२०२ | काम्बोडिया | धर्म प्रचार, समाज सेवा |

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# परिशिष्ट "घ" : त्रिपिटक तालिका

**त्रिपिटक**

**सुत्तपिटक :**

१-दीघनिकाय
२-मज्झिमनिकाय
३-संयुक्तनिकाय
४-अङगुत्तरनिकाय
५-खुद्दकनिकाय

- (१) खुद्दकपाठ
- (२) धम्मपद
- (३) उदान
- (४) इतिवुत्तक
- (५) सुत्तनिपात
- (६) विमानवत्थु
- (७) पेतवत्थु
- (८) थेरगाथा
- (९) थेरीगाथा
- (१०) जातक
- (११) निद्देस
  - १-महानिद्देस
  - २- चुल्लनिद्देस
- (१२) पटिसम्भिदामग्ग
- (१३) अपदान
- (१४) बुद्धवंस
- (१५) चरियापिटक

**विनयपिटक :**

| | |
|---|---|
| १-पाराजिकापालि<br>२-पाचित्तियपालि | सुत्तविभंग |
| ३-महावग्गपालि<br>४-चुल्लवग्गपालि | खन्धक |
| ५-परिवारपालि | |

**अभिधम्मपिटक :**

१-धम्मसङ्गणि
२-विभङ्ग
३-धातुकथा
४-पुग्गलपञ्ञत्ति
५-कथावत्थु
६-यमक
७-पट्ठान

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## परिशिष्ट "ङ" : अशोककालीन बौद्ध सम्प्रदायहरू

**बुद्ध–धर्म**

- (१) स्थविरवाद
  - (२) बृजिपुत्रक
    - (३) धर्मोत्तरिय
    - (४) भद्रयाणिक
    - (५) छन्नागरिक
    - (६) सम्मितीय
  - (७) महिशासक
    - (८) धर्मगुप्तिक
    - (९) सर्वास्तिवादी
      - (१०) काश्यपीय
        - (११) सांक्रान्तिक
          - (१२) सौत्रान्तिक
- (१३) महासांघिक
  - (१४) एक व्यवहारिक
  - (१५) गोकुलिक
    - (१६) प्रज्ञप्तिवादी
    - (१७) बाहुलिक (=बाहुश्रुतिक)
      - (१८) चैत्यवादी

---

## महायानको विकास

चैत्यवादी (ई.पू. तेस्रो शताब्दीमा)

- अन्धक
  - वैपुल्य
  - पूर्वशैलिय
  - अपरशैलिय
  - राजगिरीक
  - सिद्धार्थक

(वैपुल्य, पूर्वशैलिय, अपरशैलिय, राजगिरीक, सिद्धार्थक) | महायान (प्रथम शताब्दीमा)

Downloaded from http://dhamma.digital

## परिशिष्ट "च" : नेपालमा थेरवाद बौद्ध विहारहरू

(१) आनन्दकुटी विहार - स्वयम्भू (काठमाडौं)
(२) श्रीघः विहार - नःघल टोल (काठमाडौं)
(३) धर्मकीर्ति विहार - नःघल टोल (काठमाडौं)
(४) महापरिनिर्वाण(=किण्डोल) विहार - किण्डोल, स्वयम्भू (काठमाडौं)
(५) (नव) बुद्ध विहार - भृकुटी मण्डप (काठमाडौं)
(६) गण महाविहार - गणबहाल (काठमाडौं)
(७) नगरकीर्ति मण्डप विहार - कीर्तिपुर (काठमाडौं)
(८) प्रणिधिपूर्ण विहार - बलम्बु (काठमाडौं)
(९) (श्री) सुमंगल विहार - लुकुसि टोल (पाटन)
(१०) शाक्यसिंह विहार - थइना टोल (पाटन)
(११) मणिमण्डप विहार - पर्को (पाटन)
(१२) शान्ति विहार - राजतिर्थ (पाटन)
(१३) ज्योति विहार - चापागाउँ (पाटन)
(१४) बेलुबनाराम - थेचो (पाटन)
(१५) मुनि विहार - भक्तपुर
(१६) बौद्ध समकृत विहार - भक्तपुर
(१७) पाटी विहार - ठिमि
(१८) चन्द्रकीर्ति विहार - बनेपा
(१९) सुदर्शन विहार - बनेपा
(२०) ध्यानकुटी विहार - बनेपा
(२१) पूर्वाराम विहार - धुलिखेल
(२२) सिखलापुर विहार - धुलिखेल
(२३) बुद्ध-धर्म आश्रम - धरान
(२४) स्वयम्भू चैत्य विहार - धरान
(२५) शाक्यमुनि विहार - भोजपुर
(२६) सिद्धि विहार - चैनपुर
(२७) बोधिसत्व विहार - चैनपुर
(२८) (धर्मशिला) बुद्ध विहार - पोखरा
(३०) आनन्द विहार - पाल्पा, तानसेन
(३१) महाचैत्य विहार - पाल्पा, तानसेन
(३२) होलन्दी विहार - पाल्पा, तानसेन
(३३) पद्म चैत्य विहार - बुटवल
(३४) चित्रवन विहार (= बुद्ध पार्क) = नारायणघाट

Downloaded from http://dhamma.digital

(३५) (अभिनव) बुद्ध विहार - लुम्बिनी
(३६) आनन्द भूवन आराम - डल्लु (काठमाडौं)
(३७) संघाराम - लुति (काठमाडौं)
(३८) चतुब्रह्म विहार - मातातिर्थ (काठमाडौं)
(३९) धर्मचक्र आराम - बागबजार (काठमाडौं)
(४०) सुगन्धाराम - मजिपात (काठमाडौं)
(४१) सिद्धिपुर आराम - थसि (पाटन)
(४२) ज्ञानोदय विहार - बाङलुङ
(४३) मंगल विहार - कपिलवस्तु
(४४) लुम्बिनी विहार - सिद्धार्थ नगर
(४५) महाप्रज्ञा आश्रम - डिल्लीबजार (काठमाडौं)
(४६) जय मंगल विहार - तन बहाल (पाटन)
(४७) इलावही विहार - इलावही (पाटन)
(४८) बोधि विहार - लुभु (पाटन)
(४९) जितापुर गण्डकी विहार - खोकना (पाटन)
(५०) गौतम बुद्ध विहार - पाँगा
(५१) अन्तराष्ट्रिंय बौद्ध ध्यान केन्द्र - शंखमूल (काठमाडौं)
(५२) महाबोधि विहार - बनेपा
(५३) काशीवर्ण बुद्ध विहार - पनौति
(५४) सुगतपुर विहार - नुवाकोट, त्रिशुली
(५५) महाबोधि विहार - पाल्पा
(५६) सुगन्ध विहार - रिडी
(५७) माछापुच्छे विहार - पोखरा
(५८) बुद्ध विहार - दाङ
(५९) बुद्ध विहार - नेपालगञ्ज
(६०) काँक्रे विहार - सुर्खेत (?)
(६१) बुद्ध विहार - विराटनगर
(६२) ज्योति विहार - धरान
(६३) बुद्ध विहार - झापा
(६४) लोकेन्द्र विहार - धनगढी
(६५) विश्वशान्ति विहार - बानेश्वर (काठमाडौं)
(६६) बुद्ध विहार - भद्रपुर
(६७) बुद्ध विहार - उर्लावारी

Downloaded from http://dhamma.digital

# परिशिष्ट "छ" पञ्च ध्यानी बुद्ध

| ध्यानी बुद्ध | मुद्रा | चिन्ह | वाहन | दिशा | रंग | पंचतत्व | पंचइन्द्रिय | पंचस्कन्ध | ऋतु |
|---|---|---|---|---|---|---|---|---|---|
| बैरोचन | धर्मचक्र[१] | चक्र | सिंह | मध्य | सेतो | जल | आँखा | रूप | हेमन्त |
| अक्षोभ्य | भूस्पशर[२] | बज्र | हात्ती | पूर्व | निलो | आकाश | कान | विज्ञान | हिउँद |
| रत्न सम्भव | वरद | रत्न | घोडा | दक्षिण | पहेलो | पृथ्वी | शरीर | वेदना | बसन्त |
| अमिताभ | ध्यान | पद्म | मयूर | पश्चिम | रातो | अग्नि | जिभ्रो | संज्ञा | ग्रिष्म |
| अमोघसिद्धि | अभय[३] | विश्वबज्र[४] | गरूड | उत्तर | हरियो | वायु | नाक | संस्कार | बर्षाद |

| ध्यानी बुद्ध | समय | स्वाद | वर्णाक्षर | विजाक्षर | उत्पन्न[६] आवाज | कुल | पत्नी | छोरो | छोरी |
|---|---|---|---|---|---|---|---|---|---|
| बैरोचन | ब्रम्हमुहुर्त | गुलियो | "क" वर्ग | ॐ | जिनजिक | चक्रकुल | बज्रधातेश्वरी | समन्तभद्र | सीततारा |
| अक्षोभ्य | सुप्रभात | पीरो | "च" वर्ग | हुँ | बज्रधक | बज्रकुल | लोचना[७] | बज्रपाणी | उग्रतारा |
| रत्न सम्भव | मध्यान्ह | नुनिलो | "ट" वर्ग | त्राँ | रत्नधृक | रत्नकुल | मामकी | रन्तपाणी | रत्नतारा |
| अमिताभ | अपरान्ह | अमिलो | "त" वर्ग | ह्री | आरोलिक | पद्मकुल | पांण्डुरा | पद्मपाणी | भृकुटीतारा |
| अमोघसिद्धि | रात्री | तितो | "प" वर्ग | खँ | प्रज्ञाधृक | कर्मकुल | (आर्य) तारा | विश्वपाणी | विश्वतारा |

---

१. = बोध्याङ्ग मुद्रा
२. = बायाँ हातले भुई छोएको ।
३. = रक्षा दिने मुद्रा
४. = दुई बज्रहरू ।
५. = ध्यानी बुद्धको प्रतिक मन्त्र अक्षर ।
६. = ध्यानी बुद्ध हुंदा उत्पन्न आवाज [50]
६. = स्वेततारा = बेचिन (हे. ७४१)



Downloaded from http://dhamma.digital

# परिशिष्ट "ज" : बौद्ध तथ्यांक

*(हालको विवरण प्राप्त नहुनाले यो परिशिष्ट प्रथम संस्करणबाट नै सारिएको छ ।)*

अ = अनगिन्ति
वि. वि. = बौद्ध विश्व विद्यालय / महाविद्यालय [54]
विहार = बौद्ध विहार / मन्दिर [53]
संख्या = संगठन / संस्था / सभा [53]

| राष्ट्र | वि. वि. | विहार | संस्था | राष्ट्र | वि.वि. | विहार | संस्था |
|---|---|---|---|---|---|---|---|
| अष्ट्रेलिया | | | ९ | न्यूजिलैण्ड | | | ९ |
| अमेरिका | | ६ | २४० | पाकिस्तान | | | १ |
| आयरलायण्ड | | | १ | पोलाण्ड | | | ५ |
| इटली | | | ८ | फ्रान्स | | | २७ |
| इण्डोनेसिया | | ३ | ५ | फिनलाण्ड | | | २ |
| कोरिया (दक्षिण) | ३ | १८ | १ | फिलिपिन्स | | २ | १ |
| काम्बोडिया | ३ | ६ | अ | बंगलादेश | | ६ | ३ |
| क्यानाडा | | | १५ | बर्मा | | ३३ | अ |
| ग्रीस | | | १ | बेलायत | | ? | ९० |
| घाना | | | १ | बेल्जियम | | | ७ |
| चेकोस्लोभाकिया | | | १ | भारत | १ | २१ | ४३ |
| जापान | १४ | अ | अ | भियतनाम | २ | २ | २ |
| जाम्बिया | | | १ | मंगोलिया | | २ | १ |
| जर्मन (D.R.) | | | १ | मलेसिया | | ११३ | २१ |
| जर्मन (F.R.) | | १ | २२ | लक्जम्बर्ग | | | १ |
| तांजानिया | | | १ | लाओस् | | १ | १ |
| तिब्बत (चीन) | | | १ | हंगेरी | | | २ |
| थाइलैण्ड | २ | ६६ | ४ | सिंगापुर | | २४ | ३६ |
| डेनमार्क | | | २ | स्पेन | | | १ |
| दक्षिण अफ्रिका | | | १ | श्रीलंका | ४ | अ | अ |
| नर्वे | | | ४ | स्वीडेन | | १ | ८ |
| नेपाल | | ३५ | ६ | स्वीटजरलाण्ड | | | १० |
| नेदरलायण्ड | | १ | ३ | सोभियतसंघ | | २ | २ |

Downloaded from http://dhamma.digital

## परिशिष्ट "ञ" : विश्व बौद्ध जनसंख्या[1]

| राष्ट्र | बौद्ध जनसंख्या | प्रतिशत % |
|---|---|---|
| काम्बोडिया | ६,२३७,०० | ९९ |
| कोरिया | ३५,४५१,९०९ | ८५ |
| चीन | १,००,०००,००० | ३३.३ |
| जापान | ७८,७७०,००० | ७८.६ |
| तिब्बत (चीन) | ९९०,००० | ९९ |
| थाइलैण्ड | २४,५६३,५२६ | ९३.५ |
| नेपाल | ३,८००,००० | ४० |
| बंगलादेश | ३७३,८६७ | ०.७ |
| बर्मा | २१,०५१,००० | ९० |
| भारत | ३,२५६,०३६ | ०.७ |
| भियतनाम (उत्तर) | २६,३२०,००० | ८० |
| भियतनाम (दक्षिण) | ६००,००० | ४ |
| भुटान | ७४३,५०० | ९९ |
| मंगोलिया | १,०१०,००० | ९०.२ |
| मलेशिया | ३,०००,००० | ३० |
| लाओस् | २,४७५,००० | ९९ |
| श्रीलंका | ८,५६७,५७० | ६७.४ |
| साइबेरिया | १,२६५,००० | १०० |
| सिक्किम | ६४,८७५ | ४० |

१. साभार : [53] यहाँ उल्लेखित अधिकांश विवरण १९७० तिरका हुन् ।

Downloaded from http://dhamma.digital

## परिशिष्ट "ञ" : बुद्धकालीन भूगोलको रूपरेखा

(चित्रको लागि मुखपृष्ठको पछाडि हेर्नुस्)

(१) जेतवन विहार (२) पूर्वाराम विहार (३) जालिनी वन
(४) अन्ध वन (५) लुम्बिनी (६) रोहिणी नदी
(७) अनोमा नदी (८) उपवर्तन वन (९) चुन्द आम्रवन
(१०) महा वन (११) नाग वन (१२) नालन्दा
(१३) कोलित ग्राम (१४) उपतिस्स ग्राम (१५) गृद्धकूट पर्वत
(१६) पाण्डव पर्वत (१७) वेब्भार पर्वत (१८) ऋषिगिल पर्वत
(१९) वेलुवन (२०) वेपुल्ल पर्वत
(२१) आलारकालाम आश्रम
(२२) उद्दक रामपुत्र आश्रम
(२३) गया (२४) गया काश्यप आश्रम
(२५) नदी काश्यप आश्रम (२६) उरूवेला काश्यप आश्रम
(२७) सेनानि गाउँ (२८) बुद्धगया (२९) ऋषिपतन मृगदावन
(३०) पारिलेय्यक (३१) सिंसपावन

## परिशिष्ट "ट" : बुद्ध-धर्म प्रचारको दिशा रेखांकन

(चित्रको लागि अन्तिम पृष्ठको भित्र हेर्नुस्)

(१) टोकियो (२) कामाकुरा (३) क्योटो
(४) नारा (५) बामियान (६) हाडा
(७) पेशावर (८) काश्मिर (९) तक्षशिला
(१०) ल्हासा (११) काठमाडौं (१२) बुद्धगया
(१३) पगान (१४) मांडले (१५) पेगु
(१६) थातोन (१७) रंगून (१८) अयोध्या
(१९) बैंकक (२०) अनुराधपुर (२१) श्रीपाद
(२२) बोरोबुदुर

---

Downloaded from http://dhamma.digital

# परिशिष्ट "ठ" बौद्ध संगायना

| संगायना | स्थान | संरक्षण | समय काल | जम्मा भिक्षुहरू | उपलब्धि |
|---|---|---|---|---|---|
| प्रथम | सप्तपर्णी गुफा (राजगृह) | राजा अजतशत्रु | बुद्ध परिनिर्वाणको ३ महिना पछि (ई.पू. ४८३) | ५०० | शासन स्थायित्व |
| दोस्रो | बालुकाराम विहार (वैशाली) | राजा कालाशोक | बुद्ध परिनिर्वाणको १०० वर्ष पछि (ई. पु ३८३) | ७०० | शासन शुद्धि |
| तेस्रो | अशोकाराम विहार (पाटलीपुत्र) | सम्राट अशोक | ई. पू. २४८ | १००० | अन्तरर्राष्ट्रिय स्तरमा बुद्ध-धर्मको प्रचार |
| चौथो | आलोक बिहार (श्रीलंका) | राजा बट्टगामिणी अभय | ई. पू. ७९ | ५०० | त्रिपिटक तालपत्रमा कुंडियो |
| पाँचौ | माँडले (बर्मा) | राजा मिण्डोन | सन् १८७१ | २४०० | त्रिपिटक संगमरमरमा कुंडियो |
| छैटौं | रंगुन (बर्मा) | राष्ट्रपति बा ऊ | सन्‌ब १९५४ | २५०० | त्रिपिटक शोधन |

Downloaded from http://dhamma.digital

# परिशिष्ट "ङ" : दोस्रो संस्करणका थप बुँदाहरू

## बौद्ध उक्तिहरू : बुद्ध उक्ति

★ दोषारोपन गर्ने विचारले अर्काको दोष देख्ने व्यक्तिको चित्त मल बढ्दछ
- बुद्ध

★ शत्रुले शत्रुलाई जति हानी पुऱ्याउन सक्छ त्यो भन्दा बढी हानी कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ।
- बुद्ध

★ अलिकति पाप गरेर के होला भनेर नसम्झनु। एक एक थोपा पानीबाट गाग्री भरे झैं मूर्खजनले पनि अलि अलि पाप थुपार्छ।
- बुद्ध

★ काम दिन सकुञ्जेल काम लिई पछि बेवास्ता गर्नु उचित छैनन्।
- बुद्धले राजा उदेनलाई भद्रावति हात्तीलाई बेवास्ता गरेको बेलामा भनेको

## बौद्ध उक्तिहरू : आधुनिक उक्तिहरू

★ भगवान् गौतम बुद्धका उपदेशहरू कसैबाट, कतैबाट, कुनै रुपमा, कुनै बेला अनास्था देखाइने छैन। ती उपदेशहरू शाश्वत सत्यमा आधारित भएकोले सदा सर्वदा रहिरहने छन्।
- भूमिबोल अदूल्यादेज, थाइलैण्डका राजा

★ जीवनभर बुद्धले मानवप्रति मैत्री र शान्तिको अमूल्य चाहनाको उपदेश दिनुभयो। यही नै उहाँको महानता हो।
- रोनाल्ड रेगन, अमेरिकी राष्ट्रपति

★ अन्य कुनै धर्मका भन्दा बुद्ध धर्मका अनुयायी बढी छन्।
- हेनरी एस्. वल्कट, बौद्ध झण्डाको निर्माता

★ बुद्धको आदर्श र सिद्धान्तहरूको पालनाबाट शान्ति, सहिष्णुता, मानवबोध, सद्भावना र प्रेम बढाउन सकिन्छ।
- हुसैन मुहम्मद एर्साद, बंगलादेशका राष्ट्रपति

★ बुद्ध उपदेशको समझदारीले विश्वमा एकता र समझदारी बढ्ने छ।
- जिग्मे सिंघे वांङचुक, भूटान नरेश

Downloaded from http://dhamma.digital

## नेपाल : इतिहास

★ नेपालको सबभन्दा प्राचीन उल्लेख "लुंमिनि" हो जुन नेपाल शब्दभन्दा प्राचीन मानिन्छ । लुम्बिनीको अशोक स्तम्भ (ई.पू. २५०) मा "लुंमिनि" को उल्लेख छ ।

★ अभिलेख अनुसार सबैभन्दा पहिलो उल्लेखित नाम "बुध सक्यमुनि" हो । यो उल्लेखको ७१५ वर्षपछि मात्रै देवरूपमा "विष्णु" र राजरूपमा वृषदेव, शंकरदेव, मानदेव, आदिको उल्लेख भएको पाइन्छ ।

★ अभिलेख अनुसार सबैभन्दा पहिले उल्लेखित वाङमय "जातक" (किन्नर जातक) लाई मानिन्छ ।

★ नेपालका विभिन्न राजाहरू जो बौद्ध प्रशस्तिद्वारा विभूषित छन्:-

| राजा | सन् | ने.सं. | प्रशस्ति |
|---|---|---|---|
| रामपालदेव | ८८२ | २ | परम सौगत महाराजाधिराज |
| भोजदेव | १०११ | १३१ | महायायिन परमोपासक |
| बलदेव | १०५४ | १७४ | प्रवर महायायिन परमोपासक |
| रामदेव | ११०० | २२० | सामन्ताधिपति परमोपासक |
| सिंहदेव | ११३० | २५० | प्रवर महायानयायी परमोपासक |
| नरेन्द्रदेव | ११४५ | २६५ | महायानयायी परमोपासक |
| क्राचल्ल | १२१४ | ३३४ | परम सौगत दानशील |
| अशोक चल्ल | | | अभिनव बोधिसत्वावतार प्रवर महायान यायिन परमोपासक |
| पुण्यमल्ल | | | श्री धनाराधनाधिगत प्राप्त राज्य रक्षारक्ष (बुद्धको आराधनाबाट प्राप्त राज्य रक्षा गर्न समर्थ उपासक) |

## नेपाल : महायानी परम्परा

★ **महायानी विहारहरू:-** काठमाडौंमा १०५ बहाल र २८ बहीहरु छन् । यी सबै लिच्छबीकालमा स्थापित । यी मध्ये १८ मूख्य महाविहारहरू ४ नगरहरूमा स्थापित छन् । ती हुन्:- **उत्तर क्षेत्र** ("थथु प्वीं") : (१) मैत्रीपुर (क्वा: बाहाल) (२) हेनाकर (ध्वाका बाहाल) (३) हेमवर्ण (गं बाहाल) (४) रत्नकेतु (भ्वा: बाहाल); **मध्य क्षेत्र :** ("दथु प्वीं") (५) सुरत श्री (तक्षे बाहाल) (६) कनक चैत्य (जन बाहाल) (७) केशचन्द्रकृत पारावर्त (इतुं बाहाल) (८) रत्नकीर्ति (मखं बाहाल) (९) मूलश्री (मू बाहाल) (१०) मन्त्रसिद्धि (सबल बाहाल) (११) राजकीर्ति (ते बाहाल); **दरबार क्षेत्र**

Downloaded from http://dhamma.digital

("लायक्‌ू प्वीं") : (१२) तरमूल (सिंखोंमू बाहाल); **दक्षिण क्षेत्र** : ("को प्वीं") (१३) ब्रह्मचक्र (गुभाः बाहाल) (१४) बज्रशिल (इकू बाहाल) (१५ मुनिसंघ (मीखा बाहाल) (१६) कृतिपूर्ण (लगं वाहाल) (१७) मणिसिंह (मु बाहाल, जापातुं) (१८) मणिसंघ (मुसुं बाहाल, भित्र) । यी १८ मूख महाविहारहरूका बज्राचार्यहरूको राष्ट्रिय सम्मेलन ("दे आचाःगू", दे आचार्य गुठी) प्रत्येक वर्ष चैत्र कृष्ण अष्टमी र नवमिका दिन हुने गर्दछ

(साभारः सन्ध्या टाइम्स, १२ मार्च १९९६; अनार रत्न बज्राचार्य

★ **केही महायानी आचार्यहरू - शान्तिकराचार्य** : स्वयम्भू स्तूप, वसुपु वायुपुर, अग्निपुर, नागपुर, आदिको स्थापना; **बन्धुदत्त आचार्य** : रात मछिन्द्रनाथ नेपाल ल्याएका, तेबहालको पालाः देवको स्थापन **वाचासिद्धी बज्राचार्य** : साँखुको बज्रयोगिनीको स्थापना; **ओडिनाचार्य** फर्पिङ्गको बज्रयोगिनीको स्थापना; **बज्रपाद बज्राचार्य** : विजेश्वरीक स्थापना; **शास्वतबज्र** : टुंडिखेलको महाँकाल, भद्रकाली र सेत मछिन्द्रनाथको स्थापना; **वाकबज्र** : श्रीघः चैत्य स्थापना; **लीलाबज बज्राचार्य** : काष्ठमण्डपको स्थापना (तु. ९०६) ।

(साभारः सन्ध्या टाइम्स, १३ मार्च १९९६; अनार रत्न बज्राचार्य

**नेपाल : थेरवाद र वर्तमान अवस्था**

★ सन् १९९२ मार्च १९ का दिन अनगारिकाद्वय दो. गुणवति र धम्मवतिला म्यानमार (बर्मा) सरकारको तर्फबाट रंगुनमा "अग्गमहागन्थक पण्डित उपाधि प्रदान गरे ।

★ **भिक्षु प्रज्ञानन्द महास्थविर** - थेरवादी बौद्ध विद्वान् । जन्म १९० (वि.सं. १९५७ बैशाख) । पिता- हर्ष विरसिं तुलाधर । आमा - मोहनमाय तुलाधर । गृहस्थ नाम - कुलमान सिं तुलाधर । जन्मस्थान - इतुंबहाल काठमाडौं । म्यानमार (बर्मा) सरकारबाट १९९१ मा "अग्ग महापण्डित उपाधि प्रदान । देहावसान - १९९३ (वि.सं. २०४९ फागुण २८) ।

★ **भिक्षु अमृतानन्द** - नेपालमा थेरवादी बुद्ध-धर्मको पुनरुत्थानमा अग्रणी भूमिका, नेपालीमा "बुद्धकालीन" समुहका महानतम ग्रन्थकर्ता । जन्म १९१८, पाल्पा, तानसेन । गृहस्थ नाम - लालकाजी शाक्य । पिता - हेराकाजी शाक्य । आमा - टीका माया शाक्य । पत्नी - हरिमाया (अ.संघमित्रा), १९३२ मा (१४ वर्षमा) । प्रव्रज्या २ अगस्ट, १९३६ (वि.सं. १९९३), कुशीनगरमा, १८ वर्षछँदा, ऊ. चन्द्रमणीको उपाध्यायत्वमा ।

Downloaded from http://dhamma.digital

उपसम्पदा - २५ जनवरी १९४० (वि.सं. १९९६), श्रीलंकामा, सिरि पेलेन वजिरञाणको आचार्यत्वमा । पदवीहरू - पि.एच.डी. (२५ जनवरी, १९७८, पाली महाविद्यालय, भारत); डि.लिट् (१९७६, बुद्धिस्ट अकाडेमी अफ सिलोन, श्रीलंका); नेपाल शासन शोभन श्री धर्म रक्षित वंशालंकार (१९५५, श्रीलंका), गोरखा दक्षिणबाहु (१९६८, नेपाल), गाडेन (१९६९, मंगोलिया); भाषाजवा: (वि.सं. २०१९, नेपाल); डाक्टरेट (३० जनवरी १९८८, थाइलैण्ड); त्रिपिटक विशारद नेपाल महानायक (७ अगस्ट १९८४, श्रीलंका) । देहावसान - २० अगस्ट १९८४ । उहाँको जीवनीमा आधारित "अमृताञ्जलि" नामक सर्वोस्कृट नाटक (नि.-कर्ण शाक्य) पनि देखाइएको थियो ।

★ **पन्धौं विश्व बौद्ध सम्मेलन** - स्थान : काठमाडौं, नेपाल । अवधि: २७ नोभेम्बर १९८६ देखि २ डिसेम्बर १९८६ सम्म । उद्घाटन-२७ नोभम्बर १९८६ (वि.सं. २०४३, मंसीर १२); श्री ५ ज्ञानेन्द्रबाट । २७ राष्ट्रहरू सम्मिलित । उद्घाटनका दिन १४० वटा सम्यक देवताहरूको सामुहिक पूजा; ६ राष्ट्राध्यक्षहरूको (अमेरिका, चीन, थाइलैण्ड, नेपाल, बंगलादेश, भूटान) सन्देश प्राप्ति । रू. ५ को स्मारिका सिक्का (व्यास २९ मी.मी., तौल ८.५ ग्राम) निस्कासन । प्रकाशनहरू : The Buddhist Heritage of Nepal (स्मारिका); Budhism in Nepal; वि.बौ.भा. सं. (WFB), एक परिचय; "बोधिचर्यावतार" को अनुवाद (अनु. दिव्यवज्र वज्राचार्य)। सोही बेला छैठौं युवा बौद्ध सम्मेलन पनि सम्पन्न । "Buddhist Saarc" को गठन । धर्मोदय बुद्धिस्ट इन्स्टिच्यूटको स्थापना (२९ नोभेम्बर, १९८६) ।

★ नेपाल पाल्नु भएका अन्य बौद्ध विद्वानहरू:

श्रीलंका - धम्मपाल नायक महास्थविर, वायेवगेदर ञाणिन्दे स्थविर, हिन्दगल ञाणसार महास्थविर, सोरत स्थविर, अमरवंश महास्थविर, विमलवंश महास्थविर, सिद्धी मलवन्त महास्थविर

बर्मा - भदन्त इन्दचार

भारत - दलाई लामा

थाइलैण्ड - सोमदत्त फ्रा ञाणसंवर

चीन - ज्योमुज्याङ सोलाङ ज्यूमीले, पञ्चेन लामा

जापान - क्योसुन कावाई

पाकिस्तान - प्रा. अहमद हसन दानी

Downloaded from http://dhamma.digital

★ **बाबासाहेब डा. भीवराव अम्बेडकर** - भारतमा बौद्ध पुनर्जागरणका एव नायक; भारतिय संविधान निर्माता । जाति-महार (अछुत) । जन्म - १ अप्रिल १८९१, इन्दौर । पिता - रामजी । आमा - भीमाबाई । १४ जनाम सबभन्दा कान्छो । अमेरिकाको कोलोम्बिया युनिभर्सिटीबाट एम.ए. डिग्री १९१५ मा । १९१६ मा त्यहींबाट पि.एच.डी. । १९२१ मा लण्डन युनिभर्सिटीबाट एम.एस.सी. र पछि डि.एस.सी र पछि "बार एट ल" म उतिर्ण । १९२७ मा अछुतहरूलाई वर्जित चावदार तलाउबाट ५००० को जुलुस सहित पानी पिए । १९३५ मा मुम्बईको ल कलेजको प्रिन्सिपल १९४६ मा स्वतन्त्र भारतको प्रथम कानून मन्त्री । उनको नेतृत्वमा १९४ मा भारतिय सम्बिधानको निर्माण । १९४८ मा ब्राह्मणी डा. मिस लक्ष्मी कबीरसँग दोस्रो विवाह । १४ अक्टोवर १९५६ मा २ लाख अनुयायीहरू सहित नागपुरमा बर्माका चन्द्रमुणी महास्थविर सम्मुख बुद्ध-धर्म ग्रहण देहावसान ५ डिसेम्बर १९५६ । छोरो - यशवंतराव अम्बेडकर ।

★ आनन्दकुटी विहारस्थित बुद्धको **अस्थिधातु** ७ जुलाई १९९३ (वि.सं. २०५०, असार २३) को राति चोरी भयो ।

★ वि.सं. २०५१ असारमा श्रीलंकाबाट अर्को अस्थिधातु ल्याइयो ।

★ ३० जून १९९० (वि.सं. २०४७, असार १६) का दिन काठमाडौंमा नेपाललाई धर्म निरपेक्ष राज्य बनाउन एक बिशाल ऱ्यालि निस्कको थियो ।

★ नेपाललाई धर्म निरपेक्ष राष्ट्र गर्नु पर्दछ भन्ने प्रस्ताव सांसद भिक्षु अश्वघोषले संसदको दोस्रो अधिवेशन (व्रि.सं. २०४८) मा प्रस्तुत गरेका थिए, जुनकि असफल भयो ।

★ लुम्बिनीमा बुद्ध (=सिद्धार्थ) को जन्म थलोको निश्चित स्थान ४ फेब्रुअरी १९९६ (वि.सं. २०५२, माघ २१) का दिन भएको मानिन्छ ।

★ वि.सं. २०३८ मा धर्मश्रृङ्ग (=नेपाल बिपश्यना केन्द्र, बूढानीलकण्ठ) को स्थापना भयो ।

★ वि.सं. २०४२ मा शंखमूलस्थित **अन्तराष्ट्रिय बौद्ध भावना केन्द्र**को स्थापना भयो ।

★ नेपालका अहिलेसम्म भएका **राष्ट्रिय बौद्ध सम्मेलन**हरू यस प्रकार छन्-

Downloaded from http://dhamma.digital

| बौद्ध सम्मेलन | स्थान | समय काल |
| --- | --- | --- |
| प्रथम | काठमाडौं | २-४ जनवरी १९८८ |
| द्वितिय | लुम्बिनी | २७-२९ डेसेम्बर, १९८९ |
| तेस्रो | धरान | २२-२४ डेसेम्बर, १९९१ |
| चौथो | कपिलवस्तु | ४-६ जनवरी, १९९४ |
| पाँचौ | पोखरा | २३-२५ डेसेम्बर, १९९५ |

★ १६ फेब्रुअरी १९९६ मा लुम्बिनीमा रेयुकाईको सहयोगमा **लुम्बिनी अन्तराष्ट्रिय अनुसन्धान संस्था** भवनको समुद्घाटन भयो।

★ खरौष्टि लिपिमा लिखित "धर्मपद" लाई नै एसिया खण्डको प्राचीनतम ग्रन्थ मानिन्छ।

★ नेपाललाई **शान्ति क्षेत्र** घोषणा गर्ने प्रस्ताव वि.सं. २०३१ फागुन १२ मा भयो।

★ थाईलैण्डका उपसंघराजा **सोम्देच फ्रा. ज्ञानसंवर** महास्थविर वि.सं. २०४२, मंसिर ८ मा अखिल नेपाल भिक्षु महासंघको निमन्त्रणामा नेपाल आउनु भयो।

## विविध

★ "बुद्धिस्ट सोइइटि अफ लण्डन" का संस्थापक थिए प्रसिद्ध साहित्यकार क्रिसमस् हम्फ्रे (१९०१-१९८३)

★ थाइलैण्डले मे ९, १९७१ मा विश्व बौद्ध भातृत्व संघको २० औं वर्षगाँठको उपलक्ष्यमा बौद्ध चार धाम अंकित विशेष हुलाक टिकट निष्कासन गरेको थियो।

★ World Fellowship of Buddhist Youth (WFBY) का संस्थापक हुन श्रीलंकाका नेमसारी मुटुकुमार।

★ **अनागरिक धर्ममाल** - आधुनिक युगमा थेरवादलाई पुनर्जीवन दिने श्रीलंकाका विद्वान। जन्म - १७ सेप्टेम्बर, १८६४, कोलम्बोमा। सन् १९९२ मा सारनाथको मूल गन्धकुटी विहारको शिलान्यास। सन् १९२३ मा श्रीमती **मेरी ई. फोस्टर** (१८६४-१९३०) द्वारा महाबोधी सोसाइटीको लागि एक लाख डलरको महादान। सन् १९२५ मा क्याण्डी (श्रीलंका)मा

Downloaded from http://dhamma.digital

बौद्ध श्रामणेर विद्यालयको स्थापना । सन् १९२६ मा लण्डनमा महाबोधि सोसाइटीको स्थापना । सन् १९२९-३० मा अमेरिकामा महाबोधि सोसाइटीको स्थापना । १३ जुलाई १९३० मा सारनाथमा रेवत स्थविरद्वारा प्रवजित भई श्रामणेर देवमित्र धर्मपाल हुनुभयो । १३ जनवरी १९३३ मा उपसम्पदा प्राप्त गरी भिक्षु बने । देहावसान - २९ अप्रिल १९३३ ।

★ **बुद्धगया** - सन् १२०१ मा मुस्लीम नेता **बाख्तेयार खिलजी**बाट ध्वस्त । सन् १८७४ मा बर्माका राजा **मिन्द**को खर्चमा जनरल कनिंघाम र डा. राजेन्द्रलाल मिश्रले मन्दिरको जिर्णोद्धार गरे तर मन्दिर शैव महन्तको जिम्मामा सुम्पियो । सो मन्दिर सार्वजनिक हुनुपर्दछ भनेर सन् १९०३ मा अ. **धर्मपाल**ले मुद्धा दायर गरे । सन् १९५३ मा बुद्धगया मन्दिर सार्वजनिक भयो ।

★ **सम्राट अशोक**ले लुम्बिनीमा अशोक स्तम्भ (इ.पू. २४५ मा) स्थापना गरे जस्तै कनकमुनि बुद्धको नाउँमा निग्लीहवामा (यो स्तम्भ सन् १८९५ मा डा. फुहररले पत्ता लगाएका थिए) र ककुछन्द बुद्धको नाउँमा तौलिहवाको नजिकस्थित गोटिहवामा (यो स्तम्भ सन् १८९७-९८ तिर ए.सि. कार्लिलले पत्ता लगाएका थिए) स्तम्भहरू राखेका थिए ।

★ लुम्बिनीको अशोक स्तम्भको उँचाई ३० फीट १०.५ इञ्च थियो । यो स्तम्भ पछि तीन टुक्रा भएर हाल एक खण्ड मात्रै बाँकी छ ।

★ कार्तिक शुक्ल अष्टमी (मुखः अष्टमी) का दिन **पशुपतिनाथ**लाई बुद्ध मुकुट लगाइन्छ ।

★ **बुढानीलकण्ठ**को नारायणको शीरमा अक्षोम्य बुद्धको मूर्ति छ ।

★ बुद्ध परिनिर्वाणपछि रचित प्रथम बौद्ध ग्रन्थ "मूल सर्वास्तिवाद" लाई मानिन्छ ।

★ **८० ब्यञ्जन** भन्नाले तलका कुराहरु बुझिन्छ-

१. नङ रातो हुनु
२. नङ टल्केर चिल्लो परेको
३. नङ राम्रो हुनु
४. औंलाका खण्डहरू पुष्ट पुष्ट हुनु
५. औंलाहरू पुष्ट हुनु

Downloaded from http://dhamma.digital

६. औंलाको क्रम राम्ररी मिल्नु
७. गूढ शिर हुनु
८. शिरमा खटेरा, शूल आदि केही दोष नभएको
९. गोलि गाँठो नदेखिने
१०. दुबै पाउ उस्तै मिलेको
११. सिंह जस्तो निर्भिक भएर हिंड्नु
१२. समर्थवान हात्ति जस्तै हिंड्नु
१३. हंसगति हुनु
१४. वृषभ जस्तो पाइला हुनु
१५. आदरले युक्त गति हुनु
१६. हिंड्ने गति राम्रो हुनु
१७. सिधा, सरल किसिमले हिंड्नु
१८. स्वच्छ पवित्र शरीर हुनु
१९. शरीर सफा सुग्घर हुनु
२०. शरीरको अंग प्रत्यंग राम्ररी मिल्नु
२१. शुद्ध शरीर हुनु
२२. कोमल शरीर हुनु
२३. शरीर बिशुद्ध हुनु
२४. परिपूर्णताको चिन्ह प्रफुल्ल भएको देखिरहनु
२५. एकदम राम्रो गोल परेको शरीर हुनु
२६. समान क्रम मिल्नु
२७. आँखा शुद्ध हुनु
२८. सुकुमार शरीर हुनु
२९. खिन्न शरीर नहुनु
३०. शरीरको तेज, रश्मि देखिनु
३१. सुसंगठित बलियो शरीर हुनु
३२. शरीरको अंग प्रत्यंग राम्ररी छुट्टिनु
३३. अन्धकार रहित शुद्ध ज्योति प्राप्त हुनु
३४. पेटको आकार गोल हुनु
३५. स्वच्छता देखिनु
३६. कुनै दाग, दोष नहुनु
३७. पुष्ट गोल परेको पेट हुनु
३८. नाइटो भित्र गएको हुनु
३९. गोल, गोल परेर भित्र गएको नाइटो हुनु

Downloaded from http://dhamma.digital

४०. चारैतिर प्रसन्नता देखिरहनु
४१. पवित्र आचरण हुनु
४२. कपाल पाल्ने र टीका लगाउने नगर्नु
४३. हात नरम हुनु
४४. हस्तरेखा नरम हुनु
४५. गम्भीर हस्तरेखा हुनु
४६. हस्तरेखा लामो हुनु
४७. लामो चौडा भएको बचन हुनु
४८. ओंठ प्रतिविम्ब जस्तै देखिनु
४९. जिब्रो नरम हुनु
५०. पातलो जिब्रो हुनु
५१. रातो जिब्रो हुनु
५२. मेघ गर्जनु जस्तै गम्भीर घोष हुनु
५३. मीठो, नरम स्वर हुनु
५४. गोल परेको दाँत हुनु
५५. बलियो दाँत हुनु
५६. दाँत सेतो हुनु
५७. दाँत सम्म मिल्नु
५८. दाँतको लाइन मिल्नु
५९. मिलेको नाक हुनु
६०. मुख सफा र उज्यालो हुनु
६१. आँखा लाम्चो हुनु
६२. आँखिभौं बाक्लो हुनु
६३. सेतो, नीलो, कमल जस्तो आँखा हुनु
६४. लामो आँखिभौं हुनु
६५. चट्ट परेको राम्रो आँखा हुनु
६६. सिग्ध आँखिभौं हुनु
६७. आँखिभौंका रौं समान भएको
६८. लोभ लाग्दो पुष्ट हात भएको
६९. दुवै कान समान भएको
७०. कानमा कुनै दोष नभएको
७१. कपालमा चाँया नपरेको
७२. ठूलो भाग्यमानी निधार भएको
७३. शीरमा परिपूर्णता भएको

Downloaded from http://dhamma.digital

७४. भमरा जस्तो कपाल हुनु
७५. कपाल बाक्लो हुनु
७६. नरम हलुका कपाल हुनु
७७. कपाल जठा नुहुनु
७८. कपाल सिधा सिधा नभएको र सम्म परेको कपाल हुनु
७९. सुगन्धित कपाल हुनु
८०. हातमा र पाइतालामा श्रीवत्स स्वस्तिक वन्द्यावर्त चिन्ह हुनु

■

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# परिशिष्ट "ढ" अट्ठाइस बुद्धनामहरू

| बुद्ध | भिक्षु संख्या | बोधिसत्व | जन्मभूमि | पिता र जात | माता | प्रधान शिष्य | उपस्थापक | बोधि वृक्ष | उँचाई | मानव आयु | नेपालमा बसेको पर्वत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तण्हंकर | | | | | | | | | | | |
| मेधंकर | | | | | | | | | | | |
| सरणंकर | | | | | | | | | | | |
| दिपंकर | दश खरब अ. | सुमेध ऋषी | रम्मवति | सुदेव क्षेत्रीय | सुमेधा | सुमङ्ग तिस्स | सागत | पिपल | असि हात | १००००० | |
| कोण्डञ्ञ | दश खरब | निजि तावि चक्र | रम्मवति | सुनन्द क्षेत्रीय | सुजाता | भद्र सुभद्र | अनुरूद्र | शाल | अठासी | १००००० | |
| मंगल | दश खरब | सुरूचि ब्राहमण | उत्तर | उत्तर क्षेत्रीय | उत्तरा | सुदेव धम्मसेन | पालित | नाग | अठासी | ९०००० | |
| सुमन | दश खरब | अतुल नागराजा | खेम | सुदन्त राजा | सिरीमा | सरण भावितात्मा | उदेन | नाग | नब्बे | ९०००० | |
| रेवत | असंख्य | अति देव ब्राह्मण | धान्यति | विपुल क्षेत्रीय | विपुला | वरण ब्रहमदेव | सम्भव | नाग | असी | ६०००० | |
| सोभित | एक अरब | अजित ब्राहमण | सुधम्म | सुधम्म राजा | सुधम्मा | असम सुनेत्र | अनोभ | नाग | अन्ठाउन्न | ९०००० | |
| अनोमदस्सि | आठ लाख | पक्ष सेनापति | चन्द्राति | यश वान राजा | यसोधरा | निसज जनाम | वरूण | अर्जुन | अन्ठाउन्न | १००००० | |
| पदुम | दश खरब | सिंह साधु | चम्मपक | असम राजा | असमा | साल उपसाल | वरूण | सीनणा | अन्ठाउन्न | १००००० | |
| नारद | दश खरब | ऋषि साधु | धान्यति | सुदेव क्षेत्रीय | अनोमा | भद्रशाल जितमित्र | वशिष्ठ | महासाण | अठासी | ९०००० | |
| पदमुत्तर | दश खरब | जतिलमहा नागरीक | हंसवति | आनन्द क्षेत्री | सुजाता | देव सुजात | सुमन | शाल | अठासी | १००००० | |
| सुमेध | एक अरब | उत्रर ब्राहमण युवक | सुदसेन | सुदन्त राजा | सुदन्ता | सरण सर्वकाम | सागर | महाकदम्ब | अठासी | ९०००० | |
| सुजात | साठी हजार | चक्रवर्ति राजा | सुमंगल | उग्गत राजा | प्रभावती | सुदर्शन देव | नारद | महविणु | पचास | ९०००० | |
| पिय दस्सी | दश खरब | कास्यप ब्राहमण | अनोभ | सुदिन्न राजा | चन्दा | पालित सर्व दस्सि | सोभित | पियङ्ग | असी | ९०००० | |
| अत्थ दिस्सि | अन्ठानब्बे लाख | सुसीम तपस्वी | सोभित | सागर राजा | सुदर्शना | शान्त उपशान्त | अभय | चम्पक | असी | १००००० | |
| धम्मदस्सि | एक अरब | शक्र (इन्द्र) | सरण | सरण राजा | सुनन्दा | पदुम फुस्सदेव | सुत्रेन | नक्तकुरवक | असी | १००००० | |
| सिद्धत्थ | दश खरब | मंगल तपस्वी | वेमाभार | जयसेन राजा | सुफस्या | सम्वहुल सुमित्र | रेवत | कर्निकार | साठी | १००००० | |
| तिस्स | एक अरब | सुजात सत्रिम | क्षेम | जनसन्ध क्षेत्रीय | पदमा | ब्रह्म देव उदम | सम्भव | असन | साठी | १००००० | |
| फुस्स | साठी लाख | विजि ताबि क्षेत्रीय | कासि | जयसेन राजा | सिरीमा | सुरक्षित धम्मसेन | सभिय | आमलकी | अन्ठावन्न | ९०००० | |
| विपस्सी | असाठी लाख | अतुल नगाराजा | बन्धुमति | बन्धुमान राजा | बनधुमति | खण्ड तिस्स | असोक | पातली | असी | ८०००० | जातमात्रोच्च |
| सिखि | एक लाख | अरिन्दम राजा | अरूणवति | अरूण क्षेत्रीय | प्रभावति | अभिभू सम्भव | क्षमंकर | पुण्डरीक | सतरी | ७०००० | ध्यानोच्च |
| वेस्सुभु | अस्सि लाख | सुदर्शन राजा | अनुपम | सुपतित राजा | यसोवति | सोन उत्तर | उपसात | शाल | साठी | ६०००० | फुलोच्च |
| ककुसन्द | चालिस हजार | खेम राजा | खेम | अग्नीदत्त ब्राह्मण | विसाखा | विधट सचिव | बुद्धिज | शिरिष | चवालीस | ४०००० | सिद्धिफुलोच्च |
| कोनागमन | तिस हजार | पर्वत राजा | सोमवति | यत्रदत्त ब्राह्मण | उत्तरा | भिमस उत्रर | स्वास्तीज | उदम्बर | तीस | ३०००० | बज्रकूटपर्वत |
| कस्सप | विस हजार | जोतिपाल ब्राह्मण | बनारस | ब्रह्मदत्त ब्राह्मण | धनवत्ति | तिस्स भारद्वाज | सर्वमित्र | न्योग्रोध | विस | २०००० | गोश्रृङ्ग |
| गौतम | बाह्र सय पचास | सिद्धार्थ कुमार | लुम्बिनी | सुद्धोधन राजा | मायादेवी | सारीपुत्र मौगल्यान | आनन्द | पिपल | अठार | १०० | गोपुच्छ |

Downloaded from http://dhamma.digital

# परिशिष्ट "ण" : प्रथम संस्करणको भूमिका

मानिस सँधै दुःख देखि डराउँछ । ऊ दुःखबाट अलग्गिन चाहन्छ । जब दुःखबाट मुक्त हुन सक्दैन तब कल्पनामा चुर्लुम्मिएर भविष्यमा भए पनि सुखको छाया खोज्छ । स्वर्गको कल्पना गर्छ र यही कल्पनामै भुलेर केही क्षणको लागि दुःखबाट फुतकन खोज्छ ।

इतिहास भन्छ- मानिसले सामाजिक जीव बनेदेखि नै दुःखलाई पंछ्याउने बाटो खोज्दै आएको छ । आफ्नो दुःख हटाउन कतिपय देवी देवताहरू उसले श्रृजना गरे । सूर्य, अग्नि, जल, वर्षा, धरति सबै देवता मानिए र पूजा गरिए । तर दुःखबाट मुक्त हुन सकेन । भयंकर देवी देवताहरू खडा गरिए । उनीहरूलाई खुसी तुल्याएमा आफू दुःखबाट मुक्त हुन्छ भन्ने कल्पना गरे । यज्ञ गरे, पशु चढाए, मान्छे काटे । तर दुःखबाट मुक्त हुन सकेन । यसको उपलब्धि हुन आयो- अन्धविश्वास ।

कतिपय मानिसहरू भाग्यवादी बने । आफूलाई प्रकृतिको हातमा सुम्पिदिए । तर यी निराशवादीहरू पनि दुःखबाट फुत्कन सकेन । आशावादी-हरूको अर्को थरि निस्क्यो । उनीहरूकै लागि भविष्यवाणीं गर्ने प्रथा चल्यो । ग्रह नक्षत्रलाई मानव जीवनमा घुसाइए । राशि, दशा, कुण्डलको व्यापार चले । चलाख व्यक्तिहरूले ढुकुटी भरे, दुःखित मानव दुःखको शिकार हुनबाट जोगिएन ।

कतिपय मानिसहरू भाग्यवादी बने । आफूलाई सकेसम्म दुःख दिनमा लागे । तपस्या गरे । काँढामा लेटे । जमिनमुनि टाउको घुसाए । आफ्नो आँखा फोडे, टाउको काटे । तर दुःख विचलित भएन । कोही साधु, बाबाजी, बैरागी, सिद्ध हुन गए । समाजबाट फुत्कन खोजे - तैपनि दुःखबाट फुत्कन सकेन । कोही यस संसारलाई नै मिथ्या मानेर दुःखलाई मृगतृष्णा मान्ने भए । तर यही मृगतृष्णाले पोल्न छाडेको थिएन उनीहरूलाई ।

मूर्ति पूजाको चलन भयो । पुरोहित वर्ग बने । शोषणको इतिहासमा पाना थपिंदै गए- तर दुःख त्यहींको त्यहीं ! कसैले एउटै मात्रै परमईश्वरको कल्पना गरे र सबै कुरा उसैबाट सञ्चालित माने । उक्त ईश्वरलाई, जसले दुःखको श्रृष्टि गरे, परम ब्रह्म भनियो, परमेश्वर भनियो, अल्लाह भनियो । तैपनि दुःख ईश्वरदेखि डराएन !

एक थरिले देवतालाई नै मान्न छाडे ! स्वर्ग, नर्क, कर्म, आमाबाबु सबै फिजुल ठाने, मूर्खहरूको हुँत्याइँ माने । पूर्ण भोगवाद बने । भौतिकवादको चरम सीमामा पुगे । नैतिकता भन्ने कुन चराको नाउँ हो, उनीहरूले थाहा पाएन उनीहरूको शब्दकोषमा एउटै मात्रै शब्द बांकि रह्यो - "म" । आफ्नो शब्दकोषबाट "दुःख" हताए पनि जीवनबाट दुःख हटाउन सकेन ।

Downloaded from http://dhamma.digital

यसरी दु:खको मूल कारण नखोजिकनै मानिसहरू दु:ख निरोध गर्ने उपाय खोज्नमा भट्किराखेको विश्वमा २६०० वर्ष अघि सिद्धार्थको जन्म भयो - हिमालको काखमा रहेको एउटा सानो राज्य कपिलवस्तुमा । दु:खमा ग्रसित समाज उसले पनि देखे । दु:ख निर्मूल पार्ने उपाय खोज्न उसले आफ्नो परिवार, राज्य, सम्पत्ति सबै मिल्काइ दिए - दु:खित मानव समाजको लागि । अनुपम त्यागको एक दुर्लभ नमूना ! उसको बाटो अनुभवको बाटो थियो । उसको प्रेरणा दु:खदायी समाज थियो । उसले दु:ख निर्मूल पार्ने व्यवहारिक उपाय पत्ता लगाए । बोधिज्ञान लाभ गरे । बुद्ध भयो । उसको मार्ग बुद्ध-धर्म भनियो । मानविय कारणबाट मानविय तरिकाले मानवको लागि निस्केको यो धर्म मानव धर्म भयो । जीवनको मार्ग भयो ।

बुद्ध-धर्म अति द्रुद गतिमा फैलियो । विश्वको आधी भूभागमा बुद्धका उपदेश गुँजिन चार पाँच शताब्दीमात्रै लागे । कतिपय द्वोषीहरू यसभित्र घुसेर यसका सिधासाधा सरल उपदेशहरू बंग्याउन थाले । साथै विश्वका विभिन्न भूभागमा प्रचलित विभिन्न विचारधारा यसले ग्रहण गर्न कर लाग्यो । यसरी बुद्ध-धर्ममा परिवर्तन हुँदै आयो र विभिन्न समुदायहरू च्याउ उम्रे झैं उम्रिन थाले ।

बुद्ध परिनिर्वाणको ३ महिना पछि राजगृहमा भिक्षुहरू भेला भई बुद्ध उपदेश र विनयलाई संग्रह गरे । एक शताब्दी पछि वैशालीमा दोस्रो संगायना भयो जसले गरेर बुद्ध-धर्म दुई भागमा खण्डित भयो - थेरवाद र महासांघिक । बुद्ध परिनिर्वाणको २३५ वर्ष पछि सम्राट अशोकले पटनामा तेस्रो संगायना गरे । यहींबाट थेरवादबाट अन्य सम्प्रदायहरू - मुलत: सर्वास्तिवादीहरू - अलग्गिएर गए । यी सर्वास्तिवादीहरूले सम्राट कनिष्कको पालोमा काश्मिरमा आफ्नै संगायना गरे । यसैबेलादेखि बुद्धयान, श्रावकयान र प्रत्येक बुद्धयान (हे. ६५७) मान्नेलाई **हीनयान** (=थेरवाद) भनियो र बुद्धयान मात्र मान्नेले आफूलाई **महायान** भनी स्वघोषणा गरे । महासांघिक सम्प्रदाय पछि गएर महायानमा विलिन भयो । यसरी बुद्ध परिनिर्वाणको साढे पाँच शय वर्षपछि महायान र हीनयान छुट्टिए ।

मात्र बुद्धयान मान्ने महायानीहरू अनुसार हरेक व्यक्ति बुद्ध नै हुन खोज्नु पर्दथ्यो । बुद्ध हुनु सजिलो कुरो होइन । फलत: चाँडै नै उनीहरूको आत्मविश्वास डगमगायो; बुद्ध हुने सजिलो उपाय भन्दै झन झन चाहिंदा नचाहिंदा कुराहरू घुसार्न थाले । पुन: देवी देवताहरूको श्रृष्टि भयो, यज्ञ चल्यो, राशी नक्षत्र बने, तन्त्र मन्त्र सिद्धि शब्दहरू देखा परे । उच्चतम आदर्श हुन महायानले आफ्नो आदर्श भुल्न थाले । यसै जन्ममा दु:खबाट मुक्त हुन खोज्ने- श्रावकयानलाई पनि मान्ने- थेरवादीहरूलाई हेपेर हीनयान भन्न थाले ।

Downloaded from http://dhamma.digital

जुन बुद्धले मूर्ति पूजाको विरोध गरे, उसैको मूर्ति संसारमा सबभन्दा बढी खिन थाले । स्वयं बुद्धलाई परमेश्वर मानियो, र अलौकिक बनाइदियो । नर्वाण प्राप्त गर्न बौद्ध देउताको आशिर्वाद पाए पुग्छ भन्ने धारणा विकसित यो । बुद्ध उपदेश सबै पढ्ने झंझटमा नलागिकन तिनीहरूलाई छोटकरी गरिए। धारणी, मन्त्र आदि बने । यसरी चौथो शताब्दीमा **मन्त्रयान**को उदयभयो।

एकथरिले आफूलाई मिल्ने गरी बुद्ध उपदेशलाई बंग्याए । जुन तिकताको उपदेश बुद्धले दिनु भएको थियो त्यसैको विपरित कामहरू गर्ने भए । निर्वाण र सिद्ध प्राप्तिको साधन भन्दै **पञ्च मकार** (=मासु, माछा, मद्य, मैथुन र मुद्रा[1] ) मा चुर्लुम्मिए उनीहरू । तन्त्र सिद्ध गर्ने भन्दै मान्छेलाई मार्न थाले, मान्छेको मासु खाई खित्का छाड्न थाले, पानीको ठाउँमा रगत चुसी मक्ख भए । तैपनि उनीहरूलाई नै "सिद्ध" भनियो, पूजा गरियो र खुसीसाथ आफ्ना सन्तानहरू उनीहरूको हातमा सुम्पिन थालियो । तन्त्रयान चरम सीमामा पुग्यो ।

बुद्धले सर्वसाधारणले बुझोस् भनी जनभाषा मागधीमा उपदेश दिनु भएको थियो (हे. १०९१) । तर थुप्रै महायानीहरूले उहाँको उपदेशलाई गुह्य (=गोप्य) बनाई दिए । उनीहरूको कामप्रति कसैले विरोध जनाएमा "यसको अर्थ गुह्य छ, तिमीहरूले बुझ्न सक्दैनौ" भनी एल्टै सोध्नेहरूलाई मूर्ख ठहऱ्याउन थाले । प्रतिकात्मक शब्दहरू बोलिन थालिए । बज्रको अर्थ हो शून्यता र दृढता, त्यसैले बज्र नै निर्वाण प्राप्तिको साधन हो भन्नेहरू एकथरि निस्के । सातौं शताब्दीतिर विकसित भएको यो सम्प्रदायलाई **बज्रयान** भनियो । बुद्धलाई उपाय वा करूणा भनियो र उहाँको पत्नीहलाई शक्ति वा प्रज्ञा । यसरी **पञ्चबुद्ध**लाई विवाह गरिदिएको मात्र नभई उनीहरूको सन्तान समेत भएको मान्न थाले[2] । कोही

---

१. तान्त्रिक बौद्ध साधना और साहित्य, पेज. ११२

२. यस्तो लाग्दछ कि पंच ध्यानी बुद्धहरू पहिले गोतम बुद्धकै विभिन्न अवस्थाहरूका प्रतिक थिए । यथा,
वैरोचन - धर्मचक्र प्रवर्तन गरिरहँदाको प्रतिक
अक्षोभ्य - आफू बुद्ध हुन योग्य छ भनी धरति साक्षी राखेको प्रतिक ।
रत्नसम्भव - बुद्धत्व प्राप्तिपछि जगतप्रति करूणा दृष्टिले हेरेको प्रतिक ।
अमिताभ - बुद्धत्व प्राप्त गर्न ध्यान गरिरहँदाको प्रतिक ।
अमोघसिद्धि - मुचलिन्द बृक्षमुनि बसिराख्दा नागले ओढाउन आएको प्रतिक
कालान्तरमा यिनीहरूलाई बेग्लाबेग्लै बुद्धहरू बनाइदिएको र उनीहरूको परिवार भएको कल्पना गरिएको हुनसक्छ । (हे. परिशिष्ट छ)

Downloaded from http://dhamma.digital

सारिपुत्र मौद्गल्यायनलाई परिनिर्वाण नभएको मान्न थाले । कोही बुद्ध
परिनिर्वाण भएको छैन भन्न थाले । अज्ज कोही बुद्ध छँदै थिएन, बुद्ध-धर्मक
सबै उपदेशहरू आनन्दले दिएका हुन भन्ने निस्किए । यसरी महायान
मन्त्रयान, बज्रयानको क्रमिक विकास भयो ।

हुनत थेरवाद (=स्थविरवाद=हीनयान) मा पनि अलौकिक कुराहरू
बाहिरी तत्वहरू नघुसेका होइनन् तर पनि महायानमा झैं यसको स्वरू
बदल्न पाएको छैन ।

जापानमा शिन्तो धर्मसँग, चीनमा कन्फ्युसियस र ताओ धर्मसँग
तिब्बतमा बोनधर्मसँग नवआगन्तुक बुद्ध-धर्मले प्रतिस्पर्धा गर्नु परेको थियो
भारतमा चाहिं आफ्नो जन्मकालदेखि बुद्ध-धर्मले ब्राह्मण धर्म (=हिन्दू धर्म) सँग
प्रतिस्पर्धा गर्नु परेको थियो । अन्धविश्वास र शोषणको बिगिबिगि भएको हिन्दू-
धर्ममा नैतिकता घुसाइदिने श्रय बुद्ध-धर्मलाई नै छ । बुद्धकालीन युगमा इन्द्र
ब्रह्मा प्रसिद्ध हिन्दू देउताहरू थिए; बिष्णु र महेश्वर गौण थिए; राम र कृष्ण
छँदै थिएन । बौद्ध र हिन्दूहरूको प्रतिस्पर्धा स्वरूप जातक र पुराणहरूको रचना
हुन थाले । हिन्दू राजा जयदेवले १२ औं शताब्दीमा बुद्धलाई बिष्णुको नवौं
अवतार बनाइदियो - बुद्धलाई गौण तुल्याउने एक ठूलो चाल ! त्यसपछि आयो
**शंकराचार्य**! तत्कालिन भारतमा नैतिक चरित्र ह्रास भइसकेक
बज्रयानीहरूलाई उसले वादविवादमा पछारिदियो । तर उसले बुद्ध-धर्म
भारतबाट निर्मूल गरिदियो भन्नु इतिहास बंग्याउनु मात्र हो[1] । वास्तवमा उ
आफैं बुद्धका विचारद्वारा प्रेरित थिए (हे. ११२३) । उसको दर्शन महायानको
विज्ञानवाद दर्शमनसँग मिल्दोजुल्दो छ । त्यसैले विद्वानहरूले उसलाई "प्रछन्न
(=लुकेको) बौद्ध" भनेकोमा आश्चर्य मान्नु पर्दैन । जे होस्, शंकराचार्यको विषय
अनुसन्धानको विषय हो ।

सन् १२०० तिर भारतमा मुसलमान आक्रमण भयो । भिक्षुहरू जहाँ
भेटिए, त्यहीं काटिन थालिए । बुद्ध-धर्मको निशानै मेटियो । चलाख
ब्राह्मणहरूले बुद्ध कला र मूर्तिहरूलाई हिन्दू कला र मूर्तिमा गाभिदिए ।
काडरिका विहारलाई छोपिदियो र त्यहीं नै प्रशिद्ध तिर्थस्थल केदारनाथ खडा
गरिदियो[2] । बुद्धगयाको बुद्धलाई पाण्डव देउता बनाइदियो । कहीं कहीं बुद्धलाई
चुरी समेत लगाई हिन्दू देवी बनाई भक्तजनहरूलाई छल्न थालिए !

हालसालै भारतमा बुद्ध-धर्म पुनर्जागरणको लहर चलेको छ र यसबाट
कट्टर हिन्दूहरू आँटिन थालेका छन् । त्यसैले उनीहरूले भन्छन् कि बुद्ध-धर्म

१. बुद्धचर्य्या, पेज ११
२. आनन्दभूमि, वर्ष १०, अंक ९, पेज १७

Downloaded from http://dhamma.digital

हिन्दू धर्मको शाखा मात्र हो । तर साँच्चै भनौं भने कर्म, पुनर्जन्म र योगमा बाहेक यी दुई धर्महरू कत्ति पनि मिल्दैनन् । यी कुराहरूमा पनि बाहिरी समानता मात्रै छन्, आधारभूत विचारधारा फरक छन् ।

अब नेपालबारे केही कुरा ! बुद्धकै पालामा नेपाल (=काठमाडौं उपत्यका) मा बुद्ध-धर्म प्रवेश गरेको हुनसक्छ । पाली त्रिपिटक अनुसार बुद्ध हिमवंत प्रदेश (=हिमालय प्रदेश) मा पनि आउनु भएको थियो[1], सायद त्यसैबेला नेपाल पाल्नु भयो कि !? बुद्धको शिष्य आनन्द नेपाल पसेको थियो भन्ने धारणा एक थरिका विद्वान्हरूले लिएका छन् । विडूडभले कपिलवस्तुमा मारकाट मच्चाउँदा भागेर आएका शाक्यहरूले नै नेपालमा बुद्ध-धर्म भित्र्याएको पनि हुनसक्छ, र वर्तमान् शाक्य जातिको तिनीहरूसँग सम्बन्ध हुनसक्छ । सिद्धार्थको मामा पर्ने कोलियहरू भागेर आई नेपालमा कोलिय ग्राम बनाएर बसेका थिए, जुनकि वास्तवमा आधुनिक स्थानिय केलटोल नै हो भन्ने कुराको प्रमाण भेट्टिएको छ । नेपालमा सर्वप्रथम बुद्ध-धर्म भित्र्याउने श्रय उनीहरूलाई पनि जान नसक्ने होइन् । जे होस्, ठोकुवा गरेर भन्न सकिने कुरो यो हो कि सम्राट अशोकका धर्मप्रचारकहरू नेपाल आएका थिए । यसरी किराती र लिच्छवीकालीन युगमा थेरवाद बुद्ध-धर्मको बलियो परम्परामा नेपालमा थियो ।

सन् १२०० मा भारतमा मुसलमान हमलापछि भिक्षु शाक्य श्रीभद्र सहित भारतका बज्रयानीहरू नेपाल पसेका थिए । उनीहरूले गर्दा नै नेपालमा थेरवाद खुकुलो हुँदै गयो र बज्रयान दरिलो हुँदै आयो । मल्लकाल र राणाकालमा बुद्ध-धर्मको इतिहासका पाना काला रहे । राजा जयस्थितिले सबै बज्रयानी भिक्षुहरूलाई जबर्जस्ति गृहस्थी बनाइदियो र बज्राचार्य र शाक्य जातको उदय भयो ।

हिन्दूहरूको कुटनीतिमा फँसेर बुद्ध-धर्म नेपालमा झन्-झन् विकृत हुँदै गए । तर पनि बौद्धहरूले धार्मिक सहिष्णुता कायम गरि नै राखे । अर्कोतर्फ बज्राचार्य र शाक्यहरूले विभिन्न किंवदन्तिहरू प्रचलित गरी बुद्ध-धर्म हिन्दू धर्म भन्दा उच्च छ भनी जनमानसमा प्रभाव पारिराखेकै थियो । बुद्ध-धर्मको इतिहासमा यो उहाँहरूको ठूलो देन हो । त्यसैले नै हो बज्रयान अवस्थामा पुगीसकेका सबै देशहरूमा बुद्ध-धर्म लोप भएर गएतापनि नेपालमा अद्यापि बज्रयान जीवितै छ । जब हिन्दू धर्मले ब्रह्मालाई श्रृष्टिकर्ता माने, बौद्धहरूले ब्रह्माको पनि श्रृष्टिकर्ता श्रृष्टिकान्ता लोकेश्वरको श्रृजना गरे; जब हिन्दू-धर्ममा बिष्णुलाई परम ईश्वर मानियो, बौद्धहरूले बिष्णुमाथि बस्ने हरिहरवाहन

---

१. बुद्धले रज्जु सुत्त (संयुक्त निकाय) को उपदेश यहीं दिनु भएको थियो ।

Downloaded from http://dhamma.digital

लोकेश्वर निकाले; जब वामन अवतारले दानप्रेमी बलिराजालाई नरकमा खसाले तब बौद्ध देउता करूणामयले बलिराजाको उद्धार गरे; जब विरूपाक्षदेखि डराए महादेव बुद्धको शरणमा आए, तब बुद्ध महादेवको टाउकोमाथि विराजमान् भइ उनलाई बचाए ... । बौद्धहरूको यी कुटनीतिहरूको प्रमाण स्वरूप आज पनि मुखः अष्टमि (=कार्तिक शुक्ल अष्टमि) को दिन पशुपतिनाथमाथि बुद्धको मुकुट लगाइन्छ[1] । बुढानीलकण्ठको टाउकोमा अक्षोभ्य बुद्धको मूर्ति छ । त्यस्तै कृष्ण मन्दिरमा पनि सबभन्दा माथि अवलोकितेश्वरको मूर्ति थियो जुन अहिले गायब भैसकेको छ[2] ।

आज बुद्ध-धर्मले हक अधिकार पूर्णरूपले प्राप्त गरिसके भन्ने कुरा होइन यसको प्रमाण यो छ कि श्री लैनसिंह बांग्देलले (तु. ११७५) प्रज्ञा प्रतिष्ठानको रजत जयन्तीमा प्रकाशित "प्राचीन नेपाली मूर्तिकलाको इतिहास" मा बौद्ध कलालाई पूर्णतः बहिष्कार गरेको छ । पाठ्यपुस्तकहरूमा सर्वप्रचलित बौद्ध कथाहरूलाई बंग्याईंदै छन्, हटाईदैछन् । कट्टर हिन्दूहरूले बाहेक अरूहरूले पक्कै पनि यस्ता कुराको प्रशंसा गर्ने छैन ।

बीसौं शताब्दीमा बुद्ध-धर्मको पुनर्जागरणको लहर विश्वमा फैलियो । नेपालमा पनि पहेंला चीवर लगाएका थेरवादी भिक्षुहरू एकपल्ट फेरि देखिन थाले । साँच्चै त नेपालमा बुद्ध-धर्म र नेपाल भाषा प्रति जनजागरणको लहर सँगै उठेका थिए, सँगै विकसित भएका थिए । त्यसैले कसै कसैले बुद्ध-धर्मलाई मात्र नेवार जातिको बपौति ठान्ने भूल पनि गर्छन् ।

बुद्ध-धर्मको भविष्य अति उज्ज्वल छ । साँच्चै त आजको वैज्ञानिक युगमा यही एउटा धर्मको मात्रै भविष्य चम्किलो देखिन्छ । तर विभिन्न राष्ट्रहरूमा बीचका राजनीतिक तँ तँ र म मलाई विश्व बौद्ध भ्रातृत्वबाट टाढै राख्नु पर्दछ । नव बौद्धहरूलाई पुराना बौद्धहरूले सहर्षित स्वागत गर्नु पर्दछ । सबभन्दा मुख्य कुरो- अशोकको आदर्श लिई समाज सेवाको माध्यमबाट बुद्ध-धर्मको प्रचार हुनु अति आवश्यक छ । अफशोच ! यही कुरोको नेपालमा अभाव छ । भिक्षु अमृतानन्दद्वारा रचित बुद्धकालीन ग्रन्थहरूलाई बिर्सिदिने हो भने नेपालमा स्तरिय बौद्ध साहित्यको अभावै छ । त्यस्तै भिक्षु अश्वघोषद्वारा भिक्षु तालिमको प्रयास र भिक्षु बुद्धघोषद्वारा परियत्ति शिक्षाको सञ्चालनलाई एकातिर राखेमा बुद्ध-धर्मको व्यवस्थित प्रचारको कार्यक्रम विरलै भेटिन्छ । धर्मकीर्ति विहारको तर्फबाट फाटफुट समाजसेवाको काम हुने बाहेक अन्य त्यस्ता

---

१. नेपाल, ऋतु पौ, वर्ष ३१, अंक ४, पेज ७.
२. स्वयम्भु पुराण - हेमराज शाक्य, पे. १७.

Downloaded from http://dhamma.digital

कुराहरू भेट्टाउन मुश्किलै छ । नयाँ युवा जगतलाई बुद्ध-धर्ममा तान्ने व्यवस्थित यास कत्ति पनि भएको छैन । साहित्य प्रकाशन, समाज सेवा र गाउँ गाउँमा र्म प्रचार गरेमा नेपाली जनताले छिट्टै नै बुद्ध-धर्मको अंगिकरण गर्नेछ, किनकि आजको विश्व एक यस्तो धर्म वा विचारधाराको खोजिमा छ जुन व्यवहारिक छ, हन छ, प्रगतिशील छ, प्रजातान्त्रिक छ, जनपक्षिय छ, सामाजिक छ, स्वाबलम्बीमुखि छ, प्रेरणादायी छ, वैज्ञानिक छ ।

बुद्ध-धर्म नै यो गुणहरूद्वारा सर्वसम्पन्न छ ।

★ ★ ★

नेपालको बौद्ध साहित्य जगतमा एक यस्तो पुस्तकको कमि महसुस भइरहेको थियो जुन हाजिर जवाफको लागि, अध्ययनको लागि, केही हदसम्म अनसन्धानको लागि र बेलाबखतमा रेफेरेन्सको लागि पनि प्रयोग गर्न हुने होओस् । प्रस्तुत पुस्तक उक्त दिशातिर चालिएको प्रथम कदम हो जसले केही हदसम्म आपूर्तिको काम गर्नेछ भन्ने आशा गरिन्छ ।

यो पुस्तक थेरवाद परम्पराको अन्तर्गत रही लेखिएको हो । त्यसैले यसका कतिपय कुराहरू महायानीहरूसँग नमिल्ने स्वत: सिद्ध छ । सर्वसाधारणले बुझोस् भन्ने उद्देश्यले सरल भाषामा लेख्ने कोशिश गरिएको छ, साहित्यिक शब्दजालमा अल्झाउने प्रयास गरिएको छैन । तर पनि तलका बुँदाहरू राम्ररी बुझ्नु यो पुस्तक पढ्नुमा विशेष उपयोगी हुनेछ–

★ १. सबै सम्बत्हरू इस्वी सम्बत्मा दिइएका छन् । जहाँसम्म हुन्छ राहुल सांकृत्यायनद्वारा प्रयोगित सम्बत् नै यहाँ प्रयोग गरिएका छन् । जहाँ यसो गरिएको छैन त्यहाँ संकेत दिइएका छन् ।

★ २. शंकास्पद ठाउँहरूमा प्रश्न चिन्ह दिइएका छन् । यथा, "उडिस्साको राजा (?) प्रचण्डदेव ..."

★ ३. हे. र तु. को अर्थ हेर्नुहोस् र तुलना गर्नुहोस् भनी बुझ्नु पर्दछ । जस्तै–
(हे. २०३) को अर्थ हो नं. २०३ हेर्नुहोस् ।
(तु. २०३) को अर्थ हो नं. २०३ सँग तुलना गर्नुहोस् ।

★ ४. विशेषण र विश्लेषण कोष्टभित्र राखिएका छन् ।

★ ५. = चिन्हले पर्यायवाची शब्द वा अर्थ जनाउँछ । जस्तै–
गौतम बुद्ध (=शाक्यमुनि)
विनय (=नियम)

Downloaded from http://dhamma.digital

★ ६. कुनै कुरो उदृत गरेको सहायक ग्रन्थ उल्लेख गर्नु परेमा उक्त ग्रन्थको क्रमाङ्क अंग्रेजीमा [ ] कोष्ठभित्र राखिएका छन् । सहायक ग्रन्थको तालिका पेज १८२ मा दिइएको छ । उदाहरण–
[12] - यसको अर्थ हो उल्लेखित कुरा १२ नम्बरको सहायक ग्रन्थ (अर्थात् बौद्ध दर्शन) लिइएको हो । (हे. सहायक ग्रन्थहरूको तालिका ।

★ ★ ★

यस्तो खालको पुस्तक एकै जनाको मेहनतले मात्रै बन्न गाऱ्है छ । यो पुस्तक तयार पार्नमा भिक्षु अश्वघोष, भिक्षु कुमार काश्यप र अनगारिका धम्मवतीको मेरो जतिकै हात रहेको छ । उहाँहरूको यो देन बिर्सेर बिर्सन सकिने कदापि होइन । उहाँहरूप्रति मेरो हार्दिक वन्दना !

विभिन्न क्षेत्रमा सहयोग गर्नु हुने भिक्षु अमृतानन्द, भिक्षु सुमंगल, भिक्षु सुदर्शन र भिक्षु मैत्रीलाई कृतज्ञता सहित वन्दना गर्दछु । पुस्तकको प्रकाशकप्रति पनि म कृतज्ञ छु । त्यस्तै पुस्तक लेख्ने हौसला दिने श्री तिर्थनारायण मानन्धर, विभिन्न सूचना दिलाउने श्री लोकरत्न उपासक, विभिन्न पुस्तक पुऱ्याई सहयोग दिने श्री धर्मरत्न तुलाधर र मुखपृष्ठको चित्र लेख्ने श्री स्वयम्भूरत्न बज्राचार्यप्रति म ऋणी छु । विभिन्न क्षेत्रमा सहयोग दिने बहिनी रोसा बज्राचार्यलाई पनि धन्यवाद छ ।

पूर्णरूपले पूर्ण हुने खालको पुस्तक यो होइन । त्यसैले प्रबुद्ध पाठकहरूबाट सुझाव र सूचनाको अपेक्षा गरिन्छ । वास्तवमा तपाइँको रचनात्मक समालोचना नै मेरो लागि प्रेरणा हो !

प्रकाश बज्राचार्य

९ . १२ . २०५२
असन, काठमाडौं

Downloaded from http://dhamma.digital

# सहायक ग्रन्थहरू


## हिन्दी

१. अंगुत्तर निकाय, भाग-१, अनु. आनन्द कौशल्यायन
२. अंगुत्तर निकाय, भाग-२, अनु. आनन्द कौशल्यायन
३. अंगुत्तर निकाय, भाग-३, अनु. आनन्द कौशल्यायन
४. अंगुत्तर निकाय, भाग-४, अनु. आनन्द कौशल्यायन
५. विनय पिटक, अनु. राहुल सांकृत्यायन (१९३५)
६. जातक, भाग-१, अनु. आनन्द कौशल्यायन
७. मिलिन्द प्रश्न, अनु. भिक्षु जगदिश काश्यप (१९७२)
८. बुद्धचर्या, राहुल सांकृत्यायन (१९५२)
९. बुद्ध कथा, रघुनाथ सिंह (१९६९)
१०. बुद्धकालीन भारतिय भूगोल, भरतसिंह उपाध्याय (१९६१)
११. बौद्ध संस्कृति, राहुल सांकृत्यायन (१९५२)
१२. बौद्ध दर्शन, राहुल सांकृत्यायन (१९४८)
१३. निदान कथा, डा. महेश तिवारी (१९७०)
१४. बौद्ध-धर्म दर्शन, आचार्य नरेन्द्रदेव (१९५६)
१५. बौद्ध-धर्म और विहार, श्री हवलदार त्रिपाठी "सहृदय" (१९६०)
१६. बौद्ध-धर्म एक बुद्धिवादी अध्ययन, आनन्द कौशल्यायन (१९६७)
१७. बुद्ध-धर्म के २५०० वर्ष
१८. पुरातत्व निबन्धावली, राहुल सांकृत्यायन (१९५८)
१९. तांत्रिक बौद्ध साधना और साहित्य, नागेंद्रनाथ उपाध्याय (१९५८)
डा. बाबा साहेब अम्बेडकर, विजय कुमार पुजारी

## नेपाली

२०. बुद्धकालीन ब्राह्मण, भाग-१, भिक्षु अमृतानन्द
२१. बुद्धकालीन महिलाहरू, भाग-१, भिक्षु अमृतानन्द
२२. बुद्धकालीन महिलाहरू, भाग-२, भिक्षु अमृतानन्द
२३. बुद्धकालीन गृहस्थीहरू, भाग-१ र २, भिक्षु अमृतानन्द
२४. बुद्धकालीन राजपरिवार, भिक्षु अमृतानन्द
२५. बुद्धकालीन श्राविका चरित्र, भिक्षु अमृतानन्द

२६. बुद्धकालीन परिब्राजकहरू, भिक्षु अमृतानन्द
२७. बुद्धकालीन ब्रह्मादिदेव, भिक्षु अमृतानन्द
२८. बुद्ध शासनको इतिहास, भाग-१, भिक्षु अमृतानन्द (१९७५)
२९. नेपालमा थेरवाद बुद्ध-धर्मको संक्षिप्त इतिहास, भिक्षु अमृतानन्द (१९८२)
३०. संक्षिप्त बुद्ध जीवनी, भिक्षु अमृतानन्द (१९७१)
३१. गृही विनय, भिक्षु अमृतानन्द (१९५६)
३२. बौद्ध प्रश्नोत्तर, अ. श्रम्मवती (१९७३)
- बौद्ध प्रश्नोत्तर संग्रह, स्वस्तिरत्न शाक्य
- विश्व बौद्ध भातृत्व संघ, एक परिचय (१९८६)

## नेपाल भाषा

३३. विश्वय् बुद्ध-धर्म, भाग-१, भिक्षु सुदर्शन
३४. विश्वय् बुद्ध-धर्म, भाग-२, भिक्षु सुदर्शन
३५. विश्वय् बुद्ध-धर्म, भाग-३, भिक्षु सुदर्शन
३६. विश्वय् बुद्ध-धर्म, भाग-४, भिक्षु सुदर्शन
३७. धम्मपदट्ठकथा, भाग-१, भिक्षु अमृतानन्द (१९४४)
३८. अभिधर्म, भाग-१, अ.धम्मवती (१९६८)
३९. महाबुद्ध : छगू अध्ययन, भिक्षु सुदर्शन (१९८०)
४०. धम्मपद
४१. स्वयम्भू पुराण, हेमराज शाक्य
४२. त्रिरत्न गुण स्मरण, अ.धम्मवती (१९७१)
४३. लुम्बिनी - छगू ऐतिहासिक विवेचना, भिक्षु सुदर्शन (१९७९)
- नेपालय् स्थविरवाद गुकथं वल, वैकुण्ठ प्रसाद लाकौल

## अग्रेजी

44. Buddhism in the Modern World, Ed. H. Dumoulin (1976)
45. Buddhist Catechism, H.S. Olcott
46. An Introduction to Abhidhamma, Jorden, Giles & Gorkom (1980)
47. Bhagawana Buddha, R.R. Diwakar (1967)
48. Manual of Buddhist Philosophy, W. Montegomery (1976)
49. Early Monastic Buddhism, N. Dutta (1971)

Downloaded from http://dhamma.digital

0. The Buddhist Iconography, B. Bhattacharya (1968)
1. The Spirit of Buddhism, Sir H.S. Gour (1927)
2. A Manual of Buddhism, Narada Thera (1953)
3. World Buddhist Directory, from Sri Lanka (1982)
4. Buddhist Higher Education in Asia, R.A. Gard
5. Buddhists in New China

## सिंहली

६. महायान आचार्यहरू, पी. बुद्धदत्त महास्थविर (१९४९)
७. थेरवाद आचार्यहरू, पी. बुद्धदत्त महास्थविर (१९४८)

## अन्य

बोधिसत्व कि छाया में (भरतसिंह उपाध्याय), भारतका बौद्ध तिर्थ भारतिय दुतावास); प्रौढ बौद्ध शिक्षा (अ.धम्मवती), बुद्ध-धर्म सम्बन्धि सामान्य ज्ञान प्रश्नावली (भिक्षु बुद्धघोष), बुद्ध-धर्म सम्बन्धि सामान्य ज्ञान (हेराकाजी सुइका), नेपाया बौद्ध कला (सत्यमोहन जोशी), पंचशीलया महत्व (ऊ नु), बुद्ध व शिक्षा (अष्टलात्त महर्जन), बुद्ध-धर्म व बौद्ध तीर्थ; अभिधर्म (महेन्द्ररत्न शाक्य); Buddhist Economics in the Modern World (Hari Bansh Jha), The World of the Buddha (Nyanatiloka), आदि ।

## पत्र-पत्रिका

आनन्दभूमि, धर्मकीर्ति, धर्मोदय, कलाकार, नेपाल, सन्ध्या टाइम्स

---

# सूचीपत्र

- महत्वपूर्ण विषयहरू मात्रै सूचीपत्रमा समावेश गरिएका छन् ।
- उल्लेखित अंकले विषयको क्रमाङ्क जनाउँछ, पेज जनाउँदैन ।
- सूचीपत्रमा परशिष्टका विषयहरू समावेश छैनन् ।
- सूचीपत्रमा प्रयोग गरिएका सांकेतिक अक्षरहरू–

पे. – पेज नं.
इ. – इतिहास
क. – कला र मूर्ति
सं. – संस्कृति
प. – परिशिष्ट

**अंकोरवाट** ८६३, **अंगुलिमाल** १६१, **अंग** ८२५

**अकथनीय,** **दश** ४१२, **अकुशल कर्म** २७८, **अग्रश्रावक** ७६, १०३७ **अग्रश्राविका** १६५, **अचिरवति** १६८, ८३४, **अचेलक** २०, **अजन्ता** ८५० **अजातशत्रु** १७९, १७८-१८५, ६१६, **अट्ठमहाठानानि** ८३३, **अष्टकलाप** ५२४ **अष्टसमापति** ५६०, **अष्टपरिष्कार** ५७०, **अष्ट परिषद** २५५, **अष्टशील** २९३ **अन्तवासक** ५७०, **अस्थिधातु** २०६; नेपालमा, १०३२, १०३७; बेलायतमा, ८२१ **अधिकरण समथ** ५८६, **अनगारिक** १९, **अनगारिका** १९, **अनागामि** ४६० ४६३, **अनाथपिण्डिक** १३७, ४५०, **अनिको** ९१९, ९१८-९२१, **अनियत** ५८६ **अग्नि** ४४७, **अनुस्मृति** ५३५, **अनुरूद्ध,** राजा ७०२, ७०५, **अनोतप्त दह** ८३४ **अनोमा** ३६, ८३४, **अपरिहानीय धर्म** ३५०-३५३, **अपाय दुर्गति** ५०८, **अप्रसन्न चित्त** ३०६, **अप्रमाण्य,** चार ५३६, **अम्बिका प्रशाद** ११६६, **अम्बेडकर** ८१५ ११३७-११३९, ११४९, **अफगानस्तान,** क. ८७२-८७५, **अभिज्ञा** ६, ४१४ **अमेरिका,** पत्ता लगाउने, ८००, **अमृतानन्द** १०००-१००२, १०१४, १०१५ १०१९, १०२१-१०२३, १०६२, १०६३, **अयोग्य,** प्रब्रजित हुन ५७९, ५८०, **अरहन्त** - हे. अर्हत्, **अरूपराग** ४५९, **अरूपलोक** ५०६, ५११, ५१२, **अरूपावचर,** चित्त - हे. चित्त; भूवन- हे. अ/पलोक ; ध्यान ५३९, ५५८, **अलंकार,** भारतका ६८०, **अलौङपया** ७१६, **अवतार**-प. ड, **अवन्ति** ८२५, ८२६, **अविजहितस्थान** २४९, **अविद्या** ४५५, **अश्वघोष** ६६१, **अशुभ संज्ञा** ५३४, **अशोक** ६१९, ६१८-६३७, १११५; धर्म प्रचार ६३५; चैत्य ६२८, **अशोभन** ४८५, **असंग** ६६४-६६६, **अस्सक** ८२५, **अस्सजीत** ११०९, **असाधारण गुण,** बुद्धमा २३३, **अहेतुक** ४८५, **अर्हत्** १९, ४६०, ४६४, **अर्हत्यान** ६५७

Downloaded from http://dhamma.digital

**आ**इन्सटेन ११६०, आओपेन १११७, **आकाशानन्त्यायतन** ५३९, ५५८, [आ]चरण २२९, **आचार्य** १९, **आजीवक** २०, **आदिबुद्ध** ९३३-९३५, **आनन्द** १०३, ११०, [१]०९-११५, ५९१, ११११, **आनन्द कौशल्यायन** ८११, **आनन्दकुटी** ९९३, १०२६, [आ]नापानसति ५३५, ५४६, ११९९, **आनुपूर्विकथा** ४०८, **आपो धातु** ५२४, ५५१, [आ]वुसो १९, **आमाबाबु**, को कर्तव्य ३७६, **आमिस पूजा** ३४८, **आम्रपाली** १८७, १८८, ११२, **आयतन** ५२७, **आयुष्मान्** १९, **आर्य अष्टांगिक मार्ग** २६५, २७७, **आर्यवास** [.]६७, **आर्यसत्य** २५९, **आरूप्य**, चार ५३९, **आलवि** ८३४, **आलारकालाम** ४०,४१, [आ]श्रव ४६६, **आहार प्रतिकूल संज्ञा** ५३७

**इ**न्द्रिय, पाँच ४६६; छ ५२६, **इनायत खां** ११४४, **इरियापथ** ४३०, [ई] **शिङ** ७३०

**उ**क्खेपनिय कर्म ५७५, **उत्तर महास्थविर** ५९७, **उत्तर माणव** १३४, **उत्तरासंग** [.]७०, **उदयन** १२७, १२८, **उद्दक रामपुत्र** ४०, ४२, **उद्दच्च कुक्कुच्च** ४५८, **उपलेन्दु** [दा]स ११६८, **उपसम्पदा** १९, **उत्पलवर्णा** १६५, १६६, **उपादान** ४७२, **स्कन्ध** ४८१, **उपादाय रूप** ५२३, **उपाध्याय** १९, **उपालि** १०३, ५९१, **उपासक** १९, **उपासिका** १९, **उपेक्षा** २९०, **उपोसथ** ४४६, ५७२; नेपालमा १०४३, **उपोसथ गृह** १०६४, **उरूवेला** ८३४, **उरूवेला काश्यप** –हे. काश्यप, **ऊ, सम्राट** ७२६, **ऊ थान्त** ९८६, ११२९

**ऋ**द्धि ४१३, **ऋद्धिपाद** ४४३, **ऋषिपतन मृगादावन** ८३४

**ए**कांशिक ७१५, **एस्तोनिया** ८०३

**ओ**घ ४४०, **ओतप्प** २३०

**क**था, फाइदा ३०१, **कन्थक** २२, ३५, **कनिष्क** ६५०-६६०, **कपिलवस्तु** २१४, २१७, ८३४, ९८९, **कल्प** २५१, **कम्बोडिया** ७८७, ७८८; क. ८६२, ८६३; सं. ८८९, ८९०, **कमलशील** ७५०, **कर्म**, किसिम ३३१, **कर्मक्लेश** ४२९, **कल्याणमित्र** ३६९, **करूणा** ५१९, **करूणामय** ९४०; चार ९४९, **कलिंग** ८२५, **कसिण** ५३३, ५४२, **कामछन्द** ४५८, **कामराग** ४५९, **कामलोक** ५०६-५०९, ५१२, **कामाकुरा**, को बुद्धमूर्ति ८७७, **कामावचर**, चित्त - हे. चित्त; भूवनं - हे. कामलोक, **कायानुपस्सना** ५४५, ५४६, ५५०-५५३, **कालदेवल** २९, **कालनाग** ४५, २५३, **कालाशोक** ६१७, **काश्यप** ६७, **काली, कुररघरकी** १०२, **कालुदायी** ९५, **काशगर** ७८३-७८५, **काशी** ८२५, **किरिया चित्त** ४८५, **कीर्ति श्री राजसिंह** ६९३, **कुकर्म**, कारण २८३,

**कुचा** ७८६, **कुबलई खाँ** ७३७, ७३८, **कुबेर,** २५८, **कुमार काश्यप** १६२, **कुमारजीव** ७२१, ११२०, **कुमित्र** ३६४-३६८, **कुलकर्णी,** ए.आर. ११६७, **कुल नाश,** कारण ३८७ **कुशल कर्म** २७९, **कुशीनगर** २१४, ८३४, **केनजित्था** ७०६, ७०७, **कोल्ब** ११४१ **कोरिया,** इ. ८०५; क. ८७९, **कोशल** ८२६, कौण्डिन्य २७, ६०, **कौशाम्बी** ८३४ **क्यासवा** ७०८, **क्रोध,** कारण ४११, **क्लेश,** दश २८४

**खेमा** ६९, १६५, १९७, **खोतन** ७८१, ७८२, **ख्रि श्रोङ लदेवचन्** ७४५-७५०

**गन्धकुटी** ९४, **गलङ मरम** ७५२, **गान्धी,** महात्मा ११४७, **गुस्तेय जंग** ११४५ **गुरूको कर्तव्य** ३७८, **गोडार्ड** ११६५, **गौतमी,** प्रजापति ११८, ११७-१२२, **ग्वातेमाला** ८०१, **गृहस्थ सुख,** चार ३८८; **गृहत्याग** ३४

**चतुर्आर्यसत्य** २५९, **चतुप्रत्यय** ५७१; **चतुब्रह्मविहार** २९०, ५३६, **चतुर्महाभूत** ५२२, **चतुर्महाराज** २५८, **चतुर्वैशारद्य** २३४, **चन्द्र शम्शेर** ९७५, १०१६-१०१८, १०२७, **चम्पा** ८२५, **चर्या,** तीन २४४; दैनिक २१६, **चरित्र** ५४०, ५४१, **चक्षु** ४४९ **चातुर्याम संवर** ४४५, **चारूमति** ९१२, **चिंचा माणविका** १२३, **चित्त** ४७९, ४८१, ५०५; अरूपावचर ४८३, ४८४, ४९९-५०२; कामावचर ४८३-४९४; रूपावचर ४८३, ४८४, ४९५-४९८; लोकोत्तर ४८३, ४८४, ५०३-५०५, **चित्तानुपस्सना** ५४५, ५४८, **चीन,** इ. ७२१-७४०; क. ८६४-८७१; **चीवर** ३१२, **चुन्द सुनार** २०२, **चेतसिक** ४७९, ४८०-४८२, ५१३-५२०, **चेतोखिल** ४२४, **चैत्य** ८३५-८४२, ८८३; प्रथम ८३५; धातु ८३६; प्रकार ८३९, **च्याइथियू** ८५७

**छन्दक** (= छन्न) २२, ३५, ५९४, **छ वर्गिय भिक्षुहरू** १९५

**जगदिश काश्यप** ८११, ८१३, **जटिल** २०, **जम्बूद्विप** ८२५, **जन्म,** बुद्धको २१, **जयवर्मा सप्तम्** ७८८, ७९०, **जरामरण** ४५५, **जातक** ११९१, **जाति** ४५५, **जापान,** इ. ७६२-७७६, ८२३, क. ८७६, ८७८, **जावा** ७९२-७९५, **जीवक** १७२, १७१-१७३, **जुत्ता,** ३१३, **जुद्ध शम्शेर** १०२४, **जेत कुमार** १३९, **जेतवन विहार** १३६, **जोगिनी,** चार ९५०

**झगडालु** ३०२, **झण्डा,** बौद्ध ११७६, ११७७

**टैगोर,** रविन्द्र नाथ ८९६, ११४३

**तकिया** ३१६, **तथागत** १, **ततपंचक कर्म** ५७८, **तपस्या** ४३, **तपस्सु र भल्लुक** ५३, ५५, **तपोदा नदी** ८३०, **तक्षशिला** ८३४, **ताम्रापर्णी द्विप** ६८३, **तिर्थंकर** २०,

Downloaded from http://dhamma.digital

**तिर्थस्थल,** चार ८३२, ८८४; नेपालमा ९४६, **तिब्बत,** इ. ७४१, ७६१, **तिष्य** १३३; कुन्तयुक्त ६२९; राजा ७०१; लोसंक ८६, **तिष्यरक्षा** ६३७, **तेजो धातु** ५२४, ५५२, **तो-पा-हुङ** ७२९, **तृष्णा** २६२

**था**इलैण्ड, इ. ७७७-७८०; क. ८५८-८६०; सं. ८९१, **थीनमिद्ध** ४५८, **थूर,** चार ९११, ९४७, **थेरवाद** १३, १४, ११८१, **थेरवादी राष्ट्र** ११७८

**द**न्तपुर ८२५, **दन्त मन्दिर** ६९२, ८५६, **दण्डवत्,** पंचाग ११, **दलाइ लामा** ७५५, ७६१, ११५२, **दशबल** २३२, **दश शील** २९४, **दर्शनीय स्थान** ४३७, **दान** ३११-३२४, **दानवस्तु** ३२२, **दारू चिरिय** १५१, **दिगनाग** ६७२, **दिपंकर श्रीज्ञान** ६७९, ७५४, **दिव्यचक्षु** २२८, **दिव्यश्रोत** २२८, **दि लाइट अफ एसिया** ८१७, ८९७, **दिशा,** अर्थ ३७४, **दुःख सत्य** २६०, **दुःख निरोध सत्य** २६३, **दुःख समुदय सत्य** २६१, **दुर्गन्ध** ४४१, **दुठ्ठगामिणी अभय** ६८९-६९१, **दुर्लभ** २५४, ४१८, **दुश्शील** ३०३, **देवता** २५७, **देवदत्त** १०३, १७६, १७४-१७८, **देवदह** २१४, ८३४, **देवानंप्रिय तिष्य** ६८३-६८४, ६८७, ६८८, **दैनिकचर्या,** बुद्धको २१६, **द्वादश निदान** ४५७, द्विप, चार ८२४, **द्वैवाचिक** ५४, **द्रोण** २०७

**ध**म्मचेति ७१०, ७११, **धम्मपद** ११९२, **धम्मानन्द** ११६३, **धर्म उपदेश,** फाइदा ३०१, **धर्म उपदेशक गुण** ३४३, **धर्मकीर्ति** ११२२, **धर्मस्कन्ध** ३, ४४२, **धर्म गुण** २२४, **धर्म चक्र प्रवर्तन** ४, ५८, **धर्मधातु** ९३९, **धर्मपाल,** अनगारिक ६९६, ८१०, **धर्म प्रचार,** **अशोकद्वारा** ६३५, ६३६, **धर्म विचय** ४६८, **धर्मानुपस्सना** ५४५, ५४९, **धर्मालोक** १०२६, १०२९, **धातु** ५२८, **धातु व्यवस्था** ५३८, **धुतङ्ग** २५६, **ध्यान** ५२९-५६५; अरूपावचर ५५८, रूपावचर ५५४; प्रथम ५५४, ५५५, द्वितीय ५५४, तृतीय ५५४, चतुर्थ ५५४, पंचम ५५४; **ध्यान गुरू** ५६४, **धृतराष्ट्र** २५८

**न**गरहार ७९७, ७९९, **नन्दक** १५४, १५५, **नन्द कुमार** ९७, ९६-९९, ११९, **नन्दा कुमारी** ९७, ९९, १९७, **नरक** ५०९, **नवव्याकरण** ८९३, **नवरत्न** ८९२, **नागपुरूष** ३४६, **नागसेन** ६४३, **नागार्जुन** ६६२, ६६३, **नाम** ४७८, ४७९, ४८१, **नामाकरण** २६, **नायक गुण** ३४४, नारद महास्थविर १०२८, १०२९, १०३२, १०३३, **नारा** ७७६; बुद्धमूर्ति ७७२, ८७६, **नालक** ३०, **नालन्दा** ६७७, ६७८, ६८१; आधुनिक ८१२, निग्रोध, श्रामणेर ६२६, १११४, **निर्ग्रन्थ** २०, **निर्ग्रन्थनाथ पुत्र** १९२, १९५, **निचिरेन** ७७५, **निरोध समापति** ५५९, **निर्वाण** २६४, **निशंका,** चार २३४, **निश्चय,** चार ५८२, **निस्सग्गिय** ५८६, **नीवरण** ४५८, **ने वीन** ७२०, **नेहरू,** जवाहरलाल ११४०, ११५३, ११५४, ११६२, **नैष्क्रम्य** ४७४, **नैरंजना** ४५, ८३४, **नैवसंज्ञान संज्ञायतन** ५३९, ५५८, **नोकरको कर्तव्य** ३८४, **न्यूमैन** ११३३

**पंच अभिज्ञा** ४१४, **पंच उपादान**, स्कन्ध ४८१, **पंचकाम** ४६९, **पंचगोरस** ४१९, **पंचस्त्री कल्याण** ४१७, **पंच नीवरण** ४५८, **पंचवली** ४२०, **पंच बुद्ध** ९३६-९३८, **पंचभद्रवर्गिय भिक्षु** ५९, ६१ **पंचमकार** परिशिष्ट ण, **पंचमहापरित्याग** ३१८, **पंचमहापाप** ४२२, **पंचमहाविलोकन** २४७, **पंचमार** ४७०, **पंच ध्यानी बुद्ध**- हे. पंचबुद्ध, **पंचशील** २९२; फाइदा, २९५, ३००, **पंचसङ्ग** २८६, **पंचसतिक** ५९२, **पंचाङ्ग दण्डवत्** १२, **पतन**, कारण ३६३, **पत्तनिकुजन कर्म** ५७६, **पतिको कर्तव्य** ३७९, **पत्रिका**, बौद्ध १२०७, **पद्मपाणी** ९४०, **पद्म शम्शेर** १०२९, **पद्मसम्भव** ७४९, ७०८, ९०६, **पन्नाको बुद्ध**, मन्दिर ८५८, **पत्नी**, कर्तव्य ३८०; किसिम ३९६, **परचित्त विजानन** २२८, **परमार्थ धर्म**, चार ४८२, **परिब्राजक** २०, **परिषद**, चार १६, **पवारणा** ५७३, **पाचिटिय** ५८६, **पाटिदेशनीय** ५८६, **पाटलीपुत्र** ८३४, **पारमि**, दश २८५, **पाराजिका** ५८४, ५८६, **पारूपण** ७१५, **पावा** २०२, ८३४, **पितृघातक वंश** ६१६, **पिप्फलिवन** २०८, ८३४, **पुक्कुसाति** ७३-७५, **पुण्य क्रिया**, दश २८२, **पुष्यमित्र** ६४९, **पुराण** भिक्षु ५९५, **पूजा** ३४७, **पूर्णिमा**, बुद्धसँग सम्बन्धित २११, **पूर्वाराम** १४१, **पूर्वेनिवास** २२८, **पेशावर** ७९६ **पोतन** ८२५, **पोताला दरवार** ७५९, १२०१, **पृथकजन** १९, **पृथ्वी धातु** ५२४, ५५०, **पृथ्वीनारायण शाह** ९२७, ९२८, ११७१, **प्रकाश** ४३५, **प्रजापति गौतमि** - हे. गौतमी, **प्रतिघ** ४५९, **प्रतिपत्ति पूजा** ३४९, **प्रतिसम्भिदा** ४४४, **प्रतिसारणिय कर्म** ५७४, **प्रतीत्य समुत्पाद** ४५४, ४५७, **प्रयत्न** २७४, **प्रत्यय**, चार ५७१, **प्रत्येक बुद्ध** २४५, **प्रत्येक बुद्धयान** ६५७, **प्रब्रजित** १८, सिद्धार्थको ३६, **प्रश्रब्धि** ४६८, **प्रसेनजीत** १३९, १३८, १४०, **प्रज्ञा** ३३५, ४२७, ४२८, ४७५, **प्रज्ञानन्द** १००८-१०१०, १०२५, १०२७, १०६३, **प्रीति** ४२३

**फस्स** ४५५, **फाहियान** ७३८, **फूकि येन** ७२१, **फू ही** ७२८

**बंगलादेश** ८०६, **बज्रधारा** ९३३, **बज्रयान** परिशिष्ट ण, **बज्रसत्व** ९३९, **बत्ति दान** ३१४, **बपिनौङ** ७१३, ७१४; **बर्मा**, इ. ६९९-७२०, क. ८५७, **बल**, पाँच ३४५, ४६७, **बसुबन्धु** ६६४, ६६७-६६९, **बा ऊ** ७१९, **बादल** ३३३, **बायोन्** ७८७, ८६२, **बाली द्विप** ७९१, **बिम्बिसार** ६९, ७०-७३, **बिसोप** ११५०, **बुढापेस्ट** ८०४, **बुद्ध** १, २५०; प्रकार २४५, आवश्यकता २४८, **बुद्धकालीन ग्रन्थ** ९०२, १०००, **बुद्धगया** २१४, ८३४, ८५१, ८५३, **बुद्ध-गुण** २२३, **बुद्धघोष** ६७१, **बुद्ध जयन्ती** १०१३, १०२०, **बुद्धधर्म**, भिक्षु ७३३, **बुद्ध मूर्ति** ८४७-८४९, ८५४; प्रथम ६५३; सानो ८७०; ठूलो ८७१, **बुद्धयान** ६५७, **बेचिन** ७४१, ७४४, **बेलायत** ८१९, ८२१, **बोधिपक्षिय धर्म** ४६५, **बोधिमण्डप** ९, **बोधिसत्व** १०, **बोधिवृक्ष** ९, ६२१, ६३७, ६४०, ६८२, ६८५, ७८०, ८५५, **बोधिज्ञान** ९, ४८, **बोध्यंग** ४६८, **बोरोबुदुर** ७९५, ८६१, **बौद्ध-स्तूप** ८८३, **बौद्ध स्थल** हे. तिर्थस्थल, **बौद्धनाथ** ९९०-९९२, **ब्रह्मचर्य** ५६७, **ब्रह्मदण्ड** ५९४, **ब्रह्मविहार**, चार २९०

Downloaded from http://dhamma.digital

**भगवा** २३१, **भण्डुक कर्म** ५७७, **भन्ते** १९, **भद्रा कुण्डलकेशा** ८३, **भय** ३३४, **भरतसिंह उपाध्याय** ११५१, ११५९, **भल्लुक** १४९, - हे. तपस्सु, **भाग्य**, छ २३२, **भारत** इ. ६१५ - ६८२, ८०९-८१५, **भावना** - हे. ध्यान, **भीम शम्शेर** १०१२, **भूटान** ८०७, **भूकम्प** २२०, **भूवन** ५०६, ५०७, **भोजन**, अन्तिम २०३; दान ३२१; प्रथम ५३; बुद्धले २३८; विशेष २१९, **भोट** - हे. तिब्बत, **भृकुटी** ७४१, ७४३, ७४४, ९१६, ९१७

**मंगल**, महा ३९९, **मञ्जुश्री** ९४४, **मर्कतहृद**, कुण्ड ८३१, **मगध** ८२६, **मण्डली**, राजा ६००, **मन्दिर**, बौद्ध ८८३, **मनुषी बुद्ध** ९४१, **मललशेखर** १२०५, **मल्लिका देवि** १३९, **मलेशिया** क. ८८०, **महाकात्यायन** ९४, १११०, **महाकाश्यप** ९२, ९३, ५९१, **महाजनपद** ८२८, **महास्थविर** १९, **महास्थान**, आठ, ८३३, **महादेव**, भिक्षु ६००, ६०१, **महानेगर**, छ ८२७, **महानदी** ८२९, **महापरिनिर्वाण** २०५, **महाप्रज्ञा** १००५-१००७, १०१६, १०१९, १०३१, **महाबुद्ध** ८५३, ९५२, ९५३, **महाबौद्ध** ९५१, - हे. महाबुद्ध, **महाभिनिष्क्रमण** ३४, **महाबुद्ध**, चार ५२२, **महामायादेवी** - हे. मायादेवी, **महायान**, १३, १५, ६५८, **महायानी राष्ट्र** ११७९, **महाराष्ट्र**, चार ८२६, **महाराज्य**, सात ८२५, **महालता आभूषण** १४१, १४५, **महाविहार** ९४५, **महासांघिक** ५९६, ६००, ६०२, **मही नदी** ८३४, **महेन्द्र**, श्री ५, १०४१, **महेन्द्रस्थविर** ६३८, **मार्कोपोलो** ११२५, **मागंदिय** १२५-१२७, **मार्ग**, किसिम ३३२, **मार्गफल** १९, ४६०, **मार्ग सत्य** २६५, **मान** ४५९, **माध्यमिक** ६७०, **मायादेवी** २३, २८, **मालिकको कर्तव्य** ३८३, **मात्सर्य** ५६५, **मासु**, खानु हुने ३५४; खान नहुने ५८३, **माहिस्मति** ८२५, **मिगुतवत्ते गुणानन्द** ६९४, **मिण्डोन** ७१७, **मित्रको कर्तव्य** ३८२, **मिथिला** ८२५, **मिथ्या आजीव** २७३, **मिथ्या दृष्टि** २३९, **मिलिन्द** ६४२, ६४४, ६४८, **मिलिन्द प्रश्न** ११९५, **मीङ ती** ७२३, **मुदिता** ५१९, **मुनिवचन पो** ७५३, **मूर्ति**-हे. बुद्धमूर्ति, **मैत्रय** ९४२, ९४३, **मोहन शम्शेर** १०३४, **मौद्गल्यायन** ७६, ८७, ८९-९१, १९६ **मृत्यु** ४३४

**यश**, भिक्षु ५९९, **यश कुमार** ६५, **यशोधरा** ३१, १९६, **युवान च्वांग** ७३९, ७४०, १११८, **योगाचार** ६७०

**रंजनराय** ११६१, **रञ्जुमाला** १३१, **रश्मि**, बुद्धको २३९, **रल पे चेन** ७५१, **राजगृह** २१४, ८३४, **राजधर्म**, दश ३९८, **राजशिंह** ६९३, **राजेन्द्र प्रसाद** ११३०, ११५८, **रामग्राम** ८३४, ८४२, **राहुल** ३३, १००, १०१, **राहुल सांकृत्यायन** ८११, ८१४, ८९५, ११३१, ११३२, **रूप** ४७८, ४८१, ४८२, ५२१-५२५, **रूपराग** ४५९, **रूपलोक** ५०६, ५१०, ५१२, **रूपावचर**, चित्त - हे. चित्त, भूवन - हे. रूपलोक, **रूसैल**, बरट्रण्ड ११३५, ११४८, **रेवत** ५९७-५९९, **रोग सम्बन्धि** २३८, ४००-४०३, **रोरूक** ८२५

**लक्षण**, महापुरूष २३५, **लायट्भिया** ८०३, १२००, **लुम्बिनी** २१४, ८३४ ९७२-९८८, **लुम्बिनी विकास** ९७६-९८१, **लोक** २३०, ५०६, **लोक धर्म** २८७, **लोक पाल धर्म** २८८, **लोकविदू** २३०, **लोक संग्रह वस्तु**, चार ३९१, **लोकोत्तर चित्त** - हे. चित्त, **लोयाङ** ७२२, **लैनसिंह वांग्देल** ११७५

**वंश** ८२६, **वक्कलि** १३५, **वल्कट** ६९५, ११४२, ११७६, **वर्षावास** २१३, **वाट पो** ८५९, **वाटर्स**, टी. १११९, **वायो धातु** ५२४, ५५३, **विक्रमवर्द्धन** ७९३, **विडूडभ** २०१, **विचिकित्सा** ४५८, **विजयवाहु** ७०४, **विजय सम्भव** ७८१, **विजया दशमी** ६२३ ११९८, **वितर्क**, अकुशल ४७३; कुशल ४७४, **विदेह** ८२५, **विद्या**, तीन २२७; आठ २२८, **विनय** ६, ७, ५६८-५८६, **विपाक** ४८५, **विपस्सना** ५४३-५५३; **भावना विशुद्धि** ५४४, **विमोक्ष** ५६६, **विरूढक** २५८, **विरूपाक्ष** २५८, **विवाह** ३१, **विशाखा** १४२, १४१-१४६, ४५०, **विश्व बौद्ध सम्मेलन** १२०८; चौथो १०४२, **विहार**, बुद्धकालीन २१५, **विज्ञान** ४८१, ५२८, ११५९-११६४, **विज्ञानानन्त्यायतन** ५३९, ५५८, **वीर्य** ४६६, **वीरेन्द्र**, श्री ५, ९३२, ११७३, ११७४, **वेदना** ४७७, **वेदनानुपस्सना** ५४५, ५४७, **वेन हुवेन्** ७२९, **वेश्याहरू**, बुद्धकालीन १९१, **वेल्स**, एच.जी., १११६, **वैभाषिक** ६७०, **वैरोचन**, भिक्षु ७८१, **वैशाली** १८६, २१४, ८३४, **वैश्रवण** २५८, **व्यापाद** ४५८, **व्यापार**, अनुचित २७३

**शंकराचार्य** ११२३, परिशिष्ट ण, **शमस्सुद्दिन** ९६३, **शरणंकर** ६९३, **शान्तरक्षित** ७४७, **शान्तिकराचार्य** ९०८, ९०९, **शास्ता** १, **शाक्यमुनि** ९४, **शिवा तिस्सु** ७६३, **शिष्यको कर्तव्य** २७८, **शिवदेव** ९२२, ९२३, **शिलव्रत परामर्श** ४५९, **शुचिता** ४०७, **शुद्धोदन** २५, २९, १०४, १०५, १०७, **शैय्या** ४३४, **शोतोकू** ७६४-७६९, **शोभन** ४८५, **शोम्** ७७०, **श्याम** - हे. थाइलैण्ड, **श्यामावती** १२६

**श्रद्धा** ४१६, **श्रमण ब्राह्मणको कर्तव्य** ३८६, **श्रामणेर** १८, **श्रावक बुद्ध** २४५, **श्रावकयान** ६५७, **श्रावस्ती** २१४, ८३४, **श्रीघः विहार** ९१३, **श्रीलंका**, इ. ६८३-६९८; क. ८५४-८५६, **श्रीलंका चैत्य** ९९३, १०३३, **श्री सूर्यवंश राम** ७७८-७८०, ११२४, **श्री हेसवा** ७१२, **श्रोङ चङ गम्पो** ७४१-७४३, **श्रोण कुटी कर्ण** १५६, **श्रोतापन्न** १९, ४६०, ४६१

**षडभिज्ञ** ४१४, **षडायतन** ४५५, ५२६

Downloaded from http://dhamma.digital

**सं**कल्प २७०, **संकाश्य** २१४, ८३४, **संस्कार** ४००, **संगायना** ५८८, ६१४; प्रथम ५९०-५९५; द्वितीय ५९६-६००; तृतीय ६०४-६०५, चतुर्थ ६०७-६०९, पाँचौं ६१२; छैठौं ६१३; काश्मिरको ६१०, ६५७, **संघ गुण** २२५, **संघमित्रा** ६३९, ६४०, **संघरक्षित** ११३६, ११५६ **संघाति** ५७०, **संघादिसेस** ५८६, **संयोजन**, दश ४५९, **संज्ञा** ४८०, **संज्ञा वेदचित्त निरोध** ५५९, **सुँसुमारगिरी** ८३४, **सत्काय दृष्टि** ४५९, **सकृदागामि** ४६०, ४६२, **सत्तसतिक** ५९८, **सप्तबुद्ध** ९४१, **सप्तदान** १२०२, **सप्तरत्न धन** २८९, **सन्तानको कर्तव्य** ३७५, **सम्पत्ति**, नाशको कारण ३५६-३६२; किसिम ३९२; उद्देश्य ३९३, **समथ** ५३२, **समयोचित दान** ३१७, **समापत्ति**, आठ ५६०; निरोध ५५९, **सम्यक्**, दृष्टि २६६-२६८; संकल्प २७०; वचन २७१; कर्मान्त २७२; जीवन २७३; व्यायाम २७४; स्मृति २७५; समाधि २७६, **सम्यक् सम्बुद्ध** २४५, **सरभू** ८३४, **सर्वकामी**, भिक्षु ५९८, ५९९, **सर्वपल्लिन**, राधाकृष्ण ११४६, **सर्वार्थसिद्ध** २३, २६, **सहनशील** ३०५, **सहवास** ३२५, **सहश्रीक** ६०५, **सहेतुक** ४८५, **साकेत** ८३४, **साधु**, साधु १९, **सारनाथ** २१४, ८३४, ८४४-८४६, **सारिपुत्र** ७६, ७७, ७८-८३, ९०, ९१, १९६, **साक्षात्कारणिय** धर्म ४३९, **सिद्धार्थ** २३, २४, **सिद्धान्त**, बुद्ध-धर्मका ११, **सीवली** १५२, ८८७, ८८८, **सुखलालजी** ११६९, **सुजाता** ४४, ४६, **सुजुकी**, डि.टी. ११३४, **सुन्दरलायण्ड** ११५५, **सुन्दरी परिव्राजक** १२४, **सुबोधानन्द** १०२१, १०२७, **सुभद्र** २०४, ५८७, १११३, **सुमना** १४०, **सेखिय** ५८६, **सोत्थिय** ४६, **सौतान्त्रिक** ६७०, **सौविर** ८५५, **स्तूप**, चार ९४८, **स्त्री कल्याण** ४१७, **स्थविर** १९, **स्थविरवाद** ५९६, ६०२, **स्वर्गलोक** ५०८, **स्वयम्भू** ९५४-९७०, **स्वर**, बुद्धको २३६

**हं**गकंग, कं. ८८१, ८८२, **हरक्यूलिस** ८७४, **हवलदार त्रिपाठी** ११७०, **हर्षवर्द्धन** ६७४-६७६, **हक्सले** ११५७, **हात्ती**, बुद्धसँग सम्बन्धित २१८, **हिंसा**, अंग ३५५, **हिमवंत** ८३४, **हिरी** २३०, **हीनयान** ६५८, **हुइ वी** ७२७, **हुयन सांग-हे.** युआन च्वांग, **हेतु**, अकुशल २८०; कुशल २८१, **हेतुवाद** ४५२, **होजंगी विहार** ७७३, **होर्योजी मन्दिर** ७६७

**क्ष**णिकवाद ४५२

**त्रि**पिटक ५, ११९४; कुँडिएको ६१२; लेखिएको ६०९, **त्रिभूवन**, श्री ५, १०३५, १०३८, १०४०, **त्रिरत्न** २, **त्रिलक्षण** २९१, ४५१, **त्रैवाचिक** ६२, ६३, **त्रैविद्य** २२७, **त्रिसरण** २

**ज्ञा**नप्रभ ७५४

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाल भाषा)

१. महासतिपट्ठान सूत्र
२. बुद्धया भिंनिगु विपाक
३. अभिधर्म (भाग - १)
४. ऋद्धि प्रातिहार्य
५. वासेट्ठी थेरी
६. यःम्ह म्हयाय्
७. पञ्चनीवरण
८. भावना
९. एकताया ताःचा
१०. प्रेमं छु ज्वी
११. त्रिरत्न गुण स्मरण
१२. बुद्ध पुजा विधि (प्र.सं.)
१३. मैत्री भावना
१४. कर्तव्य (प्र.सं.)
१५. मिखा
१६. परित्राण
१७. हृदय परिवर्तन
१८. बुद्धया अन्तिम यात्रा (भाग -१)
१९. बुद्धया अन्तिम यात्रा (भाग -२)
२०. कर्म
२१. बाखं (भाग -१)
२२. बौद्ध ध्यान (भाग -१)
२३. बोधिसत्व
२४. शाक्यमुनि बुद्ध
२५. अनत्तलक्खण सुत्त
२६. मत्ति भिंसा गति भिनि
२७. अहिंसाया विजय
२८. बाखं (भाग-३)
२९. महास्वप्न जातक (प्र.सं.)
३०. लक्ष्मी द्यो
३१. अभिधर्म (भाग-२)
३२. बाखंया फल (भाग-१)
३३. बाखंया फल (भाग-२)
३४. क्षान्ति व मैत्री
३५. प्रार्थना संग्रह
३६. बाखं (भाग-२) (द्वि.सं.)
३७. प्रौढ बौद्ध कक्षा
३८. मूर्खम्ह पासा मज्यू
३९. बुद्धया अर्थनीति
४०. श्रमण नारद
४१. उखानया बाखं पुचः
४२. पालिभाषा अवतरण (भाग-१)
४३. न्हापांयाम्ह गुरू सु ? (द्वि.सं.)
४४. पालि प्रवेश (भाग-१)
४५. पालि प्रवेश (भाग-२)
४६. चमत्कार
४७. बाखं (भाग-४)
४८. राहुलयात उपदेश
४९. अभिधर्म
(चित्तकाण्ड छगूया संक्षिप्त परिचय)
५०. मणिचुड जातक
५१. महाजनक जातक
५२. गृही विनय (तृ.सं.)
५३. चरित्र पुचः (भाग-१)
५४. बौद्ध ध्यान (भाग-२)
५५. शान्तिया त्याथः
५६. बुद्ध व शिक्षा
५७. विश्व धर्म प्रचार देशना (भाग-२)
५८. जातक माला (भाग-१)
५९. त्रिरत्न वन्दना व सूत्र पुचः
६०. चरित्र पुचः (भाग-२)
६१. त्रिरत्न वन्दना व पञ्चशीलया फलाफल
६२. लुम्बिनी विपस्सना
६३. विश्व धर्म प्रचार देशना (भाग-१)
६४. योगीया चिट्ठी
६५. संक्षिप्त बुद्ध जीवनी
६६. बुद्ध धर्म
६७. जातक बाखं
६८. जातक माला (भाग-२)
६९. सर्वज्ञ (भाग-१)
७०. पालि प्रवेश (भाग-१,२)
७१. किशा गौतमी
७२. जप पाठ व ध्यान
७३. धर्म मसीनि
७४. तेमिय जातक
७५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (प्र.सं.)
७६. धम्मपद (श्लोकवद्ध)
७७. बाखं (भाग-५)
७८. सप्तरत्न धन
७९. सर्वज्ञ (भाग-२)

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन
## (नेपाल भाषा)

८०. दान
८१. वम्मिक सूत्त
८२. मध्यम मार्ग
८३. महासिंहनाद सूत्त
८४. भिंम्ह काय् व म्ह्याय्
८५. भिक्षु जीवन
८६. समथ व विपश्यना संक्षिप्त भावना विधि
८७. महानारद जातक
८८. भिंम्ह मचा
८९. विवेक बुद्धि
९०. भंगः लाइम्ह लाखे
९१. बुद्धपुजा विधि (भाग-१)
९२. स्वास्थ्य लाभ
९३. शिक्षा (भाग-१)
९४. शिक्षा (भाग-२)
९५. दृष्टि व तृष्णा
९६. विपश्यना ध्यान
९७. सतिपट्ठान भावना
९८. बाखँ (भाग-६)
९९. धम्मचक्कप्पवत्तन सुत्तं (प्र.सं.)
१००. गौतम बुद्ध
१०१. नेपालय् २५ दँ जिगु लुमन्ति
१०२. बुद्ध व शिक्षा
१०३. शिक्षा (भाग-३)
१०४. शिक्षा (भाग-४)
१०५. महा स्वप्न जातक (द्वि.सं.)
१०६. धम्मपद व्याख्या (भाग-१)
१०७. धम्मपदया बाखँ
१०८. अभिधर्म (भाग-२)(द्वि.सं.)
१०९. संसारया स्वापू
११०. धम्मपद (मूल पालि सहित
नेपाल भाषाय् अनुवाद) (पाँ.सं.)
१११. आदर्श बौद्ध महिलापिं
११२. बौद्ध नैतिक शिक्षा (भाग-१)
११३. बेस्सन्तर जातक
११४. निर्वाण (रचना संग्रह)
११५. त्रिरत्न गुण लुमंके ज्ञानया
मिखा चायेके (द्वि.सं.)
११६. पालिभाषा अवतरण (भाग-२)
११७. दीर्घायु ज्वीमा
११८. न्हूगु त्रिरत्न वन्दना व धम्मपद
११९. मनूतय्गु पहः
१२०. संस्कृति
१२१. कर्तव्य (द्वि.सं.)
१२२. विशेष म्हं मफैवले पाठ यायेगु परित्राण
१२३. बुद्धया करुणा व ब्रहमदण्ड
१२४. विरकुशया बाखँ
१२५. त्रिरत्न वन्दना व परित्राण
१२६. धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं)
१२७. पट्ठानपालि
१२८. कर्म व कर्मफल
१२९. शिक्षा (भाग-५)
१३०. धर्मया ज्ञान (भाग-२)
१३१. संक्षिप्त बुद्ध वंश (भाग-१)
१३२. संक्षिप्त बुद्ध वंश (भाग-२)
१३३. अभिधर्म द्वि.सं. (भाग-२)
१३४. अभिधर्म पालि
१३५. न्हापांयाम्ह गुरू सु ? (द्वि.सं)
१३६. अनत्तलक्खण सूत्त (द्वि.सं.)
१३७. बुद्धपुजा, धम्मपद व ज्ञानमाला (प्र.सं.)
१३८. त्रिरत्न वन्दना व परित्राण (द्वि.सं)
१३९. धम्मचक्कप्पवत्तन सुत्त
१४०. बुद्ध वन्दना विधि व बुद्धया फिंनिगू विपाक
१४१. मनूतयगुपहः (द्वि.सं.)
१४२. प्रौढ बौद्ध कक्षा (द्वि.सं.)
१४३. न्हापाँयाम्ह गुरू सु ? व अमूल्यगु धन
१४४. बौद्ध स्तुती पुचः
१४५. त्रिरत्न वन्दना व परित्त सुत्त
१४६. त्रिरत्न वन्दना व परित्राण (च.सं.)
१४७. सूत्र पुचः
१४८. शाक्यमुनी बुद्ध
१४९. तृष्णा
१५०. त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१५१. त्रिरत्न वन्दना व परित्राण (तृ.सं.)
१५२. सच्चविभङ्ग सुत्त
१५३. शीवली
१५४. अनागत वंश
१५५. त्रिरत्न गुण लुमंके
१५६. मनूतय्गु पहः व प्रेमं छु ज्वी (प्र.सं.)
१५७. त्रिरत्न वन्दना व परित्राण (चौ.सं.)

Downloaded from http://dhamma.digital